शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष २९ अंक १४९ | २ साउन २०७८ शनिबार आषाढ शुक्लपक्ष अष्टमी | नेपाल संवत् ११४१ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, July 17, 2021 | पृष्ठ १० | १० रुपैयाँ


# कोही किन ज्यानको बाजी लगाएर अमेरिका छिर्न खोज्छ ?

जनकराज सापकोटा (काठमाडौं)

दाङको घोराही-१५ का २५ वर्षीय राम क्षत्री बिहान साढे ४ नबज्दै उठिसक्छन् । १० मिनेट मोटरसाइकलको यात्रा गरेर उनी वडा नम्बर १४ मा रहेको द होप ट्रेनिङ सेन्टरमा पुग्छन् । उनी पुग्दा नपुग्दै उनका करिब दुई दर्जन विद्यार्थी त्यहाँ आइसकेका हुन्छन् । नेपालदेखि भारत र ब्रिटिस सेना तथा सिंगापुर पुलिससम्म भर्ती हुने सपना बोकेका तन्नेरीलाई उनी तालिम दिन्छन् ।

एउटा समय थियो, राम पनि यसैगरी तालिम लिन्थे । बुबा नेपाली सेनाका अवकाश प्राप्त सुवेदार हुन्, हजुरबा भारतीय सेनामा हवल्दार थिए । उनको सपना त्योभन्दा टाढा सात समुद्रपारि फैलिएको थियो । हो, उनी बेलायती सेनामा भर्ती हुन चाहन्थे । त्यो अधुरो सपनाको बीउ उनको मनको अन्तरकुन्तरमा अहिले पनि छ । उनलाई लाग्छ, समयको पात्रोबाट २०६९ को दिन हटाइदिने हो भने जिन्दगी अर्कै हुने थियो ।

रोल्पा नगरपालिका-१० ह्वामाबाट रामको परिवार २०६० मै घोराही सरे पनि उनले रोल्पाकै लिबाङस्थित ब्राइट फ्युचर इंग्लिस बोर्डिङमा बसेर एसएलसी परीक्षा दिएका थिए । बाँकी पृष्ठ ८



इन्फोग्राफिक्स : रामकृष्ण श्रेष्ठ

ओली मन्त्रिपरिषद्को अन्तिम बैठक

# ६ अर्ब बक्यौता नतिर्ने स्मार्ट टेलिकमको म्याद फेरि थप

विजय तिमल्सिना (काठमाडौं)

६ अर्ब बक्यौता राखेर नवीकरणको म्यादसमेत गुजारिसकेको स्मार्ट टेलिकमलाई निवर्तमान सरकारले जाँदाजाँदै छुट दिएको छ । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वमा असार २८ मा बसेको अन्तिम मन्त्रिपरिषद् बैठकले स्मार्टलाई अझै ६ महिनासम्म पनि बक्यौता तिर्न मिल्ने छुट दिएको छ ।

चार वर्ष ताकेता गर्दा पनि बक्यौता तिर्न नमानेको स्मार्टको अनुमतिपत्र रद्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणले गत वर्ष निर्णय नै गरेको थियो । तर, ओली सरकारले पहिले पैसा तिर्न फागुनसम्मको म्याद दिएको थियो । अहिले फेरि आगामी पुससम्म पैसा तिर्ने सुविधा दिएको छ ।

पैसा तिर्ने म्याद फागुनमा सकिए पनि स्मार्टले एक वर्ष म्याद थप्न माग गर्दै असार ९ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा निवेदन दिएको थियो । गत सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले ६ महिना म्याद थप गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद्को निर्णय भन्दै मन्त्रालयले असार ३० को मितिमा नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको छ ।

'स्मार्टले बुझाउनुपर्ने बक्यौता तिर्न पुस मसान्तसम्म म्याद दिइएको जानकारी दिँदै पत्र लेखेका छौं । कात्तिक मसान्तभित्र स्मार्ट टेलिकमको वित्तीय अवस्थाको विश्लेषण गरी मन्त्रालयमा बुझाउन पनि प्राधिकरणलाई निर्देशन दिइएको छ,' प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले भने । स्मार्टले हरेक महिना आफ्नो प्रगति विवरण प्राधिकरणलाई बुझाउनुपर्ने

**स्मार्टबाट बक्यौता उठाउन चार वर्षदेखि प्रयास विफल, अनुमतिपत्र खारेज गर्न दूरसञ्चार प्राधिकरणले निर्णय गरे पनि मन्त्रिपरिषद्बाट छुट**


व्यवस्था पनि मन्त्रिपरिषद् बैठकमा उल्लेख भएको प्रवक्ता पौडेलले जानकारी दिए ।


स्मार्ट टेलिकमको सेयर र सम्पत्तिको बिक्री गर्दा सरकारको पूर्वस्वीकृति अनिवार्य हुने पनि मन्त्रिपरिषद्को निर्णयमा उल्लेख छ । बक्यौता नबुझाएको भन्दै प्राधिकरणले २०७६ साउन १३ मा स्मार्टको लाइसेन्स रद्द गर्ने निर्णय गरेको थियो । तर, सरकारले म्याद थपेर बक्यौता किस्तामा तिर्ने सुविधा दिएको थियो । बाँकी पृष्ठ ८

# छाङरु जोगाउने आमाहरू

सडक, सञ्चार र सरकारसँग जोडिन नपाए पनि देशसँग छाङरुको साइनो भने अमिट छ









दीर्घराज उपाध्याय

दीर्घराज उपाध्याय (दार्चुला)

छाङरुकी सरु बोहरा सात दशक टेक्दैछिन् । सन्तान हुर्काइसकेकी उनी आराम गरेर बस्नुपर्ने बेला एकतमासले सुइरो चलाउँदै स्वीटर बुनिरहेकी छन् । जेठा छोरा नरेशसिंह बोहरा काठमाडौंमा छन् । जो लुम्बिनी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत हुन् । दुई छोरा सपरिवार अमेरिकामा छन् । सरु भने पतिसँगै छाङरुमै बस्छिन् ।

७७ वर्षीया राधा बोहरा पनि पतिसँगै छाङरुमा छिन् । छोरा हेमेन्द्रसिंह बोहरा काठमाडौंमा छन् । छाङरुमा जन्मिएका हेमेन्द्रले संसारकै प्रतिष्ठित हार्वर्ड युनिभर्सिटीमा छात्रवृत्ति पाए । संसारसँग प्रतिस्पर्धा गर्न सक्ने छोरा यही छाङरुका आमाले जन्माएका छन् । पति व्यापारका लागि ताक्लाकोट-दिल्ली व्यस्त रहँदा उनीहरू छाङरुमै थिए । सन्तानहरू हुर्किएर काठमाडौं हुँदै सात समुद्र पार पुगिसके । ६ महिना हिउँले ढाकिने छाङरुमा उवा, फापर र आलुबाहेक केही फल्दैन । 'सन्तानले डाँडाकाँडा ढाकुन्' यो आशीर्वाद फलेको छ ।

भाष्करसिंह लाला काठमाडौंमा कहलिएका चार्टर्ड एकाउन्टेन्ट हुन् । आमा कुन्ती लाला छाङरुमै बस्छिन् । छोराहरूलाई योग्यतम् बनाएर ठाउँ-ठाउँमा पुऱ्याएका कुन्तीजस्ता आमाहरूले दार्चुलाको सीमान्त बस्ती छाडेका छैनन् ।

नेपाल सरकारलाई तिरो तिरेको प्रमाण भए पनि गुन्जी, कुटी, नाभीका बासिन्दाको साइनो नेपाली प्रशासनसँग टुटिसकेको छ । कालापानीदेखि लिम्पियाधुरासम्म ३९५ वर्ग किलोमिटर भूभाग भारतले अतिक्रमण गर्दा छाङरु भने सुरक्षित छ । अहिले छाङरुमा सशस्त्र प्रहरीको शिविर पुगेको छ । तर वर्षौंसम्म यो गाउँ यिनै आमाहरूको जिम्मा थियो । ७७ वर्षीय एक आमा भन्दै थिइन्, 'गुन्जी, नाभी, कुटी पहिले त नेपालकै हो तर पछि कांग्रेस (भारत) ले लग्यो ।'

छाङरुमा जन्मिएका गोपालसिंह बोहरा नेपाली सेनाका 'ब्रिगेडियर जनरल' भए । अवकाशपछि संविधानसभा सदस्य पनि भए । सेना समायोजन समितिको सदस्यका रूपमा समेत जिम्मेवारी निर्वाह गरे ।

'गुन्जी, नाभी, कुटी, कालापानी हामीले गुमायौं,' सुदूरपश्चिम प्रदेशसभा सदस्य ग्याल्बु बोहरा भन्छन्, 'श्रीमान्हरू व्यापारमा हिँडे, छोराहरू सहर पसे, आमाहरूले बस्ती छाडेनन्, त्यसैले अहिले प्रहरी आएर बस्ने ठाउँ जोगिएको छ ।'

नेपाली नेता हल्ला मात्र गर्छन् । कालापानी मिचियो भनेर विरोध गर्छन् । एक आमा भन्छिन्, 'नेताहरू हेलिकप्टरमा आउँछन् । जान्छन् । पैदल आएको भए थाहा पाउँथे हाम्रा दुःख ।' सडक, सञ्चार र सरकारसँग जोडिन नपाए पनि छाङरुको देशसँगको साइनो भने अमिट छ । सन्तानलाई अमेरिका, युरोप र अस्ट्रेलियाको बाटो देखाउने आमाहरू आफैं भने जिल्ला सदरमुकामसँग जोडिने बाटो हेरेर बसेका छन् ।



# सेना 'तीन जोड एक' संरचनामा

- आठ पृतनालाई समायोजन गरी चार कमान्ड हेडक्वार्टर बनाइने
- प्रदेश सरकारसँग वाहिनीले समन्वय गर्ने
- ६ वर्षमा पुनःसंरचना सक्ने
- ६० करोड खर्च लाग्ने प्रक्षेपण

**जगदीश्वर पाण्डे** (काठमाडौं)

नेपाली सेना शुक्रबारदेखि सांगठनिक पुनःसंरचनामा गएको छ । मुलुकभर आठ पृतना (सात प्रदेशमा सात र उपत्यकामा एक) रहेकामा सैनिक संगठनलाई 'थ्री प्लस वान' (तीन जोड एक) संरचनामा रूपान्तरण गरिएको हो । आठ पृतनालाई समायोजन गरेर अहिले चार कमान्ड हेडक्वार्टर कायम गरिएको छ ।

रणनीतिक तथा बाह्य र आन्तरिक सुरक्षाका हिसाबमा कोसी नदीलाई आधार मानेर पूर्वी कमान्ड, गण्डकी नदीलाई आधार मानेर मध्य कमान्ड र कर्णाली नदीलाई आधार भनेर पश्चिम कमान्ड खडा गरिएको छ । थप एकमा उपत्यका कमान्ड स्थापना गरिएको छ । मन्त्रिपरिषद्ले असार २४ गते 'नेपाली सेनाको सांगठनिक पुनःसंरचना २०७७-७८' स्वीकृत गरेको थियो । रक्षा मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ज्ञवालीका अनुसार मन्त्रिपरिषद्को गत वर्ष फागुन २० गते बसेको बैठकले नेपाली सेनाको तीन जोड एक संरचनालाई सैद्धान्तिक स्वीकृति दिएको थियो ।

सैनिक मुख्यालय जंगीअड्डामा आयोजित कार्यक्रममा शुक्रबार प्रधानसेनापति पूर्णचन्द्र थापाले कमान्ड हेडक्वार्टरका प्रमुखहरूलाई कमान्डको झन्डा हस्तान्तरण गरेका छन् । प्रधानसेनापति थापाले आफ्नो कार्यकाल एक हजार दिन पुगेको अवसरमा गत जेठमा मुलुकको आन्तरिक र बाह्य सुरक्षा चुनौतीलाई हेरेर नयाँ सांगठनिक संरचनाको अवधारणा ल्याइएको बताएका थिए । नेपालमा करिब ९६ हजार सैनिक छन् ।

संघीय संविधान बनेपछि ७ प्रदेशमा ७ पृतना र काठमाडौं उपत्यकामा एउटा गरी ८ पृतना कायम गरिएको थियो । त्यसअघि ५ विकास क्षेत्र र उपत्यकामा गरी ६ वटा पृतना थिए । सेनाले अहिले बनाएको कमान्ड संरचनामा पहिले पृतनामा उपरथीले जस्तै नेतृत्व गर्नेछन् । प्रदेश सरकारहरूसँग भने सहायक रथीको नेतृत्वमा सम्बन्धित प्रदेशमा रहने वाहिनीहरूले समन्वय गरेर काम गर्ने सैनिक प्रवक्ता सन्तोषबल्लभ पौडेलले बताए । रक्षा मन्त्रालयको 'राष्ट्रिय सुरक्षा नीति-२०७५' लाई कार्यान्वयन गर्ने एकीकृत कार्ययोजना र सेनाको दीर्घकालीन सोच २०८७ लाई समेत आधार बनाएर सैनिक संगठनको पुनःसंरचना गरिएको सेनाले जनाएको छ । सरकारले राष्ट्रिय सुरक्षा नीतिलाई भने सार्वजनिक गरिसकेको छैन ।

सेनाले आफ्नो दीर्घकालीन योजना-२०६९ को सांगठनिक संरचनालाई ३ चरणमा सुधार गर्ने योजनाअनुसार नेपाली सेनाको पुनर्ढाँचा र पुनःसन्तुलनलाई सांगठनिक पुनःसंरचना २०७७-७८ मार्फत निरन्तरता दिइएको जनाएको छ । सैनिक प्रवक्ता पौडेलले भने नयाँ प्रशासनिक संरचनाको कार्यान्वयन शुक्रबारबाटै भए पनि यसको पूर्ण कार्यान्वयन २०८१ असार मसान्तसम्ममा सकिने जानकारी दिए । 'चार वटा कमान्ड हेडक्वार्टर भने आजबाटै पूर्ण रूपमा सञ्चालनमा आइसकेका छन् । अधिकृत र सकल दर्जासँग सम्बन्धित दरबन्दीहरूका हकमा भने क्रमिक रूपमा आगामी ६ वर्षभित्र पूरा गर्ने लक्ष्य राखिएको छ,' सेनाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

नेपाल संघीयतामा गएपछि मात्र सैनिक संगठनको प्रशासनिक संरचनालाई केही फेरबदल गरिएको थियो । तर त्यसको केही समयपछि नै फेरि संगठनमा किन परिवर्तन गरियो भन्ने प्रश्न उठेको छ । रक्षा मन्त्रालयले नयाँ संरचनाअनुसार सेनाको प्रशासनिक संरचनालाई फेरबदल गर्नुपर्ने भन्दै २०७२ सालमा पूर्वरक्षा सचिव वामनप्रसाद न्यौपानेको नेतृत्वमा कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले २०७३ सालमा प्रतिवेदन बुझाउँदै



नेपाली सेना

**सैनिक मुख्यालयमा शुक्रबार उपत्यका कमान्ड हेडक्वार्टरका प्रमुखलाई झन्डा हस्तान्तरण गर्दै प्रधानसेनापति पूर्णचन्द्र थापा ।**



**सैनिक मुख्यालय**
- **पूर्वी कमान्ड** (कोसी नदी क्षेत्रमा आधारित)
- **मध्य कमान्ड** (गण्डकी नदी क्षेत्रमा आधारित)
- **पश्चिम कमान्ड** (कर्णाली नदी क्षेत्रमा आधारित)
- **उपत्यका कमान्ड**

विभिन्न कमान्ड निर्माणका लागि सुझाव दिएको थियो । त्यसबेला सेनाले कमान्डको संरचनाभन्दा प्रदेशगत संरचनामै जाने निर्णय गरेको थियो । तर अहिले सेनाले उही न्यौपाने कार्यदलले बुझाएको प्रतिवेदनमै टेकेर नयाँ प्रशासनिक पुनःसंरचनाको खाका कोरेको हो ।

सेना भने संवैधानिक र सरकारले दिएका अन्य जिम्मेवारीलाई थप प्रभावकारी रूपमा सम्पादन गर्न नयाँ अवधारणा ल्याइएको जनाएको छ । 'मुख्य रूपमा अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय सुरक्षा परिवेश र अन्तर्राष्ट्रिय अभ्याससमेतलाई दृष्टिगत गरी नेपाली सेनालाई समयानुकूल थप व्यावसायिक, चलायमान र गतिशील बनाउन पनि यस प्रकारको संरचनामा परिवर्तन आवश्यक थियो,' सेनाले भनेको छ ।


अर्कोतर्फ नदी क्षेत्रमा उद्धार तथा वन्यजन्तु चोरीसिकारी नियन्त्रण जस्ता अतिरिक्त नवीन संरचनामा काम गर्न सक्ने क्षमता विकास गर्न पनि नयाँ संरचना आवश्यक रहेको सेनाले जनाएको छ ।

फिल्ड तहमा हाल देखिएका मध्यक्रमका अधिकृत, पदिक र बिल्लादारहरूसमेतको वृत्तिविकासमा परेको समस्यालाई उचित तवरबाट सम्बोधन र व्यवस्थापन गर्न पनि सांगठनिक पुनःसंरचना आवश्यक परेको सेनाले जनाएको छ । 'हाल एउटै दर्जामा लामो समय बिताउनुपर्ने र नेपाल सरकारको ठूलो लगानीपश्चात् तयार भएको दक्ष जनशक्ति पदोन्नतिको अवसरबाट वञ्चित हुँदा दीर्घकालीन समस्या देखा परिरहेको थियो,' सैनिक प्रवक्ता पौडेलले भने ।

सेनाले सैनिक संख्यामा थपघट नहुने र विशिष्ट श्रेणीको दरबन्दी संख्यामा पनि कुनै हेरफेर नहुने गरी पुनःसंरचना गरिएको जनाएको छ । यो पुनःसंरचनाले विशेष गरी क्षमतावान् र योग्य मध्यम तहका अधिकृतहरूको समयअगावै बाध्यात्मक अवकाश प्राप्त गर्ने अवस्थामा सुधार आउने सेनाले जनाएको छ । समयमै पदोन्नति भई वृत्तिविकासमा सुनिश्चितता आए नेपाली सेनामा अधिकृततर्फको भर्नामा योग्य व्यक्तिहरूको आकर्षण बढ्ने विश्वास सेनाले लिएको छ । पदिक तथा अन्य दर्जातर्फ वृत्तिविकासमा सुधार आए उपदान तथा निवृत्तिभरण लिएर राजीनामा दिनेको संख्यामा कमी आउने पनि सेनाले दाबी गरेको छ ।

सेनाले सांगठनिक पुनःसंरचना-२०७८ लाई कार्यान्वयन गर्दा सरकारलाई केही थप आर्थिक भार पर्ने भए पनि यसको चाप नियन्त्रणका लागि कार्यान्वयनलाई ६ वर्षमा सम्पन्न गर्ने व्यवस्था मिलाइएको जनाएको छ । यो खर्च मुख्य गरेर तलब भत्ता र सहुलियत (सञ्चयकोष र दसैं भत्ता) र केही नयाँ स्थापना तथा स्तरोन्नति हुने कार्यालय सञ्चालनमा हुने सेनाको भनाइ छ । संगठन पुनःसंरचनाका लागि ६ वर्षमा ६० करोड रुपैयाँ हाराहारीमा खर्च हुने प्रक्षेपण सेनाले गरेको छ । 'बढेका कार्यालयहरू विद्यमान संरचनामा नै सञ्चालन हुने हुँदा संरचना निर्माणका लागि छुट्टै पुँजीगत बजेट आवश्यक पर्दैन । सेनालाई निकासा हुने नियमित पुँजीगत वार्षिक बजेटबाट त्यसको व्यवस्था गर्ने योजना छ,' सैनिक प्रवक्ता पौडेलले भने ।

# प्रहरीबाटै यौन हिंसा



- पटकपटक गर्भपतन गर्न दबाबपछि आत्महत्याको प्रयास
- पीडक पक्राउ गर्न प्रहरीकै बेवास्ता

**दीपक परियार** (पोखरा)

सेती नदीमा हामफाल्न खोज्दा जालीमा अड्किएकी १७ वर्षीया किशोरीलाई प्रहरीले जेठ १८ मा पोखराको केआई सिंह पुलबाट उद्धार गर्‍यो । मानसिक रूपमा विक्षिप्त रहेकी उनलाई वडा प्रहरी कार्यालय बगरले महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संस्था कोपिला नेपालमा पठायो । एक महिनासम्मको मनोसामाजिक परामर्शपछि किशोरी बल्ल बोल्न सक्ने भएकी छन् । जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवानबाटै आफू पटकपटक यौन हिंसामा परेपछि आत्महत्याको प्रयास गरेको उनले खुलासा गरेकी छन् ।

उनी ४ वर्षअघि पोखराको बाटुलेचौरमा कोठा भाडामा लिएर दाइसँग बस्दै आएकी थिइन् । अध्ययनका लागि पोखरा झरे पनि पढाइलाई निरन्तरता दिन सकिनन् । फेसबुकमार्फत रजिन सुनारसँग उनको चिनजान भयो । उनले आफू प्रहरी भएकाले सुखसँग पाल्ने भन्दै अनेक प्रलोभन देखाए । २०७६ चैत २७ मा किशोरीका दाइ कोठामा नभएको मौका पारी रजिन उनलाई भेट्न पुगे । त्यसै दिन दुई जनाबीच शारीरिक सम्बन्ध भयो ।

आफूलाई पीडा भएपछि रुन कराउन खोज्दा रजिनले धम्क्याए । त्यसपछि पनि उनले पटकपटक यौन हिंसा गरिरहे । २०७७ वैशाख २३ मा रजिनले पत्नीकै हैसियतमा टीकाटालो गरी किशोरीलाई घरमा भित्र्याए । आफू व्यस्त हुनुपर्ने भएकाले पोखराबाट घर ओहोरदोहोर गर्न नमिल्ने बताउँदै उनले केही समयपछि पहिलेकै डेरामा बस्न लगाए । २०७७ भदौमा किशोरी पहिलोपल्ट गर्भवती भएको थाहा पाएपछि रजिनले गर्भपतन गर्न दबाब दिए । किशोरीले नमानेपछि पेट र छातीमा लात्ती बजारे । त्यसैको असरले गर्भ खेर गयो ।

खटपट बढेपछि गत पुसमा सामान्य कागज गरेर दुवै छुट्टिए । त्यसपछि पनि रजिनले भेट्न छाडेनन् । किशोरीको पेटमा फेरि गर्भ बस्यो । फागुनमा रजिनकै यातनाले दोस्रोपल्ट गर्भ खेर गयो । वैशाख २६ मा रजिनले उनलाई डेराबाट आफ्नो घरमा लगे । भोलिपल्टै डेरामै ल्याएर छाडिदिए । कार्यालयको समय मिलाएर पटकपटक डेरामा पुगेर उनले शारीरिक सम्पर्क राखिरहे । किशोरी पुनः गर्भवती भइन् । रजिनले फेरि गर्भपतनको लागि दबाब दिए । यसपल्ट भने बालिकाले माइती र आफन्तबीच आफूहरूबीचको सम्बन्ध सार्वजनिक गर्नुपर्ने, विवाह दर्ता गर्नुपर्ने अडान लिइन् । रजिनले उल्टै बालिकालाई कुटपिट गर्दै सम्बन्धबारे आफन्तलाई खबर गरे जेलमा सडाउने धम्की दिए । प्रहरी संगठनमा ठूलो पदीय हैसियतका व्यक्तिसँग पहुँच भएकाले बालिका र उनका आफन्तले केही गर्न सकेनन् । रजिनले अर्कै केटीसँग बिहे गर्ने तयारी गरे । २९ गते बिहे गर्ने पक्का भयो ।

आफूमाथि यौन हिंसा गरेर अर्कैसँग बिहे गर्ने तयारी गरेपछि किशोरी झनै विक्षिप्त भइन् । जेठ १८ मा केआई सिंह पुलबाट हामफाल्दा बीचमै जालीमा अड्किएपछि प्रहरीले उनको उद्धार गरेको हो । कोपिला नेपालको संरक्षणमा एक महिना लामो मनोपरामर्शपछि उनीसँग प्रहरीले बयान लियो । उनकी आमाले रजिनविरुद्ध जाहेरी दिन खोजे पनि कास्की प्रहरीले दिन मानेन । मानवअधिकार आयोगको पत्र र विभिन्न अधिकारीवादी संघसंस्थाको दबाबले ५ दिनपछि असार ३० मा २५ वर्षीय रजिनविरुद्ध करणीसम्बन्धी गम्भीर कसुरमा जाहेरी दर्ता भएको छ ।

जाहेरीमा उल्लेख भएअनुसार रजिनको करणीबाट बसेको गर्भ फाल्ने व्यवस्था गरिदिन बालिकाले कोपिला नेपाललाई आग्रह गरिन् । उनकै चाहनाअनुसार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चिकित्सकको सल्लाहबमोजिम औषधिको प्रयोगबाट गर्भपतन भयो । आफ्नो परिवारको कमजोर आर्थिक अवस्था र परिस्थितिको गलत फाइदा उठाउने नियतले छोरीमाथि यौन हिंसा गरी आत्महत्या गर्न बाध्य पारेको उनको भनाइ छ । '११ वर्षअघि बुढा बेपत्ता भए,' उनले भनिन्, 'ज्याला मजदुरी गरेर छोराछोरी पढाउँदै आएकी थिएँ । छोरीलाई धाकधम्की देखाएर प्रहरीले अत्याचार गरेछन् । जसरी पनि कारबाही हुनुपर्छ ।'

कोपिला नेपालकी महिला तथा बालबालिका विभाग प्रमुख क्षमता खड्काले अहिले पनि किशोरीको स्वास्थ्यमा समस्या रहेको बताइन् । 'उनीमाथि भएको घटना सम्झिएर बेलाबेलामा झस्किने, डराउने, रुने गर्छिन्,' उनले भनिन्, 'मनोसामाजिक परामर्शकै क्रममा छिन् ।' जाहेरी दिएको दिन पीडक जिल्ला प्रहरी कार्यालयभित्रै रहे पनि पक्राउ नपरेको उनको भनाइ छ । प्रहरी प्रवक्ता एवं डीएसपी सुवास हमालले रजिन प्रहरीको सम्पर्कमा नआएको बताए । 'बिहे गर्छु भनेर १० दिनको बिदा लिएर गएको हो,' उनले भने, 'आइतबार बिदा सकिन्छ । त्यसपछि पनि सम्पर्कमा नआए खोजी गर्छौं । पक्राउ पुर्जी जारी भइसकेको छ ।' अधिवक्ता कुञ्जनी परियार 'प्यासी' ले प्रहरीबाटै निकृष्ट अपराध भएको बताउँछिन् । मुलुकी अपराध संहिता २०७४ को करणीसम्बन्धी कसुरको महलले यस्तो कार्य दण्डनीय भएको उनको भनाइ छ ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

गोकर्णबाट, सुन्दरीजलजाने हाईवेबाट नजिकै ०-४-३-३, ९८४१३४५००५

चावहिल गोपीकृष्णपछाडी कमर्सियल घरविक्रीमा जग्गासंग साट्नपनि मिल्ने 9851106237, 9863601881

धुम्बाराही मन्दिरपुर्व रिङ्गरोडभित्र आकर्षक घडेरी०-१२-१-० विक्रीमा ४५,००,०००प्रतिआना सम्पर्क:9860742303

भैंसीपाटीमा ०-३-२-० जग्गा विक्रीमा, 9841515302

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midaspropertydealer5@gmail.com

लपतपुरको टिकाथलीमा टुक्रा घडेरीहरू बिक्रीमा ९८४५१८६४६०

सामाखुशीमा ०-२-३-० मा ३.५ तल्ले नयांघर विक्रीमा, 9803150819

नर्भिक हस्पिटल थापाथलीनिर ८आना आकर्षक जग्गा बिक्रीमा ९८५१०२६७२७, ९८२३१०२१४२

गौरीघाटमा ०-३-२-०मा बनेकोघर, हाडीगाउामा ०-३-०-०मा बनेकोघर 9841230631

बिराटनगर कदमाहा Airport 30 min पूर्व दुरीमा ४बिघा ४कठ्ठा Factory/ Hospital/ Plotting कोलागी बिक्रीमा 65 मिटर सडकसंगै र बिराटनगर सुनसरीको इनरुवा पिचसडकसंगै जोडेको १ बिघा बिक्रीमा 9801052429

भ्याली भित्र जग्गा चाहिएमा ९८४४२६४४२८

ठमेलमा व्यापारिक घर रु.६,९५,००,०००/ 9851027364

भक्तपुरहाइवेमा फयाक्ट्री, कलेज प्लानिङ्गकोलागि उपयुक्त १४रोपनी कमर्सियल जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२८७५१२८८

जग्गाघर बेच्नुपरेमा, लिनुपरेमा नारायणथान, चक्रपथ, बालुवाटार, चावेल,बौद्ध, जोरपाटीमा कमर्सियल जग्गाघर चाहिएमा पनिछ सम्पर्क ९८५१११२८७८, ९८२८७५१२८८

ललितपुर बिष्टछापमा टुक्राजग्गा प्रतिआना-९.५०, 9808364162

गहिरीधारामा ०-८-०-१ घरसमेत आनाको-९०,००,०००।- 9841936161

भक्तपुर कटुञ्जेमा राम्रोघर बिक्रीमा 9862435902

बसुन्धारामा रिङरोडभित्र ०-३-३-० २०"पिचबाटोमा दक्षिणमोहोडाको जग्गा बिक्रिमा ९८५११३८३७८, ९८५१०८६०२८

भक्तपुर चारदोबाटो चोकबाट बालकोटतर्फ पिचबाटोबाट एककित्ताभित्र ०-४-२-०मा बनेको आधुनिकघर ९८४३२०७३८६

राष्ट्रपतिभवन अगाडी १कित्ताभित्र ६आना/३आना जग्गाबिक्रीमा 9841443672

जनकपुर उप-महानगरपालिका वडा न.-१६, कप्लेश्वर हुलाकी राजमार्गबाट ५०मिटर भित्र १२ फिटे बाटोमा ६कठ्ठा जग्गाबिक्रिमा 9851155941

## सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा लोनतिर्न 9851006688

Bank Balance, धितोफुकुवा ९८४१००००६५

Cash Deposit Without Collateral, 9841756349

जिरोलेभलबाट अग्रेजी सिक्नको लागी ९७४१८१२२४०

सस्तोमा धितोफुकुवा, धितोराखी लोन 9851154609

सस्तोमा Cashdeposit धितोफुकुवा ऋण ९८५१०८७७४९, ९८४९२१६१९६

## विविध विक्रीमा

खाजा घर विक्रिमा शंखमुल ९८६०८१११०५

सितापाईलामा चलिरहेको किराना पसल बिक्रिमा ९८४९६१८८४६

मासिक रु.२,००,०००/- सम्म आम्दानी हुने चलिरहेको होलसेल तथा खुद्रा किराना पसल तु.बिक्रीमा ९८०७३२६३९७

बौद्धमा चलिरहेको टुरिष्टहोटल बिक्रिमा ९८५१०२१९५६

बौद्धमा क्याफे बिक्रिमा ९८४५६२९१५७, ९८४३९४९३३७

## निर्माण सफाई

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

ढलट्वाईलेट मंगाल जामखोल्ने इनारसफाई/प्लम्बिङ 9843192344

ढलट्वाईलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

सेफ्टीटैंकी सफाई जामखोल्ने सस्तोमा 9851056662

सेफ्टीटैंकी सफाई गाडिमा १५००। 9843768737

सेफ्टीटैंकी सफाई ठुलोगाडीमा मेशिनबाट 015251092, 9851024364

ढलट्वाईलेट मंगाल जामखोलिन्छ ९८५१०६९६३५, ९८४९६५७५००

सेफ्टिटैंकी सफाई 01-5712671, 01-5712554, 9851152299

सेफ्टिटैंकी सफाई 9841212244, 9841488132, 015182401

सेफ्टिटैंकी सफाई सस्तोमा 9841343487, 9851118279

सेफ्टीटैंकी सफाई गाडिमा १५००। 9843768737

ढलट्वाईलेट सेफ्टीटैंकी जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलट्वाईलेट, मंगालजामखोल्ने, निर्माणग्यारेण्टीमा 9841569114, 9841433335

## भाडामा

तुरुन्तै घरभाडामा लिनदिन 9801040807, gharflat@rentalservices.com

५-८-०-० जग्गा बहालमा का.म.पा-७ कालोपुल १-१०-०-० जग्गामा १३-वटा टहरा कोठा १-३-०-० जग्गा समेत बहालमा का.म.पा-५ हांडीगाउं, ९८४९४६५९४४

2 bedroom Furnished Flat, Swoyambhu, 9818059214

काठमाण्डौंमा घर/फ्ल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

बौद्धमा समता अस्पतालसंगै आठआना जग्गाभाडामा ९८५१०२१९५६

नयाँबजार चमतीमा २-३तले पार्किङ्गसहितको घर गार्मेन्टकोलागि चाहियो 9851058491, 9841728087

बसुन्धारा रिङ्गरोडमा दुईसटर, गोदामभाडामा 9818954153

हाँडीगाउँ, गहनापोखरीमा २५ २१वर्गफिटको ३ तलेघर भाडामा ९८५१०९४१६१

भक्तपुर सुर्यबिनायकनगरपालिका सिपाडोल डोलेश्वर मन्दिर र आशापुरी मन्दिरको बीचमा १० आना सस्तो मुल्यमाबिक्रीमा ९८५१०१९८०८

## चाहियो

होस्टलमै बसी कामगर्ने महिला चाहियो ९८४१२७१४१४

साधारण सेक्युरीटी तुअर्जेन्ट 18000 9851314832

भक्तपुर पोल्ट्रीफार्म ह्याचरीलाई कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

Homebased Typing Job 25,500/- 9803188112

खानेबस्ने सुबिधासहित भाडामाझ्ने चाहियो 9851037023

अनलाइन पत्रिकाकोलागि सम्पादक र प्रदेश संवाददाता चाहियो सम्पर्क: ९८५११९०९५८

Pre-primary incharge- 1, Grade Teacher Class- 2 -1 Candidates with relevant work experience and good command in English will be given Priority unique Nepal Academy, Lokanthali, 9841809158, 9840188890

बिहानबेलुका होस्टेलमा बिधार्थिहेरि दिउंसोमा कलेजजाने लेडिवार्डेन काठमाडौं 9803084475

गेष्टहाउसको लागि कर्मचारी चाहियो खानबस्न सुबिधा 9851075800

घरमै बसी कामगर्ने जोडी ९८५१२१९२८८

Pre-Primary Grade Teacher Baluwatar 9851187127

## मर्मत

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841881901

ढलट्वाईलेट, मंगाल सफागर्ने, मर्मत निर्माणपनि, 9841559659, 9843052042

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

## तालिम

हाउसइण्डस्ट्रियल वाइरीङ्ग मोटरवाइन्डिङ्ग प्लम्बिङ्गफ्रि 9851177341

## उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने HerbalSuppliment ९८५११४७८१०

लिंगको साइज यौनपावर बढाउन ९८४१९८१९७६

# वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| जिरो मिडिया | अनामनगर | ५७०५६९५ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ९८४९९६५२९३, ९८२३८०६०७० |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत डिस्प्ले
श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

वर्गीकृत विज्ञापन
साधारण प्रति शब्द रू. ४५/-
बोल्ड प्रति शब्द रू. १००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktclassified@kmg.com.np

* म.अ.क. बाहेक

# संसदीय विकृति प्रदेशमा विस्तार

## कर्णालीमा प्रतिपक्षले बजेट पेस गर्न दिएन, लुम्बिनीमा सत्तापक्षले नै बैठक बहिष्कार गरेर अध्यादेश ल्यायो, गण्डकीमा मार्सल लगाएर पारित गरियो

**राजेश मिश्र** (काठमाडौं)
**घनश्याम गौतम** (रूपन्देही)

लुम्बिनी र कर्णाली सरकारले प्रदेशसभाको बजेट अधिवेशन अन्त्य गरेर अध्यादेशबाट चालु आर्थिक वर्षको बजेट ल्याएका छन् । लुम्बिनीको प्रदेशसभामा पेस गरिएको बजेट पारित हुने अवस्था नदेखिएपछि मध्यरातमा हठात् अधिवेशन अन्त्य गरी शुक्रबार बजेट ल्याइएको छ । कर्णालीको प्रदेशसभामा प्रतिपक्ष दलको लगातार अवरोधपछि बिहीबार अध्यादेशबाट बजेट ल्याइएको हो । गण्डकीमा दुई दिनअघि मार्सल लगाएर बजेट पारित गरिएको थियो । एमाले लुम्बिनीमा सरकारको नेतृत्वमा छ भने कर्णाली र गण्डकीमा प्रतिपक्ष छ ।


बजेट पारित नहुँदा नयाँ आर्थिक वर्षको पहिलो दिन साउन १ गतेबाटै संकलन र खर्च गर्न समस्या हुने भएकाले प्रदेश सरकारहरूले संसदीय प्रक्रियाबाटै निकास खोज्नुको साटो अध्यादेशको बाटो पछ्याएका हुन् । बजेट फेल हुँदा आफूमाथि संसद्को विश्वास नरहेको सन्देश जाने हुनाले अप्ठेरोमा परेका प्रदेश सरकारहरूले 'असंसदीय' प्रक्रिया समातेका हुन् । केन्द्रमा पनि प्रतिनिधिसभा विघटन गरिएको अवस्थामा गत जेठ १५ मा आर्थिक वर्ष २०७८/७९ को बजेट ल्याइएको थियो ।

लुम्बिनीमा कांग्रेस र माओवादी केन्द्रले बजेट पारित गर्न नदिने र कर्णालीमा एमालेले बजेट पेस गर्नै नदिने रणनीति लिएका थिए । प्रदेश सरकारहरूले पनि विपक्षीलाई संवाद गरेर सहमतिमा ल्याउन प्रभावकारी भूमिका निर्वाह गर्न सकेनन् । राजनीतिक लाभहानिको हिसाब गरेर विपक्षीले बजेटको विरोध गर्ने संसदीय अभ्यास नै छ ।

लुम्बिनीमा एमालेका प्रभावशाली नेता शंकर पोखरेल मुख्यमन्त्री छन् । त्यहाँ एमालेले जसपाको महन्थ ठाकुर पक्षका ३ सांसदको सहयोगमा सरकार चलाइरहेको छ । कांग्रेस, माओवादी र जसपाको उपेन्द्र यादव पक्ष विपक्षमा छन् । प्रदेशसभामा सरकार र विपक्षी दलको शक्ति बराबरी अवस्थामा छ । ८३ सदस्यीय प्रदेशसभामा सरकारको पक्षमा एमाले ३८ र जसपाका ३ सहित ४१ जना छन् । विपक्षी गठबन्धनमा पनि ४१ जना छन् । दुवै पक्षको बराबरी मत रहेको अवस्थामा सभामुखको मत निर्णायक हुन्छ । माओवादीबाट चुनिएका सभामुखको मत विपक्षी गठबन्धनमा जाने भएपछि सरकार प्रदेशसभाबाट बजेट पारित गराउन असफल हुने अवस्थामा थियो । आर्थिक मामिला तथा योजनामन्त्री बैजनाथ चौधरी थारू दुवै पक्षमा ४१/४१ सांसद भएपछि सहमतिमा बजेट पारित गराउने प्रयत्न गरिएको बताउँछन् । विपक्षी दलले बजेटलाई फेल गराउने रणनीति लिएपछि प्रदेशसभाको अधिवेशन अन्त्य गरेर अध्यादेशबाट बजेट ल्याइएको उनले बताए । 'विपक्षीले बजेट फेल गराएर सरकारलाई अप्ठ्यारोमा पार्ने योजना बुनेपछि सरकार अर्को कदम चाल्न बाध्य भएको हो,' उनले कान्तिपुरसँग भने, 'अध्यादेशबाट बजेट ल्याउनु लोकतान्त्रिक होइन भन्ने बुझेका छौं । तर विपक्षीले षड्यन्त्र गरेपछि यो बाटोमा जानैपर्ने स्थिति आयो ।' उनले साउन १ बाट सबै प्रकारका खर्च र कर संकलन ठप्प हुने भएकाले ढिला नगरीकन अध्यादेश ल्याइएको उल्लेख गरे । बिहीबार प्रदेशसभा चल्दाचल्दै मुख्यमन्त्री पोखरेलसहितका सत्तापक्षीय सांसदहरू बाहिरिएका थिए । त्यसपछि मुख्यमन्त्री पोखरेलले प्रदेश प्रमुखलाई अधिवेशन अन्त्यको सिफारिस गरेका थिए । शुक्रबार बिहान ८ बजे बसेको मन्त्रिपरिषद् बैठकले असार १ मा प्रस्तुत बजेट परिमार्जन नगरी अध्यादेशमार्फत जारी गर्न प्रदेश प्रमुख यादवकहाँ पठाएको थियो ।

लुम्बिनीमा पोखरेल सरकार अल्पमतमा परिसकेको भन्दै विपक्षी दलले विश्वासको मत लिनुपर्ने वा गठबन्धनको सरकार बनाउनुपर्ने आवाज उठाउँदै आएका छन् । सत्तापक्षले भने जसपाका तीन जनाको मुद्दा सर्वोच्च अदालतमा र निर्वाचन आयोगमा विचाराधीन रहेको, नेकपाबाट सूर्य चिह्न लिएर दाङबाट उपनिर्वाचनमा विजयी विमला खत्री वलीको दल रोज्ने अधिकार हुन्छ कि हुन्न भन्ने टुंगो नलागेको हुनाले सरकारको अवस्था पनि टुंगो नलाग्ने दाबी गर्दै आएको छ ।

कर्णाली प्रदेशमा माओवादी नेतृत्वको सरकारमा कांग्रेस र एमालेको माधव नेपाल पक्ष सहभागी छन् । त्यहाँ विपक्षी दल एमालेले आफ्ना सांसदलाई मन्त्री पदबाट हटाउनुपर्ने माग राख्दै लगातार प्रदेशसभा बैठकमा अवरोध गर्दै आएको थियो । माओवादीबाट निर्वाचित आर्थिक मामिलामन्त्री गोपाल शर्माले एमालेको


कृष्णचन्द्र नेपाली


शंकर पोखरेल


महेन्द्रबहादुर शाही

> प्रदेशसभामा देखिएका यस्ता विकृत अभ्यासहरूले संघीयतालाई कमजोर बनाउँछन् । जनतामा संघीय प्रणालीप्रति नकारात्मक भाव बढ्छ ।
>
> – **मुकुन्द शर्मा**, पूर्वसचिव, व्यवस्थापिका संसद्

अवरोधका कारण बजेटमाथिको छलफल प्रदेशसभाको कार्यसूचीमै चढ्न नपाएपछि अध्यादेशको बाटो रोजिएको बताउँछन् । 'एमालेको मनसाय बजेट रोकियोस् भन्ने देखियो । संसद्मा मुठभेडको स्थितिमा जानुभन्दा अध्यादेशबाट बजेट ल्याइएको हो,' उनले भने ।

एमालेकै सरकारले लुम्बिनीमा अध्यादेशबाट बजेट ल्याएकामा कर्णालीमा भने एमालेले अध्यादेशको विरोध गरिरहेको छ । विपक्षी दल एमालेका नेता यमलाल कँडेलले संसद् चल्दाचल्दै त्यसलाई रोकेर अध्यादेश ल्याइनुलाई घोर अलोकतान्त्रिक र असंवैधानिक काम भनी टिप्पणी गरे । 'बजेट ल्याउन नदिने हाम्रो मनसाय थिएन,' उनले भने, 'हामीले एक महिनादेखि उठाउँदै आएका मागलाई सम्बोधन गर्न नचाहेर सरकारले प्रदेशसभालाई छलेको छ ।'

गण्डकीमा भने विपक्षी दल एमालेको अवरोधका बीच मार्सल लगाएर असार ३० गते बजेट पारित गरिएको छ । मार्सल लगाइएपछि एमाले सांसद होहल्ला र तोडफोडमा उत्रिएका थिए । एक महिना अगाडिसम्म एमालेको सरकारका मन्त्री रहेका रामशरण बस्नेतले सभामा मार्सल परिचालन गरिएका बेला टेबल उचालेर फालेका थिए । ११ वर्ष अगाडि तत्कालीन व्यवस्थापिका संसद्मा अर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेट ल्याउने बेला माओवादी सांसदले संसद्को कुर्सी उचालेर फाल्नुका साथै बजेटको ब्रिफकेस नै तोडफोड गरेका थिए । त्यस्तै घटना गण्डकी प्रदेशमा देखिएको हो ।

गण्डकीका विपक्षी दल एमालेका मुख्य सचेतक मायानाथ अधिकारी सरकारका कारण प्रदेशसभाको वातावरण बिग्रिएको बताउँछन् । उनले आफूहरूले उठाएको विषयलाई सम्बोधन नगरी जबर्जस्ती बजेट पारित गरिनु अलोकतान्त्रिक चरित्र भएको बताए । 'टेबलकुर्सी फाल्ने वा कसैलाई हिर्काउने उद्देश्यले त्यस्तो भएको होइन, टेबललाई सारेको मात्रै हो,' उनले भने 'मार्सल लगाएपछि हामीले नारा लगाउने कार्यक्रम थियो । त्यति गरेका हौं ।'

व्यवस्थापिका संसद्का पूर्वसचिव मुकुन्द शर्मा बजेटका सन्दर्भमा प्रदेशसभामा देखिएका घटनाले संसदीय व्यवस्था र भर्खरै हुर्किन थालेको संघीय प्रणालीप्रति अनास्था पैदा गराउने बताउँछन् । 'प्रदेशसभाको अधिवेशन हठात् अन्त्य गरेर अध्यादेशबाट बजेट ल्याइनु र विपक्षीले बजेट ल्याउन नदिन अवरोध गरिरहनु संसदीय व्यवस्था सुहाउँदो व्यवहार होइन,' उनले भने, 'जन्मेको छोटो अवधिमै प्रदेशसभामा देखिएका यस्ता विकृत अभ्यासहरूले संघीयतालाई कमजोर बनाउँछन् । जनतामा संघीय प्रणालीप्रति नकारात्मक भाव बढ्छ ।' उनले केन्द्रका नेताहरूको गलत क्रियाकलापको सिको तलका कार्यकर्ताले गर्न थालेको बताए ।

तत्कालीन सत्तारूढ नेकपामा आन्तरिक विवाद चुलिएका बेला सर्वोच्च अदालतको आदेशबाट एमाले र माओवादी केन्द्र ब्यूँतिएपछि सत्ता फेरबदलको कसरत केन्द्रदेखि प्रदेशसम्मै चल्दा संसदीय विकृतिको पुनरावृत्ति हुन थालेको हो । एमालेभित्रको विवादले यसलाई थप मलजल गरेको छ । प्रदेश सरकार सञ्चालनमा ३ वर्ष नपुग्दै सत्ताको जोडघटाउ चल्दा गठबन्धन हेरफेर, फ्लोर क्रस, निलम्बन/कारबाही जस्ता घटनाक्रम देखिएका छन् । एउटै दलका कोही सांसद सरकारमा त कोही विपक्षमा छन् । आवश्यकता र औचित्यभन्दा पनि व्यक्ति तथा दलहरूलाई भागबन्डा गर्न मन्त्रालय र मन्त्रीको संख्या थप्ने विकृति यसै पटक प्रदेशमा सरेको छ । सत्तारूढ र विपक्षी दलको खिचातानीका बीच प्रदेश प्रमुख र सभामुखको भूमिकामाथि पनि प्रश्न उठेका छन् ।

साढे ३ वर्षअघि वामगठबन्धनका एमाले र माओवादी केन्द्रले प्रदेश नम्बर २ बाहेकका सबै प्रदेशमा सरकार बनाएका थिए । २०७५ जेठ ३ मा पार्टी एकीकरण भएपछि ती प्रदेशमा नेकपाको एकल सरकार थियो । तर नेकपा एकतापूर्वको अवस्थामा पुगेपछि केन्द्रदेखि प्रदेशसम्म ५० को दशकमा देखिएका विकृति पुनरावृत्ति भएका हुन् । पछिल्ला ३ महिना कर्णाली, लुम्बिनी, गण्डकी र प्रदेश २ को राजनीति सत्ताकै खिचातानीमा बितेको छ । कर्णालीमा एमालेका चार सांसदले पार्टीको ह्वीपविपरीत माओवादी केन्द्रका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई विश्वासको मत दिए र तीन जना मन्त्री नै बने । लुम्बिनीमा मुख्यमन्त्री शंकर पोखरेलविरुद्ध अविश्वासको प्रस्तावमा हस्ताक्षर गरेको मसी सुक्न नपाउँदै जसपाका चार सांसद सरकारमै सहभागी भए । फ्लोर क्रस गरेका उनीहरूलाई सम्बन्धित पार्टीले कारबाही गरे पनि सर्वोच्च अदालतले सांसद पद ब्युँताइदिएको छ । गण्डकी प्रदेशमा अविश्वास प्रस्तावको पक्षमा जाने पार्टीको निर्णयविपरीत जनमोर्चाका दुई सांसदले तत्कालीन मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई सहयोग हुने काम गरे । पछि ह्विप नै उल्लंघन गरेका कारण जनमोर्चाका कृष्ण थापाले सांसद पद गुमाए । गण्डकीमा मुख्यमन्त्री फेरिएको महिना दिन भइसक्दा पनि सरकारले पूर्णता पाएको छैन ।

संघीयताका जानकार श्यामकृष्ण भुर्तेल पछिल्लो समयमा प्रदेशमा देखिएका राजनीतिक घटनाले संघीयतालाई लिएर जनतामा वितृष्णा ल्याउन सक्ने चिन्ता गरे । 'दल र त्यसको नेतृत्वका कारण प्रणाली बदनाम हुने अवस्था आएको छ,' उनले भने, 'अलोकतान्त्रिक र असंसदीय क्रियाकलापले जनताको मनमा प्रदेशप्रति प्रश्न उठ्ने ठाउँ दिएको छ ।' माथि देखिएका विकृति तल सर्नु संघीयताको भविष्यका लागि राम्रो नरहेकाले राजनीतिक दलहरू सचेत हुनुपर्ने उनले बताए ।

### प्रदेश प्रमुख फेर्ने कोसिस

लुम्बिनी प्रदेशमा बिहीबार र शुक्रबार भएका राजनीतिक घटनाक्रमले नयाँ मोड लिएको छ । विपक्षी गठबन्धन अल्पमतको सरकार गठन, बजेट अधिवेशनको हठात् अन्त्य र अध्यादेश जारी गर्न सहयोग गर्ने प्रदेश प्रमुख परिवर्तनको तयारीमा लागेका छन् । यसअघि पनि अल्पमतमा रहेको जानकारी हुँदाहुँदै शंकर पोखरेललाई मुख्यमन्त्रीमा नियुक्त गरेर उनकै कार्यालयमा पुगी शपथग्रहण गराएपछि 'रबर स्ट्याम्प' बनेको आरोप प्रदेश प्रमुख धर्मनाथ यादवमाथि लाग्दै आएको छ ।

शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धनकै संघीय सरकार बनेपछि लुम्बिनीमा प्रदेश प्रमुख फेर्नका लागि विपक्षी उत्साहित भएका छन् । त्यसको संकेत उनीहरूले गरिसकेका छन् । 'अब हामी अल्पमतको सरकारका पछि लाग्दैनौं,' माओवादी केन्द्रका प्रमुख सचेतक तुलाराम घर्तीले शुक्रबार भने, 'गोटी बन्नेहरूको पनि हिसाबकिताब गर्दै छौं ।' उनले प्रदेश प्रमुख परिवर्तनका लागि केन्द्र र प्रदेशमा दलहरूबीच छलफल चलेको बताए ।

# संक्रमण स्थिर, मृत्यु बढ्दो

## कडाइका साथ स्वास्थ्य मापदण्ड नअपनाए दसैंताका कोभिडको तेस्रो लहर आउने विज्ञको दाबी

**अतुल मिश्र** (काठमाडौं)


कोभिड-१९ को दैनिक संक्रमण दरमा खासै वृद्धि नदेखिए पनि पछिल्ला दिन मृत्यु हुनेको संख्या बढेको छ । पछिल्लो चार दिनमा झन्डै चार गुनासम्मले मृत्यु बढेको छ । अस्पतालमा अझै पनि आईसीयू र भेन्टिलेटरमा चाप रहेकाले आगामी दिनमा पनि मृत्यु संख्या उल्लेख्य घट्न नसक्ने संकेत देखिएको विज्ञहरूको भनाइ छ ।

गत मंगलबार १२ जनाले ज्यान गुमाएका थिए, शुक्रबार झन्डै चार गुणा बढी ४२ जनाको मृत्यु भएको छ । 'पछिल्लो साता दैनिक संक्रमण दरमा परिवर्तन देखिएको छैन । संक्रमण दर न बढेको छ, न त घटेकै छ । २० देखि २२ प्रतिशतकै सेरोफेरोमा छ,' वरिष्ठ जनस्वास्थ्यविद् डा. राजेन्द्र बीसीले भने, 'मृत्यु हुनेहरूको संख्या उल्लेख्य रूपमा घटेकै छैन ।' विज्ञहरूका अनुसार संक्रमण दर स्थिर हुनुमा कोभिड नियन्त्रणका लागि भएका प्रयास प्रभावकारी रूपमा सञ्चालन नहुनु हो । स्वास्थ्य मन्त्रालयले संक्रमण दर नबढे पनि जोखिम नटरेको जनाएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक एवं मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेलले संक्रमण उस्तै रहेकाले स्वास्थ्य सावधानीमा हेलचेक्र्याइँ गर्न नहुने बताए ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का पूर्वनिर्देशक डा. जीडी ठाकुर भने परीक्षणको दायरा विस्तार गर्नुपर्नेमा जोड दिन्छन् । कन्ट्याक्ट ट्रेसिङको माध्यमले लक्षणसहित वा लक्षणरहितका संक्रमितको पहिचान गरी घरमै वा संस्थागत आइसोलेसनमा राख्न नसक्दा मुलुकमा संक्रमण जस्ताको तस्तै रहेको उनको विश्लेषण छ । 'दैनिक संक्रमण दर स्थिर देखिनुमा हालसम्म कोभिड नियन्त्रण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु नै हो,' उनले भने ।

शुक्रबार ९ हजार ६ सय १३ जनाको पीसीआर परीक्षण गर्दा २०.८६ प्रतिशत अर्थात् २ हजार ६ जनामा संक्रमण पुष्टि भएको छ । बिहीबार भने पीसीआर परीक्षणमा २१.५८ प्रतिशत संक्रमित देखिएका थिए । एन्टिजेन परीक्षणबाट पनि करिब उस्तै परिणाम देखिएको छ । शुक्रबार ४ हजार ५ सय ६९ नमुनाको एन्टिजेन परीक्षण गर्दा २०.३५ प्रतिशत अर्थात् ९ सय ३० जनामा कोभिड पोजिटिभ देखिएको छ ।

चार दिनयता मृत्यु भएका १ सय ६ जनामध्ये बहुसंख्यक ५० वर्षमाथिका छन् । ८० प्रतिशत व्यक्ति ५० वर्षमाथिका रहेको बताउँदै डा. बीसीले २५ प्रतिशत ५० देखि ५९ वर्षका र ६० माथिका ५५ प्रतिशत रहेको जानकारी दिए । 'अहिले उपत्यकामा आधाभन्दा बढी आईसीयू भरिइसकेका छन् । अहिलेदेखि नै योजना बनाएर निजी क्षेत्रको आईसीयूको उपलब्धता सुनिश्चित नगरे अवस्था झन् जटिल बन्नेछ,' उनले भने । स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीका अनुसार हाल देशभरिमा २६ हजार ८ सय २७ जना अर्थात् ४.०२ प्रतिशत सक्रिय संक्रमित छन् । हुम्लामा ९ र रुकुम पूर्वमा ९ जना गरी एक अंकमा सक्रिय संक्रमित रहेका जिल्ला दुईवटा मात्र छन् । हजारभन्दा बढी सक्रिय संक्रमित रहेका जिल्ला ८ वटा छन् । झापामा १ हजार ३ सय ८०, मोरङमा १ हजार ४ सय ७४, सुनसरीमा १ हजार २ सय ७०, चितवनमा १ हजार २ सय २९ र कास्कीमा १ हजार ४ सय ७२ जना सक्रिय संक्रमित छन् । काठमाडौंमा ५ हजार ४ सय ४३, भक्तपुरमा १ हजार ४५, ललितपुरमा १ हजार १ सय ३१ जना सक्रिय संक्रमित रहेको मन्त्रालयको तथ्यांक छ ।



**एक साताको कोभिड तथ्य**

| मिति | पीसीआर परीक्षण | संक्रमण दर (%) | मृत्यु |
|---|---|---|---|
| असार २६ | ६,५३० | २०.७१ | २२ |
| असार २७ | ५,५३५ | २२.३४ | २० |
| असार २८ | ७,६८९ | २१.७९ | १८ |
| असार २९ | ७,०५८ | २३.२२ | १२ |
| असार ३० | ८,१०८ | २४.७९ | १८ |
| असार ३१ | ८,२५६ | २१.५८ | ३३ |
| साउन १ | ९,६१३ | २०.८६ | ४३ |

यसैबीच, विज्ञहरूले कडाइका साथ स्वास्थ्य मापदण्ड नअपनाए दसैंताका कोभिडको तेस्रो लहर आउने सम्भावना रहेको दाबी गरेका छन् । 'नेपाल र अन्य मुलुकमा देखिएका विभिन्न सूचकले कोभिडको तेस्रो लहर दसैंताका आउन सक्ने देखाएको छ,' डा. बीसी भन्छन्, 'तेस्रो लहर आउन नदिन सरकार र निजी स्वास्थ्य संरचना तम्तयार भएर बस्नुपर्छ ।' प्रभावकारी खोप कार्यक्रम र जनस्वास्थ्यको उपयुक्त मापदण्ड सञ्चालनमा उनले जोड दिए । विश्व स्वास्थ्य संगठनका महानिर्देशक डा. टेड्रोस एड्हानोमले बुधबार आपत्कालीन समितिलाई सम्बोधन गर्दै कोभिडको तेस्रो लहरको प्रारम्भिक संकेत आउन थालेको बताएका थिए । विश्व तेस्रो लहरको प्रारम्भिक चरणमा रहेको जनाउँदै उनले चार सातादेखि विश्वमा कोभिड संक्रमण बढेको उल्लेख गरेका थिए ।

### चीनले थप १६ लाख डोज खोप अनुदानमा दिने

चीनले नेपाललाई थप १६ लाख डोज भेरोसेल खोप अनुदानमा दिने भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवालाई बधाई दिन शुक्रबार बालुवाटारस्थित प्रधानमन्त्री निवास पुगेकी नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले यस्तो जानकारी दिएकी हुन् । चीन सरकारको निर्णयअनुसार नेपाललाई थप १६ लाख खोप डोज सहयोग गर्न लागिएको यान्छीले जानकारी गराएको परराष्ट्र मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । देउवासँगको भेटमा राजदूत होउले नेपाललाई महामारीको दौरान खोप सहयोग गरेर सहयोग गरिरहने बताएकी थिइन् ।

चीनले यसअघि पनि नेपाललाई दुईपटक गरेर १८ लाख खोप सहयोग गरिसकेको छ । योसँगै नेपालमा चीनबाट अनुदानमा मात्र ३४ लाख खोप भित्रिनेछ । यसअघिको १८ लाख खोप आएर पनि नेपाली जनताले लगाइरहेका छन् । यस्तै, नेपालले चीनबाट ४० लाख खोप खरिद गरेर ल्याउने प्रक्रियामा छ । योसँगै नेपाललाई सबैभन्दा बढी खोप सहयोग गर्ने मुलुक भएको छ । नेपाललाई यसअघि भारतले ११ लाख अनुदानमा सहयोग गरेको थियो भने २० लाख खरिद गरेकामा १० लाख खोप मात्र हालसम्म दिएको छ ।

अमेरिकाले भने नेपाललाई १५ लाख ३० हजार जोन्सन एन्ड जोन्सनको खोप दिइसकेको छ । जापानले पनि नेपाललाई १६ लाख अस्ट्राजेनेका खोप दिने वाचा गरिसकेको छ । उक्त खोप नेपाल आइपुग्न बाँकी छ । त्यसबाहेक नेपालले ३ लाख ४८ हजार खोप कोभ्याक्सको सुविधामार्फत प्राप्त गरेको थियो ।

### काठमाडौंमा भेरोसेल खोप कार्यक्रम स्थगित

भेरोसेल खोपको मौज्दात सकिएपछि काठमाडौं जिल्लामा खोप अभियान स्थगन गरिएको छ । असार २९ देखि भेरोसेलको पहिलो मात्राको खोप अभियान सञ्चालन भइरहेको थियो । खोप साउन २ सम्म दिने भनिएको थियो ।

स्वास्थ्य कार्यालय काठमाडौंका प्रमुख जनस्वास्थ्य प्रशासक बद्रीबहादुर खड्काले भेरोसेल खोपको मौज्दात सकिएकाले अर्को सूचना नभएसम्मका लागि भेरोसेल खोपको पहिलो मात्रा लगाउने कार्यक्रम काठमाडौंमा स्थगन गरिएको बताए । यो खोप ५५ वर्षमाथिका प्राध्यापक, सवारी चालक, नागरिक, शिक्षक, कर्मचारी, सहचालकलगायतका समूहलाई प्राथमिकतामा राखेर खोप दिइएको थियो ।

असार ३१ गते अर्थात् बिहीबारसम्म काठमाडौं जिल्लामा १ लाख १५ हजार ७ सय ४१ जनाले भेरोसेलको पहिलो मात्रा लगाएका छन् भने बुधबार ४३ हजार ४ सय ५८ र मंगलबार १३ हजार ६ सय ६३ जनाले खोप लगाएको स्वास्थ्य कार्यालय काठमाडौंले जानकारी गराएको छ ।



# बीपी राजमार्गमा पहिरैपहिरो

## जेठ अन्तिमयता साना-ठूला ४ दर्जनभन्दा बढी पहिरो

**राजकुमार कार्की** (सिन्धुली)

मनसुन सक्रियसँगै लगातारको वर्षाले जेठ अन्तिम सातायता बीपी राजमार्गका चारवटै खण्डमा गरी चार दर्जनभन्दा बढी पहिरो खसेका छन् । जापान सरकारको अनुदान सहयोगमा बनेको यो राजमार्गको सिन्धुलीमाडी-खुर्कोट र बर्दिवास-सिन्धुली खण्डमा बढी पहिरो खसेको छ । सिन्धुलीमाडी-बर्दिवास खण्ड (३७ किलोमिटर) अन्तर्गत फिटिङनजिक पटक-पटक ढुंगासहितको पहिरो झर्दा सडक अवरुद्ध हुने गरेको छ । तत्कालै मेसिन लगाएर पहिरो पन्छाउने गरिएकाले लामो समय यातायात सेवा अवरुद्ध नभएको सडक आयोजनाले जनाएको छ । तर स्थानीय भने यसको दीर्घकालीन समाधान खोज्न सुझाउँछन् ।

ढुंगासहितको पहिरो खस्ने भएकाले ठूलै दुर्घटना निम्तिन सक्ने भन्दै बेलैमा जोखिम न्यूनीकरणको काम थाल्न कमलामाई नगरपालिका-११ का रमेश कार्कीले आग्रह गरे । 'तीन वर्षअघिदेखि फिटिङनजिक बर्सेनि पहिरो खसिरहेको छ,' उनले भने, 'खस्न सक्ने जति ढुंगा हिउँदमा हटाएर वृक्षरोपण नगर्ने हो भने ठूलै दुर्घटना निम्तिन सक्छ । माथि पहिरो छ, तल ग्वाङखोला बगिरहेको छ, जाने ठाउँ कतै नभएकाले समाधानका उपाय ननिकाले खतरा छ ।'

> शाखा सडक, क्रसर उद्योगको अनियन्त्रित उत्खनन तथा बेलैमा पहिरो नियन्त्रण नगरिंदा राजमार्ग जाखिममा

सदरमुकाम सिन्धुलीमाडीबाट माईस्थानसम्मको ८ किमि क्षेत्रमै सानाठूला दर्जनभन्दा बढी पहिरो खसेका छन् । 'बर्सेनि पहिरो झरिरहन्छ,' अर्का स्थानीय सुरतबहादुर स्याङ्तानले भने, 'जब सडक अवरुद्ध हुन्छ अनि मात्र पहिरो हटाउन तातो लाग्छ, हिउँदभर पहिरो रोकथामको कुनै काम हुँदैन ।' पहिरो मात्र होइन, सडकमा भएका खाल्डाखुल्डीले समेत दुर्घटनाको जोखिम बढाएको उनले बताए । 'यो सडकमा यति खाल्डाखुल्डी छन् कि गनेर साध्य छैन,' उनले भने, 'विदेशीले बनाइदिएको बाटो यहाँकाले संरक्षण गर्न पनि सकेनन् ।'

सिन्धुलीमाडी-खुर्कोट खण्ड (३९ किमि) मा अधिकांश संरचना उकालो-ओरालो र घुमाउरो छ । यस खण्डमा मात्रै ६ स्थानमा पहिरो खसेको छ । गाउँपालिका र अन्य स्रोतबाट जथाभावी सहायक सडक निर्माण गर्दा लेदोसहितको पहिरो आउने भएकाले बीपी राजमार्गको भविष्य नै खतरामा परेको बताउँछन् गोलन्जोर गाउँपालिका-५ रतनचुराका हरि गजुरेल । 'गाउँगाउँमा सडक पुऱ्याउने भन्दै जथाभाबी शाखा सडक खनिएको छ,' उनले भने, 'सडक खन्दा माटो थुप्रिने र बर्खामा पाखै बगाएर लेदोसहित झर्दा राजमार्ग नै ढाक्छ । सहायक सडक खन्दा कतैबाट स्वीकृति लिनु नपर्ने भएकाले राजमार्ग छियाछिया बनाएको छ ।'

सिन्धुलीगढी भएर महाभारत क्षेत्रमा साइकल जोन बनाउने नाममा गोलन्जोर गाउँपालिकाले ५० लाख रुपैयाँ लगानी गरेर सडक खनेको थियो । सोलाभन्ज्याङमा त्यही सडकबाट बर्सेनि लेदोसहितको माटो बगेर आउँदा बीपी राजमार्गमा क्षति पुग्ने गरेको स्थानीय रामहरि थापाले बताए । 'सडकमा सवारी कुदाउने मात्र भए, संरक्षणमा कसैले चासो दिएनन् । पहिरोले सालिन्दा सडक अवरुद्ध हुन्छ,' उनले भने ।

खुर्कोट-नेपालथोक खण्ड (३४ किमि) सडकमा समेत ठाउँठाउँमा पहिरो खसेको छ । खुर्कोट-खाल्टे नजिक ५ वर्षअघि खसेको पहिरोले महिनौं सडक अवरुद्ध बनेको थियो । जापानी सहयोग निकायले नै चासो दिएर तीन महिनामा पहिरो खसेको सडक पुनर्निर्माण गरेपछि मात्र अवरुद्ध यातायात सेवा सञ्चालनमा आउन सकेको थियो । २०७२ को भूकम्पपछि दर्जनौं स्थानमा चर्किएको सडक जापानकै सहयोगमा पुनर्निर्माण भएको थियो । सुनकोसी नदी किनारमा खुलेका दर्जनौं क्रसर उद्योगबाट उत्पादित निर्माण सामग्री सडकको भारवहन क्षमता नहेरी सवारी साधनले राजधानी ढुवानी गर्ने भएकाले तारजाली लगाएर अड्याएको सडकमा थप खतरा निम्तिएको सित्तलपाटीका नवीन पौलले दाबी गरे । प्राविधिक जाँचबिनै खनिएका सहायक सडक र बढी भारवहन क्षमताका सवारी चल्दा बीपी राजमार्ग जीर्ण बन्दै गएको उनको ठम्याइ छ ।

नेपालथोक-धुलिखेल खण्ड पनि क्रसर उद्योगले दर्जनौं स्थानमा पहाड भत्काउँदा पहिरोमय बनेको छ । नेपालथोकका ध्रुवहरि श्रेष्ठ स्थानीय खोलामा लच्का मात्रै हुनु र क्रसरले पहाड भत्काउँदा बीपी राजमार्ग केही वर्षमा नै सञ्चालन हुनै नसक्ने अवस्थामा पुग्ने दाबी गर्छन् । बर्दिवास-सिन्धुली-धुलिखेल सडक आयोजनाका प्राविधिक रमेश आचार्य सहायक सडक खन्ने, घडेरी खार्नेलगायत राजमार्गलाई क्षति हुने काम इजाजतबिनै हुने भएकाले समस्या पैदा भएको बताउँछन् । 'बीपी राजमार्ग संरक्षणमा चासो दिने बेला भएको छ,' उनले भने ।



बीपी राजमार्गअन्तर्गत सिन्धुलीको कमलामाई-११ फिटिङ नजिक ढुंगासहित झरेको पहिरो पन्छाइँदै । *तस्बिर : राजकुमार/कान्तिपुर*

## रातभर चौरको बास

**नगेन्द्र अधिकारी** (काभ्रे)

स्थानीय ढुंगा खानीको अनियन्त्रित उत्खननका कारण खसेको पहिरोले बाटो अवरुद्ध हुँदा कोरोनाविरुद्धको खोप लगाएर फर्किएका ज्येष्ठ नागरिक चौरमै रात काट्न बाध्य भएका छन् । पनौती-२ घैयाबारीमा रहेको कोहिनुर रोडाढुंगा उद्योग प्रालिले मापदण्डविपरीत उत्खनन गर्दा पहिरो खस्दा सडक अवरुद्ध भएको हो । रोशी खोलामा जलस्तर पनि बढेकाले कुशादेवीमा खोप लगाएर फर्किएकाहरू रातभर चौरमा अलपत्र परेका हुन् ।

'कुशादेवीमा कोरोनाको खोप लगाएर फर्किंदै थियौं, खानीबाट झरेको पहिरोले घर जान सकिएन । बिरामी मान्छे रातभर एउटा छाताको भरमा चौरमा रात काट्नुपऱ्यो,' पनौती-२ नयाँगाउँका अर्जुन आचार्यले भने, 'बेलुका साढे ७ बजे आइपुगेका थियौं, बाटो नभएका कारण घर गएर औषधिसमेत खान पाइएन ।' दमका रोगी उनले खानीका कारण पटकपटक समस्या भोग्दै आएको गुनासो गरे । 'अघिल्लो पटक पनि अस्पताल जान खोज्दा ४ घण्टा सडक थुनियो,' उनले भने, 'खानीका कारण पहिरो खस्दा बस, एम्बुलेन्स चल्ने अवस्था छैन । सधैं यस्तै हुने हो कि ? हामीले अकालमा ज्यान फाल्नुपर्ने भयो ।'

पहिरो खसेका कारण सडक अवरुद्ध भएको छ । किसानले दूध, तरकारीलगायत स्थानीय उत्पादन बजारसम्म लगेर बिक्रीसमेत गर्न पाएका छैनन् । पहिरो पन्छाएर गेग्रान खोलामा हाल्ने गरिएकाले खोला साँघुरिएको र भेल आउँदा सडक, बस्ती र खेतीयोग्य जमिन कटान गर्ने भन्दै तल्लो तटीय क्षेत्रका स्थानीय त्रासमा छन् । 'बाटो पनि छैन, खोला तर्ने आँट पनि छैन । खानु न पिउनुसँग खोला किनारमा रात बिताउनुपऱ्यो,' श्रीमान्सँगै खोप लगाएर फर्किंदै गरेकी स्थानीय कान्छीमाया आचार्यले भनिन्, 'पहिरो आएर थिचिहाल्ला कि भनेर डराइडराइ रात काट्यौं ।'

'घैयाबारीबाट पहिरो खसेर खोलाघारीमा सडक अवरुद्ध भएको छ, खोलासमेत थुनिएको छ,' पनौती-१२ का वडा सदस्य प्रह्लाद केसीले भने, 'खोप लगाएर फर्किनुभएकाहरू बीचमै अलपत्र परेपछि केहीलाई डोजरमै हालेर तार्‍यौं । तारेरसमेत घर पुग्न नसक्नेहरूले चौरमै रात कटाउनुभएको सुने ।' उनले वडा-२ मा जमिन अझै भासिएको भन्दै ठूलो पानी नपरोस् भनेर पुकार्दै बसेको बताए । पनौती-१२ का अध्यक्ष ईश्वर जंगमले खानीको कारण पटकपटक समस्या सिर्जना भएको भन्दै सबै पक्षले गम्भीरतापूर्वक लिनुपर्ने बताए ।

पनौती-२ र १२ को सिमानामा कोहिनुर, काठमाडौं, भालेश्वर, रोशी खोला, पनौती, कार्की, रुसी खोला रोडाढुंगा र डायमन्ड स्टोन प्रालि गरी ८ ढुंगा खानी तथा क्रसर उद्योग सञ्चालनमा छन् । यी उद्योगले थुपारेको डस्ट (धूलो) का कारण रोशी खोलासमेत साँघुरिएका कारण पहिरो खसे कुनै पनि बेला थुनिने अवस्था छ । यसअघि जिल्ला विपद् व्यवस्थापन समितिका संयोजकसमेत रहेका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेल, नगर प्रमुख भीमप्रसाद न्यौपानेलगायत सुरक्षा निकायका अधिकारीले यस क्षेत्रको स्थलगत अनुगमन गरेका थिए ।

# संघीय कानुन नबन्दा प्रदेशमा अलमल

**सुवास बिडारी** (मकवानपुर)

संघीय सरकारले निर्माण गर्नुपर्ने धेरै कानुन नबन्दा वाग्मती प्रदेश सरकार कानुन निर्माणका क्रममा अलमलमा परेको छ । संविधानको साझा अधिकार सूचीमा रहेका कानुनहरू संघीय सरकारले बनाएपछि मात्रै प्रदेश सरकारले बनाउनुपर्छ । तर यस्ता कानुन निर्माण संघीय सरकारले नगर्दा त्यसको प्रत्यक्ष असर प्रदेशमा परेको हो ।

'संघीय सरकारले बनाउनुपर्ने धेरै कानुनहरू नबन्दा हामीले कानुन बनाउन सकेका छैनौं,' वाग्मती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री केशवराज पाण्डेले भने, 'संघले कानुन बनाएपछि सोहीअनुसार प्रदेशले बनाउने हो । प्रदेशले बनाएको कानुनका आधारमा स्थानीय सरकारले कानुन बनाउने हो । संघीय सरकारले नै कानुन निर्माणमा अग्रसरता नदेखाउँदा प्रदेशले बनाउनुपर्ने धेरै कानुनहरू रोकिएको छ ।'

गत पुस ५ मा प्रतिनिधिसभा विघटना भएयता संसद् बैठक राम्रोसँग बस्न सकेको छैन । गत फागुन ११ मा सर्वोच्च अदालतको आदेशले प्रतिनिधिसभा पुन:स्थापना भई बसेका बैठकहरूमा कानुन निर्माणको विषयमा छलफल नै भएन । दोस्रो पटक प्रतिनिधिसभा विघटना भएकोमा फेरि सर्वोच्चकै फैसलाका कारण पुन:स्थापना भई साउन ३ मा बैठक बस्दै छ । संसद् बैठक बस्न नसक्दा कानुन निर्माणले गति लिन नसकेको हो । साझा अधिकार सूचीमा रहेका कानुन संघमा निर्माण नहुँदा प्रदेशमा महत्त्वपूर्ण मानिएका प्रदेश अनुसन्धान ब्युरो, भूमि व्यवस्थापन, जग्गाको अभिलेख, खानी अन्वेषण र व्यवस्थापनजस्ता महत्त्वपूर्ण कानुनहरू प्रदेश सरकारले बनाउन सकेको छैन । एकल अधिकारको सूचीमा रहेका धेरै कानुन भने निर्माण गरिसकेको प्रदेश सरकारको दाबी छ ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पहिचान गरेका ९९ वटा कानुन २ वर्षभित्र बनिसक्ने सरकारले दाबी गरेको थियो । तर हालसम्म ६० वटा विधेयक मात्रै प्रमाणीकरण भई कानुनको रूपमा लागू भएका छन् । वाग्मती प्रदेशसभामा पर्यटन र उच्च शिक्षासम्बन्धी विधेयक विचाराधीन छन् ।

> पहिचान भएका ९९ वटा कानुनमध्ये हालसम्म ६० वटा मात्रै प्रमाणीकरण

संघीय सरकारले प्रहरीसम्बन्धी ऐन तयार गर्नेबित्तिकै वाग्मती प्रदेशले प्रदेश प्रहरीसम्बन्धी ऐन तयार गरेको थियो । प्रहरीको संगठन संरचनामा विवाद हुँदा अझै समायोजन प्रक्रिया अगाडि बढ्न सकेको छैन भने कानुन कार्यान्वयन पनि हुन सकेको छैन । लोक सेवा आयोगसम्बन्धी ऐन प्रदेशमा बनिसक्दा पनि निजामती सेवासम्बन्धी विधेयक संघीय संसद्मा विचाराधीन रहेकाले प्रदेशले उक्त ऐन बनाउन पाएको छैन । 'लोक सेवा ऐन निर्माण गरेर हामीले कर्मचारी भर्ना प्रक्रिया अगाडि बढाइसकेका छौं । केन्द्रकै निजामती ऐनअनुसार सेवासुविधा कर्मचारीलाई उपलब्ध गराउँछौं,' मन्त्री पाण्डेले भने । प्रदेशकै एकल अधिकार सूचीमा रहेका खानेपानी तथा सरसफाइ, बिमा व्यवसाय सञ्चालन र व्यवस्थापन, गरिबी निवारण र औद्योगीकरणजस्ता विषयहरूमा कानुन बन्न बाँकी छ । साझा अधिकारको सूचीको कानुन निर्माणका लागि केन्द्रको भर पर्न छाडेर एकल अधिकार सूचीका कानुन धमाधम निर्माण गर्नुपर्ने प्रतिपक्षी दलहरूले माग गरिरहेका छन् । 'प्रदेशसभामा बिजनेस छैन । सांसदलाई बेरोजगार बनाउनुभन्दा एकल अधिकार सूचीका कानुन धमाधम निर्माण अहिलेको आवश्यकता हो । जसले गर्दा सरकार र सदन दुवै चलायमान हुन्छ,' कांग्रेस सचेतक छिरिङ दोर्जे लामाले भने ।

'प्रदेश सरकारलाई काम गर्नकै लागि अब कानुन अभाव हुन्न,' मुख्यमन्त्री डोरमणि पौडेलले भने, 'सरकारका लागि आवश्यक कानुनहरू निर्माण भइसकेका छन् । केही कानुनहरू अझै अत्यावश्यक छन् तर त्यो कानुन केन्द्र सरकारले नबनाई प्रदेशले बनाउन मिल्दैन ।'

प्रदेशसभा सभामुख सानुकुमार श्रेष्ठले प्रादेशिक संरचना नयाँ भएकाले कानुन बनाउन समस्या भएको बताए । 'संघीय सरकारले बनाएपछि मात्रै प्रदेशले बनाउनुपर्ने कानुनहरू धेरै भएकाले सुस्त भएको हो,' उनले भने । प्रदेशसभाको पहिलो बैठक २०७४ माघ १८ मा बसेको थियो । सरकारले २ वर्षभित्र आवश्यक सम्पूर्ण कानुन निर्माण गरिसक्ने घोषणा गरेको थियो ।

## छोटकरी

### २८२ रुपैयाँ नबुझाउने ४ वर्षपछि पक्राउ

सिन्धुली (कास)- झन्डै २ सय ८२ रुपैयाँ जरिवाना तोकिएका फरार अभियुक्त ४ वर्षपछि पक्राउ परेका छन् । सिन्धुली जिल्ला अदालतले कमलामाई नगरपालिका-१३ का गिरिजा थापालाई २०७४ साउन १६ मा लेनदेनको मुद्दामा दोषी ठहर गर्दै २ सय ८१ रुपैयाँ ३३ पैसा जरिवाना तोकेको थियो । तर जरिवाना रकम नबुझाई लुकीछिपी बस्दै आएका उनलाई शुक्रबार आफ्नै घरबाट पक्राउ गरिएको सिन्धुली प्रहरी प्रवक्ता मनोजकुमार लामाले बताए । अदालतको लगत नं १०७९ अनुसार फरार देखिएकाले उनलाई पक्राउ गरी अदालतसमक्ष पेस गरिएको उनले बताए ।

### सिन्धुलीमा ८२ प्रतिशत रोपाइँ

सिन्धुली (कास)- समयमै वर्षा हुँदा जिल्लाका अधिकांश क्षेत्रमा धान रोपाइँ सकिएको छ । जिल्लामा १५ हजार ९ सय हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेकोमा ८२ प्रतिशत रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र प्रमुख भरतप्रसाद बिडारीले बताए । मौसम अनुकूल वर्षा भएपछि बेलैमा रोपाइँ सकिन लागेको किसानहरूले बताएका छन् । सबैभन्दा ढिलो रोपाइँ हुने फाँटहरूमा समेत मैजारो हुन लागेको दुधौलीका किसान रिजेन्द्र बराललले बताए । अघिल्ला वर्षहरूमा धानको बीउ पहेँलिन लाग्दासमेत वर्षा नहुँदा किसानहरू समस्यामा पर्ने गर्थे । यस पटक ९ वटै स्थानीय तहमा मकै, चैतेधान, गहुँ र अन्य बाली भित्र्याएर किसानहरूले बेलैमा धान रोपाइँ गर्न पाएका बरालको भनाइ छ । गोलन्जोर गाउँपालिकाको खुर्कोट, हैबार, ग्वाल्टार, बितिजोर, मुर्कीबेंसी, सुनकोसी गाउँपालिकाको खाल्टे, चैनपुर, मुल्कोट, झाँगाझोली, रातमाटा, नेपालथोक, फिक्कलको खाङसाङलगायत क्षेत्रमा पनि रोपाइँ सकिन लागेको किसान गोपाल श्रेष्ठले बताए ।

### ६ गुम्बा पुनर्निर्माण भएनन्

सिन्धुली (कास)- जिल्लामा पुनर्निर्माणको सूचीमा परेका ६ वटा गुम्बा अझै बन्न सकेका छैनन् । २०७२ वैशाखको भूकम्पले भत्काएका १८ गुम्बामध्ये ६ वटाको पुनर्निर्माण हुन बाँकी रहेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाइ, अनुदान व्यवस्थापन कार्यालयले जनाएको छ । सम्बन्धित पक्षले देखाएको अनिच्छा, विकट भूगोल, लकडाउन र स्थान फरक परेकाले भूकम्प गएको ६ वर्ष बित्दासमेत पुनर्निर्माण हुन नसकेको हो । हरिहरपुरगढी-३ को उग्र्यान छोइफेल साङछु गुम्बा, ५ को समलिङ तीर्थ गुम्बा र पेमा थर्पालिङ गुम्बा, मरिण-३ को ज्याङतेर पेमा गुम्बा, घ्याङलेख-४ को टासी छोलिङ गुम्बा र दुधौली-१३ को उर्गेन छोपेमा छ्योलिङ गुम्बा बन्न बाँकी छन् । अन्य क्षतिग्रस्त १२ वटा गुम्बा ६५ लाख १६ हजार रुपैयाँको लागतमा पुनर्निर्माण भएको इकाइ प्रमुख सूर्यप्रकाश विष्टले जानकारी दिए । 'बाँकीको हकमा कात्तिकसम्मको समय छ, हामी ताकेता गर्छौं,' उनले भने, 'सबै गुम्बा पुनर्निर्माण हुन् भन्ने नै हो ।'

# आफन्तबाटै बलात्कार

## गत आवमा ५-१६ वर्ष उमेर समूहका २१ बालिका बलात्कृत भएकोमा अधिकांश परिवारका सदस्य र आफन्तबाटै पीडित

**प्रताप विष्ट** (हेटौंडा)

घरमा एक्लै भएको अवस्थामा आफ्नै फुपाजुबाट भीमफेदी गाउँपालिकाको इपापञ्चकन्याकी १४ वर्षीया बालिका बलात्कृत भइन् । गत भदौको यो घटनाका आरोपित २८ वर्षका सिंहबहादुर थिङलाई पक्राउ गरेर प्रहरीले कानुनी कारबाहीको प्रक्रिया अघि बढाएको छ । गत कात्तिकमा हेटौंडा उपमहानगरपालिका-८ की ४ वर्षकी छोरीलाई पटक-पटक बलात्कार गरेको आरोपमा बाबु पक्राउ परे । ती बालिकाले शिक्षकलाई बताएपछि घटना बाहिर आएको हो ।

बालबालिकाको संरक्षण, सहभागिता र विकासको क्षेत्रमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न काम भइरहेको दाबी गरिए पनि परिवारका सदस्य र आफन्तबाटै बालिका बलात्कृत हुने क्रम बढ्दो छ । जिल्लामा गत आर्थिक वर्षमा ८१ वटा बलात्कारका घटना प्रहरीमा दर्ता भए । जसमध्ये १८ वर्षमुनिका ३३ बालिका छन् । ५-१६ वर्ष उमेर समूहका २१ जना बलात्कृत भएकोमा अधिकांश बालिका परिवारका सदस्य र आफन्तबाटै पीडित बनेको तथ्यांक छ । गत आवमा बलात्कृत हुनेको संख्या अघिल्लो वर्षको भन्दा दोब्बरले बढेको छ । अघिल्लो आवमा ४७ बलात्कारका घटना दर्ता भएकामा १६ वर्षमुनिका मात्रै १२ जना बालिका थिए ।

अनेक लोभलालच देखाएर छिमेकीबाटै अबोध बालिका बलात्कार हुने क्रम पनि बढेको देखिन्छ ।



हेटौंडा उपमहानगरपालिका-१५ का २८ वर्षीय जयराम रुम्बाले छिमेकीको घरमा आश्रय लिएर बसेकी ८ वर्षीया बालिकालाई कात्तिक १७ मा बलात्कार गरे । ती बालिका रुम्बाकै छोरीसँग खेल्न उनको घरमा आएकी थिइन् । भोगटे खान दिन्छु भनेर फकाएर उनले बालिकालाई कोठामा लगेर बलात्कार गरेको खुलेको प्रहरीले जनाएको छ । बलात्कारपछि उनले बालिकाको स्तन टोकेर घाउ बनाइदिएका थिए । पछि ती बालिका रगताम्य भई अचेत अवस्थामा भेटिएकी थिइन् । उनलाई तत्कालै हेटौंडा अस्पताल हुँदै भरतपुर लगेर उपचार गरियो । बालिका अहिले पुरुष देख्ने बित्तिकै डराउने गरेको माइती नेपाल हेटौंडाकी प्रमुख माया लामाले बताइन् । 'उनी विक्षिप्त अवस्थामै छिन्,' उनले भनिन् । आरोपित रुम्बालाई प्रहरीले पक्राउ गरेर कारबाही अघि बढाएको छ ।

त्यसैगरी, वाग्मती गाउँपालिका-१ राईगाउँका २२ वर्षीय रामबहादुर विकले रक्सीको उन्मादमा साढे ८ वर्षकी बालिकालाई बलात्कार गरे । हेटौंडा चुरियामाईका १८ वर्षीय सानुलाल गोलेले ११ वर्षीया बालिकालाई पैसा दिन्छु भनेर लोभ्याएर बलात्कार गरेको खुल्यो । चुरियामाईका २५ वर्षीय रामबहादुर स्याङ्बो ९ वर्षीया बालिकालाई मुख थुनेर र हटियाका शुक्र रिजाल १२ वर्षीया बालिकालाई ५ रुपैयाँ दिन्छु भन्दै फकाएर बलात्कार गरेको आरोपमा पक्राउ परे । 'ग्रामीण क्षेत्रमा गरिबी, अशिक्षा र अभिभावकको संरक्षण अभावले बालिकाहरू बलात्कृत हुने गरेका छन्,' जिल्ला प्रहरी कार्यालय महिला सेलकी प्रमुख चुडा खड्काले भनिन्, 'सहरमा कुसंगत र आपराधिक मनोवृत्तिका कारण बालिकाहरू बलात्कृत भएका छन् ।'

अनुसन्धान प्रतिवेदन हेर्दा परिवारका सदस्य, छिमेकी, आफन्त तथा आपराधिक प्रवृत्तिका व्यक्तिले डर, धम्की तथा प्रलोभनमा पारेर धेरैजसो बालिका बलात्कार गर्ने गरेको पाइएको मकवानपुर प्रहरी प्रवक्ता जयश्वर रिमालले बताए । गत आवमा दर्ता भएका अधिकांश बलात्कार घटनाका आरोपितहरूलाई पक्राउ गरिएको उनले दाबी गरे । 'अदालतले पनि कसुर ठहर गर्दै धेरेलाई हदैसम्मको दण्डसजाय गरेको छ,' उनले भने । 'बालिका बलात्कार गर्नेलाई समाजले दुत्कार्नुपर्छ र राज्यले कडाभन्दा कडा कारबाही गर्नुपर्छ,' माइती नेपाल हेटौंडाकी प्रमुख लामाले भनिन्, 'पीडितलाई गाउँ र परिवारमा पुन:स्थापना गराउन सबै पक्षले सकारात्मक सहयोग पुऱ्याउनुपर्छ ।'

वर्गीकृत डिस्प्ले

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

आकर्षक घर बिक्रिमा
ललितपुर, नख्खु मेडिसिटि हस्पिटल नजिक १३ फिट पिच रोडमा २.५ तल्ले दुईवटा सेमीफर्निसिङ घर तु-बिक्रिमा
९८५१०२७९९९
९८४१०३३३३३

छात्रवृत्ति आवेदन
व्यवसायिक खालको उच्च शिक्षा अध्ययनार्थ आंशिक छात्रवृत्तिको लागि आर्थिक अशक्त विपन्न विद्यार्थीले आवेदन दिन सक्नेछन् ।
आवेदन दिने अन्तिम म्याद (भाद्र २, २०७८)
सम्पर्क : minorityfocusco@gmail.com

IMMEDIATE WANTED
A Reputed school in Lalitpur needs teachers for the following levels:
Secondary
• C.Math • O.Math • Science
Lower Secondary
• Math
Primary
• Nepali
Salary: Government level (Negotiable)
Send your CV at vacancyschool2021@gmail.com or call at 9840596971 & 9840090067

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
घर बिक्रिमा
गाडि बिक्रिमा
जग्गा बिक्रिमा
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# कोरोनाले सहारा खोस्दा बिचल्ली

## भारतमा रोजगारी गरेर परिवार पालिरहेकाहरूको मृत्यु भएपछि खान, लाउनकै चिन्ता

**गणेश चौधरी** (टीकापुर) र **वसन्तप्रताप सिंह** (बझाङ)

आशाराम चौधरी सिलाइकटाइको काम गर्थे, अनिता घरको । अनिताको एउटा खुट्टाको भर छैन, त्यसैले आशारामले सकभर उनलाई काम कम लगाउँथे । १० र ५ वर्षका छोरीछोरा, वृद्ध आमाबाबु पाल्न चौधरी दम्पतीलाई आम्दानी मनग्गे त थिएन तर हाँसीखुसी गुजारा भने चलेकै थियो । कैलालीको जानकी गाउँपालिका-२ का आशारामको कोरोना संक्रमणले मृत्यु भएपछि अहिले परिवारको बिजोग छ ।

आशारामको रिक्ततामा आम्दानी गर्ने नहुँदा हातमुख जोर्न गाह्रो परेको छ । 'श्रीमान्‌ले गर्ने सिलाइकटाइको आम्दानीले रोजीरोटी चलिरहेको थियो,' २७ वर्षीया अनिताले भनिन्, 'घर छ, खानलाई आम्दानी हुनैपर्छ । अब कसरी बाँच्ने ?' घर कसरी चलाउने, छोराछोरी पढाउने खर्च कसरी जुटाउने भन्ने चिन्ता रहेको उनले बताए । 'उहाँ (आशाराम) भएका बेला म पनि सीप सिक्छु भन्दा म छँदै छु, दुःख गर्नु पर्दैन भन्नुहुन्थ्यो, अब त पूरै अन्धकार भयो,' उनले भनिन् ।

आशारामको दुई महिनाअघि निधन भएको हो । त्यसबेला अन्तिम संस्कारमा आफन्तले सहयोग गरेका थिए । 'हामी थारूको मर्नीकर्नी (अन्तिम संस्कार) मा धेरै नै खर्च लाग्छ । त्यो सबै गोतियारले गरिदिए,' उनले भनिन् । त्यसयता कतैबाट सहयोग नपाएको उनले सुनाइन् ।

यस्तै, टीकापुर-१ का युवक किरण केसीलाई कोरोना संक्रमण भयो । किरण बिरामी भएपछि उनकी आमा चन्द्राले उपचारका लागि नेपालगन्ज लगिन् । छोराको स्याहार गर्दागर्दै संक्रमित भएकी उनको मृत्यु भयो । आमाको निधन भएको केही दिनमा छोराको पनि ज्यान गयो । दुवै आमाछोरा नरहेपछि परिवारमा बिचल्ली छ । किरणका श्रीमती र दुई बच्चा छन् । दुवै आमा-छोराले टीकापुरमा सानो होटल गरेर परिवार पाल्दै आएका थिए । उनीहरूको परिवारमा व्यवसाय गर्ने दुवै जना बितेपछि अहिले संकट भएको किरणकी दिदी सुशीलाले बताइन् ।

'कमाएर गुजारा गर्ने कोही रहेनन् । अब जरै नभएपछि त कसरी अडिने,' उनले भनिन् 'अरू आयस्रोत केही पनि छैन । सानो व्यवसायकै भरमा कान्छो भाइ एमए पढ्दै थियो । बुबा ६३ वर्षको हुनुहुन्छ । अब कसरी छाक टार्ने भन्ने समस्या भयो ।'



कैलालीको जानकी-२ का आशाराम चौधरीका श्रीमती अनिता, छोराछोरी र बुबा ।
तस्बिर : गणेश/कान्तिपुर

टीकापुरको बसपार्कमा रहेको उनीहरूको होटल आमा र भाइको मृत्युपछि अझै बन्द छ । सुशीलाले भनिन्, 'हाम्रो समाज ठीक छैन । छोरी मान्छेले मात्र कसरी होटल चलाउन सक्छन् । छोरी मान्छे मात्र होटलमा भए भने त्यसै हेला गर्छन् ।' आमा र भाइको स्याहारमा खटिएकी सुशीला पनि संक्रमित भएकी थिइन् । ५ दिन अस्पताल बसेर घर आएकी हुन् ।

जानकी-२ का वडासदस्य ४२ वर्षीय मदारुद्दिन जागा जनप्रतिनिधि भएकाले कोरोना महामारी फैलँदा समुदायको अगुवाइमा खटिएका थिए । संक्रमणबाट उनको मृत्यु भयो । अहिले परिवारलाई खानलाउन समस्या परेको छ ।

कैलालीमा कोरोनाबाट ज्यान गुमाएका अधिकांश आफन्तका पीडा समान छन् । कमाउने सदस्य नै गुमाएपछि अधिकांश परिवारमा आर्थिक समस्याले बालबालिकाको पढाइका साथै उनीहरूलाई खानलाउन नै समस्या छ । कोरोनाबाट आफन्त गुमाएका परिवारलाई सान्त्वना दिन कैलालीको टीकापुर नगरपालिकाले किरिया खर्च सहयोग गरेको छ । संक्रमणले आफन्त गुमाएर पीडामा रहेकाहरूको मनोबल बढाउन नगरपालिकाले राहतस्वरूप १० हजार रुपैयाँ सहयोग गरेको नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख बलबहादुर रावलले बताए । उनले भने, 'कोरोनाका कारण ज्यान गुमाएकाहरूको घरमै गएर राहत रकम हस्तान्तरण गर्ने र काउन्सिलिङको काम पनि गरेका छौं ।'

> बझाङमा कोरोनाले समस्यामा परेकाको तथ्यांक संकलन गरिंदै

### परदेशमा चुँडियो सहारा

केही समय परदेशमा कमाइ गर्ने र फर्किएर परिवारलाई सुखले पाल्ने इच्छा थियो, खप्तड छान्ना गाउँपालिका-७ गडरायका जनक रोकायाको । श्रीमती र दुई छोरी लिएर उनी भारतको बैंग्लोर पुगे । एक घरमा चौकीदारी गर्थे । श्रीमती बिहान-साँझ सरसफाइ गर्थिन् । दुवै मिलेर लाउनखान पुग्ने कमाइ गर्थे । छोरीहरूलाई उतै पढाएका थिए । परिवारको खर्च कटाएर बचेको रकम आमाबुबाका लागि नेपाल पठाउँथे ।

गरिबीका कारण छोरा हुर्काउन निकै कष्ट भोगेका ६७ वर्षीय बुबा नरबहादुर रोकाया र ६५ वर्षीया आमा कम्पनीदेवी जनकको कमाइले खुसी नै थिए । रोकाया दम्पतीको खुसी धेरै टिक्न पाएन । गत जेठमा कोरोना संक्रमणबाट जनकको मृत्यु भयो । उनका श्रीमती र दुई छोरी नेपाल आउने खर्च अभावमा भारतमै एक आफन्तको शरणमा बसिरहेका छन् । 'बुढेसकालको सहारा दैवले चुँडिदियो । हाम्रो त टेक्ने भुँइ पनि रहेन, समाउने हाँगो पनि रहेन,' कम्पनीदेवीले भनिन्, 'यो उमेरमा आएर बेसहारा भयौं ।' अहिले आफूहरूले छिमेकीको सहयोगमा छाक टारिरहेको उनले बताइन् ।

चैत अन्तिम साता भारतको उत्तराखण्डस्थित खडीखानबाट फर्किएका मस्टा गाउँपालिका-५ का ५५ वर्षीय शेरबहादुर ओखेडालाई कोरोना संक्रमण भयो । वैशाख पहिलो साता जिल्ला अस्पतालमा उनको मृत्यु भयो । भारतमा मजदुरी गरेर उनले ११ जनाको परिवार पालिरहेका थिए । अहिले परिवारको बिजोग छ । 'बुबा गुमाएको पीडा त छँदै छ । उहाँ गइसकेपछि हामीलाई खानलाउन पनि समस्या भयो,' छोरा गोपालले भने, 'एक जनाको कमाइले परिवार धान्न मुस्किल भइरहेको छ ।' जयपृथ्वी-६ नौरागाउँका ४८ वर्षीय रामबहादुर सिंहले पनि कोरोनाकै कारण ज्यान गुमाए । भारतको तामिलनाडुमा मजदुरी गरिरहेका उनको भरमा सात जनाको परिवार थियो । 'कमाउने मान्छे नै नरहेपछि परिवारको बिल्लीबाठ भयो,' उनका आफन्त नरेन्द्र सिंहले भने ।

कोरोनाका कारण परिवारको मुख्य सहारा गुमाएपछि रोकाया, ओखेडा र सिंहको परिवार मात्रै होइन बझाङका धेरै परिवार यस्तो बिचल्ली परेका छन् । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार हालसम्म बझाङमा २० जनाले ज्यान गुमाइसकेका छन् । कोरोनाको जस्तै लक्षणले मृत्यु भएकाको संख्या ४० भन्दा बढी रहेको स्वास्थ्य कार्यालय प्रमुख भानुभक्त जोशीले बताए । मृत्यु हुनेमध्ये धेरैजसो भारतबाट रोजगारी गुमाएर फर्किएकाहरू छन् । 'भारतमा मात्रै ३५ भन्दा बढी बझाङका मान्छेको मृत्यु भयो भन्ने सुन्नमा आएको छ,' उनले भने ।

थलारा गाउँपालिका अध्यक्ष भुवनेश्वर उपाध्यायले अब तथ्यांक संकलन गर्न थालिएको बताए । 'कमाइ गर्ने मान्छेको परदेशमै मृत्यु भएपछि परिवारको बिचल्ली भएको छ,' उनले भने, 'हाम्रो पालिकाका मात्रै ८/९ जनाको भारतमा मृत्यु भएको भन्ने खबर आएको छ । यस विषयमा गाउँगाउँमा बुझ्दै छौं ।'

जिल्ला प्रहरी कार्यालयका अनुसार बझाङबाट भारतमा रोजगारीका लागि वार्षिक करिब ४० हजार जना जाने गरेका छन् । कोरोना महामारीका कारण चैतयता मात्रै १५ हजार जनाभन्दा बढी जिल्ला फर्किएका छन् ।

# सत्ता भागबन्डा मिलाउन कार्यदल तयारी

काठमाडौं (कास)- सत्ताको नेतृत्व लिएको कांग्रेसले मन्त्रालय भागबन्डा र सरकारको न्यूनतम साझा कार्यक्रमलगायत काम गर्न अनौपचारिक तहको कार्यदल बनाउनुपर्ने निष्कर्ष निकालेको छ । बालुवाटारमा शुक्रबार बसेको कांग्रेसका पदाधिकारी र पूर्वपदाधिकारी सम्मिलित बैठकले सत्ता गठबन्धन दलबाट दुई/दुई जना सदस्य रहने गरी कार्यदल बनाउन प्रस्ताव गरेको हो ।

दलहरूबीच प्रभावशाली मन्त्रालय आफ्नो भागमा पार्न खिचातानी चलिरहेको छ । मन्त्रालय भागबन्डाको मापदण्ड तय गरेर निर्णयका लागि सहजीकरण गर्न कार्यदलले काम गर्ने कांग्रेसका एक नेताले बताए । एमालेको माधवकुमार नेपाल पक्ष सरकारमा सहभागी हुने/नहुनेबारे निर्णय नभएकाले मन्त्रालय भागबन्डामा अन्योल भएको उनको भनाइ छ । प्रधानमन्त्री शेरबहादुर देउवाले शपथ लिएकै दिन कांग्रेस र माओवादी केन्द्रबाट २/२ जना सरकारमा गए पनि अन्य मन्त्रालय भागबन्डा हुन नसक्दा मन्त्रिपरिषद् विस्तार भएको छैन ।

कांग्रेसले तोकिएकै मितिमा महाधिवेशन गर्ने गरी तयारी अघि बढाएको छ । भदौ १६ देखि १९ सम्म केन्द्रीय महाधिवेशनको तालिका तोकिएको छ । तल्लो तहका अधिवेशन भने साउन १२ देखि नै सुरु हुने भएको छ । क्रियाशील सदस्यता र निर्वाचन समितिको निर्देशिका टुंगो लगाउने काम भइरहेको कांग्रेस नेता रमेश लेखकले बताए । उनले समयमै महाधिवेशन सम्पन्न गर्ने गरी छलफल केन्द्रित भएको बताए । क्रियाशील सदस्यता र निर्वाचन समितिको निर्देशिका सम्बन्धित कामहरू टुंगो लाग्ने भएको बताए ।

> प्रभावशाली मन्त्रालय आफ्नो भागमा पार्न दलहरूबीच खिचातानी सुरु

क्रियाशील सदस्यतासम्बन्धी विवादलाई लिएर सिन्धुपाल्चोकका कांग्रेसका स्थानीय नेताहरूको अगुवाइमा आएका एक हूल कार्यकर्ताले शुक्रबार सदस्यता छानबिन समितिका सदस्य श्याम घिमिरेमाथि हातपात गरेका छन् । राप्रपाबाट कांग्रेस प्रवेश गरेका करिब १२ सय सदस्यताको विवाद उठेकाले समितिले शीर्ष तहमा पठाउने निर्णय गरेको थियो, त्यसैलाई लिएर घिमिरेमाथि हातपात भएको हो । 'मलाई केहीछिन सल्लाह छ भनेर साथीहरूले बाहिर बोलाउनुभयो, राम्रै व्यवहार गरेर बोलाएकाले म साथीहरूमाझ गएँ । गेटबाहिर जानासाथ जथाभावी मुख छाड्दै ममाथि हातपात भयो,' घिमिरेले भने ।

समितिले गौशालास्थित धर्मशालामा बसेर छानबिनको काम गरिरहेको छ । पूर्वमन्त्रीसमेत रहेका नेता मोहन बस्नेतले बिहान त्यही विषयलाई लिएर घिमिरेलाई टेलिफोन गरी धम्क्याएका थिए । 'समितिका सदस्यमाथि नै हातपात हुनुलाई संयोग मात्रै मान्न सकिन्न,' समितिका एक सदस्यले भने, 'यो घटनालाई गम्भीरतापूर्वक लिन हामीले पार्टी शीर्ष नेताहरूको पनि ध्यान तानेका छौं । मकवानपुर, बारा, धनुषा र सप्तरीमा पनि सदस्यता विवाद चर्केको छ । पार्टीले विधानको प्रक्रिया पूरा नगरेका नयाँ क्रियाशील सदस्यतासम्बन्धी विवादलाई थाती राखेर पुराना सदस्यबाट अधिवेशन गराउने निर्णय गरेको छ । यसैलाई लिएर कार्यकर्ताले पार्टी कार्यालय धर्ना दिँदै आएका छन् ।

# ओलीको आक्रोश अब संस्थागत

**कान्तिपुर संवाददाता** (काठमाडौं)

आफ्नै शासकीय अक्षमताका कारण सत्ता गुमाएको एमाले संस्थागत रूपमै अदालतविरुद्ध उभिएको छ । अध्यक्ष केपी शर्मा ओलीले केही दिनयता व्यक्तिगत रूपमा अदालतप्रति व्यक्त गरिरहेको आक्रोश एमालेको संस्थागत धारणाकै रूपमा आएको छ । स्थायी कमिटी र संसदीय दलको शुक्रबार भएका छुट्टाछुट्टै बैठक अदालतविरुद्ध केन्द्रित हुँदै भन्डाफोर अभियान सञ्चालन गर्ने निष्कर्षमा पुगेको छ ।

प्रतिनिधिसभा विघटनको निर्णय बदर गर्ने फैसला आएकै दिन एमालेको भ्रातृ संगठन युवा संघले सर्वोच्च अदालतविरुद्ध नाराबाजीका साथै प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको पुतला दहन गरेको थियो । शुक्रबार भने एमालेले पार्टी कमिटीबाटै निर्णय गराएर फैसलाप्रति आपत्ति प्रकट गरेको हो ।

संसदीय दलको बैठकपूर्व ललितपुरको च्यासलस्थित तुलसीलाल स्मृति प्रतिष्ठानमा ओलीको अध्यक्षतामा बसेको स्थायी कमिटी बैठकले सर्वोच्चको फैसलाले संविधानको आधारभूत प्रस्थापनालाई अतिक्रमण गरेको ठहर गरेको थियो । 'फैसलाले नेपालको संविधानको अक्षर र भावना, हामीले अवलम्बन गरेको बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली, शक्ति पृथकीकरण एवं नियन्त्रण र सन्तुलनको सिद्धान्त तथा सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको संविधानको आधारभूत प्रस्थापनालाई अतिक्रमण गर्दै तिनलाई कमजोर तुल्याएको छ,' बैठकपछि एमालेले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

सर्वोच्च अदालतले लोकतान्त्रिक प्रणालीबारे गलत फैसला गरेको एमालेको निष्कर्ष छ । एमालेले भनेको छ, 'ताजा जनादेशका लागि जनतामा जाने निर्णयलाई निरंकुश भनेर आरोपित गर्ने र कानुनको अपव्याख्या एवं दलीय प्रणालीको आधारभूत संरचना भत्काएर सरकार बन्ने कुरालाई लोकतान्त्रिक भन्ने परिभाषाले लोकतान्त्रिक प्रणालीलाई गलत दिशातिर धकेलेको छ ।' एमालेले फैसलासँगै राज्यका तीनवटा अंगबीचको सन्तुलन नराम्रोसँग खलबलिन पुगेको निष्कर्ष निकालेको छ । 'नियन्त्रण र सन्तुलनको सिद्धान्तबमोजिम राज्यका सबै अंगबीच समन्वय हुन सके र सबै आ-आफ्नो सीमाभित्र मर्यादित र संयमित रहन सके मात्रै लोकतान्त्रिक प्रणाली सुरक्षित र गतिशील हुन सक्छ,' एमालेले भनेको छ । संविधानको धारा ७६ (५) अनुसार सांसदहरू सरकार बनाउन स्वतन्त्र हुन्छन् भन्ने अदालतको फैसलाले संविधानको अप्रत्यक्ष संशोधन गरेको एमालेको ठहर छ । फैसलाले अदालतको निष्पक्षता, पवित्रता र स्वच्छतामा ह्रास ल्याएको र उसको विश्वसनीयतामाथि प्रश्न उठाएको दाबी पनि एमालेले गरेको छ । एमालेको स्थायी कमिटी बैठकले 'सर्वोच्च अदालतको फैसलाका सम्बन्धमा पार्टी दृष्टिकोण' सार्वजनिक गर्दै यसबारे बहस सञ्चालन गर्ने निर्णय लिएको छ । स्थायी कमिटी बैठकले ' अलोकतान्त्रिक र अस्वस्थ विधिबाट गठित सरकारलाई' विश्वासको मत नदिने निर्णय गरेको छ । संसदीय दलको बैठकले अदालतले मुलुकलाई निर्दलीय व्यवस्थातर्फ लैजाने गरी फैसला गरेको भन्दै त्यसविरुद्ध भन्डाफोर अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

> अदालतको फैसलाविरुद्ध एमालेले भन्डाफोर अभियान चलाउने

### १० बुँदे सहमति अनुमोदन

स्थायी कमिटी बैठकले आन्तरिक विवाद समाधान गर्न गठित दस सदस्यीय कार्यदलले गरेको दसबुँदे सहमति अनुमोदन गरेको छ । प्रवक्ता प्रदीप ज्ञवालीका अनुसार सहमति अनुमोदन भएसँगै कार्यदल विघटन भएको छ । कार्यदलमा रहेका नेपाल समूहका नेताहरू भीम रावल, सुरेन्द्र पाण्डे, घनश्याम भुसाल र गोकर्ण विष्टले बैठक स्थल पुगेर रोक्न माग गरेका थिए । ओली मञ्जुर नभएपछि नेपाल पक्षका नेताहरू बाहिरिएका थिए ।

# प्रधानमन्त्री देउवालाई बधाई दिन मोदीको कन्जुस्याइँ

## देउवा प्रधानमन्त्री भएको भोलिपल्टै राजदूतले बधाई दिए पनि भारतीय समकक्षीले भने अझै बधाई सन्देश पठाएका छैनन्

**जगदीश्वर पाण्डे** (काठमाडौं)

सन् २०१४ मा नरेन्द्र मोदी सत्तामा आएपछि 'नेभरहुड फर्स्ट पोलिसी' अर्थात् 'छिमेक पहिलो नीति' अंगीकार गरे । यो नीतिअन्तर्गत पर्ने एउटा मुख्य देश नेपाल पनि हो । तर यस पटक नेपालमा नयाँ प्रधानमन्त्रीका रूपमा शेरबहादुर देउवा नियुक्त भएको चार दिन भइसक्दासमेत भारतीय प्रधानमन्त्री मोदीले बधाई सन्देश पठाएका छैनन् । शुक्रबार बेलुकीसम्म मोदीले देउवालाई कुनै पनि माध्यमबाट बधाई सन्देश पठाएको सूचना छैन ।

यसअघिका नेपाली प्रधानमन्त्रीहरूलाई मोदीले मन नपरे पनि सबैभन्दा पहिला सोसल मिडिया वा टेलिफोनको माध्यमबाट बधाई दिने गरेका थिए । उदाहरणका लागि दुई पटक केपी शर्मा ओली प्रधानमन्त्री हुँदा ओली र मोदीबीचको सम्बन्ध चिसै थियो । तैपनि बधाई दिन कुनै ढिलाइ र कन्जुस्याइँ गरेनन् । २०७२ मा नेपालको संविधान जारी भएपछि पहिलो पटक प्रधानमन्त्री बनेका ओलीले भारतीय नाकाबन्दीको डटेर सामना गरे । २०७४ सालको चुनावपछि उनी दोस्रो कार्यालयका लागि प्रधानमन्त्री चुनिए । दुवै कार्यकालमा मोदीले तत्काल बधाई दिएका थिए ।

यस पटक देउवालाई मोदीले प्रधानमन्त्री भएको चार दिन बितिसक्दा पनि बधाई सन्देश पठाएनन् । यसले भारतले देउवा सरकारलाई कसरी हेर्छ वा हेरिरहेको छ भन्ने संकेत गर्छ । पूर्वपरराष्ट्रमन्त्री तथा कूटनीतिज्ञ भेखबहादुर थापा हरेक मुलुकले आ-आफ्नो हिसाबले प्राथमिकतालाई लेखाजोखा गर्ने र त्यही सुरमा अघि बढ्ने मान्छन् । 'पहिला सुसूचित गर्ने र कुन प्रकारको सन्देश दिने भन्ने सोचेको पनि हुन सक्छ,' उनले भने, 'बधाई आयो कि आएन भनेर उत्सुकता हुनु स्वाभाविक हो, यसैलाई प्राथमिकता दिनु उपयुक्त हुन्न ।'

मोदीको बधाई देउवालाई नआए पनि भारतीय राजदूत विनयमोहन क्वात्रा देउवा प्रधानमन्त्रीमा नियुक्त भएको भोलिपल्ट असार ३० मा देउवानिवासमै पुगेर बधाई दिए । सोही दिन भारतीय जनता पार्टी (बीजेपी) का विदेश विभाग प्रमुख विजय चौथाइवालेले सोसल मिडियामार्फत देउवालाई बधाई दिँदै बीजेपी र नेपाली कांग्रेसबीच नियमित छलफल गर्न दुवै पक्ष सहमत भएको बताएका थिए । कूटनीतिज्ञ थापा राजदूत पुगेर बधाई दिनु आफ्नो ठाउँमा रहेको उल्लेख गर्दै भन्छन्, 'समकक्षीबाट पो शुभकामना सन्देश हुन्छ ।'

यस्तै, असार ३१ मा नेपालका लागि अमेरिकी राजदूत र्‍यान्डी बेरी पनि देउवालाई बधाई दिन बूढानीलकण्ठ पुगे । बेरीले नेपाललाई थप खोप सहयोग गर्ने वाचा गरे । नेपालका लागि चिनियाँ राजदूत होउले शुक्रबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार पुगेर देउवालाई बधाई दिँदै चीनले थप १६ लाख डोज भेरोसेल खोप सहयोग गर्ने बताइन् । बिहीबार नेपालका लागि इजरायली राजदूत हनान गोडरले पनि देउवालाई भेटेर बधाई दिए ।



### देउवा-मोदी दूरी

२०७४ सालसम्म देउवा र मोदीको सम्बन्ध ठीकठाक थियो । २०७२ मा जारी संविधानलाई लिएर नेपालमाथि नाकाबन्दी गर्दा देउवाले 'भारतले नाकाबन्दी लगायो' भनेर कडा रूपमा ओलीले जस्तै गरी नारा लगाएनन् । कूटनीतिक रूपमा उक्त कुरालाई उठाउने कोसिस गरे । २०७४ जेठमा आफू प्रधानमन्त्री भएर भारत भ्रमणमा जाँदा देउवाले भारतीयसामु मधेसीलाई सम्बोधन गर्न संविधान संशोधन गर्ने विषयलाई लिएर सकारात्मक रहेको संकेत दिएका थिए ।

नेपालमा नयाँ संविधानअनुसार निर्वाचन गराउनका लागि भन्दै बनेको कांग्रेस-माओवादी गठबन्धनबाट पहिला पुष्पकमल दाहाल र त्यसपछि देउवा प्रधानमन्त्री भएका थिए । दाहालले स्थानीय तहको निर्वाचन गराए । त्यसपछि देउवाले प्रदेश र संघको निर्वाचनको कमान्ड सम्हाले । संघ र प्रदेशको निर्वाचनलगत्तै नाकाबन्दीका बेला भारतविरुद्ध कडा रूपमा उत्रिएका र पछि चीनसँग पारवहन र यातायात सम्झौता गरेका ओलीलाई जनताले जिताएर सत्तामा पठाए ।

भारत र मोदीलाई छाडेर ओलीको आकर्षण चीनतर्फ बढ्यो । नेकपाभित्र विवाद भएर चीनले आफ्ना प्रतिस्पर्धीहरू पुष्पकमल दाहाल र माधवकुमार नेपाललाई सहयोग गर्ने थाहा पाएपछि ओली फेरि भारततर्फ नजिक हुन पुगे, जुन बेलासम्म मोदी र देउवाबीच दूरी बढिसकेको थियो । पछिल्लो पटक मोदी र देउवाबीच २०७४ पुस ६ मा टेलिफोन संवाद भएको थियो । उक्त अवसरमा मोदीले देउवालाई संघ र प्रदेशको निर्वाचन सफलतापूर्वक गरेकामा धन्यवाद दिएका थिए ।

भारतले २०७६ कात्तिक २५ मा जम्मु र कश्मीरलाई समेटेर नयाँ राजनीतिक र प्रशासनिक नक्सा जारी गरेको थियो । भारतले ओलीसँग सल्लाह गरेरै नक्सा छापेको देउवाले बताएका थिए । उनले भनेका थिए, 'ओलीको सहमतिबिना नक्सा छाप्नै सक्दैन ।' उक्त घटनालाई लिएर देउवाले तत्कालीन भारतीय राजदूत मञ्जिवसिंह पुरीलाई टेलिफोनमार्फत असन्तुष्टि व्यक्त गरे । त्यसलाई लिएर भारतीय पक्ष देउवासँग पहिलो पटक चिढिएको थियो ।

त्यस घटना नेपालले कूटनीतिक रूपमा समाधान गर्ने भन्दै भारतलाई परराष्ट्रमार्फत कूटनीतिक नोट पठायो । भारतले कोभिड-१९ लाई कारण देखाउँदै तत्काल वार्ता गर्न मानेन । त्यसपछि २०७७ वैशाख २६ मा भारतले नेपालको भूभाग लिपुलेक हुँदै चीनको मानसरोवर जाने सडक निर्माण सुरु गरेपछि ओलीसँगै कडा विरोध गर्नेमा देउवा पनि थिए ।

२०७७ वैशाख ३१ मा भएको सर्वदलीय बैठकमा देउवाले भारतले अतिक्रमण गरेको जग्गा फिर्ता ल्याउन सरकारलाई उच्च राजनीतिक र कूटनीतिक संवाद थाल्न सुझाव दिएका थिए । देउवाको उक्त अभिव्यक्तिप्रति पनि भारत चिढिएको थियो । त्यसपछि जेठ ७ मा नेपालले नयाँ चुच्चे नक्सा जारी गर्‍यो । त्यसका लागि संविधान संशोधन गर्न देउवा र उनको पार्टी कांग्रेसको पनि महत्त्वपूर्ण योगदान रह्यो । पछिल्लो समय देउवालाई लिएर मोदी चिढिनुको कारण हो- जेठ २९ मा देउवासहित पाँच पूर्वप्रधानमन्त्रीहरूले जारी गरेको विज्ञप्ति । देउवासहितका पूर्वप्रधानमन्त्रीहरूले विज्ञप्तिमा नेपालको बारेमा नेपालीले नै निर्णय गर्नुपर्ने उल्लेख गर्दै संवैधानिक व्यवस्था, कानुनी राज्य र लोकतन्त्रका आधारभूत सिद्धान्त एवं मूल्यहरूमाथि भइरहेका निरंकुश हमलाविरुद्ध ऐक्यबद्धता जनाउन नेपाली जनता, नागरिक समाज र सम्पूर्ण लोकतन्त्रवादी शक्तिहरूसँग अपिल गरेका थिए । विज्ञप्तिमा भनिएको थियो, 'नेपालको बारेमा हामी नेपालीले नै निर्णय गर्नुपर्छ र नेपालको आन्तरिक राजनीतिमा बाह्य शक्तिको प्रत्यक्ष वा परोक्ष हस्तक्षेप एवं चलखेल हुन नपाओस् भन्ने कुरामा सजगताका लागि ध्यान आकर्षित गर्न चाहन्छौं ।'

भारतलाई नेपालको राजनीतिमा हात हालेको भन्ने देउवाको अभिव्यक्तिप्रति पनि मोदी खुसी नभएको हुनसक्ने आकलन गर्न सकिन्छ । परराष्ट्रविज्ञ तथा देउवा अघिल्लो कार्यकालमा प्रधानमन्त्री रहँदा परराष्ट्र मामिला सल्लाहकार रहेका दिनेश भट्टराई भने भारतीय प्रधानमन्त्री मोदीले सिधै बधाई नदिए पनि राजदूतले भेटेरै बधाई दिएको बताए । 'राजदूतले पनि मोदीकै प्रतिनिधित्व गर्ने हुन् तर केचाहिँ हो भने यसअघि मोदीले नेपालका प्रत्येक प्रधानमन्त्रीलाई कुनै न कुनै माध्यमबाट बधाई दिइरहेका थिए,' उनले भने ।

भारतविरोधी नारा लगाएर सत्तामा पुग्नुभन्दा अघि नै २०७४ मा मोदीले आफ्ना तत्कालीन विदेशमन्त्री सुष्मा स्वराजलाई काठमाडौं पठाएर प्रधानमन्त्री रहेका ओलीलाई बधाई सन्देश दिएका थिए । पछि उनले आफैं पनि बधाई दिए । त्यसअघि २०७२ मा नाकाबन्दी लगाउनुअघि प्रधानमन्त्री बनेका ओलीलाई मोदीले टेलिफोन गरेर बधाई दिएका थिए । त्यसपछि मोदीले सोसल मिडियामा आफूले ओलीसँग टेलिफोन संवाद गरेको पनि जानकारी दिएका थिए ।

भूराजनीतिविज्ञ तथा प्राध्यापक श्रीधर खत्रीले मोदीले बधाई दिनका लागि पहिला संसद्‌बाट विश्वासको मत लिने बेलासम्म कुरेको पनि हुन सक्ने आकलन गरे । राष्ट्रपति कार्यालयबाट देउवालाई प्रधानमन्त्री नियुक्त गर्ने क्रममा पहिलो पटक फरक किसिमको सूचना निकाल्नु र राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री देउवालाई बधाई नदिनुले मुलुकमा संक्रमणकाल रहेको प्रस्ट बुझ्न सकिने उनको भनाइ छ ।

# अलमलिएकी इन्द्रमाया

**बीपी कोइरालाको क्लासिक हो- तीन घुम्ती । प्रकाशनको ६ दशक बितिसक्दा पनि 'तीन घुम्ती' की प्रमुख पात्र 'इन्द्रमाया' चर्चित छिन् । विश्लेषक-समालोचकले इन्द्रमायाको व्यक्तित्व खुब केलाए, तर उनी पूरै उजागर भइसकेकी छैनन् । त्यो चरित्र असाध्यै जटिल छ । 'कोसेली क्लासिक' मा यस पटक बीपी स्मृति-दिवस (साउन-६) को सन्दर्भमा 'इन्द्रमाया' माथिको विमर्श प्रस्तुत छ :**



कोसेली क्लासिक
रुचि श्रेष्ठ

आफूले जीवनमा गरेका मात्र तीनवटा निर्णयले नारीत्वको महासागरबाट जीवन संघर्षलाई अलग तुल्याएर 'अस्तित्वबोध' गराएको विषय स्वीकार गरे पनि आफ्ना जीवनका अनुभूतिलाई 'असाधारण' भन्दिनन् इन्द्रमाया । आफ्नो अस्तित्वबोधले उनलाई कसरी नारीत्वको भूमिकाबाट अलग गरायो ? हो के यो नारीत्व ? के हो अस्तित्व ? गजबको जटिल जीवन छ इन्द्रमायाको ।

पैंतालीस वर्ष पुगेपछि इन्द्रमाया आफ्नो यौवनका भोगाइ र त्यस क्रममा आफूले लिएका निर्णयहरूको औचित्य स्थापित गर्न खोज्छिन् । ती निर्णयले निम्त्याएका संगति-विसंगतिसँगै अस्तित्वबोधको आफ्नो यात्रालाई एकपल्ट फर्केर हेर्छिन् इन्द्रमाया । तीन घुम्ती, उनले जीवनमा लिएका तीन महत्त्वपूर्ण निर्णयको दस्तावेज बनेको छ ।

'तीन घुम्ती' बीपी कोइरालाको औपन्यासिक प्रस्तुति हो, जसको मुख्य चरित्र 'इन्द्रमाया' नेपाली वाङ्मयमा बहुचर्चित छिन् । प्रकाशनको छ दशक बितिसक्दा पनि साहित्यका विश्लेषक र समालोचकलाई 'तीन घुम्ती' की इन्द्रमायाको चरित्रले अत्यधिक आकर्षित गरेको छ । उनीहरूले सुन्तलाको केस्रा छोडाएझैं छोडाएर हेरेका छन् इन्द्रमायाको व्यक्तित्वलाई । तैपनि, त्यो व्यक्तित्व पूरै उजागर हुन सकेको छैन । 'केही त अझै बाँकी छ' - इन्द्रमायाको चरित्र निर्माणमा कसैले पनि पूर्णता भेटेको देखिँदैन । उनको चरित्र जटिल छ । र, यसैमा आकर्षण पनि छ । उनले लिएका साहसिक निर्णय र ती निर्णयले निम्त्याएका परिस्थितिलाई आत्मसात् गरेको पनि वर्षौं बितिसकेको छ । तैपनि यस्तो लाग्छ, इन्द्रमाया अस्तित्वबोधको यात्रामा कतै अलमलिएकी छन् ।

सत्र-अठार वर्षकी इन्द्रमाया जातीय, वर्गीय र राजनीतिक विभेदबाट किञ्चित् विचलित नभई पीताम्बरको प्रेममा मन्त्रमुग्ध हुन्छिन् । आफ्नो परिवार, गाउँ र समाज त्यागेर पीताम्बरलाई पतिका रूपमा अपनाउँछिन् । यो उनको जीवनको पहिलो महत्त्वपूर्ण निर्णय थियो । सत्र-अठारको उमेर जति चञ्चल हुन्छ, उति नै ऊर्जावान हुन्छ, काँचो माटोजस्तै । काँचो माटोले बनाएको आकृति बिग्रिने डर जति हुन्छ, त्यसबाट कलात्मक कृति बनाउन सकिने सम्भावना कैयौं गुना बढी हुन्छ ।


यो उमेरमा भएको प्रेमको अनुभूतिले व्यक्तिको भविष्यका सम्बन्धहरूमा, प्रेमदृष्टिको निर्माणमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा जीवनपर्यन्त गहिरो प्रभाव पारिरहन्छ । त्यही उर्वर उमेरमा स्वीकार गरेको प्रेमिका र पत्नीको भूमिकालाई आदर्श स्वरूप दिन त्यो उमेरले भ्याउनेसम्मको बुद्धि प्रयोग गर्न कुनै कसर बाँकी राख्दिनन् इन्द्रमाया ।

इन्द्रमायाले आत्मसात् गरेको आदर्श प्रेमिकाको छविको प्रेरक स्रोत साथीहरूसँग थिएटरमा हेर्ने गरेका रोमान्टिक सिनेमा हुन्छन् । आदर्श प्रेमिकाका रूपमा अन्तरमनले वरण गरेको पुरुषलाई तनमन सुम्पिएर, बिनाकुनै द्विविधा, एक आदर्श पत्नीको भूमिका उनले पुराण कथाबाट आफूमा उतारेकी थिइनन् । परिवार र आफ्नो समाजले बहिष्कार गरे पनि पीताम्बरको समाजमा इन्द्रमाया र उनको निर्णयको सम्मान थियो । उनले चाहेअनुरूप उनको आदर्श पहिचान बनेको थियो । राजनीतिक कार्यकर्ताका रूपमा स्थापित व्यक्तित्व पीताम्बरको क्रान्तिकारी वृत्तमा उनी पनि एक क्रान्तिकारीकै रूपमा चिनिएकी थिइन् । आफ्नो प्रेम गर्ने स्वतन्त्रता र अधिकारका लागि परिवार र समाजसँग विद्रोह गरेर पीताम्बरसँग समाहित हुन आएकी समर्पित प्रेमिका थिइन् इन्द्रमाया ।

पीताम्बरसँग बिहेपछिको नयाँ परिस्थितिमा उनी आफूलाई सन्तुष्ट, सुरक्षित र सशक्त महसुस गर्न थालेकी थिइन् । आफ्ना बाबुले 'मेरा लागि इन्द्रमाया मरेतुल्य भई' भन्दा पनि उनी विचलित भइनन् । उनका साथीहरूका आमा-बाहरूले 'ऊ बेश्या भई, भेट्न नजान्' भनेको थाहा पाउँदा पनि उनले रत्तीभर अपमानित महसुस गरिनन् । गजबको ऊर्जा र साहस हुन्छ प्रेमको आवेगमा । प्रेरणा जहाँबाट मिलोस्, प्रेमको भावुक र कामुक स्वभावको प्रभावमा परेको कुनै पनि सामान्य मानिसले जीवनमा असामान्य छलाङ लगाउन सक्छ ।

पत्नीको अवतारमा परिणत हुनासाथ इन्द्रमाया पारम्परिक गृहिणीको भूमिकामा लुटपुटिन पुग्छिन् । घरमा दिनहुँ राजनीतिक बहस र छलफल भइरहँदा, योजना बनिरहँदा इन्द्रमायाको समय पतिको सेवा र पाहुनाको सत्कारमै सीमित हुन्छ । यदाकदा, राजनीतिक बहसहरूमा भाग लिए पनि उनको सहभागिता मनोरञ्जनका कुराकानीसम्म सीमित रहन्छ । उनी आफूलाई एउटा आदर्श पत्नीको भूमिकामा स्थापित गर्न तल्लिन रहन्छिन् । यो आचरणका लागि उनलाई न कसैले आग्रह गरेको हुन्छ, न दबाब नै दिएको हुन्छ । उनका लागि पत्नीधर्म-पतिका हरेक आकांक्षा र आवश्यकता पूरा गर्नु-सर्वोपरि हुन्छ । चाहे त्यो भान्सा कोठामा होस वा शयनकक्षमा । उनका लागि प्रेम, अनुराग, उत्साह, उत्सर्ग सबै विषय पतिसेवाबाट सुरु भएर पतिसेवामै टुंगिन्छ । यति गर्दागर्दै पनि, वैवाहिक जीवनक्रममा इन्द्रमायालाई लाग्न थाल्छ- एउटा पुरुषलाई नारीको भन्दा एउटा नारीलाई पुरुषको खाँचो बढी हुन्छ । उनी कसरी यो निष्कर्षमा पुगिन् ? बुझ्न गाहो छ ।

राजनीतिक आन्दोलनका क्रममा पीताम्बर जेल गएपछि इन्द्रमायाको स्वाभाविक सम्बन्ध पीताम्बरको साथी रमेशसँग हुन्छ । यही क्रममा इन्द्रमायातिर लहसिन्छ रमेश । इन्द्रमायामा पनि रमेशप्रतिको आकर्षण बढ्न थाल्छ । दिनहरू बित्दै जाँदा यो आकर्षण भावनात्मक घनिष्ठता र शारीरिक निकटतामा परिणत हुन्छ । रमेशप्रतिको आकर्षण, आत्मीयता, त्यो सम्बन्धमा इन्द्रमायाले महसुस गरेको अपूर्व आनन्द र कामुकतालाई हेर्दा लाग्छ, हो इन्द्रमायालाई पुरुषको आवश्यकता बढी थियो ।




रमेशसँगको शारीरिक सम्बन्धले इन्द्रमायाको यौन अनुभूतिमा नयाँ आयाम थपिदियो । पीताम्बरसँग विवाहपछि आदर्श पत्नीको भूमिकामा दबेको उनको यौन उत्कण्ठा कामुक प्रेमिकाको रूपमा जुर्मुराउन थाल्यो । रमेशसँगको सहवासमा उनी कर्तव्यपरायण पत्नी नभई कामुक, उन्मत्त र स्वच्छन्द प्रेमिका हुन पुगिन् ।

इन्द्रमाया एकैसाथ रमेशबाट पाएको सुखमा आनन्दित र पीताम्बरको सम्झनामा विचलित हुन थाल्छिन् । एउटा समर्पित पत्नी परपुरुषसँगको सम्बन्धमा विचलित हुनु त्यति अस्वाभाविक होइन । तर, त्यही सम्बन्धबाट पाएको सुख र यौन तृप्तिलाई आफ्नो हक मानेर त्यसलाई आत्मसात् गर्न सक्नु कम साहसिक कुरा थिएन । जीवनका अन्तर्द्वन्द्वलाई आत्मज्ञानले पराजित गर्नुभन्दा कम साहसिक विषय थिएन यो । यो थियो इन्द्रमायाको जीवनको दोस्रो घुम्ती ।

इन्द्रमायाले रमेशको आग्रह स्वीकार गर्नु न स्वत:स्फूर्त कदम थियो, न त्यो फाइदा, बेफाइदाको नापतौल गरेर लिएको दूरदर्शी निर्णय थियो । उनले केवल आफ्नो अन्तर्मनको आवाजमा सत्य खोज्ने कोसिस गरेकी थिइन् । त्यो सत्य न पीताम्बरका लागि थियो, न रमेशका लागि, न समाजकै लागि थियो । उनको त्यो सत्यको खोज आफ्ना लागि थियो । यही नै इन्द्रमायाको सबैभन्दा सशक्त पक्ष हो । यसबेला लाग्छ, इन्द्रमायाको चेतनाले ठूलो फड्को मार्दै छ । लाग्छ, उनका एकालापले मानव प्रकृतिको त्यो सूक्ष्म, संवेदनशील र जटिल पाटोलाई उघार्न गइरहेको छ, जहाँ सबै विचार तर्कशून्य हुनेवाला छ । तर, त्यो तर्कशून्य अवस्थामा पनि उनको अन्तर्मनको द्वन्द्व रोकिँदैन- इच्छा र आदर्शबीचको द्वन्द्व । रमेशप्रति कामुक र पीताम्बरप्रति समर्पणबीचको द्वन्द्व । उनका तर्कले आफ्ना व्यग्र चाहनाको औचित्य खोजिरहन्छन् ।

इन्द्रमायामा स्वनिर्णय लिन सक्ने सामर्थ्य छ । आफ्नै विचार र भावनाको खण्डन गर्न सक्ने तार्किक क्षमता छ । आफूले लिएको निर्णयप्रति जवाफ दिने दायित्व वहन गर्न सक्ने साहस पनि छ । तर पनि, कताकता उनको व्यक्तित्व खुम्चिएको छ । अस्तित्वबोध छायामा परेको छ । अस्तित्वबोधको उनको यात्रा अधुरो लाग्छ । इन्द्रमाया नारीत्वको पूर्णता मातृत्व र पत्नीत्व दुवैको प्राप्तिमा मात्रै देख्छिन् । अस्तित्व खोजको आफ्नो यात्रामा नारीत्वको पूर्णानुभूति गुमाएको महसुस गर्छिन् । उनको बुझाइको नारीत्व पूर्णरूपले पुरुष पात्रमा आश्रित छ । पतिसँगको सम्बन्धबाट बच्चा जन्माउँदा जुन नारी सम्मानित हुन्छिन्, त्यही नारीले मात्रै पुरुषसँगको सम्बन्धबाट बच्चा जन्माउँदा उनको नारीत्व गुम्छ । कस्तो नारीत्वमा अलमलिएकी इन्द्रमाया !

रमेशसँगको अनुरक्ति उनको आत्माको माग थियो । शारीरिक संसर्गभन्दा पहिले नै रमेशलाई उनले आत्मैदेखि चाहेकी, अपनाएकी थिइन् । रमेशको आग्रह स्विकार्नुपूर्व उनको यही तर्क थियो- शरीरले प्रेम नगरे पनि हृदयले स्वीकार गरेको छ ! जब हृदयले स्वीकार गरेको छ भने शरीर टाढा रहनुको अर्थ छैन । त्यही सम्बन्धले उनको प्रेम अनुभूतिलाई पूर्ण र सन्तुष्ट बनायो भने पीताम्बरको आगमन हुनासाथ कसरी उनको मनोदशामा आकस्मिक परिवर्तन आयो ? कसरी उनी उही पहिलेकै समर्पित पत्नीको चोला ओढ्न तयार भइन् ?

सत्यनजिक पुगिसकेपछि तर्कले खण्डन गर्न खोज्नु सत्यदेखि टाढा भाग्न खोज्नु हो । मानौं, उनले चाहेअनुरूप उनी पीताम्बरकी पत्नी भएर बसेकी भए शयनकक्षमा के फेरि उही कर्तव्यपरायण सेविकाको भूमिका अपनाउन सक्थिन् ? अथवा, अब उनमा पीताम्बरप्रतिको भक्ति र प्रेम-अभिव्यक्तिलाई कामुकताले समृद्ध बनाउन सक्ने साहस थियो ? इन्द्रमायाको हकमा त्यो दुवै सम्भव थिएन । उनले भावना र व्यक्तिको देवत्वकरणबीचको फरक ठम्याउन सकिनन् । उनले पतिको देवत्वकरण गरेर आफूलाई पत्नीको रूपमा स्थापित गर्न चाहिन् । छोरी लिएर पीताम्बरसँगको वैवाहिक जीवनलाई निरन्तरता दिन चाहनु 'नारीत्व' प्राप्तिको इन्द्रमायाको अभिलाषा हुन सक्छ ।

रमेशसँग प्रेम र यौनसम्बन्ध नहुँदो हो त सायद इन्द्रमायाले पीताम्बरबाट कहिल्यै गर्भधारण गर्न सक्दिनथिन् । रमेशको वैवाहिक सम्बन्धमा धेरै सन्तान जन्मिए भने इन्द्रमायाले छाडेर गएपछि पीताम्बरले दोस्रो बिहे गरेको निकै वर्ष बितिसक्दा पनि कुनै सन्तान भएनन् । पीताम्बरकी पतिव्रता भएर नि:सन्तान रहेकी भए के इन्द्रमायाले आफू नि:सन्तान हुनुको कारकतत्त्व पीताम्बर हुनुपर्छ भनेर सोच्न सक्थिन् ?

अस्तित्वबोधमा विमुक्ति हुन्छ, आत्मसम्मान हुन्छ । आफूले भोगेका, जानेका विचार, अनुभवसँगको सम्बन्ध, आफूभित्रको सत्यको खोजमा हुन्छ अस्तित्व । यसले व्यक्तिको परिचय टुक्राटुक्रामा होइन, सम्पूर्णतामा दिन्छ । जब इन्द्रमायाको प्रेम र अस्तित्वलाई रमेश र पीताम्बर दुवैले पूर्ण बनाएका थिए भने किन उनले मात्र एकलाई रोज्नुपर्ने ?

यसपछि सुरु हुन्छ, इन्द्रमायाको जीवनको तेस्रो घुम्ती- मातृधर्म र पत्नीधर्ममध्ये कुनै एक धर्म रोज्नुपर्ने अवस्था । चौबीस, पच्चीस वर्षको उमेरमा छोरीका लागि पति र प्रेमी दुवैलाई त्याग्छिन् । छोरी र एउटा सानो पोको बोकेर पीताम्बरलाई छाडेर जीवनसंघर्षको बाटोमा निस्कन्छिन् इन्द्रमाया । न उनी माइतीघर जान्छिन्, न रमेशसँग कुनै किसिमको सहयोग लिनै तयार हुन्छिन् । समर्पित प्रेमबाटै अभिप्रेरित निर्णय थियो उनको- मातृ समर्पण । समर्पणमा असीम शक्ति हुन्छ ।

यसबेला लाग्छ, इन्द्रमाया साँच्चै आडम्बरी आदर्शको जन्जिर तोडेर आधुनिक समयको सशक्त नारीको परिचय स्थापित गर्ने यात्रामा छिन् । लाग्छ, अबका उनका अनुभवले भिन्नै जीवनदृष्टि निर्माण गर्ला ! तर, त्यस्तो केही हुँदैन । प्रारम्भिक जीवनमा असामान्य अनुभवबाट गुज्रिए पनि उनको पछिल्लो जीवन अति सामान्य हुनु असामान्य लाग्छ ।

छोरीको भरणपोषण उनको धर्म थियो । छोरी उनको बाँच्ने, अघि बढ्ने प्रेरणा थिइन् । तर, प्रेमको आवेग, उद्वेगसँगै आएका बिषम परिस्थितिमा पनि सधैं प्रेमकै पक्षमा निर्णय लिएकी इन्द्रमायालाई के पछिल्ला वर्षमा प्रेमको, आत्मीयताको, यौन कामनाको इच्छा भएन ?

६ दशकअघि बीपीले चित्रण गरेको इन्द्रमायाको समयको नेपाली समाज आधुनिकताको प्रारम्भिक चरणमा थियो । उतिबेला आधुनिकता परिकल्पनामै सीमित थियो । आधुनिकताको एउटा आधारभूत चरित्र हो- यसले हाम्रासामु अनेकौं सम्भावना छरिदिन्छ । र, तिनै सम्भावना पछ्याउँदै खुसीको विकल्प खोज्न हामीलाई प्रेरित गर्छ ।

आधुनिक सभ्यताले स्त्री-पुरुषको सम्बन्धमा अभूतपूर्व आयाम थपिदिएको छ । यसले यौन स्वतन्त्रता र नारी विमुक्तिको हकमा लैगिंक समानताको वकालत गर्छ । त्यहीअनुरूप स्त्री वा पुरुषले एक समयमा एकभन्दा बढी स्त्री वा पुरुषसँग राखेको सम्बन्धलाई असामाजिक, अनैतिक र गैरकानुनी ठहऱ्याउँछ । सामाजिक संरचनालाई व्यवस्थित बनाउने र नारी-पुरुषबीच, घरपरिवार र समाजमा शक्तिको सन्तुलन बनाउने उद्देश्यले आएको नीति हुनुपर्छ यो । तर, अर्कोतिर यही आधुनिक सभ्यताको यौन मनोविज्ञान, जसले मानवीय यौनप्रकृतिको सूक्ष्म अध्ययन गर्छ, ले यो मान्यताको प्रतिकार गर्छ । यौन मनोविज्ञानले भन्छ, एक स्त्रीगमन वा एक पुरुषगमन हुन चाहनु मानवीय प्रकृति होइन, प्रवृत्ति हो ।

यौन आकर्षण एक प्राकृतिक-शारीरिक प्रक्रिया हो । तर, मान्छे कल्पनाशील प्राणी हो । कल्पनाशीलताकै कारण मान्छे यौनलाई प्रेमको भाषामा अनुभूत गर्छ अनि आफ्ना तमाम कौतूहल-कामनालाई प्रेमकै भाषामा अभिव्यक्त गर्छ । र, सम्बन्धलाई विभिन्न आयाममा परिभाषित गर्छ । यिनै आयामका आधारमा ऊ आफ्नो प्रवृत्ति केलाउँछ, फैलाउँछ, बङ्ग्याउँछ र परिवर्तन गरिरहन्छ । त्यसैले उसका लागि यौन केवल शारीरिक प्रक्रियामा सीमित रहन सक्दैन । मात्र शारीरिक आवश्यकता पूर्तिले मानव जीवनलाई सार्थक र अर्थपूर्ण बनाउन सक्दैन ।

प्रवृत्ति अवश्य पनि काल, परिस्थितिबाट प्रभावित हुन्छ । यो मूल्य, मान्यता, न्याय, नैतिकताबाट निर्देशित हुन्छ । प्रकृति र प्रवृत्तिबीचको द्वन्द्व एउटा त्यस्तो यथार्थ हो, जुन यथार्थलाई समाजले सधैं छायामा राख्न खोज्छ, र यथार्थको त्यही बिन्दुमा गएर यौन र प्रेमसँगका सबै सम्बन्ध गुजुल्टिन पुग्छन् ।

प्रकृति, प्रवृत्ति, न्याय र नैतिकताबीचको यस्तै घर्षणले एकातिर समाज र सम्बन्धलाई गतिशील बनाउँछ भने अर्कोतिर यस्ता परिस्थितिमा विसंगति र कुण्ठा पनि मौलाइरहेको हुन्छ । यसको निकास दिन आधुनिक ज्ञानले दिएका विकल्प पर्याप्त छैनन् भन्ने इन्द्रमायाको समयले भोग्न भ्याएको थिएन ।

उतिबेला आधुनिकताको संघारमा रहेको पारम्परिक नेपाली समाजमा इन्द्रमायाको चिन्तन, विचार, साहस र निर्णय यस्तै घर्षण-द्वन्द्वका प्रतिक्रिया हुन् । ती प्रतिक्रियाले व्यक्तिमा, समाजमा तरंग र उथलपुथल मात्र होइन, युगान्तकारी परिवर्तन ल्याउने सम्भावना बोकेको थियो, जुन सम्भावना अहिले पनि यथावत् छ ।

# एक्लै हिँडे पुष्पलाल

**'कम्युनिस्ट घोषणापत्र' को नेपाली अनुवाद गर्ने पहिलो अनुवादक, मार्क्सवादी इतिहासकार पुष्पलाल श्रेष्ठ सारमा नेपाली कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार हुन् । राजनीतिमा धेरैले उनलाई एक्लो पारे, कहिले आफैं एक्लै रहे । पुष्पलाल स्मृति दिवस (साउन-७) को सन्दर्भमा उनको सम्झना :**



स्मृति दिवस
शार्दूल भट्टराई

पुष्पलालको व्यक्तित्वबारे प्रकाश पार्दा धेरैले एउटै कुरामा बढी जोड दिएर भन्ने गर्छन्– 'पुष्पलाल नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता हुन् ।' निर्विवाद सत्य हो– पुष्पलाल नेकपाका संस्थापक महासचिव हुन्, तर उनी त्यति मात्र होइनन् । उनी गणतन्त्रका पहिलो उद्घोषक पनि हुन् । कम्युनिस्ट घोषणापत्रको नेपाली अनुवाद गर्ने पहिलो अनुवादक पनि हुन् । नेपालमा नयाँ जनवादको नारा दिने पहिलो कम्युनिस्ट पनि उनै हुन् । नेपाली समाजका ऐतिहासिक सर्वेक्षक पुष्पलाल क्रान्तिको दिशानिर्देश गर्ने विचारक पनि हुन् । ऐतिहासिक भौतिकवादी चिन्तक पनि हुन् । मार्क्सवादी इतिहासकार पनि हुन् । सारमा, उनी नेपाली कम्युनिस्ट आन्दोलनका सिद्धान्तकार हुन् । यी यावत् व्यक्तित्वसँगै राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातन्त्र सङ्घमा समेत रहेर राणाशाहीविरोधी आन्दोलनमा सक्रिय पुष्पलाल प्रजातन्त्रका लागि संयुक्त जनआन्दोलनका वैचारिक प्रणेता पनि हुन् । यस अर्थमा पुष्पलाल बहुआयामिक व्यक्तित्वप्रबल नेता हुन् । उनी बौद्धिक अध्येता र प्राज्ञिक व्यक्तित्व पनि हुन् । औपचारिक शिक्षा कमै भए पनि ज्ञानका खानीजस्ता लाग्छन् पुष्पलाल । उनका चिन्तनपरक विचारहरू राजनीतिमा मात्र सीमित छैनन्, नेपालको समाज, इतिहास, साहित्य र कला-संस्कृतिका विषयमा समेत फिँजिएका छन् ।

●●●

२२ अप्रिल १९४९ का दिन नेपाल कम्युनिस्ट पार्टीको जन्म गराउने प्रमुख नेता पुष्पलाल थिए । उनले नेकपाको स्थापना मात्रै गरेर छाडिदिएको भए नेपाली कम्युनिस्ट आन्दोलनले नेपालको राजनीतिक इतिहासमा यति धेरै महत्त्व र शक्ति प्राप्त गर्ने थिएन । पुष्पलालले नेकपालाई सङ्गठनात्मक स्वरूपका साथ अगाडि बढाउने विषयमा पनि सर्वाधिक महत्त्वपूर्ण योगदान गरेका थिए ।

पार्टी स्थापनासँगै क्रान्तिको सिद्धान्तको निरूपण अर्को महत्त्वपूर्ण विषय थियो । पार्टी स्थापना भए पनि पार्टीको कार्यक्रमबारे स्पष्टता थिएन । कार्यक्रमसम्बन्धी अस्पष्टतालाई स्पष्ट गर्ने काम पनि पुष्पलालले नै गरे । उनले नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा रहेकाले नयाँ जनवादी क्रान्ति आवश्यक रहेको विश्लेषण गरे । सोहीअनुसार, नेकपाले सामन्तवाद-साम्राज्यवादविरोधी नेपाली क्रान्तिको दिशालाई अङ्गीकार गर्न पुगेको थियो ।

त्यसबेला नेपाली समाजलाई हेर्ने वैज्ञानिक दृष्टिकोण थिएन । 'संसार ईश्वरमै अडेको छ' भन्ने कपोलकल्पित ईश्वरवादी धारणाले समाजलाई गाँजेको थियो । कम्युनिस्ट आन्दोलनको आरम्भसँगै नेपालमा पहिलो पटक समाजलाई हेर्ने ऐतिहासिक भौतिकवादी दृष्टिकोणको आरम्भ भयो । पुष्पलालले नै ऐतिहासिक भौतिकवादी दृष्टिकोणमा समाजको अध्ययन, विश्लेषण र संश्लेषण गर्ने काम गरे । नेपाली समाजको स्वरूपलाई वैज्ञानिक तथ्यका साथ चिनाउने नेता पनि पुष्पलाल नै थिए ।

नेपाली समाजको वर्गविश्लेषण पुष्पलालको अर्को महत्त्वपूर्ण वैचारिक देन हो । वर्गहरूको भूमिका र तिनीहरूबीचका अन्तरविरोधको अध्ययन गर्दै उनले पहिलो पटक नेपाली समाजलाई हेर्ने द्वन्द्ववादी दृष्टिकोणको विकास गरे । उनको त्यही अध्ययनलाई आधार मानेर लामो समयदेखि नेपाली समाजको वर्गीय चरित्रको विश्लेषण गर्ने काम हुँदै आएको छ ।

नेपाली समाजको सामाजिक अन्तरविरोधलाई उजागर गर्ने काम पनि पुष्पलालबाटै भयो । सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवादसँग जनता र राष्ट्रका आधारभूत अन्तरविरोधहरू रहेका र ती अन्तरविरोधमध्ये आन्तरिक अन्तरविरोध नै प्रधान रहेको निचोड पुष्पलालले निकाले । त्यो अन्तरविरोध राजतन्त्र र जनताका बीचमा रहेको र जनताको आन्दोलनलाई राजतन्त्रका विरुद्ध केन्द्रित गर्नुपर्ने सार उनले प्रस्तुत गरेका थिए । उनले २००५ सालमा 'कम्युनिस्ट घोषणापत्र' को नेपालीमा अनुवाद गरे । त्यसको भूमिकामा पुष्पलालले लेखेको ऐतिहासिक लेख नै नेपाली समाजको पहिलो मार्क्सवादी विश्लेषण थियो । त्यस लेखमा पुष्पलालले नेपाली समाज, सामाजिक असमानता, शोषण उत्पीडन, वर्गीय-द्वन्द्व र वर्गीय-मुक्तिका विषयमा समेत विश्लेषण गरेका थिए ।

पुष्पलालले निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध कम्युनिस्ट र काङ्ग्रेस मिलेर संयुक्त जनआन्दोलनमा जानुपर्ने विचार अघि सारे । काङ्ग्रेसप्रतिको कम्युनिस्टहरूको नकारात्मक दृष्टिकोण र कम्युनिस्टप्रतिको काङ्ग्रेसको शत्रुतापूर्ण दृष्टिकोणकै कारण पनि पुष्पलालको विचारले उतिबेला महत्त्व पाउन सकेन । तर, उनको निधनको एक दशकपछि, उनकै अवधारणाअनुसार वाममोर्चा र नेपाली काङ्ग्रेसको संयुक्त नेतृत्वमा जनआन्दोलन सम्पन्न भयो । नेपाली राजनीतिमा संयुक्त जनआन्दोलनसम्बन्धी पुष्पलालको अवधारणा पनि उनको राजनीतिक व्यक्तित्वको एउटा महत्त्वपूर्ण पक्षका रूपमा रहेको छ ।

●●●

कम्युनिस्ट पार्टीमा सर्वाधिक महत्त्वपूर्ण नेता, जो सिद्धान्त, सङ्गठन र सङ्घर्षमा पनि प्रभावशाली छ, त्यो पार्टीभित्र अल्पमतमा पर्दैन । परिहाले पनि कुनै मुद्दामा अल्पमतमा पर्ला । त्यस्तो अल्पमतमा त बेलाबेलामा लेनिन र माओजस्ता नेता पनि परेका थिए, तर नेपालमा पुष्पलाल त्यसका अपवाद हुन् । उनी सबैभन्दा योग्य, चिन्तनशील र प्रभावशाली नेता भएर पनि अधिकांश समय अल्पमतमा पारिए । कतिपय अवस्थामा एक्लै पनि पारिए ।

अत्यन्तै कठिन स्थितिमा पुष्पलालले नेकपाको स्थापना गरेका थिए, तर पार्टी स्थापना गरेर त्यसलाई साङ्गठनिक र वैचारिक स्पष्टतासहित अगाडि बढाउन नपाउँदै उनीविरुद्ध नियोजित षड्यन्त्र सुरु भयो । पार्टीमा पुष्पलालका नीति-विचारलाई स्वीकार गर्ने, तर उनको नेतृत्वलाई अस्वीकार गर्ने परिस्थितिको निर्माण पुष्पलाललाई एक्ल्याउनकै लागि भएको थियो ।

नेकपाको स्थापना भएको दुई वर्ष पनि नपुग्दै, २००८ सालमा पहिलो सम्मेलनबाटै पुष्पलाललाई महासचिवबाट हटाएर 'सर्वसम्मति' को नाममा मनमोहन अधिकारीलाई महासचिव बनाइयो । शैलेन्द्रकुमार उपाध्यायलगायतको स्वार्थमा पुष्पलाललाई पार्टीमा एक्ल्याउने काम त्यहीँबाट सुरु भयो । २०१० सालमा सम्पन्न पहिलो महाधिवेशनबाट विधिवत् रूपमै पुष्पलाललाई पछाडि धकेल्न थालियो ।

२०१३ सालमा चिनियाँ कम्युनिस्ट पार्टीको आठौं राष्ट्रिय महाधिवेशनमा सहभागिताका लागि नेकपाका ३ जना प्रतिनिधि पठाउन निम्तो आयो । प्रतिनिधि छान्न केन्द्रीय समितिको बैठक बस्यो । महासचिव मनमोहन अधिकारी र शम्भुराम श्रेष्ठ निर्विरोध छानिए । पुष्पलाल र कमर साहबीच विवाद भई मतदान हुँदा एक मत बढी पाएर साहले जिते । पुष्पलाललाई नियोजित रूपमै हराइयो । मनमोहन अधिकारी चीन गएपछि नेकपाको कार्यवाहक महासचिव केशरजङ्ग रायमाझी बने । नेतृत्वको यही परिवर्तन नै नेकपाको विचलन र विखण्डनको जग बन्न पुग्यो । रायमाझी दरबारमुखी रुझानमा सुधारवादी ढङ्गले चल्न थाले । पार्टीभित्रको क्रान्तिकारी धारको नेतृत्व पुष्पलालले गरे । २०१४ सालमा सम्पन्न दोस्रो महाधिवेशनबाट नेतृत्वमा फेरि पनि रायमाझी नै चुनिए । २०१७ साल पुस १ को घटनालाई रायमाझीले 'स्वागत' गरे । पुष्पलालले त्यसलाई 'सैनिक आतङ्क' बताए । रायमाझीले पुष्पलाललाई 'उग्रवादी' भन्दै पार्टीबाटै निष्कासन गर्ने धम्की दिए ।

२०१९ सालमा सम्पन्न तेस्रो महाधिवेशनले तुलसीलाल अमात्यलाई महासचिव चुन्यो । महाधिवेशनमा पुष्पलालले विवाद नगरी एकताबद्ध भएर सङ्घर्षमा जाने प्रस्ताव गरे, तर उनले भनेजस्तो भएन । पुष्पलाल तुलसीलालप्रति असहयोगी बन्न पुगे । तुलसीलालको 'राष्ट्रिय प्रजातन्त्र' र पुष्पलालको 'नौलो जनवादी क्रान्ति' को लाइनका बीच 'कुन बाटो ?' र 'मूल बाटो' को 'विवादरहित विवाद' मा नफुट्नुपर्ने यी दुई नेता पनि फुटे, अथवा फुटाइए । यो घटना पनि पुष्पलाललाई एक्ल्याउने षड्यन्त्रकै एउटा शृङ्खला थियो ।

२०२५ सालमा भारतको गोरखपुरमा सम्मेलन गरी नेकपाको अर्कै केन्द्रीय कमिटी गठन गरेर पुष्पलाल महासचिव बने । केही समयका लागि उनी सङ्गठनात्मक दृष्टिले शक्तिशाली रहे, तर छोटो समयमै त्यसमा पनि विभाजनहरू भए । २०२९ सालमा उनले चौथो महाधिवेशन त गरे, तर असङ्ख्य नेता, कार्यकर्ता उनको पार्टी परित्याग गरेर अन्यत्र लागिसकेका थिए । यतिसम्म कि उनैले नेकपाका संस्थापक बनाएकाहरूले समेत उनलाई साथ दिएनन् ।

यसरी पुष्पलाललाई कहिले अरूले एक्लो पारे, कहिले आफैं एक्लै रहे । पार्टीभित्र गलत नेतृत्वको बहुमत रहेपछि उनी एक्लै हिँड्न पनि बाध्य बनेका देखिन्छन् । गलत व्यक्ति र विचारसँग सम्झौता गरेर हिँड्नुभन्दा सही विचारका साथ एक्लै हिँड्नु ठीक भन्ने मान्यता उनमा पाइन्छ ।

●●●

नेपालको वाम-प्रजातान्त्रिक आन्दोलनमा पुष्पलालको योगदान महत्त्वपूर्ण हुँदाहुँदै पनि उनको व्यक्तित्व हरहिसाबले विवादरहित भने रहेन । पुष्पलालले पञ्चायती व्यवस्थाविरुद्ध कम्युनिस्ट-काङ्ग्रेसको संयुक्त मोर्चाको विषयसँगै जोड गरे, तर वामपन्थी एकताको कुरालाई भने महत्त्व दिएनन् । तत्कालीन अवस्थामा पुष्पलालले आफूलाई कम्युनिस्ट आन्दोलनको केन्द्रीय व्यक्तित्वको रूपमा राख्न सक्नुपर्थ्यो, तर आफैंले स्थापना गरेको पार्टीमा उनी आफैंले पकड कायम गर्न सकेनन् । ठूलठूला निर्णयसमेत एक्लै गरेर पार्टीमा लागू गराउने प्रवृत्ति उनमा रह्यो । नेकपाको पहिलो पर्चामै 'नागरिक अधिकारका लागि लड' भनेर शङ्खघोष गर्ने पुष्पलाल संविधानसभाका निम्ति लड्दै आएका थिए । पुस १ को घटनापछि भने उनी विघटित संसद्को पुन:स्थापनामा लागे । त्यसपछि उनले संविधानसभाको कुरो कहिल्यै उठाएनन् । पार्टीमा क्रान्तिकारी नेतृत्व स्थापित गर्नका लागि अन्तरपार्टी सङ्घर्ष नै उपयुक्त पद्धति हुन सक्थ्यो, तर पुष्पलाल संशोधनवादी नेतृत्वविरुद्ध अन्तरपार्टी सङ्घर्ष चलाउनुको सट्टा आफैं पार्टी कङ्ग्रेस बोलाएर पार्टी गठन गर्नेतिर लागे । नेकपालाई विभाजित गरेको दोषबाट उनी आफैं पनि मुक्त रहन सकेनन् ।


आफ्नो जीवनकालमा सामान्य कमजोरीमा पनि धेरै निन्दा-अपमान बेहोर्ने नेता हुन्- पुष्पलाल । निन्दा-अपमानबाट उनलाई एक्ल्याउने र आफूलाई शक्तिशाली बनाउने सपना पनि केही कम्युनिस्ट नेताले देखे, तर त्यसरी पुष्पलाललाई एक्लो पार्न खोज्नेहरूको सर्मनाक हार भयो । एक्लै उभिएर पनि पुष्पलालले आफ्नो निन्दा-अपमान गर्नेहरूलाई पराजित गरे ।

पुष्पलाल आफैं अतिवादका विरोधी थिए, तर उनकै नाममा अतिवादी देखिए । पुष्पलाललाई आफ्नो निजी सम्पत्तिजस्तो ठानेर 'जे हुन् सम्पूर्णमा पुष्पलाल मात्र हुन्' भन्ने सकारात्मक अतिवाद र 'पुष्पलाल केही पनि होइनन्' भन्ने नकारात्मक अतिवादको चिन्तनबाट उनको ऐतिहासिक योगदानलाई महत्त्वहीन बनाउने प्रयत्नहरू पनि भए । तर, पुष्पलालका अगाडि त्यस्ता दुवैखाले अतिवाद पराजित हुन पुगे । पुष्पलाललाई अनेक आरोपमा गाली गर्ने र 'गद्दार पुष्पलाल' भनेर पुस्तक नै निकाल्नेहरू यति बेला उनैको प्रशंसा गाउने ठाउँमा आइपुगेका छन् । यही नै पुष्पलालको विजय हो ।

पुष्पलालको शक्ति भनेको विचार हो । उनी पार्टीका सफल नेताभन्दा पनि विचारमा सफल नेता हुन् । उनको व्यक्तित्वको निर्माण विचारबाटै भएको छ । पुष्पलालसँग जुन विचार थियो, त्यही विचारले उनलाई आजसम्म अपरास्त बनाएको छ । राजनीतिमा एक्लै हिँडेर पनि आफ्ना विरोधी र आलोचक जति सबैलाई पछार्दै विजेता बन्न सक्नु असाधारण कुरा हो ।

सामान्य नेता आन्दोलनबाट जन्मिन्छन् । विशिष्ट नेताले आफैं आन्दोलन जन्माउँछन् । पुष्पलाल आन्दोलन जन्माउने नेता थिए । इतिहासले साबित गरिसकेको छ- नेपाली कम्युनिस्ट आन्दोलनको प्रवर्तनको श्रेय उनमै छ । नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास पुष्पलालको नामबिना लेखिन सक्दैन । उनी नेपाली कम्युनिस्ट आन्दोलनका इतिहासपुरुष हुन् ।





# म महान् बन्न सक्दिनँ – रूपा !

रूपा सुनारले खेपेको जातीय विभेदको घटना प्रकाशमा आएपछि कवि भूपाल राईलाई बोध भयो- उनीभित्र पनि एउटा दमित घाउ कतै दुखिरहेको रहेछ । करिब ४५ वर्षअघि राईले भोगेको विभेद र त्यस विभेदको 'ऐया' माथिको एक टिप्पणी :



दलन-दृष्टि
भूपाल राई



रूपा अर्थात् रूपा सुनार !

यो समयको एउटा प्रतिवादी नाम, जसले खेपेको जातीय विभेदको घटनाले यतिबेला काठमाडौं खाल्डो तरंगित छ । काठमाडौंजस्तो महानगरी जहाँ भित्रभित्रै नजाने कति विभेदजन्य घटना हुने गर्थ्यो, तर दृश्यमा अक्सर देखिँदैनथ्यो । यस पटक यही महानगरीमा यो घटना यस्तरी देखिने गरी आयो, जसले पुष्टि गर्‍यो कि दूरदराजको कुनै साँघुरो समाजभन्दा काठमाडौं कम घातक छैन । महानगरीको नाममा यसले पालिरहेको आडम्बर यस पटक सडकमा पोखिएको पानीझैं छताछुल्ल हुन पुग्यो ।

तर, पानी काठमाडौंको सडकमा मात्रै पोखिएन, मौजुदा समयमा स्थायी/अस्थायी बसोबास गर्ने यसभित्रका प्रत्येक मान्छेको सोचमा समेत छताछुल्ल हुन पुग्यो । प्रत्येक मानिस, जो कथित वर्ण सोपानको तल्लो तहमा छन्, उनीहरू यतिखेर जीवनमा आफूले भोग्नुपरेका विभेदका अनेक घटना सम्झिरहेछन् । विभेदग्रस्त मानिसका अनेक अतीतकथाहरू धमाधम दृश्यमा आउन थालेका छन् । अतीतको विस्मृत घाउ कोट्याउने यो क्रममा यतिखेर म आफैं पनि लामबद्ध छु । यो घटनाले मलाई पनि आफ्नै सुदूरअतीतको एक विभेदजन्य क्षण एकाएक सम्झाइदिएको छ । झट्ट सुन्दा सामान्य लाग्छ रूपाको यो कोठा प्रकरण- काठमाडौंका प्रधान थरको कुनै एक घरमा रूपाले डेरा माग्नु । घरबेटी सरस्वती प्रधानले पहिले सहज रूपमा डेरा दिनु । तर, रूपाले आफू कामी (दलित) की छोरी भएको तथ्य नढाँटेपछि दिइसकेको कोठा फेरि जातकै आधारमा नदिनु । एकदम सामान्य । त्यस्तो सामान्य, जो सदासर्वदा भइरहेको छ हाम्रो समाजमा, हाम्रै वरिपरि । अभ्यस्त भइसकेका छौं हामी यस्ता सामाजिक प्रकरणहरूबाट । तर, सुन्दा सामान्यजस्तो लाग्ने यो घटना जब रूपासँगै पुग्यो प्रहरी प्रशासनमा तब एक्कासि यो सोचेजस्तो सामान्य छैन भन्ने बोध हुन गयो । यस्तो घटना जसले मान्छेको आत्मस्वाभिमानमाथि ठेस पुर्‍याउँछ वा मानवीय न्यायकै धज्जी उडाउँछ, त्यसलाई सामान्य मान्नु साँच्चै गल्ती हुन जान्छ । जातीय भेदभावको हतियारले मान्छेमान्छेबीचमा कहिल्यै नमेटिने विभेदको रेखा कोर्ने मानवताविरोधी कर्मलाई सधैं भइरहने घटना मानेर साधारणीकृत गर्नु अपराधपूर्ण हुन जान्छ ।

घटनाले केही यस्ता भावोद्वेग र उद्वेलनपूर्ण विचारहरू सतहमा ल्याइदियो जुन यसभन्दा अगाडि विरलै भएको थियो । पहिलो त यसले माथि भनेजस्तै विभेदमा परेका प्रत्येक व्यक्तिलाई आफ्नो दमित पहिचानप्रति सम्मानभाव प्रदान गर्‍यो । प्रत्येकलाई आफू कहाँ, कसरी, कस्तो विभेदबाट गुज्रिनुपरेको थियो, त्यसको पुनरवलोकन गर्ने ठाउँ दियो । दोस्रो, सधैं भइरहने घटना जो यसभन्दा अगाडि सामान्य लाग्थ्यो, त्यो सधैं सामान्य भइरहँदैन भन्ने पुष्टि भयो, जसलाई व्यक्त गर्न एक न एक दिन कुनै न कुनै रूपा सुनारले जन्मिनै पर्थ्यो । र, तेस्रो, विभेदपूर्ण समाजमा विभेदलाई नै लिएर समाज विभाजित अवस्थामा हुन्छ । त्यहाँ एउटा यस्तो वाचाल पक्ष पनि हुन्छ, जसको सजातीय सत्ता विभेदकै जगमा टिकेको हुन्छ र ऊ हमेसा त्यसैको रक्षार्थ उभिन्छ । यसकारण कि उसलाई लाग्छ, उत्पीडनको लगाम उसको हातबाट छुट्यो भने जन्मिँदै प्राप्त विशेषाधिकारको घोडाबाट उसले अवश्य झर्नुपर्छ ।

माथि नै संकेत गरिसकियो । फेरि पनि दोहोर्‍याउँ । कहिलेकाहीँ सामान्यजस्तो लाग्ने मनोवैज्ञानिक घटना पनि यति चोटिलो हुँदो रैछ, त्यसले सुदूरअतीतको विस्मृत घाउलाई एकाएक ब्युँझाइदिँदो रैछ । मलाई पनि ठीक त्यस्तै भयो । यसले मलाई एक्कासि मेरो बालापनमा लगेर पछारिदियो, जतिखेर म एक सुदूर गाउँको एक हाइस्कुलको विद्यार्थी थिएँ । ठीक त्यही बेला ममाथि पनि त्यस्तो अकल्पनीय घटना भएको थियो, जसलाई अहिलेको भाषामा जातीय विभेद भनिन्छ । 'भनिन्छ' - किनभने उतिबेला प्रतिकारमा उत्रिने विषय त परै जाओस्, मलाई यो पनि थाहा थिएन कि त्यहाँ के भइरहेको थियो ? यसरी थाहै नपाई हाम्रो समाजले हामीलाई दण्डित गरिरहेको हुँदोरैछ । यद्यपि नेपाली समाजमा जात व्यवस्थाअनुसार हुने विभेदको तह उस्तै छैन, तथापि त्यसले दिने मनोवैज्ञानिक चोट कसैको पनि सानो हुँदैन । आजभन्दा लगभग ४५/४६ वर्षअगाडिको त्यो अबोध बालवयको घटनालाई व्यक्त गर्ने यतिखेर मसँग ठीकठीक शब्द छैन । एक दुस्वप्नजस्तै मैले लगभग त्यसलाई बिर्सिसकेको थिएँ । एक्कासि रूपा सुनारको घटना सतहमा आएपछि मात्रै मलाई बोध भयो, अझै पनि मभित्र त्यो दमित घाउ कतै दुखिरहेको रैछ । त्यही दुखाइ आज अरू सबै दुःखहरूसँग साझेदारी गर्न म यहाँ फेरि बाँड्न गइरहेछु ।

●●●

आफ्नो कथा भन्नुअघि रूपा सुनारसँगै जोडिएको एउटा सानो घटना राखिहालूँ । घटनाले निकै ठूलो तरंग ल्याएपछि मैले आफ्नो फेसबुकमा एउटा संक्षिप्त धारणा सम्प्रेषण गरेको थिएँ । त्यो जुन २३ तारिखको बेलुकीपख थियो, जसको मजबुन जम्माजम्मी यस्तो थियो, 'समयको हजार दलदल टेकेर उभिएको रूपा सुनार साहसको एउटा खुट्टा हो । एउटा आन्दोलन हो । ऊ यतिखेर जातीय विभेदको फोहोरी दलदलसँग लडिरहेछ । उसलाई समयको बयलगाडे पहियाँको जिम्मा लगाएर एक्लो नछाडौं । समयलाई क्रमभंग गर्ने अरू हजार खुट्टाको आड दिऊँ ।' अनेक सहभाव र सह-अनुभूतिजन्य कमेन्टहरूको साथमा केही मिश्रित टिप्पणीहरू पनि आउने क्रम जारी थियो । यही क्रममा भित्तामुनि अनायास एउटा कमेन्ट खस्यो, 'तपाईंजस्तो महान् मान्छेले यस्तो जातीय कुरा गर्न सुहाउँछ र... ?'

टिप्पणीले मलाई अचानक एकछिन घोत्लिन बाध्य बनायो । यद्यपि त्यसले मलाई 'महान्' करार गरेको थियो, तर त्योभन्दा बढी यसले मलाई सोचनीय बनायो कि टिप्पणीकारको नामसँग कथित उच्च जातीय 'अधिकारी' थर जोडिएको थियो र झट्ट हेर्दा ऊ पढालेखाझैं लाग्ने एक युवक थियो । एउटा उच्च जातधारी नाम, त्यो पनि शिक्षित युवक ! मलाई यसले अनेक प्रश्नबीच खडा गरिदियो । किन एक युवकलाई नेपाली समाजमा व्याप्त जात व्यवस्थाको विकारले छोइरहेको छैन ? किन ऊ विभेदको यत्रो ज्युँदो तथ्यमाथि निस्पृह छ ? किन ऊ समानताको न्यायपूर्ण आवाजमा जातीय द्वन्द्व भड्किने खतरा देख्छ ? त्यस्तो कुन कारखाना छ, जहाँबाट दिनानुदिन यस्ता विचारहरूको उत्पादन भैरहेछ ? मलाई यी प्रश्नले केही तथ्यको उद्घाटन गर्न उद्यत गरायो ।

अनौठो यो छ कि दसवर्षे माओवादी जनयुद्धको दौरान मत्थर हुन गएको जातीय विभेदको विषयले गणतन्त्रकालमा फेरि एकाएक शिर उठाउन पुग्यो । यो पछिल्लो तीन साढे तीन वर्षको दर्म्यानमा त झन् यस्तो भयो कि दलितद्वेषी केही अकल्पनीय घटनाले इतिहासका सारा विद्वेष र विभेदको रेकर्ड तोड्यो । तथ्य र तथ्यांकले के भन्छ थाहा छैन, तर सामाजिक सञ्जालहरूमा छेडिएको जातीय युद्ध देख्दा यस्तो लाग्छ, साराका सारा उच्च जातीय भनिने असहिष्णु युवा जत्थाहरूको उत्पादन यही समयमा हुन गएको छ । आखिर यस्तो किन भैरहेछ ? मलाई लाग्छ, यसका दुई-तीनवटा कारण छन् ।

पहिलो हो, राजनीतिक आन्दोलनको कर्मकाण्डीय चरित्र । २००७ सालदेखि यताका जुनसुकै राजनीतिक आन्दोलनलाई हेरौं, ती सबैले अंशअंशमा मात्रै आफ्ना मुद्दा पूरा गरेका छन् । प्रत्येकले थोरै लिएर धेरै छाडेका छन् । हरेकले सामाजिक न्याय र सांस्कृतिक रूपान्तरणको मुख्य मुद्दालाई नजरअन्दाज गरेका छन् । एक किसिमले प्रत्येकले आफ्नो समयको कर्मकाण्ड मात्र पूरा गरेका छन् । अरू त अरू २०५२ को माओवादी 'जनयुद्ध' मा समेत यो कमजोरी दोहोरिएको देखियो । यद्यपि यो नै त्यस्तो युगीन राजनीतिक परिघटना थियो, देशकै इतिहासमा यस्तो परिघटना न कहिल्यै घटित भएको थियो न कहिल्यै फेरि हुनेछ । यो कालभरि जातीय भेदभावका घटनाहरू धेरै मत्थर भएको पनि हो । किनभने सारा उत्पीडित दमित तह र तप्कालाई गुमेको उनीहरूको स्वत्व र मूल्यको अवोध यही राजनीतिक परिघटनाले प्रदान गरेको थियो । तर, यसमा पनि एउटा ठूलो अपुग या अपूर्णता रहन गयो । राजनीति भनेको आर्थिक आधार र सांस्कृतिक धुरीहरूको गठजोड हो भन्ने यसले पनि बिर्स्यो । त्यसैले यसले पनि आफूसँगसँगै वा आफ्नो समानान्तर सांस्कृतिक अभियानको आयामलाई छुटाउन पुग्यो । त्यही सांस्कृतिक आयामको अपूर्णताले मानिसहरूभित्र जड भएर बसेका पुराना मूल्य र जर्जर मान्यतालाई यसले चिर्न सकेन । केहीकेही राजनीतिक कित्ताका उपरिसंरचनाहरू बदलिए पनि मानिसभित्रको जडता र अन्तरसोचलाई यसले बदल्न सकेन । फलतः जब माओवादी जनयुद्ध सेलाउन पुग्यो, त्यतिन्जेलसम्म क्षणिक दबाबका कारण ढुंगाको कापमुनि लुकेर बसेको भ्याउझैं उच्चजातीय अहंकारले एकाएक टाउको उठाइहाल्यो । रुकुम चौरजहारीको नरसंहार यसैको परिणाम थियो । अजित मिझारलगायतका अनेक दलित सफाया र बलात्कार काण्डहरू यसैका द्योतक हुन् ।

दोस्रो हो, राज्यसत्तामा वर्ण उत्थानको अभ्यास । तथ्यांकले बताउँछ, पञ्चायती व्यवस्थाको अवसानपछि जातीय भेदभाव घट्दै जानुपर्ने र जातीय समावेशिताको क्षत्रफल खुकुलो हुँदै जानुपर्नेमा त्यो झन् कसिलो हुँदै गयो । पृथ्वीनारायण शाहको पालादेखि पञ्चायतकालसम्म राज्यसत्ताको अविच्छिन्न दोहन वर्णव्यवस्थाको दोस्रो धुरीले गर्थ्यो भने त्यसपपछि (प्रजातन्त्रको पुनर्बहालीपछि) त्यो सुअवसर एक्कासि उपल्लो वर्णको हातमा सर्‍यो । अर्थात् त्योभन्दा अगाडि राज्यसत्ताको हालीमुहाली वर्णको हिसाबले क्षत्रीहरूले गर्थे भने त्यसपछाडि ब्राह्मणहरूले गर्न थाले । भर्खरैको कुरा गरौं- पछिल्लो कालमा तत्कालीन प्रधानमन्त्री केपी ओलीको हातमा राज्यसत्ताको लगाम पुगेपछि पनि यो समस्याले निरन्तरता पाइरह्यो । जस्तो : उनले कोभिडको महामारीमा जीवन र मृत्युसँग जनता लडिरहेका बेला ठोरीमा अयोध्याको उत्खनन गरे । माडीमा राम मन्दिरको कालिगडी गरे । पशुपतिमा ३० करोडको जलहरी फहराए । जातीय विभेद अन्त्य गर्नुपर्नेमा प्रधानमन्त्री ओलीका क्याबिनेट मन्त्री आफैंले जातीय विभेदको आरोपमा थुनामा परी मुक्त भएकी महिलालाई झन्डावाल गाडीमा घरसम्म पुर्‍याए । यो एक अस्वाभाविक घटना थियो ।

> आफैंमाथिको अत्याचार सहँदै, मौनता साँधेर अरू थप अत्याचार हेरिरहनु महान् हुने मार्ग होइन । महान् हुनका लागि समयको हजार दलदल टेकेर उठ्ने साहस गर्नैपर्छ, जुन दिशातर्फ यतिखेर रूपा सुनारको कदम अग्रसर छ ।

तेस्रो हो, 'स्वामी' वा 'स्वामित्व' भावको अपरिवर्तनीय मोह । वर्ण व्यवस्थाको कथित सर्वोच्च तहको वर्णले बाँकीलाई अधीनस्थ राखिराख्नका लागि 'स्वामी' वा 'स्वामित्व' भावको सिद्धान्त स्थापित गरेको छ । आफूलाई स्वामीको वर्चस्वशाली आसनमा विराजमान गराएर र अरूबाट सबैथोक खोसेर उनले आफ्नो अकण्टक स्वर्ग बचाइराखे । यो भनेको आफू मालिक र अरू सब सेवक हुनु हो, जो सर्वदा अपरिवर्तनीय छ । मालिकत्व या बञ्चनाको यो सिद्धान्त उनले तहअनुसार व्यवस्था गरेका छन्, जसको सबभन्दा ठूलो मारमा दलितहरू परेका छन् ।

मानिसको व्यक्तिगत स्वतन्त्रता र अधिकारजन्य विषय प्रकृति र प्राकृतिक स्रोतसँग जोडिएको हुनाले उनले सबभन्दा पहिले प्रकृतिको साझा अवधारणामाथि प्रहार गरेको छ । उनले प्रकृतिलाई अनधिकार रूपले आफ्नो स्वामित्वमा पारेका छन् । उनले सबैभन्दा पहिले दलितहरूको हातबाट पानी खोसेका छन् । त्यसपछि माटो (जमिन) खोसेका छन् । वनजंगल, चउर, सार्वजनिक स्थल सबैबाट वञ्चित गरेका छन् । भारतमा धेरै पछिसम्म त्यहाँका अछुत हरिजनहरूलाई बेलुकी पाँच बजेतिर बाहिर निस्कन निषेध गरिएको थियो । किनभने पाँच बजेको तेर्सो घाममा मान्छेको छाया लामो हुन्थ्यो । कदाचित हरिजनहरू बाहिर निस्किए उनीहरूको छायाले मालिकहरूलाई छुन सक्थ्यो । त्यसले मालिकहरूलाई अपवित्र बनाउन सक्थ्यो । यसरी दलितहरू घामबाट पनि वञ्चित थिए । किनभने घाम पनि मालिकहरूको आफ्नो थियो । अर्थात् सारा प्रकृति मालिकहरूको एकल स्वामित्वमा थियो । यसरी सम्पूर्ण प्रकृति र प्राकृतिक स्रोतबाटै वञ्चित भएपछि दलितहरू जातभात, चुल्हाचौका, मठमन्दिर आदिबाट वञ्चित रहनु स्वाभाविक थियो ।

सबभन्दा अनौठो त यो छ कि स्वामित्वको यो सिद्धान्त बिलकुल अपरिवर्तनीय छ । कहिल्यै तलमाथि नहुने, नबदलिने, जसको जगमा हिन्दु धर्मको सार्वकालिक झन्डा फहराएको छ । र, अर्को अनौठो के छ भने यो नियम लगभग तीन हजार वर्षअगाडिदेखि निरन्तर चलिआइरहेको छ । तब प्रश्न उठ्छ, तीन हजार वर्षभन्दा पुरानो त्यो अपरिवर्तनीय स्वामित्वको मोहलाई त्यति सजिलै कसले त्याग्न सक्छ ? अझ, त्योभन्दा पुरानो छुवाछुतमा आधारित हिन्दु धर्मको जग भत्काउन कसले सक्छ ?

मलाई लाग्छ, माथि वर्णित बाहमण युवा (टिप्पणीकार) यही हिन्दु उच्चजातीय कारखानाको पछिल्लो उत्पादन हो, जसले मेरो फेसबुक आग्रहलाई जातीय विग्रहको लेपन दिन खोजेको छ । यसैबाट अनुमान गर्न सकिन्छ कि पछिल्लो नेपाली राज्यसत्ताले कस्तो युवा पुस्ताको उत्पादन गरिरहेको रैछ ! या त्यसले कस्तो विचारलाई संरक्षण गरिरहेको रैछ ! र, यस्ता उत्पादनहरूको बीचमा रूपा सुनारले रोप्न खोजेको बीउको जगेर्ना कसरी गर्न सकिन्छ ?

●●●

अब जाऊँ आफ्नै कथाको सुदूरअतीततिर । सुदूरतिर जानुअघि थोरै दूरको धागो तान्दै अगाडि बढूँ ।

२०५८ जेठ महिनातिर भोजपुर सदरमुकाममा 'भोजपुर महोत्सव' नामक बृहत् कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमले भोजपुरमा जन्मिएर दशकौं नफर्किएका केही पाका व्यक्तित्वलाई आफू जन्मिएको माटो टेक्ने सुअवसर जुराइदिएको थियो । म आफैं पनि झन्डै दशकपछाडि आफ्नो जिल्ला फर्किएको थिएँ । सिरान बजारमा अवस्थित गेस्टहाउसमा जुराइएको थियो मेरो बास । एक बेलुकी सुत्ने बेला मेरो कोठामा आएर एक जना कविले गफैगफमा मलाई भने, 'तपाईंमा अवश्य कुनै न कुनै इन्फेरियर कम्प्लेक्सिटी छ ।' त्यसो भन्नुको कारण त उनले खोल्न चाहेनन्, तर मलाई लाग्छ– नयाँ सम्बन्धहरूसँग हत्तपत्त सहज बन्न नसक्ने र अपरिचित माहोलहरूबाट भरसक टाढै रहन चाहने मेरो अलगाव-भाव देखेर उनले त्यसो भनेको हुनुपर्छ ।

मैले जवाफमा भनें, 'अवश्य । मसँग कुनै न कुनै हीनताभाव व्याप्त छ । तर त्यो जात व्यवस्थाले निर्माण गरेको एक खालको हीनताबोध हो । मभित्र कुनै दिन आफैंमाथि हुन गएको जातीय विभेदको चर्को असर छ ।'

मेरो जवाफले कवि छक्क परे । किनभने म थिएँ किराती समुदायको एक सदस्य (किराती जाति हिन्दु वर्ण व्यवस्थाभित्र पर्दैन । तर, योभित्र पनि वर्ण विकारको बाह्य अभ्यास सरिसकेको छ, जुन बहसको छुट्टै विषय हो) । र, उनलाई लाग्यो होला ममाथिको विभेदको कुरा अतिरञ्जित छ । त्यसैले छक्क पर्दै उनले भने, 'कसरी ?'

त्यो 'कसरी' ले खोजेको दुर्दान्त कथा मैले त्यो बेलुका दोस्रोचोटि एक कविलाई सुनाएँ । पहिलोचोटि २०४८ असोज १३ को साप्ताहिक 'छहरा' को आफ्नो नियमित स्तम्भमा मैले त्यसबारे लेखिसकेको थिएँ । आज म तेस्रोचोटि खाटा बसिसकेको त्यो कथा फेरि यहाँ कोट्याउन गइरहेछु ।

●●●

लगभग चार साढे चार दशकअगाडि, मुस्किलले १२/१३ वर्षको एक अबोध केटो । दुनियाँको उहापोह नदेखेको । उँच-नीच नजानिसकेको । समाजको मानवनिर्मित तह र तहगत व्यवस्थाको जटिलता नबुझेको अबोध बालक । भोजपुर जिल्लाको पूर्वी क्षेत्र, याकु बिर्ता गाउँको विश्वप्रेमी नामको पुरानो हाइस्कुल । ऊ त्यही स्कुलको आठौं कक्षाको विद्यार्थी । आफ्नो समयको एक जेहेनदार विद्यार्थी । सार्वकालिक फस्ट ब्वाई ।

सदरमुकाममा जिल्लाव्यापी अन्तरविद्यालयीय हाजिरीजवाफ प्रतियोगिता चलिरहेको थियो । त्यसका लागि स्कुलका तीन-चार जना अन्य विद्यार्थीसँगै उसको नाम पनि छनोटमा पर्न गयो । ऊ पहिलोचोटि त्यस स्कुलको विद्यार्थीको हैसियतमा सदरमुकाम रमाना भइरहेको थियो । अभिभावकत्वका लागि साथमा खटिएको थियो विद्यालयबाट पत्याइएको एक पाको र अनुभवी शिक्षक- विशुद्ध धर्म-कर्ममा आस्था राख्ने दिङ्ला गाउँतिरको एक चोखो ब्राह्मण । सबैले उसलाई गुरु भनेर बोलाउने गर्थे, जसले कक्षामा संस्कृत र नेपाली पढाउँथ्यो । दिङ्ला देशभरिकै पहिलो शैक्षिक संस्था षडानन्द संस्कृत विद्यालय रहेको प्रख्यात गाउँ । सम्भवतः त्यही संस्कृत विद्यालयको एक शैक्षिक र सांस्कृतिक उत्पादन थियो त्यो केटोको गुरु । उर्फ त्यो दिनको अभिभावक ।

स्कूलबाट लगभग ७/८ घण्टाको दूरीमा छ सदरमुकाम । एक दिनमा मज्जाले काट्न सकिने दूरी हो यो । तर त्यो दिन जाँदाजाँदै बाटैमा रात पर्न गयो । त्यसैले सदरमुकामदेखि ठीक पारिपट्टिको मुलाबारी ओरालोको कुनै घरमा बास बस्नुपर्‍यो । घर कसको थियो ? बेलुकी खाना कसरी पाक्यो ? त्यस्तो कुनै सम्झना छैन त्यो अबोध केटोलाई । खाना खाइसकेपछि घरको मझेरीमा सामूहिक ओछ्यान मिल्यो । सबै लहरै सुत्ने भए । एक किसिमले सब ठीकठाक थियो ।

तर जब सबै झकाउन लागेका थिए, थाकेका कलिला विद्यार्थीहरू लगभग निदाइसकेका थिए, एक्कासि त्यहाँ त्यस्तो घटना हुन पुग्यो जुन कसैले कल्पनै गरेका थिएनन् । अचानक उही मान्यवर गुरु जुरुक्क उठेर चिच्याइरहेको थियो, 'ए केटा हो ! उठ, उठ... !'

जर्‍याकजुरुक उठेर आँखा मिच्दै कसैले सोध्यो, 'के भयो गुरु ?'

एक छिनपछि टुकी बल्यो । टुकीको दोछायामा छेउमा बसिरहेको त्यही अबोध केटोलाई देखाउँदै गुरुले भन्यो, 'लौ अधर्म भयो । यो केटो मेरो छेउमा सुतिरहेको रैछ । त्यो पनि दाहिनेपट्टि । मेरो दाहिनेतिर सानो जातले सुत्न मिल्दैन । लौ केटा हो ओछ्यान बदल... !'

गुरुको त्यस्तो गुरुत्ववाणी सुनेर सबैले तँछाडमछाड गर्दै आ-आफ्नो ओछ्यान बदले । बदलिएको ओछ्यानबाट एकाएक त्यो केटाको ओछ्यान हरायो । जाडोको महिना । कुनै परित्यक्त अपराधीझैं बाहिर सिकुवामा एक्लै पल्टिन ऊ बाध्य भयो ।

त्यसपछि ऊ रातभरि निदाउन सकेन । जात व्यवस्थाको सानोभन्दा सानो संकेतसम्म थाहा नपाएको उसको कलिलो दिमागमा पहिलोचोटि जातीय विभेदको बीउ रोपिएको थियो । उसले के गल्ती गरेको थियो ? बिलकुल अनजान थियो ऊ । मात्र कुनै अदृश्य गल्ती गरेबापत दण्डितजस्तै, कुनै गहिरो अपराधबोधले ऊ रातभरि छटपटाइरह्यो ।

के कसैले अनुमान गर्न सक्छ ? त्यो कलिलो केटोको निरपराध दिमागले त्यो एक्लो रातभरि अरू के के सोच्यो होला ? या त्यो एक रातको आकस्मिक घटनाले उसको सुदूरभविष्यमाथि कस्तो असर छाड्यो होला ? अथवा त्यो एउटा वज्रपात, जुन एउटा बाल मनोविज्ञानमाथि अकस्मात खसेको थियो, त्यसको क्षतिपूर्ति दिने बहादुर को होला ?

यी जटिल प्रश्नको उत्तर त्यो परित्यक्त केटाले आजसम्म पाएको छैन । त्यो अबोध र अनजान बालक, जो आज आफ्नो जीवनको प्रौढावस्थामा छ, त्यो केटो अरू कोही थिएन, म थिएँ ।

●●●

आफ्नो निधारमा 'इन्फेरियरिटी' को छप्पा लागेको यत्तिका वर्षपछि आज म सोचिरहेछु, वास्तवमा त्यो कवि शतप्रतिशत सही थियो । किनभने मुलाबारीको त्यो एक रातले दिएको प्रथम उपहार मैले धेरै दशकसम्म बोकेर हिँड्नुपरेको थियो । धेरै पछिसम्म मलाई यस्तो लाग्थ्यो, हरेक मोडमा भेटिएका सजातीय अनुहारहरू त्यही गुरुका अवतार हुन् । लाग्थ्यो, म उनीहरूभन्दा जन्मजात कमजोर छु । उनीहरूभन्दा म हरतरहले नजान्नेछु, अबुझ छु । यस हीनभावनाले मलाई पछिसम्मै क्षुब्ध बनाइरह्यो । वितृष्णा पैदा गराइरह्यो । मलाई 'गुरु' भन्ने शब्दबाटै मोहभंग भएको थियो । भित्रभित्रै म तर्सिन्थेँ र उनीहरूबाट टाढा भाग्न खोज्थेँ । अब सोचौं, मुस्किलले चार या पाँच सय वर्षअघिको सेनकालदेखि अथवा खासगरी पृथ्वीनारायण शाहको अतिक्रमणपछि भेदभावको अभ्यासमा पर्न थालेको मेरो जातिलाई एउटा सानो विभेदको घटनाले त्यत्रो मानसिक यन्त्रणा दिन्छ भने तीन हजार वर्षदेखि अविच्छिन्न विभेद खेपिरहेका रूपा सुनारहरू कसरी बाँचिरहेका होलान् ? अथवा हजारौं वर्षदेखिको वञ्चिती र मानसिक यन्त्रणाको बावजुद पनि एउटा समुदाय बाँचिरहेछ- के यो सानो परिघटना हो ? किन हामीलाई एउटा सिंगो मानव समुदायमाथिको अमानवीयताले छुँदैन ? किन हामी रूपा सुनारको त्यो सानो प्रतिरोधलाई तीन हजार वर्षको दलदलबाट उठेको पीडाको आवाज ठान्दैनौं ?

जातवादी समाजको गजुरतल्ले संरचना यस्तो एउटा नियोजित संरचना हो, जसले समाजलाई त तह तहमा विभाजित गरेकै छ, त्यसले तहअनुसारको पीडालाई पनि विभाजित गरेर राखेको छ । हामी आफूमाथि पर्न गएको विभेदबाट क्षुब्ध त हुन्छौं, तर आफैंले गरेको विभेदबाट गर्व पनि गर्छौं । उपल्लो स्थानमा विराजमान कथित एउटा तहबाहेक तलका तीनै तहले एक अर्काको उत्पीडनलाई चिन्दैनन् । आफ्नो ठान्दैनन् । यो नियोजित र विभाजित संरचनाको खाकाले कसैलाई एक हुन दिएको छैन । कसैले कसैको उत्पीडनलाई साझा मान्दैन । त्यसैले हामी सोच्छौं, सम्पूर्ण विभेदविरुद्ध जुध्ने एकल जिम्मेवारी केवल रूपा सुनारको हो । र, साथसाथै यो पनि सोच्छौं कि ऊसँग जोडिएको कोठा प्रकरण खासमा घरधनीको नितान्त निजी मामला हो । तर, हामीले बुझ्नुपर्छ, विभेद जुन जातको आधारमा गरिन्छ, त्यो व्यक्तिले गरे पनि हजारौं वर्षदेखिको शृंखलामा भइरहेको छ । तीन हजार वर्षअघिदेखि संस्थागत रूपले चलिरहेको जातीय विभेद त्यो चाहे जसले गरोस् निजी हुँदैन संस्थागत हुन्छ, साझा हुन्छ । र, साझा मुद्दामा लड्नका लागि साझा जिम्मेवारी हुन जान्छ । त्यसैले रूपा सुनारको प्रतिरोध अरू कुनै समुदायको विरुद्धमा हो भन्नु गल्ती हुन जान्छ ।

अब म यहाँ 'महानता' को त्यो भाष्य र त्यसको भाष्यकारलाई पुनः एकचोटि सम्झिन चाहन्छु, जसले फेसबुकमा मलाई महान् करार गरेको छ । तर, म बुझ्छु उठिरहेको मुद्दालाई विषयान्तर गर्ने यो एउटा गज्जबको तरिका हो । जात व्यवस्थाको गजुरमा बसेका उनीहरू चाहन्छन् यस्ता मुद्दाहरू भरसक उठ्दै नउठून् । उठिहालेछन् भने पनि जातीय द्वन्द्वको त्रास फैलाएर तिनलाई निस्तेज पार्न सकियोस् । यदि यी दुवै तरकिब काम लागेनन् भने मजस्ता चिन्तित चित्तहरूलाई महानताको ट्याग भिराएर चुप लगाउन सकियोस् । चुप लगाएर मुद्दाहरूको 'टोन डाउन' गर्न सकियोस् । तर, भाष्यकारलाई थाहा हुनुपर्छ, चुप लागेर महान् भइँदैन । आफैंमाथिको अत्याचार सहँदै, मौनता साँधेर अरू थप अत्याचार हेरिरहनु महान् हुने मार्ग होइन । महान् हुनका लागि त समयको हजार दलदल टेकेर उठ्ने साहस गर्नैपर्छ, जुन दिशातर्फ यतिखेर रूपा सुनारको कदम अग्रसर छ ।

अन्त्यमा, यो मेरो अहोभाग्य हो, मैले आफ्नो दमित कथा यसरी फेरि सुनाउने अवसर पाएँ । यद्यपि रूपाको ताजा घटना र मेरो विस्मृत घटनाबीच समय र सन्दर्भ भिन्न होला । तर, म जान्दछु विभेदको 'ऐया' समान छ । र, म यो पनि जान्दछु कि यो अवसर त्यत्तिकै जुरेको छैन । यसका लागि रूपा सुनारको ठूलो योगदान छ । त्यसो त रूपाको कदम अब त्यो महानताको मोडतिर मोडिइसकेको छ । तर, म त्यो टिप्पणीकारले सोचेजस्तो महान् छु कि छैन ? मलाई थाहा छैन । मात्र यति थाहा छ- उसले चाहेजस्तो भइदिएर, हमेसा चुप लागिदिएर, कुनै उपबुज्रुक बन्ने सर्तमा म महान् बन्न सक्दिनँ । हो, म त्यस्तो महान् बन्न कदापि सक्दिनँ ।

## बीपीको अप्रकाशित कविता



बीपी कोइराला

'मसँग के भयो' भन्ने कुराको सम्झनामा
बाँचिरहने भनेको विगत मात्र हो, र वर्तमान
त्यसैको सम्झना हो ।
या, म भनूँ, बितेर गएको दिनको अनुभव
हामी स्मृतिमा ल्याउँछौं
राति देख्ने सपनाहरूमा, जुन वर्तमान हो
तथ्य विगतको कुरा हो, वर्तमान भन्नु कल्पना हो
आजको रातले नै अस्तित्वको गद्य पल्टाउँछ
गद्य विगत हो, कविता वर्तमान हो
श्यामश्वेत रङमा खिचिएको वास्तविक
तस्बिरको रङलाई
सम्झनाले पुनरूत्पादन गरिदिन्छ
स्वप्नदर्शी अलप होइदिनु हो भने वर्तमान नै
अलप हुनेछ ।

●●●

हामी दुईपल्ट बाँच्छौं
एकपल्ट हामी पाइतालामा बाँच्छौं
र फेरि घर्षणमा
हामी एकपल्ट गद्यमा बाँच्छौं
अनि फेरि कवितामा
हामी विगतमा बाँच्छौं
र पुनः वर्तमानमा ।

*(प्रस्तुत कविता अनुसन्धानकर्ता पदमबहादुर थापाले जवाहरलाल नेहरू अनुसन्धान केन्द्र, नयाँदिल्लीबाट प्राप्त गरेका थिए । यसअघि नछापिएको (थापाका अनुसार) यो कविता शिखा बुक्सबाट प्रकाशोन्मुख किताब 'बीपी कोइरालाको डायरी-३' बाट लिइएको हो ।)*

## आधुनिक बृकासुर



कविता
ठाकुर बेलबासे


पौराणिककालमा जन्मिएको बृकासुर
शक्तिको उन्मादमा आफैं भस्म भएर
देवलोक जोगियो
अझ सुन्दर कुरा त
देवका पनि देव महादेव बाँचे
एउटा सभ्यताका लागि गम्भीर अनिष्ट रोकियो
महादेवको वध भएको भए
सम्झौं त एउटा संस्कृति क्रूरताबाट
शासनको परम्परामा बाँधिन्थ्यो
धन्न धन्न बृकासुरबाट बचे महादेव !
आज उनै शिवजी
कतै बाढीमा बग्दै छन्
पहिरोमा झर्दै छन्
आगोमा जल्दै छन्
बृकासुरले उनको वध गरेर
पार्वती गर्भाधान भएकी भए
आज संसारमा राक्षसहरूको साम्राज्य हुन्यो होला
आधुनिक बृकासुर
कुनै पौराणिक कथाको पात्र होइन
देवलोकको तिलस्मी पात्र पनि होइन
जो आफैं भस्म भएर
भस्मासुर नामले अपहेलित बनेको होस्
आधुनिक मानवलोकको बृकासुर
धेरै खतरनाक छ
आधुनिक बृकासुर
ऊ कुनै व्यक्तिसँग लड्दै छैन्
सामान्य मान्छेहरू
उसका गणनामा आउँदैनन्
यसकारण ऊ राज्यमा हिनहिनाउँदै छ
उसलाई यो हावा, वातारण, उज्यालो
खपिनसक्नु भएको छ
सूर्यलाई कच्याककुचुक पारेर
आफ्नो शौचालयमा कैद गर्न चाहन्छ
आकाशलाई पट्याएर
बैठककक्षमा कार्पेट ओछ्याउन चाहन्छ
ताराहरूको माला उनेर
आफ्नी प्रियसीलाई खुसी बनाउन चाहन्छ
आधुनिक बृकासुर सामान्य छैन
उसलाई राज्य मन पर्दैन
ऊ आफैं संविधान हो, आफैं कानुन हो
कानुनहरू मान्दैन
देवताहरूको घाँटी रेटेर
धर्मात्मी बनेको
ऊ मन्दिरहरू भत्काउन सक्छ
या मन्दिर बनाउन सक्छ
आफ्नै मूर्ति राख्नका लागि
उसलाई मनिसका जीवनहरू गौण लाग्छन्
र त
बग्दै गरेको नदीको बहावलाई रोक्न चाहन्छ
अँध्यारो चिर्दै गरेको जूनलाई
बाथरूममा झुन्ड्याउन चाहन्छ
आधुनिक बृकासुर
नागरिकका आँखाका नानीहरू फ्राई गरेर
नागरिकको रगतसँग चपाउन हौसिएको छ
ऊ निर्वस्त्र छ
र, सिंगो देशलाई नाङ्गो पार्दै छ
दशकौंदेखि हामी
बृकासुरको शासनबाट शासित छौं
बृकासुरका अवतारहरू झन्झन् खतरनाक
बन्दै आएका छन्
आफ्नै शक्तिको दुरुपयोगबाट आफैं भस्म भएको देख्न
अभिशप्त हामी, महादेवजस्तो
भागिरहेका छौं !

# कोही किन ज्यानको बाजी लगाएर...








19. Complete 19 a through c.
a. When did you last leave your country? (mm/dd/yyyy) 12/25/2017
c. List each entry into the U.S. beginning with your most recent entry. (Attach additional sheets as needed.)
Status EWI
21. Passport Number Lost or stolen
Travel Document Number
24. Are you fluent in English? ☐ Yes ☒ No
25. What other languages do you speak fluently? Moderate Hindi
For USCIS use only. Action: Interview Date: Asylum Officer ID No.:
Decision: Approval Date: Denial Date: Referral Date:
DEPARTMENT OF JUSTICE LODGED NOT FILED EXECUTIVE OFFICE FOR IMMIGRATION REVIEW IMMIGRATION COURT OTAY MESA, CA
2018

१. दाङको घोराहीस्थित द होप ट्रेनिङ सेन्टरमा तालिम दिँदै राम क्षत्री (बीचका पूरै सेतो टिसर्ट लगाउने)

२. कोलम्बियामा बन्धक भएर चार दिनसम्म भोकभोकै बस्दा

३. कोलम्बियाको टुर्बोस्थित जंगलमा

४. अमेरिकाबाट डिपोर्ट हुने बेला अमेरिकी अध्यागमनले दिएको कागजपत्र

स्थानीय रिसवाङ र रेउघा गाउँको बीचमा लाग्ने रिसवाङ मेलामा गएका बेला दुई गाउँका बासिन्दाबीच विवाद र झडप भयो । स्थानीय मंगलचन्द्र घर्तीको मृत्यु भयो । मृतक परिवारले दिएको जाहेरीका आधारमा प्रहरीले २० जनाविरुद्ध जिल्ला अदालत रोल्पामा मुद्दा दर्ता गर्‍यो । भोलिपल्ट एसएलसीको रिजल्ट भयो तर पास भएको खुसी रामले साट्न पाएनन् । किनकि घटनामा उनको नाम पनि मुछिएको थियो । रामले सुनाए, 'खासमा न मैले मृतकलाई चिन्थें, न झगडाको कारण थाहा थियो, हुलमूलमै परें र त्यसै दोषी करार भएँ ।'

घटनालगत्तै रामसहित १८ पक्राउ परे । अर्का एक केही समयपछि पक्राउ परे । अर्का एक भने फरार नै रहे । जिल्ला अदालतले उनीहरूलाई सर्वस्वसहित जन्मकैदको फैसला गर्‍यो । उच्च अदालत दाङले कैद सजाय घटाएर १० वर्ष बनायो । रामसहितका परिवारले पुनरावेदन गर्दा मुद्दा सर्वोच्च अदालतसम्म आइपुग्यो । सर्वोच्चले घटनामा संलग्न सबैविरुद्ध २ वर्ष कैद र ५ सय जरिवानाको फैसला सुनायो । फैसला आइपुग्ने बेलासम्म रोल्पा, दाङ र बाँके कारागारमा गरेर रामले ५ वर्षको कैद सजाय काटिसकेका थिए ।

हुर्किरहेको किशोरकाल उनले जेलमै बिताए । तर टुटेको आत्मविश्वास सम्हालेर उनले १२ कक्षाको पढाइ सके । फौजदारी कसुरमा कैद सजाय भोगेको व्यक्ति सेनामा भर्ती हुन अयोग्य हुन्छ भन्ने उनले जेलभित्रै सुनेका थिए, त्यसैले सैनिक बन्ने सपना त्यागेर उनले दायाँ हातको कुमदेखि पाखुरासम्मै ट्याटु खोपाए । 'भर्ती हुने सपना चटक्कै त्यागें । जेलबाट निस्कँदा त म डिप्रेसनको सिकार भएजस्तै भएको थिएँ,' अनाहकमा दण्डित भएको भन्दै आफैंलाई प्रश्न गर्छन्, 'म किन दोषी करार भएँ ? नेपालको न्याय प्रणालीले किन दोषी र निर्दोष चिन्न सक्दैन ?'

जेलबाट निस्केको केही दिनपछि उनले स्कुले साथी कीर्तिमान बुढालाई फेसबुकमा भेटे । ती साथी अनेक एजेन्टको सहयोगमा अवैध बाटो हुँदै अमेरिका पुगेका थिए । साथीले अमेरिकी जीवनको बयान गरेपछि राम पनि आकर्षिक भए । 'दाङ, रोल्पा, रुकुमतिर अमेरिका जाने फेसनजस्तै थियो, बाटो अवैध हो तर पुगेपछि जीवन स्वर्ग हुन्छ भन्ने सबैलाई लाग्थ्यो' उनी गाउँको मनस्थिति सम्झन्छन् । समय यस्तो थियो, कसैलाई अमेरिका जाने मन मात्रै गर्नुपर्थ्यो, एजेन्ट घरमै आइपुग्थे ।

उनका अनुसार एमाले राजनीतिमा सक्रिय रहेका उत्तरकुमार ओली त्यतिबेला अवैध रूपमा अमेरिका पठाउने एजेन्टका रूपमा काम गर्थे । अमेरिका छिर्ने भन्दै २०७३ फागुनमा दाङको तुलसीपुर छाडेका नरेन्द्र बस्नेत १२ देश छिचोल्दै महिनौंपछि अमेरिका पुगेका थिए । ७५ लाख ९७ हजार खर्चेर अमेरिका पुगे पनि अमेरिकी अध्यागमन विभागले १७ महिना हिरासतमा राख्यो । तर २०७५ पुस २४ मा डिपोर्ट भएर आएका नरेन्द्रले एजेन्ट ओली र टोपबहादुर जीसीविरुद्ध प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोमा निवेदन दर्ता गरेका थिए । त्यतिबेलासम्म ओली नेकपा एमालेका तर्फबाट प्रदेशसभा सांसद भएका थिए । संयोग यस्तो भइदियो, नरेन्द्र उताबाट डिपोर्ट भएकै दिन यता सवारी दुर्घटनामा परेर उत्तरको मृत्यु भयो, टोपबहादुर भने पक्राउ परे । २०७६ जेठ २७ मा मानव बेचबिखन तथा ओसारपसार र संगठित अपराधमा मुद्दा दर्ता गरेको थियो तर २०७६ असार ५ मा काठमाडौं जिल्ला अदालतले टोपबहादुरलाई १५ लाख धरौटीमा रिहा गर्न आदेश दियो ।

उता यस्ता घटनाक्रमले रोल्पातिरका युवाको अमेरिकी सपनामा कुनै ठेस लागेको थिएन । २०७६ को अन्तिमतिर अमेरिका छिर्ने यात्रामा निस्किएका चार जनाका टोलीमा थिए राम पनि । साथमा थिए घोराहीकै अभिश्वर बुढा, पवन र दीपक क्षत्री । एजेन्टले दाङबाट दिल्लीको पहाडगन्जस्थित होटलमा पुर्‍याएर राखे । दिल्लीबाट रसियाको मस्को पुगे । स्पेनको बार्सिलोना हुँदै कोलम्बिया ट्रान्जिट पारेर आरुवा आइल्यान्ड पुर्‍याए । त्यहाँबाट सुरिनाम आइल्यान्डमा राखेर ब्राजिल हुँदै फेरि कोलम्बियाको टुर्बो सहर ल्याइयो । एजेन्टको सञ्जाल यस्तो थियो, हरेक देशमा कोही न कोही लिन आउँथे । सुरक्षाकर्मीको आँखा छल्दै लुकाउँथे र हिँडाउँथे ।

कोलम्बियाको टुर्बोमा ५ नेपाली भेटिए, उनीहरूको पनि गन्तव्य अमेरिका नै थियो । त्यहाँ उनीहरूलाई स्थानीय एजेन्टले आठ दिनसम्म एउटै कोठाभित्र थुनेर राख्यो । बाहिर निस्किए सुरक्षाकर्मीले पक्राउ गर्ने वा स्थानीय लुटेरा समूहको आक्रमणमा परिने डर थियो, उनीहरूलाई बन्दीजस्तै बनाइयो । राम सम्झन्छन्, 'दुई दिनसम्म त भोकै राख्यो । चार दिनसम्म कसैलाई पनि सम्पर्क गर्न दिएन ।' त्यसमाथि, एक रात उनीहरूको कोठामा लुटेरा पसे, बचेखुचेको पैसा र लुगासमेत लिएर गए ।

अर्को राति २ बजेतिर आएर एजेन्टले उनीहरूलाई काठको सानो डुंगामा राख्यो, पानी तान्ने मोटरबाट चल्ने यो डुंगा क्यारेबियन सागरमा हुइँकियो । उनीहरू टुर्बोबाट कपुरगाना पुगे । पानामा छिर्न डेरियन ग्याप भनिने घना जंगल छिचोल्न यही बाटो हुँदै अघि बढ्नुपर्छ । (स्मरणीय छ, १८ यात्रुसहित निक्कोलिकाबाट कपुरगानातर्फ अघि बढेको डुंगा करिब एक महिनाअघि ५ असारमा दुर्घटनाग्रस्त भयो, जसमा एक नेपालीसहित ५ बंगलादेशी जीवितै भेटिए । ७ नेपालीसहित १२ जना हराइरहेका छन् ।)

रामहरू चढेको काठको डुंगा ढलपल गर्दै भए पनि गन्तव्यमा पुग्यो । तर पल्लो किनारमा उनीहरू सुरक्षाकर्मीको निसानामा परे । 'सुरक्षाकर्मीले तीन-चार राउन्ड फायर गरिहाले, हामी धापमा लड्दैपड्दै जंगलभित्र छिरेर लुक्न सफल भयौं' राम लामो सास फेर्छन् । घना जंगल कटाउन एजेन्टले स्थानीय भाषामा डोंकर भनिने गाइड खोजिदिएका हुन्छन् । डोंकरकै साथ लागेर उनीहरू भोकै र प्यासै हिँडिरहे, सात दिनपछि पानामा पुगे ।

अवैध रूपमा अमेरिका छिर्न हिँडेकाहरू आफ्नो देशमा नअडिऊन्, सकेसम्म छिटो बाटो लागून् भनेर सहज बनाइदिन पानामा सरकारले शिविर बनाएको हुन्छ । उनीहरू एउटा शिविरमा पुगे । रामका अनुसार उनी बसेको शिविरमा ५२ जनाजति नेपाली थिए । तीमध्ये धेरैजसो माओवादी द्वन्द्वको आधार क्षेत्र दाङ, रुकुम र रोल्पाका थिए ।

शिविरमा केही दिन बसेर उनीहरू कोस्टारिका पुगे । एजेन्टकै सहायतामा जंगलै जंगल पैदल हिँडेर निकारागुवा छिर्दै थिए । समूहमा दुई महिलासहित आठ नेपाली थिए । निकारागुवा छिर्ने सीमामा उनीहरू फेरि लुटेरा समूहको फन्दामा परे । 'कैयन् दिनको हिँडाइले खुट्टा पूरै सुन्निएका थिए । बाँच्ने रहर र आशा केही थिएन । त्यस्तो बेला पनि लुटेराले छाडेनन्' राम सुनाउँछन् ।

बाटोमा लुटेराको फन्दामा परिन्छ, पैसाचाहिँ लुकाउनुपर्छ है भनेर धेरैले सिकाएका थिए । रामले पनि केही सय डलर साबुन टुथपेस्टभित्र लुकाएका थिए । तर लुटेरा पनि अनुभवी नै थिए, उनीहरूले पैसा लगिछाडे । त्योभन्दा भयानक दृश्य, बन्दुक देखाएर दुई नेपाली दिदीबहिनीलाई कपडा खोल्न लगाए, राम र साथीहरू टुलुटुल हेर्न बाध्य भए ।

सबै लुटिएपछि उनीहरूले फेरि अर्को डोंकर भेटे । जसले उनीहरूलाई होन्डुरस, ग्वाटेमाला हुँदै मेक्सिकोको तापाचुला पुर्‍याइदियो । अब उनीहरूलाई अमेरिका छिराइदिन एउटा एजेन्ट तयार थियो । उसले एक रात २ बजे उनीहरूलाई उठायो र अमेरिकी सीमा पार गराइदियो । अमेरिकी भूमि पुग्ने यात्रा पूरा भयो तर दुःख सकिएको थिएन । करिब तीन महिनाको लामो कष्टप्रद यात्रापछि अमेरिका छिर्नेबित्तिकै उनीहरूलाई सुरक्षाकर्मीले पक्राउ गरिहाले ।

अध्यागमन अधिकारीले रामलाई विभिन्न चरणमा तीन दिनसम्म अन्तर्वार्ता लिए । रामले आफ्नो परिचय खुल्ने राहदानीसहितको सबै कागजपत्र बाटोमै मिल्काइसकेका थिए । एजेन्टले यही सिकाएका थिए । उनले नेपालमा माओवादी हिंसा अहिले पनि कायम रहेको, देशमा बस्न सक्ने अवस्था नरहेको र शरणार्थीका रूपमा बस्न अमेरिका छिरेको बयान पनि दिए ।

बयान सकिएपछि उनलाई सुरक्षाकर्मीले सान डियागोस्थित थुनुवा शिविरमा राखे । शिविरमा उनी जसरी नै महिनौंको यात्रामा लाखौं खर्चेर अमेरिका छिरेका झन्डै ३० नेपाली थिए । उनले शरणार्थीका रूपमा अमेरिका बस्न पाऊँ भनेर वकिलको सहयोग लिए । पटक-पटक गरेर १४ हजार डलर खर्च पनि गरे । १४ महिनापछि आदेश आयो, शरणार्थीका रूपमा बस्न पाऊँ भनेर दिएको आवेदन खारेज भयो । त्यतिमात्र होइन, धरौटी बुझाएर मुद्दा लडिराख्ने सुविधा पनि उनले पाएनन् ।

अदालती आदेशको केही दिनमा उनलाई अलबामास्थित शिविरमा सारियो । त्यहाँ मुद्दा हारेपछि नेपाल डिपोर्ट हुने तयारीमा रहेका करिब ७० नेपाली थिए । केही दिनपछि सानफ्रान्सिस्कोस्थित शिविरमा राखियो । एक सातापछि न्युयोर्क लगियो, २ दिन राखेर उनलाई नेपाल डिपोर्ट गरियो ।

काठमाडौं झर्दा रामसँग छुटेका सपना र चरम निराशा मात्र होइन, १७ महिने कष्टप्रद यात्रामा सकिएको ५५ लाख ५५ हजार रुपैयाँ ऋणको बोझ पनि थियो । उनका अनुसार विमानस्थलमा नै उनलाई मानव बेचबिखन नियन्त्रण ब्युरोका प्रहरीले अनौपचारिक बयान लिए । 'प्रहरीले सोधेका सबै प्रश्नको उत्तर दिएपछि उनीहरूले पछि खबर गर्छौं, मुद्दा गर्नुपर्छ भने तर त्यस्तो खबर कहिल्यै आएन,' उनी भन्छन् ।

तर यति ठूलो ठगीमा परेका उनले मुद्दामामिला गर्न मन गरेनन् । 'मेलामा कसैले झगडा गर्‍यो, कसैको ज्यान गयो, अनाहकमा ज्यान मुद्दा लगाएर मेरो जीवन बर्बाद पारियो, त्यसैले कानुनी प्रक्रियामा मलाई विश्वास नभएकाले मुद्दामामिलातिर लागिनँ,' उनको आफ्नै मनस्थिति छ । त्यसमाथि त्यसरी डिपोर्ट भएर आएकाले प्रहरी र प्रशासन धाए पनि न्याय नपाएको अनुभव उनलाई सुनाएका छन् ।

नेपाल फर्केको केही दिनसम्म त रामलाई गृह जिल्ला दाङ नै कसरी जाने भन्ने लाग्यो । तर बाबुले धेरै सम्झाएपछि उनी दाङ फर्के । राम भन्छन्, 'म जसरी अमेरिकाबाट डिपोर्ट भएर फर्किएका आठ/दस जना त मेरै जिल्लामा मैले नै चिन्छु ।' हिजोआज उनी कोही अवैध बाटोबाट अमेरिका जान खोजेको सुने मात्रै भने पनि सम्झाउन पुगिहाल्छन् । 'मेरो पैसा मात्रै होइन, सपना र जीवन डुब्यो । म जस्तै निराशाको खाडलमा कोही नपरून् । त्यसैले सम्झाउन मन लाग्छ,' उनी भन्छन्, 'मलाई अमेरिका पठाउन बाबुआमाले डेढ लाखमा बेचेको जग्गाको भाउ अहिले दस लाख नाघिसक्यो । धनसम्पत्ति त यही नै रहेछ नि ।' विगतप्रति पछुतो छ तर भविष्यप्रति उनी आशावादी छन् । हन्डर ठक्करले रामलाई उमेरभन्दा पाको पनि बनाएको छ ।

उनले संगठित मानव तस्करको जालो नेपालमा कति बलियो छ, किन एजेन्टहरू प्रहरी र प्रशासनभन्दा माथि छन् भन्ने मसिनो गरी केलाउन पनि पाएका छन् । 'किन त पचासौं लाख गुमाएर अमेरिकाबाट फर्केका कसैले पनि एजेन्टविरुद्ध उजुरी गर्न सक्दैनन्, किन कोही ठूलो एजेन्ट पक्राउ परेको खबर आएको छैन ?'

रामले भनेजस्तै महिनौं लामो दुःसाध्य यात्रामार्फत अमेरिका छिरेका ४५ जना नेपाली आर्थिक वर्ष २०७६/७७ मा मात्रै डिपोर्ट भएका छन् । जबकि २०७५/७६ मा यो संख्या १८ जना मात्रै थियो । मानव बेचबिखन ब्युरो स्रोतका अनुसार डिपोर्टमा परेकामध्ये दस प्रतिशतभन्दा कमले मात्रै प्रहरीमा उजुरी दिएको देखिन्छ । संगठित मानव तस्करहरूले पैसाको प्रभावले विधि र व्यवस्थाको मुख ठ्याप्पै पारिदिएको छ भन्ने उनको निष्कर्ष छ । रामले सुस्तरी सोधे, 'सरकार भनेको त जनताका आमाबाबुजस्तै हो । के हरेक आमाबाबुलाई आफ्ना छोराछोरी कहाँ गइरहेछन्, कसले लगिरहेको छ, किन लगेको छ भन्ने थाहा हुन्न र ?'

# संवैधानिक आयोग कति समावेशी ?

**महिला आयोगबाहेक अन्य सबै आयोगका अध्यक्षमा पुरुष मात्रै छन् । ५८ पदाधिकारीमध्ये १५ जना महिला छन्, जुन आरक्षणको न्यूनतम ३३ प्रतिशतसमेत पुग्दैन ।**

**विद्या राई** (काठमाडौं)

संविधानको धारा २८३ मा संवैधानिक अंग र निकायमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गर्नुपर्ने उल्लेख छ । नागरिकलाई राज्यका हरेक निकायमा समावेशी प्रतिनिधित्व र अवसरका लागि संविधानको धारा ४२ मा मौलिक हकअन्तर्गत सामाजिक न्यायको हकको व्यवस्था पनि छ । तर पछिल्लो समय भएका नियुक्तिमा समावेशी प्रतिनिधित्व देखिँदैन । १२ संवैधानिक आयोगमा राष्ट्रिय महिला आयोगमा मात्रै महिला छन् भने समावेशी आयोगका पाँचै पदाधिकारी खसआर्य समुदायका छन् ।

अधिकांश संवैधानिक आयोगले लामो समयदेखि पूर्णता पाउन सकेका थिएनन् । निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा रहेको संवैधानिक परिषद्को सिफारिसमा परेका व्यक्तिलाई संसदीय सुनुवाइ गरेर नियुक्त गर्नुपर्ने संविधानको प्रावधानविपरीत प्रतिनिधिसभा विघटनको मौका छोपेर पदाधिकारीलाई पूर्णता दिइयो । राष्ट्रपति विद्यादेवी भण्डारीले गत वर्ष माघ २१ मा ३२ जना र गएको असार १० मा २० जनालाई नियुक्त गरिन् । दुवै पटकको नियुक्तिमा प्रतिनिधिसभा विघटनको मौका छोपिएको थियो । सरकारले गलत प्रक्रियाबाट आफ्नो तजबिज प्रयोग गरिरहेकाले कार्यान्वयन नभएको संविधानविद् विपिन अधिकारीले बताए । 'केही पहिचान समूह र आवश्यकता समूहलाई राज्यको निकायमा राख्न मौलिक अधिकारको ग्यारेन्टी गरिएको छ,' उनले भने, 'यसको कसरी कार्यान्वयन गर्ने भन्ने कानुन बनेको छैन ।'

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लोक सेवा आयोगसहित १२ संवैधानिक आयोगमा मौजुदा र पछिल्लो नियुक्तिसहित हाल ५८ पदाधिकारी छन् । राष्ट्रिय महिला आयोगमा बाहेक अरू आयोगका अध्यक्षमा पुरुष मात्रै छन् । सबै पदाधिकारीमा १५ जना अर्थात् २५.८६ प्रतिशत मात्रै महिला छन् । जुन आरक्षणको न्यूनतम ३३ प्रतिशतसमेत पुग्दैन । अन्तरिम संसद्ले २०६३ जेठ १६ गते ३३ प्रतिशत महिला प्रतिनिधित्वको संकल्प प्रस्ताव पारित गरेको थियो । राष्ट्रपति भण्डारी तत्कालीन एमाले सांसद भएका बेला संसद्मा उक्त प्रस्ताव दर्ता गरेकी थिइन् । त्यही संकल्पपछि राज्यका हरेक निकायमा ३३ प्रतिशत महिलाको अनिवार्य उपस्थिति हुनुपर्ने बाध्यकारी व्यवस्था आयो । तर उनैले सिफारिस गरेका संवैधानिक आयोगका पदाधिकारीहरूमा भने लागू भएन ।

'कुल जनसंख्याको ५१ प्रतिशत महिलामध्ये ७० प्रतिशत सीमान्तकृत समुदायका महिला छन् । महिलाको भाग भनेको महिला आयोग मात्रै हो भन्ने ठानियो, यो महिलाको सक्षमतामाथिको दमन हो,' राष्ट्रिय महिला आयोगकी पूर्वसदस्य धनाकुमारी सुनार भन्छिन्, 'नियुक्तिमा न्यूनतम समावेशिताको सिद्धान्त लत्याइएको छ ।' यसले आयोगहरूको स्वतन्त्रता, निष्पक्षता र स्वायत्ततामाथि नै प्रश्न खडा गरेको उनको भनाइ छ । आयोगहरूमा बाध्यात्मकबाहेक सबै पद पुरुषले नै ओगटेको राष्ट्रिय सभा सदस्य विमला राई पौड्यालले बताइन् । 'महिला सक्षम नभएर होइन, पुरुषलाई ठाउँ नपुगेर हो,' उनले भनिन्, 'महिला आयोगमा पनि लाज लागेर मात्रै महिला अध्यक्ष राखिएको हो ।' राज्यका हरेक निकायमा ५० प्रतिशत महिला सहभागिताको बाध्यतात्मक व्यवस्था नभएसम्म महिलाले नेतृत्व पाउन हम्मे पर्ने उनी बताउँछिन् ।

संवैधानिक आयोग बन्नुअघि पदाधिकारी नियुक्ति गर्दा महिलाभित्रको विविधतालाई समेट्नुपर्ने व्यवस्था थियो । राष्ट्रिय महिला आयोग ऐन, २०६३ को आयोग गठनसम्बन्धी व्यवस्थामा 'सदस्य नियुक्त गर्दा एक जना जनजाति, एक जना दलित र एक जना मधेसीमध्येबाट नियुक्त हुनुपर्ने' उल्लेख छ । २०५८ मा स्थापना भएको महिला आयोगले २०७२ मा जारी संविधानबाट संवैधानिक हैसियत पाएको हो । त्यसैमा टेकेर बनाइएको राष्ट्रिय महिला आयोग ऐन २०७४ मा भने महिलाभित्रको विविधता समेट्नेबारे उल्लेख छैन । हाल सबै पदाधिकारी खसआर्य समुदायका छन् । चार जना पहाडिया खसआर्य छन् । उनीहरूमध्ये विद्याकुमारी सिन्हा मधेसी ब्राह्मण समुदायकी हुन् । जुन पिछडा तथा अल्पसंख्यक नागरिकलाई राजनीतिक, प्रशासनिक र विकासको मूल प्रवाहमा ल्याउने उद्देश्यविपरीत छ ।

राष्ट्रिय प्राकृतिक वित्त आयोग र मुस्लिम आयोगमा पुरुष मात्रै छन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले नेपालमा ५९ प्रकारका जनजातिको सूचीकरण गरेको छ । पिछडा जनजातिको उत्थानका लागि गठन भएको जनजाति आयोगमा त्यो विविधता छैन । पाँचमध्ये तीन जना मगर, एक/एक गुरुङ र राई जातिका छन् ।

### आयोगगत समावेशिता

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
कुल ५ जना
खसआर्य-३, जनजाति-२
(महिला-१, पुरुष-४)

**लोक सेवा आयोग**
कुल ५ जना
खसआर्य-३, जनजाति-१, मधेसी-१
(महिला-१, पुरुष-४)

**राष्ट्रिय मानव अधिकार आयोग**
कुल ५ जना
खसआर्य-३, जनजाति-१, मधेसी-१
(महिला-१, पुरुष-४)

**निर्वाचन आयोग**
कुल ५ जना
खसआर्य-४, जनजाति-१
(महिला-१, पुरुष-४)

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**
कुल ४ जना
खसआर्य-२, मधेसी-१, जनजाति-१
(सबै पुरुष)

**राष्ट्रिय महिला आयोग**
कुल ५ जना
खसआर्य-४, मधेसी ब्राह्मण-१
(सबै महिला)

**राष्ट्रिय दलित आयोग**
कुल ५ जना
(महिला-१, पुरुष-४)

**राष्ट्रिय समावेशी आयोग**
कुल ५ जना
खसआर्य-५
(महिला-१, पुरुष-४)

**आदिवासी जनजाति आयोग**
कुल ५ जना
मगर-३, राई-१, गुरुङ-१
(महिला-१, पुरुष-४)

**थारू आयोग**
कुल ५ जना
(महिला-१, पुरुष-४)

**मधेसी आयोग**
कुल ५ जना
(महिला-२, पुरुष-३)

**मुस्लिम आयोग**
कुल ४ जना
(सबै पुरुष)

असमावेशिताको गतिलो उदाहरण समावेशी आयोग बनेको छ । यसमा नियुक्त गरिएका पाँचै पदाधिकारी खसआर्य समुदायका मात्रै छन् ।

पहिचानको समावेशितालाई हेर्ने हो भने ५८ पदाधिकारीमध्ये खसआर्यकै बाहुल्य छ । २४ जना खसआर्य, ११ आदिवासी जनजाति, ९ मधेसी, ५ दलित, ४ मुस्लिम र ५ थारू छन् । जसमा थारू, मुस्लिम, दलित समुदायका पदाधिकारी लक्षित वर्गका लागि व्यवस्था गरिएका आयोगमा मात्रै छन् । सत्ता र शक्तिको दुरुपयोगले यो दुष्परिणाम आएको संघीय मामिला जानकार राजनीतिशास्त्री कृष्ण हाछेथुले बताए । 'सरकारको चौथो अंगका रूपमा संवैधानिक आयोगहरू हुन्छन्, यी सबै स्वतन्त्र, निष्पक्ष र स्वायत्त हुनुपर्छ,' उनले भने, 'नियुक्तिमा प्रधानमन्त्रीले जसरी एकलौटी गरे, परिणाममा समावेशिता देखाउने दाँतमै सीमित भयो ।'

राष्ट्रिय मानव अधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारीले असमावेशी नियुक्तिले संवैधानिक व्यवस्थाकै धज्जी उडाएको बताइन् । 'जसको मुद्दा हो उसैको प्रतिनिधित्व हुनुपर्नेमा जो सत्ता र शक्तिको चाकडी गरेर हिँड्थे उनैलाई ल्याइयो,' उनले भनिन्, 'उनीहरूले न राज्यलाई निगरानी र सन्तुलन गर्न सक्छन्, न त आम नागरिक र लक्षित समुदायले नै अपनत्व लिन सक्छन् ।' लोकतान्त्रिक विधिविपरीतको नियुक्ति राज्यको समानुपातिक समावेशी सिद्धान्तको बर्खिलाप भएको उनले टिप्पणी गरिन् ।

हार्दिक श्रद्धाञ्जली



जन्म
१९९८/०६/२८

स्वर्गारोहण
२०७८/०३/२१

स्व. जयकृष्ण भुषाल

यस संस्थाका ईन्जिनियरिङ्ग डिजाईन डिभिजनका विभागिय प्रमुख श्याम प्रसाद भुषालको पूजनीय पिता **जयकृष्ण भुषाल**को असामायिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगतआत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रदाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

HYDRO-CONSULT ENGINEERING
**हाइड्रो–कन्सल्ट इन्जिनियरिङ्ग लिमिटेड परिवार**
बुद्धनगर, काठमाडौं

# ६ अर्ब बक्यौता...

फ्रिक्वेन्सी दस्तुरबापत स्मार्टले पहिलो किस्तामा ५९ करोड ८८ लाख ६८ हजार रुपैयाँ बुझाउनुपर्ने थियो । दोस्रो किस्तामा ८३ करोड २३ लाख, तेस्रो किस्तामा ७७ करोड ४० लाख, चौथो किस्तामा ७१ करोड ५६ लाख र पाँचौं किस्तामा ६५ करोड ७२ लाख रुपैयाँ बुझाउनुपर्ने गरी प्राधिकरणले किस्ता निर्धारण गरेको थियो । पाँच किस्तामा स्मार्टले सरकारलाई ३ अर्ब ५७ करोड ८१ लाख रुपैयाँ बुझाउनुपर्छ । योसहित स्मार्टले लाइसेन्स नवीकरण दस्तुरको आठौं किस्ताबापत १ अर्ब २५ करोड रुपैयाँ बक्यौता बुझाउन बाँकी छ । समग्र बक्यौतामा ब्याज जोड्दा स्मार्टले तिर्नुपर्ने कुल रकम करिब ६ अर्ब रुपैयाँ पुगिसकेको प्राधिकरणका एक अधिकारीले बताए । तर कम्पनीले रकम तिर्न मानेको छैन ।

'तोकिएको अवधिमा बाँकी बुझाउनुपर्ने रकम भुक्तान नगरे सो कम्पनीको लाइसेन्स खारेजीका सम्बन्धमा आवश्यक कानुनी प्रक्रिया अपनाउन तथा उक्त कम्पनीका ग्राहकको सेवाको निरन्तरता, सम्पत्ति तथा दायित्व व्यवस्था गर्ने सम्बन्धमा उपयुक्त व्यवस्था गर्न निर्देशन दिने,' मन्त्रालयले प्राधिकरणलाई त्यो बेलामा पठाएको पत्रमा भनिएको थियो । स्मार्टसँग बक्यौता उठाउन गरिएको ताकेता करिब चार वर्षदेखि निरन्तर छ । स्मार्टसहित बक्यौता नतिर्ने दूरसञ्चार कम्पनीहरूबाट बक्यौता उठाउन संसद्को अर्थ समितिले २०७५ माघ २७ मा प्राधिकरणलाई निर्देशन दिएको थियो । अर्थ समितिले एक महिनाभित्र बक्यौता तिर्न र नतिरे अनुमतिपत्र खारेजीको प्रक्रियामा जान प्राधिकरणलाई भनेको थियो । जसअनुसार प्राधिकरणले बक्यौता उठाउन स्मार्टसहितका दूरसञ्चार कम्पनीलाई ताकेता गरेको थियो ।

स्मार्टले तत्काल ३० करोड रुपैयाँ दाखिला गर्ने र बाँकी रकम ३ महिनाभित्र बुझाउने भन्दै प्राधिकरणलाई पत्र पठाएको थियो । स्मार्टले दिएको पत्रका आधारमा प्राधिकरणको सञ्चालक समितिले २०७६ साउन १३ मा १५ दिनभित्र ३० करोड बक्यौता बुझाउन र बाँकी रकम ३ महिनाभित्र बुझाउन स्मार्टलाई निर्देशन दिएको थियो । तीन महिनाभित्र बक्यौता नबुझाए स्मार्टको अनुमतिपत्र स्वतः रद्द हुने प्राधिकरणको निर्णयमा उल्लेख थियो । तर प्राधिकरणले दिएको समयमा बक्यौता बुझाउन नसकेको स्मार्टले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा निवेदन दिँदै किस्ताको सुविधा उपलब्ध गराउन माग गरेको थियो । सरकारले किस्ताको सुविधा दिँदा पनि कम्पनीले रकम तिरेन, अहिले फेरि म्याद थप भएको छ ।

### कहिले के भयो ?

| | |
|---|---|
| **२०७५ माघ २७** | : संसद्को अर्थ समितिद्वारा एक महिनाभित्र बक्यौता उठाउन प्राधिकरणलाई निर्देशन |
| **२०७६ साउन १** | : प्राधिकरणद्वारा स्मार्टसँग बक्यौता नतिर्नुको कारणबारे स्पष्टीकरण माग |
| **२०७६ साउन १३** | : स्मार्ट टेलिकमको अनुमतिपत्र रद्द गर्ने प्राधिकरणको निर्णय |
| **२०७६ पुस २१** | : मन्त्रिपरिषद्द्वारा प्राधिकरणको निर्णय उल्ट्याउँदै ५ किस्तामा तिर्ने सुविधा |
| **२०७७ भदौ २९** | : मन्त्रिपरिषद्द्वारा स्मार्टलाई बक्यौताको पहिलो किस्ता तिर्न ६ महिना म्याद थप |
| **२०७७ चैत १** | : मन्त्रिपरिषद्द्वारा स्मार्टलाई बक्यौताको पहिलो किस्ता तिर्न असारसम्म म्याद |
| **२०७८ असार २८** | : मन्त्रिपरिषद्द्वारा स्मार्टलाई बक्यौताको पहिलो किस्ता तिर्न पुससम्म म्याद |

# बीपी प्रतिष्ठानको समस्या बुझ्न कार्यदल

काठमाडौं (कास)– सरकारले धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जारी आन्दोलनबारे अध्ययन गरी सुझाव दिन शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव वैकुण्ठ अर्यालको संयोजकत्वमा कार्यदल गठन गरेको छ ।

प्रतिष्ठानमा एक महिनादेखि जारी आन्दोलनका विषयमा बुझ्न प्रधानमन्त्री तथा कुलपति शेरबहादुर देउवाले निर्देशन दिएका थिए । सचिव अर्यालको संयोजकत्वमा आठ सदस्यीय कार्यदल गठन गरिएको प्रधानमन्त्री कार्यालयका सहसचिव शंकर नेपालले जानकारी दिए । कार्यदललाई प्रतिष्ठानको तत्कालीन र दीर्घकालीन समस्या समाधानका उपाय सुझाउन निर्देशन दिइएको छ ।

'धरान गएर प्रतिष्ठानमा भइरहेको आन्दोलनको अध्ययन गर्छौं, आन्दोलनकारीसँग वार्ता र छलफल पनि हुन्छ,' कार्यदलका सदस्य सचिवसमेत रहेका नेपालले भने, 'समस्या समाधानका लागि सरकारलाई सुझाव दिन्छौं ।' तत्काल र दीर्घकालीन हिसाबले समस्या समाधानका लागि सुझाव दिइने उनले जानकारी दिए । कार्यदलले आन्दोलनरत पक्षसँग वार्ता गरेर सम्झौता भने गर्ने छैन । १५ दिनभित्र सुझाव दिइसक्ने कार्यदलले जनाएको छ । 'सरकारले १५ दिनको समय दिएको छ तर हामी सकभर चाँडो काम सक्ने प्रयास गर्छौं,' उनले भने । कार्यदलले आन्दोलनकारीको माग सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन दिने कार्यादेश पाएको छ ।

# अध्यादेशकै बजेट सदनमा पेस हुने



बजेटबारे सदनले नै के गर्छ, त्यहीं थाहा हुन्छ
**– जनार्दन शर्मा**, अर्थमन्त्री

काठमाडौं (कास)- सरकार परिवर्तन भएसँगै अर्को बजेटको चर्चा चलिरहे पनि अर्थमन्त्री जनार्दन शर्मीले अध्यादेशमार्फत आएको बजेट संसद्मा पेस गर्ने बताएका छन् । बजेटका विषयमा विभिन्न टीकाटिप्पणी सुनिरहेको पनि उनको भनाइ छ । 'अध्यादेशमार्फत आएको बजेट सदनमा प्रस्तुत हुन्छ । सदनले नै के गर्छ, त्यहीं थाहा हुन्छ,' अर्थ मन्त्रालयमा शुक्रबार पत्रकारसँगको भेटमा उनले भने ।

संविधानको धारा ११४ अनुसार संघीय संसद्का दुवै अधिवेशन चलिरहेको अवस्थाबाहेक तत्काल केही गर्न आवश्यक परे मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्छन् । प्रतिनिधिसभा नभएको बहानामा अघिल्लो सरकारले जेठ १५ मा अध्यादेशबाट बजेट ल्याइसकेको छ । तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले अध्यादेशबाट बजेट ल्याएका हुन् । उक्त बजेटलाई अहिलेको सरकारले कार्यान्वयन गर्ने वा नयाँ बजेट आउने टिप्पणी चलिरहेका बेला अर्थमन्त्री शर्माले सोही बजेट संसद्मा पेस गर्ने बताएका हुन् । संविधानअनुसार अध्यादेश जारी गरे पनि संसद् बैठक सुरु भएपछि त्यहींबाट अनुमोदन गराउनुपर्छ । ६० दिनभित्र अनुमोदन नभए अध्यादेश स्वत: निष्क्रिय हुने व्यवस्था छ । मुलुकको अर्थतन्त्रको विद्यमान अवस्था र भावी कार्ययोजना प्रस्तुत गर्ने गरी श्वेतपत्र पनि जारी गर्ने तयारी रहेको अर्थमन्त्री शर्माले जानकारी दिए ।

'मन्त्रालय सम्हालेपछि विस्तृत अध्ययन गरिरहेको छु । अध्ययन गरेर आफ्नो भिजन र सरकारको समग्र योजना पनि निर्माण भइसकेपछि त्यसका आधारमा भावी योजना तथा कार्यक्रम सुनाउनेछु,' पत्रकार सम्मेलनमा अर्थमन्त्री शर्माले भने, 'अहिलेसम्मको अर्थतन्त्रको यथार्थ अवस्था के छ, यसले कस्तो संकेत गरेको छ । त्यसलाई श्वेतपत्रभन्दा पनि हुन्छ, त्यो तयार गरी प्रस्तुत गर्छौं ।' आर्थिक गतिविधिलाई सहज र चलायमान बनाउन अनि विगतका कमीकमजोरी सच्याउन आफू छलफलमा जुटेको उनले बताए । मौद्रिक नीतिले आर्थिक मार्गचित्र निर्धारण गर्ने पनि उनको भनाइ छ । 'छलफलपछि मौद्रिक नीति पनि आउँछ,' अर्थमन्त्री शर्माले भने, 'त्यो कुराले पनि आर्थिक मार्गचित्र कस्तो होला भन्ने निर्धारण गर्नेछ ।' पुँजीबजारलगायत समस्या समाधान र जनताका हितसँग सम्बद्ध नीति निर्माण गरिने उनको भनाइ छ ।

# सरकारी लापरबाहीले सलबलायो नेटवर्किङ

## वस्तुको प्रत्यक्ष बिक्रीका नाममा अनुमति पाएका कम्पनीले नेटवर्किङ धन्दा चलाउँदा सरकारी निकायको मौनता रहस्यमयी

**राजु चौधरी** (काठमाडौं)


दुई साताअघि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक शिवराज सेढाईंलाई बजारमा नेटवर्किङ धन्दा चलिरहेको गुनासो आयो । सामाजिक सञ्जाल, जुम मिटिङलगायत माध्यमबाट नेटवर्किङ भइरहेको जानकारी पाएपछि सेढाईं पनि जुम बैठकमा सहभागी भए । 'जोसियल नामक कम्पनीका होस्ट पर्वत सुवेदीले पैसा कसरी पठाउने, कसरी संकलन गर्नेलगायतको प्रक्रिया बताइरहेको उक्त बैठकमा ३४ जना सहभागी थिए । क्रिप्टोकरेन्सी मोडेलमा पैसा तिर्नेलगायत कुरा सुनें,' सेढाईंले भने, 'तर नेपालमा यस्तो कृत्य निषेध गरिएको छ । जुम मिटिङबाट नेटवर्किङ गरेको मैले प्रत्यक्ष देखें ।'

जोसियल त यहाँ एउटा प्रतिनिधि कम्पनी मात्र हो । स्रोतका अनुसार बजारमा डेढ सयभन्दा बढी कम्पनी नेटवर्किङमा सक्रिय छन् । ती कम्पनीले सर्वसाधारणलाई भ्रममा पारेर नेटवर्किङ व्यवसाय चलाइरहेका छन् । यस विषयमा विभागमा उजुरी परिरहेका छन् ।

नेपाल तथा विदेशमा रहेका नेपालीलाई समेत नेटवर्किङमा आबद्ध गरी ठगी गरेको तथा पुँजी पलायन गरेको विभागमा उजुरी परेको छ । हाइपर फन्ड ग्लोबल, जोसियल, सीआरयू, विन्टर, क्राउड वान, सोलम्याक्स, पोइन्टलगायत स्वदेशी तथा विदेशी व्यक्ति/फर्म एवं कम्पनीले समेत प्रत्यक्ष बिक्रीका नाममा गैरकानुनी रूपमा अनलाइन माध्यमबाट नेटवर्किङ शैलीमा व्यवसाय गरिरहेको उजुरी परेको प्रवक्ता सेढाईंले जानकारी दिए ।

'वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तथा नियमावली, २०७६ ले इजाजत नलिई वस्तुको प्रत्यक्ष बिक्रीवितरण गर्नेसम्बन्धी व्यवसाय गर्न, वस्तुको खरिद-बिक्री गरी वा नगरी सदस्य बनाई वा विक्रेता, वितरकमार्फत शुल्क मात्र लिने गरी पिरामिडमा आधारित सञ्जालयुक्त (नेटवर्किङ) व्यवसाय गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ ले पनि यस्तो प्रकृतिको कामलाई अनुचित व्यापारिक क्रियाकलाप मानी दण्डनीय कसुरका रूपमा लिएको छ,' सेढाईंले भने, 'तर नेपाल तथा विदेशमा रहेका नेपालीलाई समेत त्यसमा आबद्ध गरी ठगी गरेको तथा पुँजी पलायन गरेको उजुरी परेको छ । उजुरीका आधारमा केही व्यक्ति, फर्म तथा कम्पनीमाथि अनुसन्धान भइरहेको छ । 'वस्तुको प्रत्यक्ष बिक्रीका नाममा सरकारले नै नेटवर्किङलाई वैधानिकता दिन खोजेपछि अहिले ठगी गर्ने गिरोहको बिगबिगी छ । विभागकै विवरण हेर्ने हो भने २०७७ असोजमा पनि विभागमा तीन दर्जनभन्दा बढी उजुरी परेका थिए । प्रतिबन्धित नेटवर्किङ व्यवसायको जालो सक्रिय रहेको, नेपाली र विदेशी कम्पनीले पिरामिड शैलीको धन्दा चलाएर ठगी गरी पुँजी पलायन गरिरहेको भन्दै उजुरी परेको थियो । विभागले चार दर्जनभन्दा बढी कम्पनी र व्यक्तिको नाम केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा पठाएको जनाएको थियो । गुनासो/उजुरीमा एक कम्पनी/उद्योगले ४ सयमा उत्पादन गरेको तेल उपभोक्ताले १ हजार ४ सय ५० मा खरिद गरेको जनाइएको थियो । तर ती कम्पनी/व्यक्तिमाथि प्रभावकारी अनुसन्धान र कारबाही भएन, जसले गर्दा बजारमा नेटवर्किङ धन्दा चलाउने कम्पनीको बिगबिगी बढिरहेको जानकारहरू बताउँछन् । अहिले यस्ता काममा अन्य कम्पनी पनि सक्रिय छन् । कोभिडका कारण घरघरमा जान नसके पनि कम्पनीका प्रतिनिधिहरू सामाजिक सञ्जालमा छ्यापछ्याप्ती छन् । विभागकै अनुसार दाङबाट पनि नेटवर्किङ भइरहेको छ । झापा, मोरङ, सुनसरी क्षेत्रमा भारतीय कम्पनी मल्टीलेभल मार्केटिङ (एमएलएम) मा व्यवसायी नै आबद्ध भएका गुनासा आएका छन् ।

'एमएलएम भनेको भारतीय मोडेलको पिरामिड शैली हो । त्यो शैली नेपालमा प्रतिबन्ध छ,' प्रवक्ता सेढाईंले भने, 'सीमा क्षेत्रमा नेटवर्किङ कम्पनीले सोझा सर्वसाधारणलाई फसाएको गुनासो आएको छ । त्यस सम्बन्धमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने जिल्लास्तरीय कमिटीलाई पत्र पठाएका छौं ।' म्याग्दी, पर्वत, बागलुङलगायत जिल्लामा पनि भारतीय उत्पादन बेच्न खोज्ने गिरोह सक्रिय रहेको पाइएको छ । त्यहाँ नेपालीलाई माध्यम बनाएर काम गरिरहेको विभाग स्वयंले स्विकारेको छ । 'केही प्रलोभन देखाएर र नेपालीका नाममा कम्पनी दर्ता गराएर काम गर्न खोजेको पाइएको छ । पर्दापछाडि बसेर काम गर्न खोजिएको छ,' सेढाईंले भने, 'उनीहरूले अनुचित फाइदा उठाएका छन् । फेसबुक र जुम मिटिङमार्फत नेटवर्किङ भइरहेको छ, स्वदेशी पैसा बिदेसिएको छ ।'



- सोझा जनताको पैसा ठग्दै, विदेश पठाउँदै
- सामाजिक सञ्जालमार्फत नेटवर्किङ प्रशिक्षण

जोसियल जस्तै उजुरी परेका अन्य कम्पनीको कामकारबाही उस्तै रहेको उनले बताए ।

तर यस्ता कृत्य रोक्ने काममा विभाग निरीह देखिएको छ । प्रत्यक्ष बिक्रीका नाममा इजाजत दिन हतार गरेको विभाग सर्वसाधारण ठगिँदा निरीह देखिएको हो । वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ र नियमावली, २०७६ अनुसार भन्दै विभागले ७ कम्पनीलाई कारोबारको इजाजत दिएको थियो । प्रत्यक्ष बिक्रीको नाममा उसले अवैध नेटवर्किङ धन्दाको अनुमति दिएको थियो ।

अनुमति लिनुअगावै पुरानै गिरोहले नेटवर्किङ कारोबार सुरु गरेको पाइएपछि संसदीय समितिले छानबिनसमेत थालेको थियो । प्रतिनिधिसभा अन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले वस्तुको प्रत्यक्ष बिक्रीवितरणका लागि लाइसेन्स दिँदा नेटवर्किङ व्यवसाय भए/नभएको यकिन गर्न र मौजुदा कानुनी व्यवस्थालाई संशोधन गरी थप बलियो बनाएर मात्र कार्यान्वयनमा लैजान निर्देशन दिएको थियो । मौजुदा कानुनी व्यवस्था संशोधन गरेर मात्रै वस्तुको प्रत्यक्ष बिक्रीवितरणसम्बन्धी व्यवसाय गर्न दिन र त्यस्ता व्यवसायको चुक्ता पुँजी ३ करोड रुपैयाँ पुर्‍याउनुपर्ने समितिको निर्देशन छ । तर निर्देशिका जारी नहुँदै ७ वटा कम्पनी (नेचर हर्ब्स इन्टरनेसनल, आइबोस ग्लोबल इन्टरनेसनल, न्यु विवेक इन्टरप्राइजेज प्रालि (डीएक्सएन), हेल्दी लिभिङ नेपाल प्रालि, ग्लोबल ओरियन्स नेपाल प्रालि, युटर्न इन्टरनेसनल र केयर मार्ट्स इन्टरनेसनल) ले धमाधम काम गरिरहेका छन् । सुरुमै इजाजत पाएका कम्पनीका प्रतिनिधि स्वयंले नेटवर्किङ व्यवसायी भएको सामाजिक सञ्जालमा स्विकार्ने गरेका छन् । तर यस्ता अवैध क्रियाकलाप रोक्न विभागले पहलकदमी लिएको छैन । त्यस्ता व्यक्ति एवं कम्पनीलाई कारबाही गर्नुको साटो इजाजत पाएको बचाउमा उत्रिएको विभागका अधिकारी नै बताउँछन् ।

संसदीय समितिले छानबिन गर्नुअगावै इजाजत पाएका सातवटा कम्पनीले आफ्नो सञ्जाल विस्तार गरिरहेका छन् । उनीहरूले इजाजत नपाउँदै पनि आफ्ना गतिविधि चलाइरहेका थिए । अहिले इजाजत पाएका कम्पनीका प्राय: सञ्चालक यसअघि पनि नेटवर्किङ गिरोहमा आबद्ध थिए । तर उनीहरूबारे छानबिन गर्न सीआईबीलाई जिम्मा दिइएको छैन । इजाजत पाएकाहरू एकअर्काका प्रतिस्पर्धी हुन् । केही कम्पनीले विदेशमा कार्यालय राखेर नेपालमा शाखा चलाइराखेका छन् ।

यता विभागका प्रवक्ता सेढाईंले भने त्यस्ता व्यक्ति एवं कम्पनीलाई पक्रिन विभागसँग संयन्त्र नभएकाले प्रहरीसँग सहकार्य गरिरहेको प्रतिक्रिया दिए । 'विभागसँग यो प्रकृतिको कसुरमा समात्ने क्षमता छैन । त्यही भएर प्रहरीकै सहायता लिएका हौं,' उनले भने, 'हामीले सीआईबीलाई चिठी पठाएका छौं, यसबारे घनीभूत रूपमा समन्वय भइरहेको छ ।' स्रोतका अनुसार इजाजत पाउने सात कम्पनीमा पहुँचवाला व्यक्ति बढी छन् । 'विभिन्न राजनीतिक नेता, प्रहरीका पूर्वहाकिम, वकिललगायत उच्च पदस्थ व्यक्तिको यसमा दृश्य एवं अदृश्य लगानी छ,' स्रोतले भन्यो, 'पहुँच भएकै कारण उनीहरूले निर्बाध धन्दा चलाएका हुन् ।'

# कोभिडको खोप किन्न गण्डकीमा एक अर्ब

**प्रतीक्षा काफ्ले** (कास्की)

स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्दै बजेट सार्वजनिक गरेको गण्डकी प्रदेश सरकारले कोरोनाविरुद्धको खोप किन्न १ अर्ब रुपैयाँ विनियोजन गरेको छ । आर्थिक वर्ष २०७८/७९ का लागि असार १ मा बजेट ल्याए पनि सरकारले कुन क्षेत्रमा कति रकम विनियोजन भयो भन्ने खुलाएको थिएन ।

अर्थ मन्त्रालयले निकालेको रातो किताबअनुसार कोरोनाविरुद्धको खोप किन्न १ अर्ब र कोरोना भाइरस नियन्त्रण, रोकथाम तथा व्यवस्थापन कोषका लागि २० करोड रुपैयाँ विनियोजन भएको छ । कोषमा ८५ करोड रुपैयाँ जम्मा भइसकेको मन्त्रालयका उपसचिव रमेश शर्माले जानकारी दिए । सोही कोषबाट नै कोरोनासम्बन्धी उपकरण खरिद तथा व्यवस्थापनका लागि खर्च गरिएको उनले बताए । स्वास्थ्यतर्फ २ अर्ब १७ करोड ३४ लाख ८३ हजार छ । यसमा औषधि उत्पादन, उपकरण तथा औजारका लागि ३ करोड १४ लाख, बहिरंग सेवाका लागि ८ करोड ७५ लाख, अस्पताल सेवाका लागि १ अर्ब २३ करोड ७६ लाख ८७ हजार, सार्वजनिक स्वास्थ्य सेवामा ७५ करोड ९४ लाख ७१ हजार र अनुसन्धान सेवाका लागि ५ करोड ७४ लाख २५ हजार रुपैयाँ विनियोजन भएको छ ।

शिक्षातर्फ १ अर्ब ४४ करोड २२ लाख ४६ हजार विनियोजन भएको छ । यसमा तहमा वर्गीकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) तर्फ ८२ करोड ६८ लाख ११ हजार, शिक्षाका लागि सहायक सेवातर्फ २ ९ करोड ८२ लाख ४३ हजार, शिक्षा अनुसन्धान विकासतर्फ ८ करोड ७० लाख ३५ हजार र शिक्षा अन्यत्र वर्गीकृत नभएकोतर्फ २३ करोड १५ लाख ७ हजार विनियोजन भएको छ । पूर्वाधारतर्फ १४ अर्ब ९४ करोड ९४ लाख ६५ हजार विनियोजन भएको छ । यसमा संघीय सरकारको अनुदान १० अर्ब २१ करोड ३३ लाख छ । सामाजिक सुरक्षातर्फ २ अर्ब ११ करोड १७ लाख ४ हजार, वातावरण संरक्षणतर्फ १ अर्ब ६ करोड १६ लाख २३ हजार, आवास तथा सामुदायिक सुविधातर्फ ३ अर्ब ४९ करोड १७ लाख ४३ हजार छ । आर्थिक मामिलातर्फ १३ अर्ब ३३ करोड ५७ लाख ४२ हजार, सामान्य सार्वजनिक सेवामा ६ अर्ब ४७ करोड ४० लाख २ हजार छुट्याइएको छ । मनोरञ्जन, संस्कृति तथा धर्मका लागि प्रदेश सरकारले ३७ करोड ७८ लाख ७१ हजार विनियोजन गरेको छ । यस्तै नीति तथा कार्यक्रममा समेटिएका ४२ योजनाका लागि ४ अर्ब २६ करोड ५२ लाख ८० हजार रुपैयाँ विनियोजन गरिएको छ ।

# तीन तहलाई बाँडिँदै एक्यापको आयस्रोत

**अब्दुल्लाह मियाँ** (काठमाडौं)

लामो समयको विवादपछि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) बाट उठेको राजस्व प्रदेश सरकार र एक्याप रहेका पालिकाहरूमा समेत बाँडफाँट गर्ने तयारी भएको छ । यसको व्यवस्थापनको जिम्मा फेरि राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटीएनसी) लाई दिइनेछ ।

संरक्षण क्षेत्रबाट संकलन हुने रकम एनटीएनसीले थोरै मात्रै एक्याप क्षेत्रका लागि खर्चिने गरेको आरोप छ । संगठित संरक्षण इकाइहरूले आफ्नो क्षेत्रमा संकलित रोयल्टी सबै उपयोग गर्न पाउनुपर्ने माग स्थानीयको छ । सोही मागअनुसार एक्यापको व्यवस्थापन हस्तान्तरणमा संघीय सरकारले चासो नलिँदा कोषले द्वन्द्व बढ्न नदिने उपाय खोजेको हो ।

एक्यापबाट संकलन हुने राजस्वमध्ये केन्द्र (एनटीएनसी) लाई ५०, गण्डकी प्रदेशलाई २५ र पालिकाहरूलाई २५ प्रतिशत उपलब्ध गराउने प्रस्ताव गरिएको वन तथा वातावरण मन्त्रालय स्रोतले बताएको छ । एनटीएनसीले पेस गरेको उक्त प्रस्ताव मन्त्रिपरिषद्ले निर्णय गरेपछि कार्यान्वयनमा आउनेछ । वन तथा वातावरण मन्त्रालयले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्नेछ ।

सन् २०१९ मा एक्यापले पर्यटक शुल्कबाट मात्रै करिब ३९ करोड १० लाख रुपैयाँ राजस्व उठाएको थियो । सन् २०१९ मा सार्क र सार्कबाहेकका गरी १ लाख ८१ हजार पर्यटक भित्रिएका थिए । ती पर्यटक १ सय ७६ देशका थिए । सन् २०२० देखि भने एक्याप पनि कोभिड महामारीको मारमा परेको छ । पर्यटक शुल्कबाहेक पनि एक्यापले आम्दानी गर्छ । पर्यटक शुल्कलगायत अन्य आम्दानी सिधै एनटीएनसीको खातामा जम्मा हुने गरेको छ, यसको करसमेत सरकारलाई तिर्नुपर्दैन । एक्यापमा संकलन हुने रकमलाई विद्यमान कानुनअनुसार राजस्व भन्न नमिल्ने भएकाले अलग्गै कानुन बनाएर राजस्व परिभाषित गर्नुपर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्यसमेत रहेका एनटीएनसीका पूर्वसदस्य सचिव जुद्धबहादुर गुरुङ बताउँछन् ।

'कानुन बनाएर राजस्व भनियो भने केन्द्र सरकारले ५० र प्रदेश तथा स्थानीय तहले २५-२५ प्रतिशत बाँडफाँट गर्न सक्छन्,' उनले कान्तिपुरसित भने, 'त्यसो गर्दा केन्द्र सरकारले पाएको ५० प्रतिशत रकम एनटीएनसीलाई हस्तान्तरण गर्न सकिन्छ ।' अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ (प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट) मा नेपाल सरकार, प्रदेश र पालिकाहरूबीच संघीय कानुनबमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट गर्न एक संघीय विभाज्य कोष खडा गर्ने र त्यसको रोयल्टीमध्ये संघले ५०, प्रदेशले २५ र बाँकी २५ प्रतिशत सम्बन्धित पालिकाको हुने उल्लेख छ । गण्डकी प्रदेशका लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दीको ७ हजार ६ सय २९ वर्गकिमि क्षेत्रफलमा फैलिएको एक्याप पहिलो र मुलुककै सबभन्दा ठूलो संरक्षण क्षेत्र हो । यो क्षेत्रमा १५ वटा स्थानीय तह पर्छन् । पदयात्राका लागि यो विश्वमै प्रख्यात छ । एनटीएनसीले २०४३ सालदेखि एक्यापको व्यवस्थापन गर्दै आएकोमा

> एनटीएनसीलाई ५०, गण्डकी प्रदेशलाई २५ र पालिकाहरूलाई २५ प्रतिशत उपलब्ध गराउने प्रस्ताव

छैटौं पटक थपिएको म्याद गत माघ ३ मा सकिएको थियो । संविधानअनुसार तीन तहको सरकार बनेपछि प्रदेश र स्थानीय सरकारले एक्यापको व्यवस्थापन आफूले पाउनुपर्ने माग गर्दै आएका थिए । गत माघमा म्याद सकिएलगत्तै गण्डकी प्रदेश सरकारले एक्यापको व्यवस्थापन जिम्मा आफूलाई दिन संघसँग माग गरेको थियो । गण्डकी प्रदेशले २ वर्षअघि नै एक्याप गण्डकी प्रदेश सरकार र स्थानीय तहलाई हस्तान्तरण गर्न संघीय सरकारसमक्ष माग गरेको थियो । तर, अन्तिम पटकका लागि भन्दै केन्द्रको वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले छैटौं पटक एक वर्ष एनटीएनसीलाई व्यवस्थापन गर्न दिने निर्णय गरेको थियो ।

एक्यापलाई एनटीएनसीले नै प्रवर्द्धन गरेकाले त्यसको व्यवस्थापन निरन्तर गर्न पाउनुपर्ने एनटीएनसीका सदस्यसचिव शरद अधिकारीको दाबी छ । एनटीएनसीका लागि एक्याप आम्दानीको मुख्य स्रोतमध्येको हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमार्फत मन्त्रालयमा पेस भएको प्रस्तावमा ५ वर्ष म्याद थप गरिदिन माग गरिएको मन्त्रालय स्रोतले बताएको छ ।

एनटीएनसीले एक्यापसहित गण्डकीकै गोरखामा मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप), वागमतीको दोलखा, सिन्धुपाल्चोक र रामेछापमा गौरीशंकर संरक्षण क्षेत्र आयोजना (जिक्याप) र चितवनमा जैविक विविधता संरक्षण केन्द्र (सौराहा), बर्दिया निकुञ्जको ठाकुरद्वारामा बर्दिया संरक्षण र कञ्चनपुरमा शुक्लाफाँटा संरक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

एक्यापको व्यवस्थापन जिम्मा समुदायलाई हस्तान्तरण गर्ने कुरा उठ्न थालेको डेढ दशकभन्दा बढी भइसकेको छ । विभिन्न बहानामा सरकारले हस्तान्तरणमा ढिलाइ गर्दै आएको स्थानीयको गुनासो छ । हस्तान्तरण गर्न आयोजना सञ्चालनसम्बन्धी नयाँ नियमावली र व्यवस्थापनको ढाँचा आवश्यक पर्छ, जसका लागि संघको वन तथा वातावरण मन्त्रालयले ढिलाइ गरिरहेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०५३ र संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका २०५६ अनुसार एनटीएनसीले एक्यापको व्यवस्थापन गर्दै आएको छ । मुलुकमा तीन तहको सरकार बनिसक्दा पनि पुरानै ऐनअनुसारको संरचनाअनुसार एक्याप व्यवस्थापन गरिएकामा प्रदेश र स्थानीय तहका पदाधिकारीले आपत्ति जनाउँदै आएका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्राकृतिक स्रोतको व्यवस्थापनसमेत स्थानीय तहले गर्ने प्रावधान छ ।

**नेपाल रेडक्रस सोसाइटी**
**केन्द्रीय कार्यालय, काठमाडौं**
**आवश्यकता**
**दोस्रो पटक प्रकाशन मिति २०७८/०४/०२**

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयअन्तर्गतको श्री जानकी आँखा अस्पतालका लागि साधारणतर्फको स्थायी पदमा कर्मचारीहरु (व्यवस्थापक पद, तह ८ र लेखा अधिकृत पद, तह ६) पदपूर्ति गर्नका लागि मिति २०७७ साल चैत्र २५ गते कान्तिपुर दैनिकमा प्रथम पटक सूचना प्रकाशन गरिएकोमा कोभिड १९ को बढ्दो संक्रमणसँगै देशका विभिन्न भागमा बन्दाबन्दी भएको कारणले आवेदन दिने समयावधि थप गरिएकाले यो सूचना पुन: प्रकाशन गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस सोसाइटीको कर्मचारी प्रशासन महाशाखामा आवेदन पेश गर्नु हुन सूचित गरिन्छ । म्याद नाघी आएको र रीत नपुगेको दरखास्तउपर कुनै कारवाही हुनेछैन ।

थप विवरणको लागि सोसाइटीको वेबसाइट **www.nrcs.org** मा हेर्न सकिनेछ ।

# प्राधिकरणको जनशक्ति यथावत् राख्न सिफारिस

**कान्तिपुर संवाददाता** (काठमाडौं)


राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले निजी आवास पुनर्निर्माणलगायत काम सक्न प्राधिकरणको अवधिभर अहिले उपलब्ध जनशक्ति यथावत् राख्न सिफारिस गरेको छ । प्राधिकरणको कार्यकारी समिति बैठकले बिहीबार कोभिड महामारी नियन्त्रण गर्न घोषित निषेधाज्ञाका कारण निजी आवास पुनर्निर्माणलगायत काममा अवरोध भएकाले हाल कार्यरत कर्मचारीको दरबन्दीलाई निरन्तरता दिने निर्णय गरेको हो ।

गत असार १० मा बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समिति बैठकले वर्तमान संस्थागत संरचना र कार्यप्रणाली २०७८ पुस १० सम्म यथावत् रहने निर्णय गरेको थियो । उक्त निर्णयअनुसार प्राधिकरणले यथासम्भव न्यून जनशक्ति परिचालन गरी आर्थिक वर्ष २०७८/७९ को मंसिरभित्र बाँकी काम सक्ने र उक्त अवधिमा हस्तान्तरणलाई पनि एकसाथ अघि बढाउने कार्ययोजना बनाएको छ । बिहीबारसम्म निजी आवास पुनर्निर्माणमा ८ लाख २९ हजार ६ सय १२ लाभग्राहीमध्ये ८ लाख २८ हजार ७ सय ५२ ले पहिलो किस्ता लिएका छन् । अनुदान सम्झौता गरेकामध्ये ८ सय ६० ले मात्र पहिलो किस्ता लिन बाँकी छ । दोस्रो किस्ता ७ लाख ४१ हजार ९ सय ९५ र ६ लाख ८९ हजार ५ सय ४७ घरधुरीले तेस्रो किस्ता लिएका छन् ।

> २०७७/७८ मा निजी आवासतर्फ २१ अर्ब ५६ करोड रुपैयाँ खर्च

अनुदान सम्झौता गरेका लाभग्राहीमध्ये आवास पुनर्निर्माण सकेका र पुनर्निर्माण गरिरहेका लाभग्राही ७ लाख ५७ हजार ५ सय ८१ छन् । प्राधिकरणले आर्थिक वर्ष २०७७/७८ मा निजी आवासतर्फ विनियोजित कुल बजेट २३ अर्ब ८५ करोडमध्ये २१ अर्ब ५६ करोड रुपैयाँ खर्च गरेको छ । यसलाई ९०.४१ प्रतिशत हो । समग्र पुनर्निर्माण कामका लागि विनियोजित बजेट ६९ अर्ब ३३ करोडमध्ये ५३ अर्ब रुपैयाँ खर्च भएको प्राधिकरणले जनाएको छ ।

**आकर्षक घडेरीहरू बिक्रीमा**




रामहिटी सिद्धार्थ होटल र कैलाश स्कुलको नजिकै आकर्षक टुक्रा घडेरीहरु बिक्रीमा

फोन नं.: ९८५१०१४७९२, ९८५१०९००१९

**HELVETAS NEPAL** — **Trail Bridge Support Unit**

**VACANCY NOTICE**

**Swiss Agency for Development and Cooperation (SDC)** is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) in the implementation of the **Trail Bridge Sub Sector Programme (TBSSP)** in Nepal.

The GoN manages trail bridge (TB) building in the spirit of the Constitution of Nepal 2015 under a Sector-Wide Approach (SWAp), where local governments construct and maintain TBs with support of the Federal and Provincial governments.

On behalf of SDC, Helvetas Nepal provides TA through the Trail Bridge Support Unit (TBSU). Helvetas Nepal invites applications from Nepali citizens for the following position.

**Position** : Trail Bridge Engineer - 2
**Experience and Social Competence**: Bachelor's Degree in Civil Engineering with 5 years' work experience with at least 4 years in trial bridges.
**Duration** : 1 year (with possibility of extension)
**Duty station** : TBSU Provincial Offices- Gandaki and Karnali
**Remuneration and Benefits**: As per the rules and regulations of Helvetas Nepal
**Major Roles and Responsibilities:**

- Technical assistance to Palikas/Provinces through Provincial Technical Assistance Providers (PTAPs)
- Capacity Building of Palikas/Provinces, NGOs, Consultants, Fabricators, Contractors and PTAP

**Application Procedures**: Interested candidates who meet above requirements are requested to visit the website at http://apply.helvetas.org.np and submit application through the online portal. Detail descriptions are available in the website. Enquiry in any form will automatically disqualify the candidate. Only short-listed candidates will be contacted for further tests and interviews. TBSU reserves the right to reject any or all applications.

**Helvetas Nepal promotes workforce diversity and applies positive discrimination to women candidates and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority communities.**
**Deadline for submission of application:**7 August 2021

# ओलम्पिक र नेपालको लक्ष्य

नेपालले अहिले जसरी ओलम्पिकमा सहभागिता जनाउँदै आएको छ, त्यसमा कुनै गर्व गर्न लायक उपलब्धि नै छैन । यो त दयामायाले खेल्न दिएजस्तै हो । नेपालजस्तो देशले ओलम्पिकमा लक्ष्य बनाउने भनेको सकेसम्म बढी खेलाडीलाई छनोट प्रक्रियामा पठाउने र हकले प्रतियोगिता खेल्ने अवसर बनाउने हो ।

**हिमेश/कुशल** (काठमाडौं)

टोकियो ओलम्पिकमा भाग लिन नेपाली टिमको दोस्रो समूह शुक्रबार त्यसतर्फ प्रस्थान गरेको छ । नेपालले त्यहाँ प्रस्तुत गर्ने सुरुआती चुनौती सुटिङ र जुडोमा हुनेछ । पौडी टिम भने यसअघि नै जापान पुगिसकेको छ । सुटिङको महिला १० मिटर एयर राइफल टोकियो ओलम्पिककै स्वर्ण निर्णय हुने पहिलो स्पर्धामा पर्छ । त्यसमै नेपालकी कल्पना परियारले आफ्नो चुनौती पेस गर्नेछिन् ।

कोरोना भाइरस संक्रमण महामारीका कारण जापानी सरकारले लागू गरेको आचारसंहिताअनुसार आफूले खेलेको केही घण्टामै कल्पना नेपाल फर्किसकेकी हुनेछन् । यहाँ चर्चा गर्न लागेको विषय त्यस कडीकडाउ आचारसंहिताबारे होइन । बरू, हो त ओलम्पिक र नेपालको लक्ष्यबारे । नेपालमै सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुदमा सुटिङतर्फ नेपालको प्रदर्शन खासै सम्झनालायक रहेन ।

भलै, कल्पनाको प्रदर्शन व्यक्तिगत रूपमा उच्च रह्यो । त्यो पनि कम्तीमा कांस्य पदकसम्मलाई योग्य रहेन । उनी वाइल्ड कार्डमार्फत टोकियो ओलम्पिक पुगेकी हुन् । यस अर्थमा उनी भाग्यमानी रहिन् । ओलम्पिकका सहभागिता कसरी जनाउने हो त ? यसका खास-खास मापदण्ड छन् । यसको जटिल व्याख्या गरेर सबैलाई बुझाउन सकिन्न । नेपालको दृष्टिकोणबाट भन्दा खाली यति बुझौं, केही खेल यस्ता हुन्छन्, जसमा प्रत्येक देशका सहभागिता अनिवार्य हुन्छ ।

यसमा सहभागी हुने खेलाडीको प्रदर्शन कस्तो छ, त्यो अर्को विषय भयो । यसमा पौडी र एथलेटिक्स जस्ता खेल पर्छन् । गौरिका सिंह र एलेक्स शाहले त्यसैअनुसार पौडीमा नेपालको प्रतिनिधित्व गर्नेछिन् ।

एथलेटिक्सकी सरस्वती चौधरी पनि यसै समूहमा पर्छिन् । यसका लागि प्रयोग हुने शब्द हो, युनिभर्सियालिटी प्लेस । सुटिङ र जुडोमा सोनिया भट्टको सहभागिता भने वाइल्ड कार्डमा हो, त्यो भनेको त्यही भाग्यकै कुरा भयो ।

टोकियो ओलम्पिकमा नेपालको सहभागितालाई लिएर पछिल्लो पटक नेपाल ओलम्पिक कमिटीले एउटा भव्य कार्यक्रम आयोजना गऱ्यो । सहभागी हुने २६ सदस्यीय टिमको घोषणा गऱ्यो । नेपाली ओलम्पिक कमिटी यसरी खुलेर अगाडि आएको यो नै पहिलो घटना हो । त्यही कार्यक्रममा युवा तथा खेलकुद मन्त्रालयका सचिव केदार न्यौपानेले हल्का बोलेर खल्लो वातावरण तयार पारे । अझ भनौं, धेरैका लागि यो हाँस्ने बहाना भयो ।

कार्यक्रममा उनलाई बोल्ने अवसर दिइएको थियो । उनले त्यसको नमज्जासँग उपयोग गरे । उनी भनिरहेका थिए, नेपालले अब ओलम्पिकमा स्वर्ण पदकका लागि प्रयास गर्नुपर्छ । उनको तर्क थियो, नेपाली खेलाडी पनि मान्छे नै हुन् अनि विदेशी खेलाडी पनि मान्छे । उनले यसअघि नेपाल ओलम्पिक कमिटीकै आयोजनामा भएको ओलम्पिक डेको मुख्य कार्यक्रममै पनि यस्तै हल्का बोलेका थिए । यसले उनको आफ्नै स्तर घटेको थियो ।

उनको कुरा सुन्दा लाग्छ । यिनलाई खेलकुद के हो र कस्तो हुन्छ, केही पनि थाहा छैन । दुःख के भन्दा उनी नै नेपाली खेलकुदको नेतृत्वकारी तहमा छन् । त्यो पनि योजना बनाउने तहमा । त्यही ओलम्पिक डेको कार्यक्रममा उपराष्ट्रपति नन्दकिशोर पुनले दमदार बोले । उनको भनाइ कति धेरै दमदार थियो भने कोही विशेष पदका व्यक्तित्वले नेपाली खेलकुदबारे गहन अध्ययन गरेर बोलेको यसअघि सुनिएकै थिएन ।

उनको भनाइको सार थियो, नेपालले अहिले जसरी ओलम्पिकमा सहभागिता जनाउँदै आएको छ, त्यसमा कुनै गर्व गर्न लायक उपलब्धि नै छैन । यो त दयामायाले खेल्न दिए जस्तै हो । ओलम्पिकमा सहभागिताको त्यस्तो होस्, जस्तो कुनै समय संगीना वैद्य र दीपक विष्टको थियो । अझ संगीना र दीपकले ओलम्पिकमा सहभागिता जनाउँदा हो न हो पदक आउँछ भनेर विश्वास गर्ने ठाउँ बनेको थियो । तर त्यस्तो भएन । अब कहिलेसम्म नेपालले दयामायामै ओलम्पिक खेलिरहने त ?

यहाँनिर केही समयअगाडि दक्षिण एसियाली देशका केही देशबीच अनौपचारिक छलफल भएको थियो । त्यसमा एउटा बलियो तर्क अगाडि आएको थियो । त्यो तर्क थियो, नेपालजस्तो देशले ओलम्पिकमा लक्ष्य बनाउने भनेको सकेसम्म बढी खेलाडीलाई छनोट प्रक्रियामा पठाउने र हकले प्रतियोगिता खेल्ने अवसर बनाउने हो । त्यो भनेको संगीना र दीपकले ओलम्पिक खेले जस्तो । हो, ओलम्पिकमा नेपालको लक्ष्य भनेको ठ्याक्कै यही हो, सचिव न्यौपानेले गफ दिएजस्तो होइन ।

त्यसो त नेपाल ओलम्पिक कमिटीले टोकियो ओलम्पिकमा सहभागिताका लागि राम्रै तयारी गरेको थियो, ओलम्पिक छात्रवृत्तिको मद्दतमा । तर यसपल्टको सहभागिताले देखाएको छ, यत्तिले पटक्कै नपुग्ने रहेछ । हकले ओलम्पिक खेल्न पाउने अधिकारका लागि छेउछाउ पनि नपुग्ने स्थिति छ । टोकियो ओलम्पिकको समाप्तिमा नेपाल ओलम्पिक कमिटीले मात्र होइन, राष्ट्रिय खेलकुद परिषद्ले पनि नेपालको प्रदर्शनलाई लिएर कठोर विवेचना गर्ला नै ।

यहाँनिर कम्तीमा के भन्न सकिन्छ भने लगभग एक वर्ष र महिना दिनको समाप्तिमा चीनमा एसियाली खेलकुद हुनेछ । त्यसका लागि अहिले नै लक्ष्यसहित कार्यक्रम बनाऔं त । इन्डोनेसियामा भएको पछिल्लो एसियाली खेलकुदमा नेपालको सहभागिता ठूलो संख्यामा त थियो तर अनावश्यक थियो । त्यो भीड थियो, भद्रगोल थियो । कम्तीमा एक वर्षको समयमा खास-खास खेलमा पदक जित्ने लक्ष्यसहित अहिले नै तयारी सुरु गर्न सकिन्छ ।

भर्खरै मात्र दक्षिण एसियाली खेलकुदको अर्को संस्करण पाकिस्तानमा कहिले र कुन स्थानमा हुने लगभग टुंगो लागिसकेको छ । यसलाई ध्यानमा राखेर अहिले नै तयारी सुरु गरौं त । तय छ, नेपालमै भएको यस्ता प्रतियोगितामा जति सजिलै पदक जित्न सकिन्छ, विदेशी भूमिमा यस्तै पदक जित्न उत्तिकै गाह्रो हुन्छ । आखिरमा खेलकुदमा कसरी सफल हुने हो, त्यसबारे कोही कसैसँग ठ्याक्कै उत्तर छैन, खाली यत्ति भन्न सकिन्छ, यसका लागि समयमै दरिलो तयारी गर्नुपर्छ ।



क्रमशः एलेक्स शाह (पौडी), कल्पना परियार (सुटिङ), गौरिका सिंह (पौडी), सोनिया भट्ट (जुडो) र सरस्वती चौधरी (एथलेटिक्स)

**नेपालबाट ओलम्पिक सहभागी खेल र खेलाडी संख्या**

एथलेटिक्स-३०, बक्सिङ-१६,
पौडी-१२, तेक्वान्दो-८, भारोत्तोलन-७,
सुटिङ-७, जुडो-४, आर्चरी-१
कुल : ८५ खेलाडी
*(यो तथ्यांकमा यस संस्करणका सहभागी खेलाडी जोडिएको छैन)*

**कोटाकै भर कहिलेसम्म ?**

सन् १९६४ मा जापानको टोकियोमै आयोजना भएको १८ औं संस्करणबाट नेपालको ग्रीष्मकालीन ओलम्पिक यात्रा सुरु भएको हो । साढे ५ दशकपछि पुनः टोकियोले नै ओलम्पिक आयोजना गर्दा नेपाल भने ठोस उपलब्धि हासिल गर्न संघर्षरत नै छ । सन् १९६८ को मेक्सिको ओलम्पिकबाहेक नेपालले हरेक संस्करणमा सहभागिता जनाएको छ । टोकियोमा जुलाई २३ देखि हुने ३२ औं ग्रीष्मकालीन ओलम्पिक नेपालको १४ औं ओलम्पिक सहभागिता हो ।

यति लामो सहभागिता र अवसर पाउँदा नेपालको ओलम्पिक सहभागिता भनेको आयोजक र सम्बन्धित खेल संघको कृपामै निर्भर छ । ओलम्पिक सहभागिताका तीन विकल्प छन् । पहिलो- छनोट प्रतियोगिता पार गरेर, दोस्रो- वाइल्ड कार्ड कोटा, तेस्रो- विश्वव्यापी सहभागिता (युनिभर्सियालिटी कोटा) । अहिलेसम्म ८५ खेलाडीले नेपालबाट ओलम्पिकमा प्रतिनिधित्व गर्दा जम्माजम्मी दुईजनाले मात्रै छनोट प्रतियोगिता पार गरेका छन् ।

सन् २००४ को एथेन्स ओलम्पिक र २००८ को बेइजिङ ओलम्पिकमा नेपालका लागि अन्य संस्करणको तुलनामा गर्विलो रह्यो । दुवै संस्करणमा सहभागी कम्तीमा १ खेलाडी खुला छनोट पार गरेर प्रतियोगितामा पुगेका थिए । तेक्वान्दोकी संगीना वैद्यले एथेन्स र तेक्वान्दोकै दीपक विष्टले बेइजिङ ओलम्पिक खेले । बाँकीमध्ये धेरैजसो विश्वव्यापी सहभागिता र केही वाइल्ड कार्ड कोटाबाट ओलम्पियन बनेका हुन् ।

अहिले नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ सदस्यसचिव भएको बेला २०६५ सालमा नेपालले सन् २०२० को टोकियो ओलम्पिकमा पदक जित्ने तयारीको योजनासहित 'भिजन-२०२०' नामक महत्त्वाकांक्षी कार्यक्रम घोषणा गरिएको थियो । त्यो योजना कार्यान्वयन भएको भए कोरोनाका कारण एक वर्ष सारिएको यही ओलम्पिकमा नेपाल पदकको दाबेदार हुनुपर्ने थियो । राजनीतिक हस्तक्षेपले गाँजेको नेपाली खेलकुदमा फेरिइरहने नेतृत्वले आफूअनुकूल प्रयोग गर्दै जाँदा दीर्घकालीन योजना र कार्यक्रम थाँती रहे । नेपाल २०२० सम्म पनि वाइल्ड कार्ड र विश्वव्यापी सहभागिताकै कोटामा गर्व गरिरहेको छ । ओलम्पिकलाई विश्वभरबाट अपनत्व दिलाउन विश्वव्यापी कोटाको सुरुआत गरेको हो । यो कोटा पनि सम्बन्धित देशले मागेको स्पर्धामा पाउँदैन । त्यसैले त यसपालि एथलेटिक्सका गोपीचन्द्र पार्कीको त्यो हालत भयो ।

नेपालबाट अहिलेसम्म ४ खेलाडीले एकभन्दा बढीपल्ट ओलम्पिक खेलेका छन् । यो संस्करणमा दोस्रोपल्ट ओलम्पिक खेल्न लागेकी जलपरी गौरिका सिंहलाई समेत जोड्ने हो भने यो संख्या ५ हुन्छ । तीमध्ये एथलेटिक्सका महान वैकुण्ठ मानन्धरले त चारपल्ट ओलम्पिक म्याराथन दौडिए । वैकुण्ठले सन् १९७६ को मोन्ट्रियल, १९८० मस्को, १९८४ लस एन्जल्स र १९८८ सोल ओलम्पिक खेलेका छन् । एथलेटिक्सकै हरि रोकायले सन् १९८८ सोल र १९९२ को बार्सिलोना ओलम्पिक खेलेका छन् । बक्सिङका उमेश मास्केले मस्को र लस एन्जल्स ओलम्पिक खेले भने बक्सिङबाटै स्वर्गीय दलबहादुर रानाले लस एन्जल्स र सोल ओलम्पिक खेले ।

नेपालबाट अहिलेसम्म ८ खेलले मात्र ओलम्पिकमा प्रतिनिधित्व गरेको छ । त्यसमध्ये पहिलो सहभागितादेखि अहिलेसम्म नछुटेको एकमात्र खेल एथलेटिक्स हो । एथलेटिक्समा ३० ओलम्पियन छन् । त्यसबाहेक बक्सिङका १६, पौडीका १२, तेक्वान्दोका ८, भारोत्तोलन र सुटिङका ७-७, जुडोका ४ र आर्चरीका १ खेलाडी ओलम्पियन बनेका छन् ।

सन् १९८८ को सोल ओलम्पिकमा प्रदर्शनी खेलका रूपमा समावेश गरिएको तेक्वान्दोबाट नेपालका विधान लामाले कांस्य पदक जितेका थिए । तर यसलाई आधिकारिक पदक तालिकामा समावेश गरिएको छैन । त्यसअघि र पछिका सहभागी नेपाली खेलाडी पदकको नजिकसम्म पुग्न सकेका छैनन् । व्यक्तिगत प्रदर्शन सुधार्नमै केन्द्रित बनेको छ ।

# राष्ट्रिय गान र झन्डाबिना दर्जनौं पदक अपेक्षा

मस्को (एएफपी)- 'डोपिङ काण्ड' ले तल परे पनि रुसका ओलम्पिक कमिटीका प्रमुखले आफ्ना खेलाडीहरू बिनाक्षति नै निष्पक्ष रूपमा टोकियो ओलम्पिकमा अगाडि बढेको बताएका छन् ।

अझै पनि स्टानिस्लाभ पोज्नियकोभले दर्जनौं पदकसहित आफ्ना खेलाडी स्वदेश फर्किने चाहना गरेका छन् । 'कुनै पनि खेलाडीका लागि राष्ट्रिय झन्डा र राष्ट्रिय गान अतिरिक्त उर्जा दिने तत्व हुन्छ,' उनले ओलम्पिकअगाडि मस्कोमा भने, 'पक्कै पनि यी तत्वबिना नै हामीले प्रदर्शन गर्नुपर्छ । तर, टिम पोडियम (पदक प्राप्त गर्ने स्थान) का लागि प्रतिस्पर्धा गर्न तयार छ । हामीले ४० देखि ५० पदक जित्ने अनुमान गरेका छौं ।'

पोज्नियकोभले ५ वर्षअघि ब्राजिलमा रुसले जितेको ५६ पदकको हाराहारीमै पुग्ने लक्ष्य रहेको बताए । रुसले लन्डन ओलम्पिक २०१२ मा भने ८२ पदक जितेको थियो । किनभने २०१२ रुसको खेलकुदका लागि फरक युग थियो । त्यसपछि रुस नराम्रोसँग डोपिङ काण्डमा फसेको हो र त्यसै कारण जापानमा रुसको लोगो र राष्ट्रिय गान हुने छैन । यो कारबाही सन् २०१५ मा वर्ल्ड एन्टी डोपिङ एजेन्सी (वाडा) ले दिएको प्रतिवेदनअनुसार भएको हो, जसमा रुसले संस्थागत रूपमै गलत तबरले खेलाडीलाई रणनीतिक रूपमा अगाडि बढ्न सरकारकै उच्च तह संलग्न भएको भनिएको थियो ।

त्यसपछि मस्कोस्थित एन्टी डोपिङ प्रयोगशालाका पूर्वप्रमुख ग्रिगोरी रोद्चेन्कोभले सोचीस्थित 'ब्ल्याक सी रिसोर्ट' मा विन्टर ओलम्पिक २०१४ आयोजना गर्दा राज्यकै संरचनामा खेलाडीले शक्तिबर्द्धक औषधी प्रयोग गरेको रहस्य खोलेका थिए । त्यसकारण रुसलाई चार वर्ष मुख्य प्रतियोगितामा प्रतिबन्ध लगाइयो भने उसका खेलाडीले जितेका केही पदक पनि खोसियो । त्यसैले डोपिङको कारण लन्डन ओलम्पिकमा रुसको पदकसंख्या ६७ मात्रै कायम गरियो ।

कोर्ट अफ आर्बिटेसन फर स्पोर्ट (सीएएस) ले रुसमाथि लगाइएको प्रतिबन्धलाई छोट्याएर सन् २०२० सम्म बनाइयो । यस फैसलाले केहीलाई तनाब दिए पनि रुसमा उसको जितको रूपमा लिइएको थियो । तैपनि रुसको राष्ट्रिय गान, झन्डा र उसको नामलाई मुख्य प्रतियोगिताहरूमा डिसेम्बर २०२२ सम्म प्रतिबन्ध लगाइएको छ । उसका खेलाडीले भने प्रतिस्पर्धा गर्न पाउनेछन् । पोज्नियकोभले अझै पनि आफ्ना खेलाडी, विशेषगरी नयाँ पुस्ताका खेलाडीले राष्ट्रिय रङ लगाउन नपाउनु अन्याय भएको बताएका छन् । उनले भने, 'उनीहरूले २०१५ मा लगाइएको आरोपमा केही गरेका थिएनन् ।'

रुसका केही पदाधिकारीले युवा खेलाडीले सिनियरले गरेको गल्तीको मूल्य चुकाइरहेको बताएका छन् । अब रुसको नीति सफा भइसकेको बताए । राष्ट्रपति भ्लादिमिर पुटिनले भने पश्चिमी देशहरूले विश्व खेलकुदका पावर हाउसलाई होच्याउन डोपिङ काण्ड ल्याएको दाबी गरे । तर, पोज्नियकोभले समयको पृष्ठ परिवर्तन भइसकेको बताए । टोकियोमा रुसका खेलाडीले सांकेतिक रूपमा 'रसियन ओलम्पिक कमिटी' को नाममा प्रतिस्पर्धा गर्नेछन् । जसमा राष्ट्रिय झण्डाजस्तै रातो र नीलो रङ हुने छैन । पियोटर चाइकोभ्स्कीले संयोजन गरेको संगीतले रुसको राष्ट्रिय गानको स्थान लिनेछ । ट्र्याकसुट भने रुसकै रङमा सजाइएको हुनेछ ।

**युगान्डाका खेलाडी हराए**

टोकियो- जापानी अधिकारीहरूले कोरोना भाइरसको महामारीबीच टोकियो ओलम्पिकको एक साताअघि हराएका युगान्डाका भारोत्तोलन खेलाडीलाई खोजिरहेको शुक्रबार बताएका छन् ।

ओसानजिक ट्रेनिङ क्याम्पमा रहेका २० वर्षीय जुलियुस सेकितोलेको कोभिड-१९ परीक्षणमा सहभागी भएनन् र आफ्नो होटलको कोठामा पनि भेटिएनन् । उनी गायब भएपछि महामारी फैलिरहेका बेला जापानमा तनाव भएको छ । महामारीकै कारण ओलम्पिक पनि एक वर्ष ढिला आयोजना गर्न लागिएको हो । सरकारले शुक्रबार भाइरसविरुद्धको नियम उल्लंघन गर्नेमाथि अनुसन्धान गर्न आयोजकलाई निर्देशन दिइसकेको छ ।

# नेपाल सहभागिताबाट वञ्चित



एसियन च्याम्पियनसिपलाई बन्द प्रशिक्षणमा रहेको नेपाली महिला भलिबल टोली ।

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपालले फिलिपिन्समा हुने २१ औं एसियन सिनियर महिला भलिबल च्याम्पियनसिप खेल्न नपाउने भएको छ । फिलिपिन्स सरकारले नेपाल र भारतलाई कोरोना भाइरस संक्रमणको अति संवेदनशील क्षेत्रको रूपमा इंगित गर्दै यात्रा अनुमति दिन अस्वीकार गरेपछि नेपाली टोली प्रतियोगिताबाट वञ्चित भएको हो ।

मनिलामा भदौ १३ देखि २० सम्म हुने निर्धारण गरिएको प्रतियोगिताका लागि शुक्रबार खेलतालिका प्रकाशित गर्दा यात्रा अनुमति नपाएका नेपाल र भारतलाई समावेश गरिएको छैन । फिलिपिन्सले यात्रा अनुमति नदिएका कारण एसियन भलिबल कन्फेडेरेसन (एभीसी) ले नेपाललाई समावेश गर्न नसकेको हालै सेन्ट्रल जोनमा कोषाध्यक्ष नियुक्त नेपाल भलिबल संघका महासचिव जितेन्द्रबहादुर चन्दले जानकारी गराए । जापान र हङकङले भने खेलतालिका प्रकाशनपूर्व प्रतियोगिताबाट नाम फिर्ता लिएका थिए ।

प्रतियोगितामा सुरुमा १७ टोलीको सहभागिता रहने भनिएको थियो । चीन, श्रीलंका, इन्डोनेसिया, भियतनाम र न्युजिल्यान्ड गरी ५ टोलीले नाम फिर्ता लिएपछि १२ टोलीको सहभागिता रहने भनियो । त्यसबाट पनि चार टोली घटेपछि अन्तिम प्रतियोगिता खेल्ने ८ टोलीलाई दुई समूहमा विभाजन गरी खेलतालिका सार्वजनिक गरिएको छ । समूह 'ए' मा आयोजक फिलिपिन्ससहित किर्गिस्तान, चाइनिज ताइपेई र उज्वेकिस्तान छन् । समूह 'बी' मा थाइल्यान्ड, दक्षिण कोरिया, इरान र अस्ट्रेलिया छन् ।

पहिलोपल्ट एसियाली च्याम्पियनसिप खेल्न लागेको नेपाली महिला टोली एक महिनादेखि तयारीमा छ । सुरुमा २७ खेलाडीलाई बन्द प्रशिक्षणमा राखेर पहिलो चरणमा ९ खेलाडी कटौती गरिएको थियो । भलिबल संघले प्रतियोगिताको सुरुदेखिकै तयारीका लागि डेढ करोड खर्च लाग्ने अनुमान गर्दै राष्ट्रिय खेलकुद परिषद् (राखेप), मन्त्रालय तथा अन्य प्रायोजकसँग छलफल थालेको थियो । प्रतियोगिता खेल्न नपाउने भएपछि भलिबल संघले टोलीको बन्द प्रशिक्षण स्थगित गरेको छ ।

सेन्ट्रल जोनको छनोट प्रतियोगिता नखेली भाग्यवश प्रतियोगितामा छनोट भएको नेपालको एसियाली च्याम्पियनसिपको ऐतिहासिक अनुभव भने बटुल्न पाएन । एसियाली पावर हाउस देशहरूसँग अनुभव साटासाट गर्ने नेपालको लक्ष्य कोरोना र आयोजक देशको कडाइका कारण बीचमै तुहिएको छ । नेपालले सन् २०१९ को अक्टोबरमा बंगलादेशमा आयोजित एसियन सेन्ट्रल जोन सिनियर वुमेन्स भलिबल प्रतियोगितामा स्वर्ण जितेको थियो । त्यसको दुई महिनापछि नेपालमै सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुदमा रजत जितेयता कुनै पनि प्रतियोगिता खेल्न पाएको छैन ।

# भारत र पाकिस्तान एकै समूहमा

दुबई (एजेन्सी)- भारत र पाकिस्तान विश्व ट्वान्टी-२० को समूह चरणमै भिड्ने भएका छन् । यूएई र ओमानले अक्टोबर १७ देखि नोभेम्बर १४ सम्म संयुक्त आयोजना गर्ने प्रतियोगिताको अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले शुक्रबार समूह विभाजन गरेको हो ।

साबिक विजेता वेस्ट इन्डिजसहित अस्ट्रेलिया, इंग्ल्यान्ड, दक्षिण अफ्रिका सुपर १२ को समूह 'वान' मा रहेका छन् । भारत, पाकिस्तान, न्युजिल्यान्ड र अफगानिस्तान समूह 'टु' मा छन् । २०२१ को मार्चसम्मको ट्वान्टी-२० अन्तर्राष्ट्रिय वरीयताका आधारमा आईसीसीले समूह विभाजन गरेको जनाएको छ । वरीयताको शीर्ष ८ टोलीले सिधै दोस्रो चरण खेल्नेछन् । प्रत्येक समूहमा २-२ टोली थपिनेछन् । त्यसमा विश्व ट्वान्टी-२० वरीयताको नवौं र दसौं स्थानमा रहेका श्रीलंका र बंगलादेशसहित २०१९ मा दुबईमै भएको ट्वान्टी-२० विश्वकप छनोट भएर आएका ६ टोलीले पहिलो चरणमा प्रतिस्पर्धा गर्नेछन् । पहिलो चरणको समूह 'ए' मा आयरल्यान्ड, नेदरल्यान्ड्स, नामिबिया र श्रीलंका तथा समूह 'बी' मा ओमान, पपुवा न्युगिनी, स्कटल्यान्ड र बंगलादेश छन् । प्रत्येक समूहका शीर्ष दुई टोली सुपर १२ मा छन् । कोभिड-१९ का कारण प्रतियोगिता एक वर्ष पछाडि धकेलिएको हो । भारतमा सन् २०२० मा हुने तय भएको प्रतियोगिता महामारीका कारण गल्फ राष्ट्रमा आयोजना हुन लागेको हो । यूएईको दुबई क्रिकेट रंगशाला र शारजहाँ क्रिकेट रंगशाला तथा मस्कटको ओमान क्रिकेट एकेडेमी मैदानमा प्रतियोगिताका खेल हुनेछन् ।

# घोडचढीलाई एसियन मान्यता

काठमाडौं (कास)- नेपाल घोडचढी (इक्वेस्ट्रियन) संघले एसियन इक्वेस्ट्रियन फेडेरेसन (एईएफ) को अस्थायी सदस्यता प्राप्त गरेको छ । एसियाका क्रियाशील २८ देश सम्मिलित एईएफको भर्चुअल साधारणसभाले नेपाललाई अस्थायी सदस्यता दिने निर्णय गरेको हो ।

साधारणसभाको एजेन्डा १५.१ अनुसार नेपाललाई सदस्यता दिने निर्णय भएको नेपाल घोडचढी संघले जनाएको छ । नेपालसहित दक्षिण एसियाली राष्ट्र श्रीलंकाले पनि सदस्यता पाएको छ । गत नोभेम्बरमा अन्तर्राष्ट्रिय इक्वेस्ट्रियन फेडेरेसन (एफआईआई) को महासभाले नेपाल घोडचढी संघलाई अस्थायी सदस्यका रूपमा मान्यता दिएको थियो ।

एसियन र अन्तर्राष्ट्रिय फेडेरेसनका प्रतिनिधिबाट नेपाल भ्रमण भएपछि पूर्ण सदस्यको रूपमा मान्यता दिइने अपेक्षा रहेको संघका अध्यक्ष रवि राजकर्णिकारले जानकारी गराए ।

कोभिड-१९ को स्थिति सहज भएपछि घोडचढीका अन्तर्राष्ट्रिय प्रतिनिधिले नेपाल भ्रमणमा गर्ने उनले बताए । उनका अनुसार नेपाल घोडचढी संघलाई अन्तर्राष्ट्रिय टेन्ट पेगिङ्ग महासंघ (आईटीपीएफ) को पूर्ण सदस्यको रूपमा अनुमोदन गरिसकेको छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, सम्पादक : उमेश चौहान, प्रधान सम्पादक : सुधीर शर्मा

## आधा कैदीबन्दी लागूऔषध मुद्दाका

विराटनगर (कास)- मोरङ जिल्ला कारागारका कैदीमध्ये आधा जति लागूऔषधसम्बन्धी मुद्दाका अभियुक्त छन्। कारागारमा रहेका ९ सय ६४ थुनुवा कैदीमध्ये झन्डै आधा संख्या उनीहरूकै छ। मोरङ कारागारका नायव सुब्बा रामप्रसाद पोखरेलका अनुसार जिल्ला अदालतले दैनिक सरदर तीन जना लागूऔषध मुद्दाका थुनुवा कारागार पठाउने गरेको छ।

जिल्ला अदालत मोरङमा पनि लागूऔषधसम्बन्धी मुद्दा हरेक वर्ष बढ्दो छ। हरेक वर्ष लागूऔषधसम्बन्धी मुद्दा सरदर दुई सयभन्दा बढी दर्ता हुने गरेका छन्। इलाका प्रहरी कार्यालय रानी विराटनगरले लागूऔषध ओसारपसार र सेवन गर्ने दैनिक सरदर ५ जना किशोरकिशोरीलाई पक्राउ गर्दै आएको छ। 'लागूऔषध ओसारपसार गर्ने र खानेलाई पक्राउ नगरेको दिन नै हुँदैन,' प्रहरी निरीक्षक प्रकाश राउतले भने, 'कहिलेकाहीं त उनीहरूलाई पक्राउ गरेर थुनुवा कोठामा राख्ने ठाउँ पनि हुँदैन।'

धरान, इटहरी, धनकुटा, विराट चौक, बेलबारी, पथरी र विराटनगरका किशोरकिशोरी लागूऔषध कारोबारमा संलग्न भएको पाइएको प्रहरीको भनाइ छ। तीन महिनासम्म थुनुवा राख्दा अधिकांशका परिवार भेट्न पनि आउँदैनन्। केही धनाढ्य परिवारका चाहिँ आफ्ना छोराछोरीलाई भेट्न र अदालतको फैसलापछि धरौटी राखेर छुटाएर पनि लैजान्छन्। प्रहरीका अनुसार केही थुनुवाका परिवारजनले यो कहिल्यै सुध्रिएन भन्दै माया मारेर फर्कने गरेका छन्। केही कारोबारी पटकपटक कारागार सजाय काटेर छुटेको समेत पाइएको छ।



ताप्लेजुङको फुङलिङ नगरपालिका-१० फुरुम्बुमा चिया गोड्दै महिला। कोरोना संक्रमणको जोखिम रहे पनि गाउँघरमा भने सर्वसाधारण सामूहिक रूपमा कृषि कर्ममा व्यस्त छन्। *तस्बिर : आनन्द गौतम/कान्तिपुर*

## गुठीको जग्गामा बनाइएका टहरा भत्काइयो

खोटाङ (कास)- शंखेश्वरी महादेव गुठीको जग्गा हडपेर बनाइएका घर टहरा भत्काइएको छ। बराहापोखरी गाउँपालिका-१ बराहापोखरीमा बनाइएका घरटहरा हटाउन पटक-पटक हट्न अनुरोध गर्दासमेत अटेर गरिएकोले डोजर लगाएर भत्काइएको पालिकाले जनाएको छ।

गाउँपालिका उपाध्यक्ष गोमा मगरका अनुसार कर्ण श्रेष्ठ, हरि खत्री, अर्जुन तामाङ, हिमाल राई, पदम राईको घरटहरा शनिबार भत्काइएको छ। 'शंखेश्वरी महादेव गुठीको जग्गा हडपेर घरटहरा बनाउने २७ घरपरिवारमध्ये शनिबार पाँच वटा घरटहरा भत्काइएको छ,' मगरले भनिन्, 'अरू भने पहिले नै सरिसक्नुभएको थियो।'

स्थानीय सरकार सञ्चालन ऐनमा अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण, रोकथाम तथा नियन्त्रण गर्ने अधिकार उपयोग गर्दै जग्गा खाली गरिएको मगरले सुनाइन्। उनका अनुसार शंखेश्वरी महादेव गुठीका नाममा भएको बराहाटार, चालीसे, सावाटारी, बाह्रमुरेलगायत विभिन्न ठाउँमा भएका जग्गा अझै स्थानीयले कब्जा गरेर बसेका छन्।

२०४७ सालमा जिल्ला मालपोत कार्यालय खोटाङले स्थानीयले गैरकानुनी रूपमा हडपेको करिब ५५ रोपनी जग्गा फिर्ता गर्न आदेश दिएको थियो। तर उक्त आदेशअनुसार स्थानीयले अझै गुठीको जग्गा फिर्ता गरेका छैनन्।

स्थानीयले भने आफूहरुको सुरक्षित आवासको व्यवस्था गर्न माग गर्दै आएका छन्।

# कालोपत्र भयो, पुल नबन्दा सास्ती



मदन भण्डारी राजमार्गअन्तर्गत उदयपुरको गाईघाट-बेल्टार खण्डको खैराहा खोलमा आएको बाढीले रोकिएका सवारीसाधन। *तस्बिर : डिल्लीराम/कान्तिपुर*

**डिल्लीराम खतिवडा** (उदयपुर)

मदन भण्डारी राजमार्गको पूर्वी खण्डका विभिन्न खोला खहरेमा पुल नहुँदा यात्रुले निकै सास्ती खेप्नुपर्ने अवस्था छ। राजमार्गअन्तर्गत सिन्धुलीको भिमानदेखि उदयपुरको चौदण्डीगढी नगरपालिकासम्म १ सय १२ किलोमिटर सडक कालोपत्र गरिसकिएको छ। तर यसबीचमा पर्ने १३ वटा खोला खहरेमा पुल नबन्दा यात्रुले सास्ती खेप्नुपरिरहेको हो।

भिमानदेखि वीरेन्द्र चोकसम्मको १ सय ३४ किमिमध्ये १ सय १२ किमि कालोपत्र गरिएको छ। यो खण्डमा पर्ने ४३ खोला खहरेमा पक्की पुल निर्माण भइसकेको छ। 'कालोपत्र गरेको चिल्लो सडक भनेर गाईघाटबाट आइयो,' गाईघाटकी रञ्जना पाचेमगरले भनिन्, 'तर चौदण्डीगढी-१० खैराहा खोला तर्न नसक्दा खोला किनारमै साढे ३ घण्टा बिताउनुपर्‍यो।' बेल्टार-गाईघाटको २० किमिको दूरी झन्डै ३० मिनेटमा पुग्नेमा साढे ३ घण्टा बीच बाटोमै बिताउनुपरेको उनले गुनासो गरिन्।

वारिपारि कालोपत्र सडक भए पनि बीचमा पर्ने खैराहा खोलामा पुल नहुँदा सर्वसाधारणले सास्ती खेप्नुपरेको चौदण्डीगढी-१० का अध्यक्ष रामकुमार खड्काले बताए। 'राजमार्गको अधिकांश भाग कालोपत्रे भएको छ,' खड्काले भने, 'तर पुल नहुँदा सर्वसाधारणले धेरै दुःख भोग्नुपरिरहेको छ।' सडक कालोपत्रे भयो भनेर आउनेहरू खोला तर्न नसक्दा समस्यामा पर्ने गरेको उनले सुनाए।

राजमार्गअन्तर्गत धरान-चतरा-गाईघाट-सिन्धुली-हेटौंडा ३ सय १८ किलोमिटर सडक खण्डका निर्माण कार्य २०६४/६५ देखि नै सुरु भएको हो। राजमार्गलाई उदयपुरको चौदण्डीगढीस्थित वीरेन्द्र चोकदेखि सिन्धुलीको भिमानसम्मको १ सय ३४ किमिलाई पूर्वी र भिमानदेखि हेटौंडासम्मको १ सय १६ किमि सडकलाई पश्चिमी खण्डमा विभाजन गरी निर्माण गरिँदै आएको छ। दुवै खण्डमा सडक र पुलको फरकफरक ठेक्का लगाई काम भइरहेको सडक आयोजना कार्यालयले जनाएको छ।

पूर्वी खण्डमा सडकको काम जेआईडेसी, शर्मा/लामा जेभी र पुलको काम सीओभीआईसी-रसुवा/तुन्डी जेभीले गरिरहेका छन्। पूर्वी खण्डमा सडकतर्फ ६ अर्ब ५४ करोड र पुलतर्फ ३ अर्ब २५ करोड रुपैयाँ बराबरको ठेक्का लागेको हो। राजमार्ग गत माघमै निर्माण सम्पन्न गरिसक्नुपर्ने हो। तर कोभिड-१९ महामारीलगायत विभिन्न कारण देखाउँदै अझै काम पूरा भएको छैन।

मदन भण्डारी राजर्माग आयोजना कार्यालय गाईघाटका सूचना अधिकारी इन्जिनियर शंकर पौडेल भने सरकारले पहिलो प्राथमिकतामा राखेकै कारण राजमार्गको काम तीव्र गतिमा भएको दाबी गर्छन्। अहिलेसम्म राजर्मागको पूर्वी खण्डको भौतिक र आर्थिक प्रगति करिब शतप्रतिशत भइसकेको बताए। 'तर पहिलो चरणमा छुटेका १३ वटा पुलको काम भई नसकेकाले राजमार्गको पूर्वी खण्ड पूर्णरूपमा सञ्चालन हुन सकेको छैन,' पौडेलले भने, 'त्यसमध्ये लामा खोला र ज्यामिरे खोलामा पुल निर्माण भइरहेको छ। सुन्दरी, खैरा, असारी, मौवासी, अर्ना खोलामा मनसुनपछि तुरुन्तै काम सुरु हुन्छ।' पँधेरे, थनाह, सुनखानी-२, रातु र धप्परमा पुलको डिजाइन स्वीकृत हुन बाँकी रहेको उनले बताए।

# संक्रमितसँग बढी रकम असुल्दै अस्पताल

**कान्तिपुर संवाददाता** (विराटनगर)

सरकारले कोरोना संक्रमण घटेको भन्दै निजी अस्पतालले सञ्चालनमा ल्याएका कोभिड अस्पतालसँगको सम्झौता खारेज गरेपछि यहाँका नोबेल र विराट शिक्षण अस्पतालले नयाँ भर्ना लिएका छैनन्। तर यसअघि नै अस्पतालमा भर्ना भई उपचाररत संक्रमितसँग दैनिक महँगो शुल्क असुलिरहेका छन्।

नोबेल शिक्षण अस्पतालले पछिल्लो एक सातादेखि नयाँ संक्रमितलाई भर्ना नलिएको जनाएको छ। अस्पतालमा आइतबारसम्म १३ जना संक्रमितको उपचार भइरहेको छ। अस्पतालका प्रबन्धक नारायण दाहालका अनुसार सबै संक्रमित सरकारसँग सम्झौता हुँदा भर्ना भएका हुन्। अझै पनि दिनहुँ १०-१२ जना संक्रमित आउने गरे पनि सरकारसँगको सम्झौता खारेज भएपछि भर्ना नलिई सरकारी अस्पतालको कोभिड उपचार केन्द्रमा पठाउने गरेको दाहालले बताए।

सरकारले सम्झौता खारेज गर्नुअघि निजी अस्पतालमा उपचाररत संक्रमितले समेत उपचार शूल्क तिर्नु पर्दैन थियो। तर सम्झौता खारेज भएपछि पनि त्यसअघिदेखि नै उपचाररत संक्रमितको निःशुल्क उपचार गर्नुपर्नेमा अस्पतालले उनीहरुसँग पनि शूल्क लिइरहेको अस्पताल स्रोतले बतायो। निजी खर्चमा उपचार गराउनेले अस्पतालमा प्रतिदिन भेन्टिलेटरको २५ हजार रुपैयाँ, आईसीयू बेडको २२ हजार ५ सय रुपैयाँ र अक्सिजनसहितको जनरल बेडको ११ हजार रुपैयाँ तिर्नु पर्छ। तर पूराना संक्रमितलाई समेत उति नै रकम लिन थालिएको हो।

त्यसैगरी, विराट शिक्षण अस्पतालमा आइतबारसम्म ४० जना संक्रमितको उपचार भइरहेको छ। अस्पतालले बिरामीबाट प्रतिदिन आईसीयूको २५ हजार रुपैयाँ र अक्सिजनसहितको जनरल बेडको ८ हजार ५ सय रुपैयाँ शूल्क लिइरहेको छ। नोबेल अस्पतालको कोभिड उपचार केन्द्रमा १७ वटा भेन्टिलेटर, ६३ वटा आईसीयू र अक्सिजनसहितका २ सय २० वटा जनरल बेड छन्। विराटले कोरोना संक्रमितका लागि आइसीयू बेड ४३ वटा, भेन्टिलेटर बेड १७ वटा र जनरल बेड १ सय ७५ वटा छुट्याएको छ।

**स्वास्थ्यकर्मीले पाएनन् जोखिम भत्ता**

मोरङ- कोसी अस्पतालको कोभिड-१९ उपचार केन्द्रमा काम गरेका २४ जना स्वास्थ्यकर्मी कोरोनाको पहिलो लहरकै जोखिम भत्ता पाउनबाट वञ्चित भएका छन्। केन्द्रमा २०७७ भदौ २१ देखि फागुन २० सम्म काम गरेका हेल्थ असिस्टेन्ट दिलीप सिंहले ६ महिना काम गर्दा प्रदेशको सामाजिक विकास मन्त्रालयले २ महिनाको मात्रै जोखिम भत्ता दिएको गुनासो पोखे। 'मन्त्रालयले आज-भोलि भन्दै अझैसम्म जोखिम भत्ता दिएको छैन,' उनले भने, 'सुरुमा जोखिम भत्ता दिने भनिए पनि पछिल्लो समय संघीय सरकारले २ महिनाको मात्रै दिने व्यवस्था गरेकाले बाँकी ४ महिनाको दिन नमिल्ने भन्न थालिएको छ।' जोखिम भत्ता नपाउनेमा ८/८ जना मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट र स्टाफ नर्स छन्। मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले स्वास्थ्यकर्मीलाई सुरुमा २ महिना जोखिम भत्ता दिएको तर कात्तिकदेखि संघीय सरकारले जोखिम भत्ता कटौती गरेकाले नदिएको बताए। 'संघीय सरकारले कटौती गरेको जोखिम भत्ता प्रदेश सरकारले दिन नमिल्ने भएकाले मात्रै यस्तो भएको हो,' उनले भने।

## परिवार नै संक्रमित हुँदा सकस

### 'सबै ओछ्यान परेपछि तातोपानी दिने पनि कोही भएन'

**विप्लव भट्टराई** (इलाम)

एकातर्फ आमा छटपटाउँदै थिइन् भने अर्कोतर्फ बुबालाई सास फेर्न गाह्रो हुन थाल्यो। आमाको भन्दा बुबाको स्वास्थ्य अवस्था जटिल थियो। बुबाको अक्सिजन सकिएपछि उनले आमाले प्रयोग गर्नुभएको अक्सिजन बुबालाई लगाउने निधो गरे।

'आफू पनि कोरोनाले जीउ चलाउन सक्ने अवस्थामा थिइनँ। बिस्तारै आमाको छेउमा गएर अक्सिजन सिलिन्डर खुस्काएँ र बुबाकोसम्म पुर्‍याएर जोडिदिएँ। तर बुबालाई बचाउन सकिनँ,' माङ्सेबुङ-५ लारुम्बाका सुमन लावतीले आँखैअगाडि बुबाको निधन भएको कारुणिक दृश्य सम्झँदै थिए। लावतीका आमाबुबा मात्रै नभई आफूसहित श्रीमती र परिवार सबै कोरोना संक्रमणको चपेटामा परेका हुन्। बिहान ५ बजे बुबा गुमाएका लावतीले दिउँसो साढे ३ नबज्दै आमालाई पनि गुमाउनुपर्‍यो।

समयमा नै बुबा टेकबहादुर र आमा लक्ष्मी हाङ्मालाई अस्पताल पुर्‍याउन नसक्दा लावतीले दोहोरो बज्रपात सहनुपरेको थियो। परिवारका सबै सदस्य एकैसाथ संक्रमित भएकाले पनि समयमै अस्पताल पुर्‍याउन नपाएको उनको दुखेसो छ। 'निरन्तर वर्षा भएकाले रतुवा खोला तरेर दमकतर्फ गाडी जाने अवस्था थिएन,' लावतीले थपे, 'माई नगरपालिकातिरको सडकमा पनि ठाउँठाउँमा पहिरो खसेको थियो। लोदिया खोला पनि तर्ने अवस्था नभएर कुनै पनि गाडी आउजाउ गर्न सकेनन्।'

एकसाथ सबै ओछ्यान परेपछि बिरामीलाई तातोपानी दिने पनि कोही मान्छे नभएको उनले सुनाए। आमालाई सामान्य समस्या भएपछि उनले २ वटा अक्सिजन सिलिन्डरको जोहो गरेका थिए। एकपटक त जसोतसो ट्र्याक्टरबाट उनले सिलिन्डर दमक पठाएर रिफिल गरे। तर सडक अवरुद्ध भएपछि फेरि रिफिल गर्न सकेनन्। गत असार १९ मा एन्टिजेन चेक गराउँदा ७ जनामा कोरोना पोजिटिभ देखिएपछि परिवारका सबै जना होम आइसोलेसनमा बस्दै आएको माङ्सेबुङ गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रदीप राईले बताए। लावती दम्पती, एक भाइ र दुई जना भतिजा पनि संक्रमणमा परेका हुन्। एक जना भतिजाको अवस्था नसुध्रिएपछि गाडी खुलेकाले थप उपचारका लागि दमकतर्फ लगिएको छ।

परिवार नै संक्रमित भएकाले लावतीका बुबाआमाको काजकिरिया पनि हुन सकेको छैन। लावती रेडियो माङ्सेबुङका स्टेसन म्यानेजर हुन्। केही समयदेखि रेडियोसमेत बन्द रहेकाले समस्यामा रहेका उनी अहिले अकल्पनीय पीडामा फसेका छन्।

कोभिड-१९ को दोस्रो भेरिएन्टका कारण जिल्लामा ५६ जनाको ज्यान गइसकेको छ। २ हजार ३ सय १९ जनामा संक्रमण देखिएको छ। तर पनि अधिकांश क्षेत्रमा कठिन अवस्था आए के गर्ने भन्ने तयारी भएको पाइँदैन। हिउँद याममा जिल्लाका हरेक टोलमा गाडी पुग्ने गरे पनि वर्षा याममा धेरै स्थानमा गाडी पुग्दैनन्। जिल्लाकै विकट मानिने माङ्सेबुङका धेरै क्षेत्र बर्खा लाग्नासाथ यस्तो समस्यामा पर्ने गर्छन्। निर्माणाधीन दमक-रवि-पञ्चमी जोड्ने फाल्गुनन्द राजमार्गको रतुवा खोलामा क्षेत्रमा भारी वर्षा भएपछि सवारीसाधन गुड्दैनन्।

वर्गीकृत डिस्प्ले

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

आकर्षक घर बिक्रिमा
ललितपुर, नख्खु मेडिसिटि हस्पिटल नजिक १३ फिट पिच रोडमा २.५ तल्ले दुईवटा सेमीफर्निसिङ घर तु-बिक्रिमा
९८५१०२७९९९
९८४१०३३३३३

छात्रवृत्ति आवेदन
व्यवसायिक खालको उच्च शिक्षा अध्ययनार्थ आंशिक छात्रवृत्तिको लागि आर्थिक अशक्त विपन्न विद्यार्थीले आवेदन दिन सक्नेछन्।
आवेदन दिने अन्तिम म्याद (भाद्र २, २०७८)
सम्पर्क : minorityfocusco@gmail.com

IMMEDIATE WANTED
A Reputed school in Lalitpur needs teachers for the following levels:
Secondary
• C.Math • O.Math • Science
Lower Secondary
• Math
Primary
• Nepali
Salary: Government level (Negotiable)
Send your CV at vacancyschool2021@gmail.com or call at 9840596971 & 9840090067

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*




सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।



पर्सास्थित निचटाका किसान ट्र्याक्टरमा धानको बेर्ना ओसार्दै। यस भेगका किसान अहिले रोपाइँ सक्ने चटारोमा छन्। तस्बिर : शंकर आचार्य/कान्तिपुर

# पालिकाको बजेट चुनाव केन्द्रित

**ओमप्रकाश ठाकुर** (सर्लाही)

सर्लाहीका पालिकाहरूले चुनाव केन्द्रित गरेर आगामी आर्थिक वर्षका लागि धमाधम बजेट ल्याउन थालेका छन्। आर्थिक वर्ष २०७८/७९ हालका जनप्रतिनिधिको अन्तिम कार्यकाल रहेकाले उनीहरूले चुनावलाई केन्द्रित गरेर बजेट ल्याएका हुन्।

पालिकाहरूले असार १० मा बजेट ल्याएर २५ गतेभित्र पारित गर्नुपर्ने प्रावधान छ। तर जिल्लाका कतिपय पालिकाले भने बल्ल बजेट ल्याउन थालेका हुन्। लालबन्दी नगरपालिकाले छैठौं नगरसभा बिहीबार सम्पन्न गर्दै चालु आर्थिक वर्षका लागि १ अर्ब ४ करोड ७९ लाख ५२ हजार ८ सय ८६ रुपैयाँ बराबरको बजेट पारित गरेको छ। नगरपालिकाले स्वास्थ्य सेवामा सुधार, शैक्षिक विकास, भौतिक पूर्वाधार, कृषि तथा पशुपन्छी विकास, वातावरण संरक्षण एवं विपद् व्यवस्थापन, रोजगारी सिर्जनालगायतलाई प्राथमिकता दिएको जनाएको छ। १७ वटा वडा रहेको लालबन्दीमा सबै वडामा समान हिसाबले अति आवश्यक क्षेत्रलाई प्राथमिकता दिई बजेट विनियोजन गरिएको नगर प्रमुख मानबहादुर खड्काले जानकारी दिए। उनले गत वर्षहरूको जस्तै यस आर्थिक वर्षको बजेट ल्याइएको दाबी गरे।

तर, अन्य दलका नेताले भने पालिकाको यसपटकको बजेट चुनाव केन्द्रित आएको आरोप लगाएका छन्। हालका जनप्रतिनिधिको अन्तिम बजेट भएकाले आफ्ना नेता तथा कार्यकर्तालाई हित हुने गरी बजेट आएको नेपाली कांग्रेस लालबन्दी नगर कमिटी अध्यक्ष प्रशान्त आचार्यले जानकारी दिए। उनले लालबन्दीका जनप्रतिनिधि निर्वाचित भएपछि एकपटक पनि सार्वजनिक सुनुवाइ नगरेको तथा अहिलेसम्म कहाँ कुन कार्यक्रममा कति रकम खर्च गरेको भनेर स्पस्ट जवाफ दिन नसकेको बताए। पटक-पटक हर हिसाब सार्वजनिक गर्न अनुरोध गरे पनि जनप्रतिनिधिले बेवास्ता गर्दै आएको बताउँदै आचार्यले यसपटकको बजेट उनीहरूले चुनावी रणनीतिअनुसार ल्याएको आरोप लगाए।

'लालबन्दी नगरले अहिलेसम्म कुनै पनि हिसाब सार्वजनिक गर्न सकेको छैन, त्यसमा पनि यस पटकको बजेट पूर्णरूपमा आफ्ना नेता कार्यकर्तालाई लक्षित गरी ल्याएका छन्,' उनले भने। बजेट आउनुपूर्व नगरपालिकालाई ज्ञापनपत्र बुझाएर बजेट जनमुखी र समावेसी बनाउन माग गरिएकोमा त्यसो हुन नसकेको आचार्यले जानकारी दिए। उनले यसपटकको बजेट आवश्यकतामूखी हुनुपर्नेमा व्यक्तिकेन्द्रित भएको आरोप लगाए। नगर प्रमुख खड्काले यस वर्षको मात्र हैन, प्रत्येक वर्षको बजेट चुनाव केन्द्रित नै हुने गरेको बताए। उनले जनताका लागि विकास गर्ने भएकाले जनताकै कामका लागि बजेट छुट्याउने गरेको दाबी गरे। तर आफ्ना कार्यकर्तालाई लक्षित गर्दै बजेट ल्याएको आरोपविरोधी पार्टीले विरोधका लागि मात्र गरेको हुन सक्ने उनको भनाइ छ। 'हामी निर्वाचित भएसँगै चुनाव केन्द्रित अर्थात् जनताका लागि नै बजेट ल्याउने हो, यसपटक पनि आफ्ना नागरिकका लागि नै बजेट ल्याएका छौं,' उनले भने, 'बजेट ल्याउँदा आफ्ना नेता तथा कार्यकर्ता देखेका छैनौं।'

हरिवन नगरपालिकाले एक साताअघि नै पाँचौं नगर सभा सम्पन्न गर्दै १ अर्ब ३ करोडको बजेट पारित गरेको छ। हरिवनले भौतिक पूर्वाधार, विपद् व्यवस्थापन, शैक्षिक विकास, स्वास्थ्य सेवामा सुधारलगायतलाई प्राथमिकतामा राखेर बजेट ल्याइएको नगरका प्रमुख प्रशासकीय अधिकृत खरुदेव चुडालले जानकारी दिए। ११ वडा रहेको हरिवनमा प्राथमिकताका आधारमा प्रत्येक वडामा जनताको आवश्यकतामूखी बजेट ल्याइएको नगर प्रमुख गणेश प्रसाईंले जानकारी दिए। उनले बर्सेनिजस्तै यसपटक पनि सामूहिक हितका लागि बजेट विनियोजन भएको बताए। 'चुनाव एउटा पाटो हो, बजेट अर्को पाटो हो, कुनै भेदभाव नै नराखी बजेट विनियोजन गर्दै विकास निर्माण गर्दै जाने हो भने जनता फेरि पनि चुनेर जिम्मेवारी दिइहाल्छन्,' उनले भने, 'तर हामी जनप्रतिनिधि पनि इमानदार भएर जनताको पक्षमा काम गर्नुपर्छ, हाम्रा लागि सबै नागरिक समान छन्।' बरहथवा नगरपालिकाले पनि बिहीबार छैटौं नगर सभा सम्पन्न गर्दै चालु आर्थिक वर्षका लागि १ अर्ब ६ करोड ५७ लाख रुपैयाँको बजेट पारित गरेको छ। नगरपालिकाले शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, विपद् व्यवस्थापनलगायतलाई प्राथमिकता दिइएको जनाएको छ।

## ७ महिनामै भत्कियो टर्मिनल

जनकपुर (कास)- जनकपुर विमानस्थलमा झन्डै ४२ करोडको लागतमा निर्माण गरिएको टर्मिनलको कन्ट्रोल टावर ७ महिनामै भत्किन थालेको छ। नयाँ प्रविधिको प्रयोग गरी निर्माण गरिएको टावर यति छिटो भत्किन थालेपछि गुणस्तरहीन निर्माण सामग्री प्रयोग भएको आरोप लागेको छ। ४ हजार १ सय ३४ वर्गमिटरमा फैलिएको नयाँ टर्मिनल भवनको संरचना स्टिल तथा सिमेन्ट ब्लकले निर्माण गरिएको छ। जनकपुर विमानस्थल प्रमुख किरण गौतमले हावाहुरीका कारण कन्ट्रोल टावरको सिमेन्ट ब्लक उप्केको बताए।

गौतमले सम्झौताअनुसार सम्बन्धित ठेकेदारले नै उप्किएको टावर मर्मत गर्ने जानकारी दिए। टर्मिनल भवनको शिलान्यास २०६९ कात्तिकमा तत्कालीन पर्यटन तथा नागरिक उड्डयनमन्त्री पोस्टबहादुर बोगटीले गरेका थिए। भवनको उद्घाटन २०७७ साल मंसिर २३ गते तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले गरेका थिए। डेढ वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी पप्पु एन्ड एनके कन्स्ट्रक्सन तथा नागरिक उड्डयन प्राधिकरणबीच २०६९ असोज १५ गते सम्झौता भएको थियो। विभिन्न कारण देखाई टर्मिनल भवन निर्माणमा झन्डै ८ वर्ष लागेको थियो।

## ७७ किलो गाँजासहित एक पक्राउ

सर्लाही (कास)- सर्लाहीको हरिवन नगरपालिका-२ बाट ७७ किलो गाँजासहित स्थानीय ३० वर्षीय अशोककुमार लामा पक्राउ परेका छन्। बा ५२ प १९३२ नम्बरको मोटरसाइकलमा प्लास्टिकको बोराभित्र गाँजा ल्याइरहेको अवस्थामा लामालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। गाँजा ल्याउने अन्य तीन जना प्रहरीलाई देखेपछि फरार भएका छन्। उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ। लामाले भरिया लगाएर आफूले नै सिन्धुलीदेखि गाँजा ल्याएको प्रहरीसमक्ष बयान दिएका छन्। प्रहरीका अनुसार ठूलो मात्रामा ल्याइएको गाँजा भारत लाने तयारी थियो। सिन्धुली र सर्लाहीको चुरे क्षेत्रमा व्यावसायिक रूपमा गाँजा खेती भइरहेको छ। त्यहाँ उत्पादित गाँजाको प्रमुख बजार भारतीय सीमावर्ती जिल्ला हो। गाँजा तस्करहरूले प्रहरीको आँखा छलेर खोलाको बाटो हुँदै सीमासम्म पुर्‍याउने गरेका छन्।

# मेडिकल कलेजको जग्गा प्राप्तिमै अलमल

### जग्गाको विवरण र राय दिनुपर्ने डिभिजन वनले ६ महिनादेखि अघि बढाएन फाइल

**सुनिता बराल** (महोत्तरी)

एक प्रदेश एक मेडिकल कलेजको अवधारणाअनुरूप महोत्तरीको बर्दिबासमा बनाउन लागिएको मेडिकल कलेजको काम ६ महिनादेखि रोकिएको छ। डिभिजन वन कार्यालय महोत्तरीले फाइल अघि नबढाउँदा कलेजको जग्गा प्राप्ति रोकिएको हो।

बर्दिबास ४ स्थित माईस्थानमा मेडिकल कलेज निर्माणका लागि आवश्यक जग्गा प्रयोग गर्न सिफारिस भइसकेको छ। तर आफ्नो क्षेत्राधिकारको जग्गाको विवरण र राय दिनुपर्ने डिभिजन वनले फाइल अगाडि नबढाउँदा जग्गा प्राप्ति रोकिएको हो। सरकारले कलेजका लागि छुट्याएको बजेट कार्यान्वयन गरी काम अघि बढाउन २०७३ असार २७ गते प्रारम्भिक कार्यसमिति गठन भएको थियो। समितिले माईस्थान सामुदायिक वनको १ सय १ दशमलव ५९ हेक्टर खाली भूभाग छनोट गरी सरकारसमक्ष गरेको प्रस्ताव पास भइसकेको छ। यस्तै आयोजना सञ्चालन कार्यविधि र कलेजको राजपत्रांकित दरबन्दी स्वीकृत भएपछि २०७६ वैशाख १८ बाट कार्यालय स्थापना भएर काम अघि बढेको थियो।

जग्गाको माटो परीक्षण गरी वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन पनि आयोजनाले तयार गरिसकेको छ। उक्त प्रतिवेदन गत कात्तिक २१ गते वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भइसकेको आयोजनाले जनाएको छ। आयोजनाले प्रदेश २ का वन कार्यालयका प्रमुख, डिभिजन वनका प्रमुखहरू, वातावरणविद् र पर्यावरण संरक्षणकर्ताबाट वनको जग्गा भएकाले सकेसम्म कम क्षेत्रमा संरचना निर्माण गर्नुपर्ने सुझाव पाएको थियो। सोही सुझावका आधारमा डीपीआर (विस्तृत आयोजना प्रतिवेदन) परिमार्जन गरी जग्गाको क्षेत्रफल ५४ दशमलव ५ सय ८४ हेक्टरमा सीमित गरिएको र त्यसमा पनि ४९ हेक्टरमा मात्रै संरचना बनाउने निर्णय भएको कलेज निर्माण आयोजनाका प्रमुख देवीप्रसाद सुवेदीले बताए।



महोत्तरीको बर्दिबासमा मेडिकल कलेज निर्माणस्थल देखाउँदै आयोजनाका पदाधिकारी। तस्बिर : कान्तिपुर

अहिले ४९ हेक्टरमा रहेका १ हजार ९ सय ६७ रूखमा पनि कसरी थोरै काटेर संरचना बनाउन सकिन्छ भन्ने योजनासहित डीपीआर तयार भइरहेको सुवेदीले जानकारी दिए। मेडिकल कलेजलाई हरियाली बनाउन त्यहाँ भएजस्तै रूख हुर्काउन वर्षौं लाग्ने भएकाले बढीमा ५ सय रूख कटान गरी संरचना तयार गरिने योजना रहेको उनको भनाइ छ। ती रूख काट्न वनले स्वीकृति दिनुपर्छ। उनका अनुसार संघीय सरकार, प्रदेश वन मन्त्रालय र अन्य निकायबाट काम अघि बढाउन अनुमति पाइसकेको आयोजनाको फाइल डिभिजन वन कार्यालय महोत्तरीमा रोकिएको छ। पछिल्लो समय प्रदेश २ का पर्यावरण संरक्षकहरूले बर्दिबासमा वनभित्रका रूख काटेर मेडिकल कलेज बनाउन नहुने तर्क गरिरहेका छन्। वन तथा भूसंरक्षण विभाग पठाउनुपर्ने फाइल डिभिजन वनले स्वीकृत गरेपछि जग्गा प्राप्तिको बाटो खुल्नेछ।

कलेजको फाइल रोकेको नभइ झन्झटिलो काम भएकाले त्यससम्बन्धी रिपोर्ट तयार पारिरहेको डिभिजन वनका प्रमुख वीरेन्द्र सिंहले बताए। विभिन्न पक्षबाट फाइल रोक्न दबाब आए पनि काम नरोकिएको सिंहले बताए। ३० अर्ब लगानीमा निर्माण हुने मेडिकल कलेजको फाइल अगाडि बढेको एक महिनामै जग्गा प्राप्ति गरी २ वर्षभित्र १ हजार शय्याको अस्पताल सञ्चालन गर्ने लक्ष्य लिइएको थियो। यस्तै, अस्पताल चलाएको ३ वर्षपछि मेडिकल कलेज सञ्चालनका लागि संरचना निर्माण गर्ने आयोजना कार्यालयले जनाएको छ। अहिलेसम्म सरकारले बर्दिबास मेडिकल कलेजलाई ४२ करोड बजेट दिइसकेको भए पनि हालसम्म ५ करोड मात्रै खर्च भएको आयोजनाले जनाएको छ।

# जहिल्यै खानको पिरलो

**भरत जर्घामगर** (सिरहा)

कहिले इँटाभट्टामा त कहिले कृषि मजदुरी गरेर दिनमा सरदर ५ सय रुपैयाँ कमाउँछन्। त्यही रकमले साँझ चामल, नुन, मरमसला जोहो गर्छन् र घर पुग्छन्। यसैबाट ५ जनाको परिवार पाल्दै आएका छन् धनगढीमाई नगरपालिका-११ का अरुण सदा। काम नपाउँदा लाबालालाई खुराक कसरी जुटाउने भन्ने उनलाई चिन्ता हुन्छ। 'सधैंभरि मजदुरीको काम पाइन्न,' अरुणकी श्रीमती रेखाले भनिन्, 'काम नपाएको दिन श्रीमान्ले चामल किनेर ल्याउँदैनन्, त्यतिखेर छोराछोरीलाई अैंचोपैंचो गरेर जसोतसो भोक टारे पनि आफूहरू भोकै सुत्न बाध्य हुन्छौं।' काखे नानी स्याहार्नुपरेकाले रेखा भने मजदुरी गर्न जान पाएकी छैनन्। घरमा खानेकुरा नहुँदा छोराछोरीले माई भुक लग्लै (आमा भोक लाग्यो) भनिरहँदा आफू टुलुटुलु हेरेर बस्न बाध्य हुने गरेको उनले सुनाइन्।

२३ घर मुसहर समुदायको बसोबास रहेको यो टोलमा अधिकांश परिवारको गुजाराको स्रोत ज्यालामजदुरी नै हो। काम नपाएको दिन रेखालाई जस्तै टोलका अन्यलाई पनि चुलो बाल्न सकस पर्छ। रेखाकै छिमेकी सविना सदाको २ छोरी र २ छोरासहित ६ जनाको परिवार छ। सविनाका श्रीमान् इँटाभट्टामा काम गर्छन्। पानी परेको दिन भट्टामा काम हुँदैन। 'श्रीमान्को कमाइ नभएको दिन घरमा खाने कुरा हुँदैन,' उनले भनिन्, 'यस्तो बेला कति रात त भोकै बिताएका छौं।'

बस्तीकै आशा सदा ४५ वर्षकी भइन्। उनले छोराहरू अर्जुन, विशाल र छोरी अञ्जलीको लालनपोषणको जिम्मेवारी बहन गरिरहेकी छन्। श्रीमान् मनकु भारतको पन्जाबमा मजदुरी गर्छन्। 'बूढो हाड खियाएर आफू खाइनखाई भए पनि बालबच्चाको लालनपालन गर्नुपरेको छ,' उनले भनिन्, 'उनी (श्रीमान्) ६ महिनामा घर आउँछन्, आउँदा ल्याएको ४/५ हजार रुपैयाँले महिना दिन मात्रै थेग्छ।'

धनगढीमाई नगरपालिका-९ चैनपुरकी ५ छोरी र ३ छोराकी आमा सोनावती मण्डलको समस्या पनि उस्तै छ। उनका श्रीमान् गाउँघरमा रैथाने प्रजातिका कुखुरा संकलन गरी बिक्री गर्छन् भने सोनावती जनवनमा खट्छिन्। दुवैको कमाइले कहिल्यै सहजै गुजारा चलाउन नपाएको उनले दुखेसो पोखिन्। लहान नगरपालिका-२४ झुटकीस्थित ३७ परिवारको बसोबास रहेको मुसहरी टोल छ। २२ वर्षीया मालती सदाका ३ सन्तान छन्, आँचल, शिवानी र मञ्जित। मालतीका श्रीमान् शोभित साहुको ट्र्याक्टर चलाउँछन्। शोभितको एक्लो कमाइले बिहान-साँझ चुलो बाल्नै सकस हुने गरेको उनले सुनाइन्।

यस्तो समस्या सिरहाका सबैजसो दलित भूमिहीन सुकुम्बासी परिवारमा छ। लगातारको निषेधाज्ञाले काम ठप्प हुँदा मुसहर, राम, खत्वेलगायत समुदायलाई दैनिक चुलोचौको धान्नै समस्या हुने गरेको हो। लहान बहुमुखी क्याम्पसको समाजशास्त्र विभागका सहप्राध्यापक शोभितलाल चौधरी चेतना, अशिक्षा र सीपमूलक तालिम र काम नपाउँदा पनि दलित समुदायका ९० प्रतिशतभन्दा बढी परिवार गरिबीको रेखामुनि रहेको बताउँछन्। 'गरिबी त छँदै छ, उनीहरू भोकामा समेत दरिन्छन्,' उनले भने, 'निमुखा, सुकुम्बासी समुदायका लागि राज्यले दीर्घकालीन योजना तर्जुमा गरी समस्या समाधान गर्न उपाय अवलम्बन गर्नुपर्छ।' अधिकारकर्मी राजकुमार राउत कुर्मी नेपालको संविधानमा प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ भन्ने उल्लेख भए पनि दलित, मुसहर, रामलगायत सीमान्तकृत समुदायमा यो लागू हुन नसकेको बताउँछन्। 'संविधानमा रोजगारीको हक, खाद्यसम्बन्धी हक राखिएका छन्,' उनले भने, 'गाउँघरका यी समुदाय त्यसबाट वञ्चित छन्, भोको कोही हुनु भएन भन्ने हिसाबले स्थानीय सरकारले समेत योजना तर्जुमा गर्न जरुरी छ।'


## वर्गीकृत डिस्प्ले

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

आकर्षक घर बिक्रिमा
ललितपुर, नख्खु मेडिसिटि हस्पिटल नजिक १३ फिट पिच रोडमा २.५ तल्ले दुईवटा सेमीफर्निसिङ घर तु-बिक्रिमा
९८५१०२७९९९
९८४१०३३३३३

छात्रवृत्ति आवेदन
व्यवसायिक खालको उच्च शिक्षा अध्ययनार्थ आंशिक छात्रवृत्तिको लागि आर्थिक अशक्त विपन्न विद्यार्थीले आवेदन दिन सक्नेछन्।
आवेदन दिने अन्तिम म्याद
(भाद्र २, २०७८)
सम्पर्क :
minorityfocusco@gmail.com

IMMEDIATE WANTED
A Reputed school in Lalitpur needs teachers for the following levels:
Secondary
• C.Math • O.Math • Science
Lower Secondary
• Math
Primary
• Nepali
Salary: Government level (Negotiable)
Send your CV at
vacancyschool2021@gmail.com or call at 9840596971 & 9840090067

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*




घर बिक्रिमा
गाडि बिक्रिमा
जग्गा बिक्रिमा
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।



## पहिरो नपन्छाई गाडी वारपार गराउन शुल्क लिँदै ठेकेदार

**बेनी–जोमसोम सडकअन्तर्गत म्याग्दीको रघुगंगा गाउँपालिका–३ पिप्लेमा पहिरोका कारण हिलाम्मे सडकमा फसेका सवारी साधन। पहिरो पन्छाउन नमानेको र सवारी साधन वारपार गराउन २ हजार रुपैयाँसम्म लिने गरेको पाइएपछि प्रहरीले सडक निर्माण कम्पनी ओमकारेश्वर कन्स्ट्रक्सनका इन्जिनियर सञ्चित देव र सुपरभाइजर आशिष नेपाललाई पक्राउ गरेको छ।**

*तस्बिर : घनश्याम खड्का/कान्तिपुर*

## छोटकरी

### संक्रमणबाट २ को मृत्यु

पूर्वी नवलपरासी (कास)- कोरोना संक्रमणबाट पूर्वी नवलपरासीमा दुई जनाको मृत्यु भएको छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार गैंडाकोट-१५ स्थित बाल उदय आधारभूत विद्यालयका प्रधानाध्यापक रामप्रसाद लम्साल र मध्यबिन्दु नगरपालिका-१० का ४८ वर्षीय पुरुषको मृत्यु भएको हो। लम्सालको चितवन मेडिकल कलेज र अर्का पुरुषको भरतपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो।

### २० कृषकलाई पुरस्कार

लमजुङ (कास)- बेंसीसहर नगरपालिकाले उत्कृष्ट २० कृषकलाई जनही १० हजार रुपैयाँ र सम्मानपत्रले पुरस्कृत गरेको छ। कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखाको कार्यक्रमअन्तर्गत नगरपालिकाले कृषकलाई 'उत्कृष्ट मेयर सम्मान तथा पुरस्कार' बाट पुरस्कृत गरेको हो। नगर प्रमुख गुमानसिंह अर्यालले तरकारी खेतीतर्फका कृषक ९ जना, बाख्रापालनतर्फका ५, भैंसीपालनतर्फ ३ र घुम्तीगोठ भेडापालन, सुँगुरपालन र मौरीपालक कृषक १/१ जनालाई छनोट गरी पुरस्कृत गरिएको बताए। कृषक रोशन पन्तले पुरस्कार तथा सम्मानले व्यवसायमा अघि बढ्न थप हौसला मिलेको धारणा राखे। कृषकलाई नगर प्रमुख अर्याल, उपप्रमुख लक्ष्मीदेवी अधिकारी र प्रमुख प्रशासकीय अधिकृत जनार्दन अधिकारीले पुरस्कार वितरण र सम्मान गरेका थिए। अर्यालले सीमित साधन र स्रोतका बाबजुद कृषि र पशुपालनको क्षेत्रमा नतिजा देखिने गरी काम गर्दै आएका कृषकलाई सम्मान गर्न पाउँदा खुसी लागेको बताए।

### एकै गाउँका ९ बालबालिकामा संक्रमण

पर्वत (कास)- कुश्मा नगरपालिका-८ चुवामा एउटै गाउँका ९ बालबालिकामा कोरोना संक्रमण देखिएको छ। एक साताअघि ज्वरो, रुघाखोकीलगायत लक्षण देखिएको थियो। पीसीआर परीक्षणमा १६ वर्षमुनिका उनीहरूमा संक्रमण देखिएको हो।
पर्वत अस्पतालका तथ्यांक अधिकृत एवं कोभिड व्यवस्थापन समितिका सूचना अधिकारी प्रवीण भण्डारीका अनुसार असार २० यता विभिन्न मितिमा शंकास्पदहरूको स्वाब संकलन गरिएको छ। ५८ जनाको परीक्षणमा तीन जनामा संक्रमण देखिँदा दुई बालबालिका थिए। २३ गते ६४ जनाको परीक्षणमा ५ बालबालिकासहित १२ जनामा संक्रमण पुष्ट भएको थियो। २६ असारमा ५४ जनाको परीक्षण गर्दा ९ जना संक्रमित भएका थिए, जसमा २ बालबालिका थिए। संक्रमित बालबालिकामा वयस्कसरह रुघाखोकी, ज्वरो र शरीर दुख्नेलगायत लक्षण देखिएको छ।

# बजेट खर्च ७३ प्रतिशत

## अघिल्लो आर्थिक वर्षभन्दा १० प्रतिशत बढी, असारमा मात्रै ९ अर्ब खर्च

**प्रतीक्षा काफ्ले** (कास्की)

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ मा ७३ प्रतिशत बजेट खर्च गरेको छ। कुल बजेट ३४ अर्ब ८४ करोड २१ लाख ६० हजारमध्ये २५ अर्ब ७४ करोड १३ लाख ९१ हजार खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

प्रदेश लेखा नियन्त्रक इन्द्रप्रसाद पौडेलका अनुसार पुँजीगततर्फको १९ अर्ब ९९ करोड ९४ लाख ७६ हजारमध्ये १७ अर्ब ६१ करोड ४४ लाख ८१ हजार (७९ प्रतिशत) खर्च भएको छ। यसैगरी चालुतर्फको १४ अर्ब ३४ करोड ५६ लाख ८४ हजारमध्ये ८ अर्ब १२ करोड ६९ लाख १० हजार अर्थात् ६० प्रतिशत खर्च भएको छ। अघिल्लो वर्षभन्दा यस वर्ष १० प्रतिशत बजेट बढी खर्च भएको बताउँदै पौडेलले पुँजीगतभन्दा चालुतर्फको बजेट खर्च गर्न समस्या भएको जानकारी दिए। 'कोरोना थियो, तालिम गोष्ठीका कार्यक्रम रोकिए। कार्यक्रमको बजेट खर्च हुन सकेन,' उनले भने, 'कोरोनाकै कारण भौतिक पूर्वाधारको बजेट पनि ठूलो मात्रामा खर्च हुन सकेको छैन। सबैभन्दा बढी खर्च भौतिककै भए पनि चित्तबुझ्दो भएन।' उनले कोरोना महामारीको असर नपरेको भए ९० प्रतिशतको हाराहारीमा बजेट खर्च हुने दाबी गरे। 'एकाएक काम रोकिँदा यसको प्रत्यक्ष असर बजेट भुक्तानीमा पर्‍यो,' उनले थपे।

सरकारले बजेट खर्च नै पुँजीगत रहेको बताउँदै अर्थ मन्त्रालयका उपसचिव रमेश शर्माले कोरोनाका कारण योजनाअनुरूप खर्च गर्न नसकिएको जानकारी दिए। उनका अनुसार लकडाउन खुकुलो भएसँगै पुँजीगत खर्च ह्वात्तै बढेको हो। असारमा धमाधम बजेट निकासा भएको थियो।



**गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।** *फाइल तस्बिर : कान्तिपुर*

लकडाउनमा ठूला योजना ठप्प भए पनि साना र मझौला योजनाको काम नियमित भइरहेको मन्त्रालयले जनाएको छ। भौतिक मन्त्रालयले ठेक्का लगाउने काम गरिरहेको बताउँदै उनले बजेट भुक्तानी गर्नैपर्ने भएकाले पूर्वाधारमा खासै असर नपरेको जानकारी दिए। यस्तै, भौतिक मन्त्रालयले ८२ प्रतिशत बजेट खर्च गरेको छ। यो अरू मन्त्रालयको भन्दा धेरै हो।

प्रदेश सरकारले असार ३० मा एकै दिन ८६ करोड रुपैयाँ खर्च गरेको छ। गत आवमा असारको अन्तिम दिन १ अर्ब ३५ करोड रुपैयाँ खर्च भएको थियो। पौडेलले असारको २४ मा मात्रै १ अर्ब रुपैयाँ खर्च भएको बताए। असारमा मात्रै ९ अर्ब रुपैयाँ खर्च भएको छ। 'एकै दिन ठूलो रकम खर्च भएको असार २४ र ३० गते हो,' उनले भने, 'यस वर्ष एकै दिन ठूलो रकम खर्च गर्नुपरेन।' आर्थिक कार्यविधिअनुसार असार मसान्त अर्थात् अन्तिम दिन बजेटको कारोबार गर्न पाइँदैन। बजेट भुक्तानी गर्न नपाउने भएपछि असारको ३० मा नै बजेट कारोबार सम्पन्न भएको उनले बताए। अन्य महिनामा ८०/९० लाख रुपैयाँ खर्च हुन्थ्यो।

# मुख्यमन्त्री पुगे, खोप पुगेन

**हरिराम उप्रेती** (गोरखा)

चुमनुब्री गाउँपालिकामा शुक्रबार कोरोनाविरुद्धको खोप ढुवानीका लागि स्वास्थ्य कार्यालयका कर्मचारी दिनभर मौसम हेर्दै हेलिकप्टर कुरेर बसे। मौसम खराबीका कारण खोप ढुवानी हुन सकेन। तर, शुक्रबार बिहान १० बजे नै गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली खोप लिएर उत्तरी गोरखा पुगेको उनको सचिवालयबाट सार्वजनिक भइसकेको थियो। उत्तरी गोरखामा खोप पुर्‍याउन हिँडेका मुख्यमन्त्री नेपाली हेलिकप्टर सयर गरेर फर्कंदासम्म खोप भने पुगेन। तीन हजार डोज भेरोसिल खोप पुर्‍याउने तयारी थियो। मौसम खराबीका कारण हेलिकप्टर उडान हुन नसक्दा खोप ढुवानी गर्न नसकिएको स्वास्थ्य कार्यालयले जनाएको छ।

खोप पुग्नुअगावै मुख्यमन्त्री भने माउन्टेन एयरको हेलिकप्टरमार्फत चुमनुब्री पुगेर फर्किए। मुख्यमन्त्रीसहित स्वास्थ्य तथा जनसंख्यामन्त्री मधुमाया अधिकारी गुरुङ, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री हरिशरण आचार्य, प्रमुख सचिव दामोदर रेग्मी चुमनुब्रीको छेकम्पारस्थित चुमभ्याली पुगेर सामागाउँ जाने तयारी गरे पनि ल्होमा पुगेपछि मौसम खराब हुँदा फर्किएका थिए। मुख्यमन्त्री टोली चुमनुब्री पुगेर पोखरा फर्कंदासम्म खोप भने गोरखा सदरमुकामै रह्यो। मौसम खराबीका कारण खोप शुक्रबार चुमनुब्री पुर्‍याउन नसकेको स्वास्थ्य कार्यालयका खोप कोल्डचेन निरीक्षक ऋषि खत्रीले बताए। 'सिम्रिक एयरको हेलिकप्टर कुरेर दिनभर बस्यौं, मौसम खराबीका कारण उड्न सकेन,' उनले भने, 'खोप आँगनमा निकालेर पनि हेलिकप्टर आउन क्यान्सिल भएपछि स्टोरमा राख्यौं।'

गोरखाबाट लगेको खोप र पोखराबाट लगेको स्वास्थ्य सामग्री सँगै वितरण गर्ने योजना भए पनि लैजान नसकिएको मुख्यमन्त्रीका प्रेस सल्लाहाकार भरत कोइरालाले बताए। पोखराबाट लगेको स्वास्थ्य सामग्री वितरण गरेर मुख्यमन्त्रीसहितको टोली फर्किएको हो। मनास्लु पदमार्गअन्तर्गत यारुबगरमा बूढीगण्डकीले बाटो कटान गर्दा उत्तरी गोरखा आउजाउ ठप्प छ। पदमार्ग अवरुद्धले खोप ढुवानीका लागि पनि हेलिकप्टर चार्टर गर्नुपर्ने बाध्यता थपिएको छ।

चुमनुब्री गाउँपालिकामा शनिबारबाट १८ देखि ५४ वर्ष उमेर समूहका ३ हजार जनालाई खोप लगाउने तयारी गरिएको स्वास्थ्य कार्यालयका खत्रीले बताए। 'माउन्टेड चायल्ड संस्थासँग समन्वय गरेर हेलिकप्टरको व्यवस्थापन पनि गरेका थियौं,' उनले भने, 'मौसममा सुधार हुनासाथ खोप लैजान्छौं।' तिब्बतसँग जोडिएको र हिमाली गाउँपालिका भएकाले सरकारीको नीतिअनुसार चुमनुब्रीमा १८ देखि ५४ वर्ष उमेर समूहका लागि कोरोनाविरुद्धको खोप दिन लागिएको उनले बताए। जिल्लाका ११ स्थानीय तहमध्ये चुमनुब्रीबाहेक अन्यमा ५५ देखि ६२ वर्ष उमेर समूहका लागि खोप लगाउने कार्य जारी छ।

# गोठमा सुत्केरी गराउने चलनले जोखिम

**प्रकाश बराल** (बागलुङ)

ढोरपाटन नगरपालिका-४ धिरीकी नरिता गोतामेले ३ वर्षअघि जंगलको गोठमा पुगेर छोरी जन्माइन्। एक महिनासम्म गोठमै बसिन्।

स्वास्थ्य संस्थामा गएर उपचार गर्ने र पोषिलो खाना खानुपर्ने बेलामा जंगल र गोठमा मृत्युसँग जुधेर छोरी जन्माएकी थिइन्। महिना दिनसम्म गोठको बासले उनको स्वास्थ्य कमजोर छ। नरितामात्र नभई यहाँका धेरै महिलाले गोठमा बच्चा जन्माएका छन्। नरिताकी जेठानी यमकलीले गोठमा सुत्केरी हुँदा ज्यान गुमाएकी थिइन्। स्वास्थ्य संस्थामा जानुपर्छ भन्ने ज्ञान नहुँदा १० वर्षअघि उनको ज्यान गएको थियो। नरिताकी सासूको पनि कान्छो छोरा जन्मँदा घरैमा ज्यान गएको थियो। सासूको घरभित्र ज्यान गएकाले यो परिवारले घरमा सुत्केरी नहुने चलन बसाल्यो। घर छाडेर स्वास्थ्य संस्था जानुको साटो महिलालाई गोठमा लगेर राख्ने चलनले गाउँमा सुत्केरी र शिशुको अवस्था कमजोर छ। यस्तै चलनले गाउँका अन्य महिलाको पनि जंगलमै मृत्यु भएको उनले बताइन्।

'घरमा सुत्केरी हुँदा अशुद्ध हुन्छ भन्ने चलनले गोठ जानुपरेको नरिताले बताइन्। 'हिउँ परेका बेला गोठमा सुत्केरी हुनुपर्‍यो, आगो तापेर महिना बिताएँ,' उनले भनिन्, 'मेले त ज्यान जोगाए, मेरी जेठानी बाँच्न पाइनन्।' गोठमा सुत्केरी हुँदा कष्टकर जीवन भोगेको उनले गुनासो गरिन्। 'सासू सुत्केरी हुन नसकेर मृत्यु भएको रहेछ, त्यसैले अशुद्ध घरमा सुत्केरी हुन मिल्दैन भनेर गोठमा पठाए,' गोतामेले भनिन्, 'स्वास्थ्य संस्थामा जानुपर्ने बेला जंगल गएर पनि भाग्यले बाँचियो।' पति कविरले पनि उनको स्याहार गर्न पाएनन्। गोठको काम गर्दा सुत्केरी स्याहार्ने समय नपाएको उनले बताए।

वडा कार्यालय रहेको खुंगाबाट तीन घण्टाको पैदल दूरीमा धिरी पुगिन्छ। धिरीदेखि थप दुई घण्टा पैदलबाट पुगिने ठूलोखोरेको जंगलमा उनीहरू सुत्केरी हुन जान्थे। ठूलोखोरेको जंगलभित्र अन्दाजी ४० गोठ छन्। यो बडिगाड गाउँपालिकाको रणसिंकिटेनीको सिमानामा पर्छ। धिरी फलामखानी र लुकुरवनका किसानले यहाँ गाईभैंसी र भेडा पाल्छन्। अधिकांश समय किसानको गोठमै बित्छ। गोठमा सुत्केरी हुनुपर्दा धेरै महिलाले ज्यान गुमाएको धिरी सामुदायिक स्वास्थ्य इकाइकी प्रमुख हिरा गैरेले बताइन्।

ठूलोखोरे जान नसक्ने भएपछि यमकलीलाई भने घर नजिकै छाप्रो बनाएर सुत्केरी गराइएको उनले बताइन्। रक्तस्रावले उनको मृत्यु भएको थियो। त्यसअघिका ३ छोरी उनले ठूलोखोरेमा पुगेर जन्माएकी थिइन्। कान्छो छोरा जन्मने बेला ठूलोखोरे जान नसकेर घर पछाडि बनाएको गोठमा सुत्केरी हुँदा उनको ज्यान गएको नरिता सम्झन्छिन्। छोरा सकुशल छन्। 'स्वास्थ्य संस्था जानुपर्छ भन्ने थाहै थिएन, बरु घरमा पनि बस्न हुँदैन भन्ने चलन थियो,' गोतामेले भनिन्, 'अस्पतालमा सुत्केरी हुन पाएको भए दिदी बाँच्नुहुन्थ्यो।' गोठमा बस्दा पोषिलो खान नपाएर बच्चालाई दूध पुगेन। गोठमा सुत्केरी भएकाले गोतामे अहिले पनि बेलाबेला बिरामी पर्छिन्। शरीर कमजोर छ। मेलापात गर्न गाह्रो हुने उनले गुनासो गरिन्। कान्छो छोराको पालामा भने महिला स्वास्थ्य स्वंसेविकाले स्वास्थ्य चौकी जान सुझाए। 'खुंगा स्वास्थ्य चौकी पुगेर सुत्केरी भएँ, धेरै सजिलो भयो,' उनले भनिन्, 'नजानेर धेरै दुःख पाइएको रहेछ, धेरै दिदीबहिनीले थाहा नपाएरै ज्यान गुमाए।' स्वास्थ्य संस्थामा सुत्केरी हुनुपर्छ भन्ने यहाँ चेतना अभावमा धिरी र फलामखानीका धेरै महिलाले ज्यान गुमाएको स्थानीय लालबहादुर विकले बताए।



**बागलुङको ढोरपाटन–४ की सुत्केरी प्रमिला गोतामे।** *तस्बिर : प्रकाश/कान्तिपुर*

लालबहादुरकी पत्नी अप्सराले पनि ४ छोरी गोठमा जन्माएको बताइन्। 'अस्पताल भन्ने जान्नै पाएनौं, परिवारका सदस्य सबै गोठमा जाने भएकाले उतै जन्माउनु परेको हो,' अप्सराले भनिन्, 'पुस माघमा मात्रै घर फर्कन्थ्यौं, अरू बेला गोठमै बास हुन्थ्यो।' यहाँका कतिपय ओडारमा समेत बस्छन्। स्थानीय देवीलाल दर्जी अझै ओडारमा छाप्रो हालेर बसेका छन्। जंगल, गोठ र ओडारमा बस्नेले स्वास्थ्य संस्था देखेका छैनन्। चेतना अभावमा उनीहरूले उपचारका लागि स्वास्थ्य संस्था जानुपर्छ भन्नेसमेत नबुझेको वडाध्यक्ष तिलक घर्तीले बताए। गाउँको पीडा कम गर्न गत वर्षदेखि धिरीमा स्वास्थ्य कार्यालय र वडाको संयोजनमा सामुदायिक स्वास्थ्य इकाइ र बर्थिङ सेन्टर खुलेको छ। अहिले गोठमा सुत्केरी हुन नदिएको गैरेले बताइन्।

### सुत्केरीलाई तेल र रक्सी

निसीखोला गाउँपालिका-५ र ६ वडामा सुत्केरीले तोरीको तेल र रक्सी खानुपर्ने सामाजिक कुरीति छ। तेल खाँदा पेट सफा हुने र प्रसूति पीडा कम गर्न रक्सी खुवाउने गरिएको ६० वर्षीया गोमला बुढाले बताइन्।

सुत्केरी अवस्थामा एक लिटरसम्म तेल खानुपर्ने बाध्यताले कतिपय महिला गम्भीर बिरामीसमेत हुने गरेका छन्। 'पेट सफा हुन्छ भनेर तेल खुवाउने चलन छ, मैले पनि सकीनसकी तताएर खाएँ,' निसीखोला-६ की ५० वर्षीया मनकुमारी बुढाले भनिन्, 'त्यसैको परिणाम अहिले ग्यास्ट्रिकले सताएको छ।' उनले जेठी छोरी जन्मँदा १ लिटर तेल र एक बोतल रक्सी खाएको बताइन्। छोरा जन्मँदा लुकेर तेलको मात्रा घटाएकी थिइन्।

यस्तै, ज्ञानकुमारी बुढाले पनि रक्सी र तेल खाँदा बिरामी भएको बताइन्। 'तेल खाएकै कारण सात दिनसम्म झाडापखाला भयो, झन्डै मरिएन,' उनले भनिन्, 'सासूससुराले नखाई सुखै दिएनन्।' हाल सामाजिक परिचालक उनले टोलटोलमा पुगेर रक्सी र तेल खान नहुने सन्देश दिन थालेकी छन्। तेल कम भए पनि रक्सी खाने चलन भने हट्न नसकेको उनले बताइन्।

देवीदेवतालाई समेत चढाउने भएकाले प्रसादका रूपमा रक्सी खाने चलन नहटेको स्थानीय बताउँछन्। 'थोरैथोरै खानुपर्छ, दुखाइ कम हुन्छ,' गोमलाले भनिन्, 'पुर्खादेखि चलेको चलन हटाए अनिष्ट हुन्छ।'

## वर्गीकृत डिस्प्ले

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

आकर्षक घर बिक्रिमा
ललितपुर, नख्खु मेडिसिटि हस्पिटल नजिक १३ फिट पिच रोडमा २.५ तल्ले दुईवटा सेमीफर्निसिङ घर तु–बिक्रिमा
९८५१०२७९९९
९८४१०३३३३३

छात्रवृत्ति आवेदन
व्यवसायिक खालको उच्च शिक्षा अध्ययनार्थ आंशिक छात्रवृत्तिको लागि आर्थिक अशक्त विपन्न विद्यार्थीले आवेदन दिन सक्नेछन्।
आवेदन दिने अन्तिम म्याद (भाद्र २, २०७८)
सम्पर्क :
minorityfocusco@gmail.com

IMMEDIATE WANTED
A Reputed school in Lalitpur needs teachers for the following levels:
Secondary
• C.Math • O.Math • Science
Lower Secondary
• Math
Primary
• Nepali
Salary: Government level (Negotiable)
Send your CV at vacancyschool2021@gmail.com or call at 9840596971 & 9840090067

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*


घर बिक्रिमा


गाडि बिक्रिमा



जग्गा बिक्रिमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।



धान रोपेपछि पहिलो खेप मल छर्किंदै रुपन्देही तिलोत्तमाकी किसान। धानमा राम्रो बाला पसाउनका लागि दुईपटक युरिया मल हाल्ने गरिन्छ। *तस्बिर : सन्जु पौडेल/कान्तिपुर*

# ६ वर्षदेखि बुबाबाट यौन हिंसा

**रूपा गहतराज** (नेपालगन्ज)

शरीरभरि नीलडाम र घाउका खत छन्। उमेरअनुसार शरीरको बनोट मिल्दैन। बारम्बारको कुटाइले शरीर थिलथिलो बनेको छ। दुई सातायता भने उनले केही राहत महसुस गरेकी छन्। घाउमा खाटा बस्न थाले पनि मनमा शान्ति छैन। 'मलाई यस्तो हालतमा पुऱ्याउने मेरै बुबा हुन्,' उनले भनिन्, '६ वर्षपछि निर्मम कैदबाट मुक्त भएँ।' लामो समय बाबुबाट बलात्कृत उनले बल्ल अत्याचारबारे मुख खोलेकी हुन्। हाल उनी नेपालगन्जस्थित एक आवास गृहमा आश्रित छिन्।

१५ वर्ष पुगेकी उनी साढे दुई वर्षकी हुँदा आमाले दोस्रो विवाह गरिन्। त्यतिखेर बाबु विदेशमा थिए। आमाले छाडेपछि उनी काकाको घर बस्न थालिन्। बाबु वैदेशिक रोजगारीबाट फर्किंदा उनी आठ वर्ष पुगिसकेकी थिइन्। बाबुले कान्छी आमा भित्र्याए। र, उनलाई पनि काकाको घरबाट ल्याएर साथै राख्न थाले। 'सुरुमा बुबाले सुमसुम्याउँदा माया गरेको ठानें,' उनले भनिन्, '९ वर्षको उमेरबाट मुसार्ने सिलसिला बढ्दै गयो। त्यसपछि बारम्बार जबर्जस्ती गरे।' उनका अनुसार कुटाइ खानु दैनिकी जस्तै बनेको थियो। कसैसँग पनि बोल्न, हाँस्न, खेल्न पाउँदैन थिइन्। 'स्कुलबाट पाँच मिनेट ढिलो आउँदा बुबा स्कुल पुग्थे,' उनले भनिन्, 'मावल पनि जान पाउँथिनँ। घरमै नजरबन्दमा थिएँ।'

यौन हिंसाविरुद्ध प्रतिकार गर्दा मार्ने धम्की पाउँथिन्। त्यसैले उनी यसबारे कसैलाई भन्न पनि सक्दैन थिइन्। 'डर, धम्की र त्रासमै बाल्यकाल बित्यो,' उनले भनिन्, 'रुँदारुँदै आँखा कमजोर भएपछि देब्रे आँखाको अप्रेसन गर्नुपऱ्यो।' आँखाको अप्रेसनका लागि काठमाडौंमा गएका बेला होटलमा पनि बाबुले करणी गरेको उनको भनाइ छ। 'अहिले त मेरा आँखाबाट आँसु पनि आउँदैन,' उनले भनिन्।

गत चैतमा पेट अस्वाभाविक रूपमा बढेपछि बुबाले नै अस्पताल पुऱ्याए। जँचाउँदा पाँच महिनाको गर्भ रहेछ। 'अब यस्तो नदोहोऱ्याउने' भन्दै जबर्जस्ती गर्भ तुहाउन दबाब दिए। आफैंले अस्पताल पुऱ्याए। एक दिन अस्पतालमा राखेर घर ल्याए। घर ल्याउँदा रगतको धारा बगिरहेको थियो। गर्भपतन गराएको एक महिनापछि बुबाले फेरि जबर्जस्ती करणी गरेपछि सहन नसकेर आफन्तलाई बताइन्। चर्चमा पुगेर पास्टरलाई सबै कुरा जानकारी गराइन्। आफन्तले उनको कुरै पत्याएनन्। 'त्यसपछि भागेर काकाको घरमा बस्न थालेको थिएँ,' उनले भनिन्, 'बुबाले काकाको घरबाट कुट्दै फिर्ता ल्याए।' घरमा ल्याएपछि पनि पुरानै सिलसिला चल्यो। दुई साताअघि मात्रै उनकी ठूली आमाले सबै कुरा थाहा पाएपछि धनौली प्रहरी चौकीमा जाहेरी दिइन्। त्यसपछि घटना सार्वजनिक भएको हो।

मर्नुभन्दा बौलाउनु ठीक भन्ठानेर घटना सार्वजनिक गरेको पीडित किशोरीको भनाइ छ। 'त्यो बुबा होइन, अपराधी हो। त्यसले सजाय पाउनुपर्छ,' उनले भनिन्, 'कुन बाबुले छोरीलाई यतिसम्म पीडा दिन सक्छ?' घटना प्रहरीमा दर्ता भएपछि आफन्तले मुद्दा फिर्ता गर्न दबाब दिइरहेका छन्। 'घटना कहिले भएको हो भन्दा पनि यसको प्रकृति र संवेदनशीलता बुझ्न जरुरी छ,' बाँकेकी अधिकारकर्मी कमला पन्तले भनिन्, 'एउटा किशोरीले ६ वर्षपछि आफूले भोगेको हिंसाविरुद्ध आवाज उठाउनु पनि एउटा जागरुकता हो, त्यसलाई प्रमाणको लेखाजोखामा राखेर अपराधीलाई उम्काउन खोजियो भने त्यो न्यायसंगत हुँदैन।'

> किशोरी भन्छिन्- '९ वर्षको उमेरबाट बारम्बार जबर्जस्ती गरे। कुटाइ खानु दैनिकीजस्तै बनेको थियो।'

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मधुसूधन न्यौपानेले खजुरास्थित धनौली प्रहरी चौकीबाट आरोपीसित बयान लिने र अनुसन्धानको काम थालिएको बताए। 'घटनाको संवेदनशीलतालाई बुझेरै सूक्ष्म रूपमा अनुसन्धान अनि प्रमाण जुटाउने काममा लागेका छौं,' उनले भने, 'अपराध प्रमाणित भए कानुनी दायरामा ल्याएरै छोड्छौं।'

# मुक्त कमैया फेरि पुरानै काममा

बर्दिया (कास)- बढैयातालस्थित रामनगरका मुक्त कमैया पुनःस्थापना भएको दुई दशक नाघ्यो। उनीहरूको बासको व्यवस्था भए पनि आम्दानीको स्रोत नभएपछि अधिकांश पुरानै बस्ती राजापुर नगरपालिकाको मनाउ, बदालपुरलगायत गाउँमा फर्केका छन्। यहाँका केही मुक्त कमैया कामका लागि काठमाडौं, पोखरालगायतका सहरमा पुगेका छन्। घरबासले मात्र खान नदिने भन्दै केही त परिवारसहित भारतमा मजदुरी गर्न गएका छन्।

२०५७ साउन २ गते तत्कालीन सरकारले कमैया मुक्तिको घोषणा गरेको थियो। टाठाबाठा नेता र मन्त्री भइसकेको र कतिले डलर कमाएर नेपालगन्ज, काठमाडौंलगायत ठाउँमा घर बनाएर बसेको पूर्वकमैया सन्तराम थारूले आरोप लगाए। 'कमैया मुक्तिका नाममा नेतृत्व गर्ने अगुवा अहिले हाम्राबारेमा केही बोल्दैनन्,' उनले भने, 'कमैया मुक्ति भएको २१ औं वर्षमा प्रवेश गर्दा पनि हाम्रो समस्या जस्ताको तस्तै छ।'

बर्दियामा अझै पनि तीन सय बढी पूर्वकमैया पुनःस्थापन हुन सकेका छैनन्। मुक्त कमैया समाजका जिल्ला अध्यक्ष दुखराम थारूले स्थानीय सरकारले पुनःस्थापनको जिम्मा लिए पनि काम गर्न नसकेको गुनासो पोखे। कतिपयले खानलाउन समस्या भएपछि पुरानै जग्गाधनीकहाँ खेत जोत्न गएको उनले सुनाए। मुक्त कमैया वीरबहादुर थारूका अनुसार केही त खान नपुगेको भन्दै भारतमा मजदुरी र रिक्सा चलाई गुजारा गरिरहेका छन्। 'केही त कामको खोजीमा नेपालगन्जका सडकमा भौंतारिरहेका छन्,' उनले भने। जिल्लामा ११ हजार ८ सय ७५ मुक्त कमैया रहेको तत्कालीन मुक्त कमैया पुनःस्थापन समितिको तथ्यांकमा उल्लेख छ।

# खैरो हेरोइनसहित दुई पक्राउ

दाङ (कास)- प्रतिबन्धित खैरो हेरोइनसहित लमहीमा दुई जना पक्राउ परेका छन्। जानकी गाउँपालिका-३ मुक्तिनगर बाँकेका ३६ वर्षीय राजा योगी र डुडुवा गाउँपालिका-१ खचैडा बाँकेका ३० वर्षीय राजु भनिने नोर महमद दर्जीलाई १ सय १० ग्राम खैरो हेरोइनसहित दाङको लमही नगरपालिका-९ तल्लो अमिलिया चोकबाट बिहीबार पक्राउ गरिएको जिल्ला प्रहरीले जानकारी दिएको छ। लागूऔषध बिक्री गर्न बाँकेबाट दाङतर्फ जाँदै गरेको सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी प्रमुख एसपी सुरेशप्रसाद काफ्लेले बताए। पक्राउ परेकामध्ये योगी २०७१ कात्तिक २३ गते महानगरीय प्रहरी वृत्त कालीमाटी काठमाडौंबाट लागूऔषध खैरो हेरोइन २० ग्राम ६ सय २० मिलिग्रामसहित पक्राउ परेका थिए। काठमाडौं जिल्ला अदालतले योगीलाई ६ वर्ष कैद सजाय तोकेपछि उनी उक्त सजाय भुक्तान गरी कारागारमुक्त भएका थिए। त्यस्तै, दर्जी २०७० मंसिर १६ गते जिल्ला प्रहरी कार्यालय बाँकेबाट पक्राउ परी डाँका चोरी कसुर मुद्दामा दुई वर्ष कैद भुक्तान गरी कारागारमुक्त भएका थिए।

# जथाभावी चुनढुंगा उत्खननले पहिरो

● वर्षासँगै डाँडै खस्लाजस्तो गरी जमिन चिरा ● ४५ घर जोखिममा

**माधव अर्याल** (पाल्पा)

हालै सिद्धार्थ राजमार्गको हिउँदे खोलामा खसेको पहिरोमा तीन जनाले ज्यान गुमाए। पाँच घर बगायो। पहिरोले पुरेर केही घाइते भए। कतिपयले पहिरो खस्दाखस्दै भागेर ज्यान जोगाए। तिनाउ गाउँपालिका-५, हिउँदे खोलामा थप ६ घर पहिरोको जोखिममा छन्। माथिल्लो भागमा डोलोमाइट चुनढुंगा प्रालिले डाँडाक्षेत्रमा खानी सञ्चालन गरेको छ। खानीकै कारण यस वर्ष यहाँ विपद् निम्तिएको हो।

तिनाउ-५ का वडाध्यक्ष दलबहादुर दर्लामीका अनुसार हिउँदे खोला र गिट्टीखानीको बीच क्षेत्रको खोल्सी धेरै माथिबाट बग्छ। तर, यस क्षेत्रमा अन्य समयमा पानी नै बग्दैन। सुक्खा रहने भएकाले यति ठूलो बाढी आउने र पहिरो खस्ने कल्पना गरिएको थिएन। पहिरो भन्दा केही माथि डोलोमाइटले खानी सञ्चालन गरेको छ। पहिरोले चुनढुंगा खानीका डेबरेज (काम नलाग्ने ढुंगा-माटो) मात्र होइन, निकासी गर्ने खालका चुनढुंगा नै बगाएर ल्याएको छ। 'खानीक्षेत्रका कारण पनि हुन सक्छ,' वडाध्यक्ष दर्लामीले भने, 'कतै पानी रोकिएर एकैपटक भेल आएर पनि यति ठूलो पहिरो खसेको हुन सक्छ।' राजमार्गको छेउसम्म ठूलठूला ढुंगा बगाएर ल्याएको छ। चुनढुंगाका डेबरेज पनि प्रशस्त छ। चुनढुंगा उत्खनन गर्दा डेबरेजहरू जथाभावी फालिन्छ। त्यसलाई भेलले बगाएर कतै अड्किएर ताल बनेको र एकैपटक डेबरेजसहित पानीको भेल आएर ठूलो नोक्सानी गरेको हुन सक्ने वडाध्यक्ष दर्लामीले बताए।

माथिल्लो भेगमा सञ्चालन भएको चुनढुंगा खानीकै कारण राजमार्गकै छेउमा पर्ने पानी मिल, झुम्सा क्षेत्रका ४५ घर पनि जोखिममा छन्। माथिल्लो भागमा डाँडा चर्केर भासिएको छ। कहिले कतिबेला विपद् निम्तिने हो भन्ने स्थानीयमा त्रास छ। स्थानीयका अनुसार जथाभावी उत्खनन भइरहेका चुनढुंगा खानी उद्योगले यहाँका बस्ती जोखिममा पारेको छ। खानी उद्योगकै कारण सिद्धार्थ राजमार्गका कतिपय स्थान धरापमा परेका छन्। पानीमिल र झुम्साको बीचमा ५० मिटर सडक भासिएर एकतर्फी छ। तिनाउ खोलासम्म पुग्ने जोखिम दिनदिनै बढेको छ। यसरी जोखिम बढे पनि सरोकारवाला निकाय कसैको ध्यान पुगेको छैन। खानीबाट बगेर आउने डेबरेजका कारण हिउँदे खोलादेखि २४ माइलको बीचमा सडक बिग्रिएको छ। 'चुनढुंगा उत्खनन गर्दा राज्यले केही मात्रामा रोयल्टी उठाएको छ,' तिनाउ-३ का वडाध्यक्ष प्रेमप्रसाद पाण्डेयले भने, 'तर, विकाससँगै विनाश भने निम्तिएको छ। पहिरोकै कारण झुम्सा, पानीमिल क्षेत्रका मात्र ४५ घर जोखिममा परेका छन्।'

सिद्धार्थ मिनरल्स र कञ्चन क्वारिज प्रालि झुम्सा र पानीमिलदेखि केही माथि चुनढुंगा खानी उद्योग सञ्चालनमा छन्। सात किलोमिटर माथिल्लो भागमा सञ्चालन भएको उद्योगले जथाभावी डेबरेज फाल्दा तल्लो भागमा समस्या निम्तिएको हो। 'सडक हरेक वर्ष भासिने क्रम रोकिएको छैन,' झुम्साका स्थानीय दीपक बजगाईंले भने, 'यसपटक पनि उस्तै जोखिम बढेको छ।'



पाल्पाको तिनाउ गाउँपालिका-५ हिउँदे खोलानजिकै पहिरोले बगाएर ल्याएका ढुंगा। *तस्बिर : माधव/कान्तिपुर*

उनका अनुसार वर्षा लागेपछि डाँडै खस्लाजस्तो जमिन चिराचिरा पर्ने, ढुंगामाटोसहितको पहिरो खस्ने र सडक भासिन सुरु भएको छ। ढुंगा-माटोसहितको लेदो झुम्सा र पानीमिलको नजिक पनि बाढीले ल्याएको छ। पानीमिल नजिकै खोल्सामा पनि ठूला ढुंगासहितको लेदो थुप्रिएको छ। एउटा एम्बुलेन्स, दुई बसलाई सामान्य क्षति पुगेको छ।

तिनाउ गाउँपालिकाका तीनवटा खानी उद्योग राजमार्गको माथिल्लो भागमा छन्। उद्योगमा जाने सडक र चुनढुंगा उद्योगले जथाभावी फाल्ने डेबरेजकै कारण तल्लो भागमा बसोवास गर्ने स्थानीयमा समस्या निम्तिएको हो। खेतमा सिँचाइ गर्न समस्या छ। पानीका मूल सुक्न थालेका छन्। क्षमताभन्दा बढी भार बोकेर पानी पर्दासमेत चुनढुंगा ओसारपसार गर्दा सडक भासिने गरेको स्थानीयको गुनासो छ। दुई वर्षदेखि राजमार्गको झुम्सा, हिउँदे खोला, पानीमिललगायत स्थानमा सडकको माथिल्लो भागबाट डाँडै भासिएको छ। राजमार्गलाई नै असर गर्ने गरी डेबरेज बगाएर ल्याउन थालेको छ।

विगत १४ वर्षदेखि सञ्चालित खानीबाट समस्या थपिने क्रम बढेको छ। खानी सञ्चालन भएको तल्लो भागमा कमलो र चुरे क्षेत्रको जमिन छ। माथिल्लो भागको दबाब थेग्न नसकेजस्तो गरी छियाछिया परेर जमिन भासिएको छ। सिद्धार्थ मिनरल्स प्रालिको चुनढुंगा उद्योग श्रीडाँडा जानेतर्फ एउटा पहिरो सय मिटर चौडा रहेको छ। यसले तल्लो र माथिल्लो भागमा ३३ घर जोखिममा छन्। जथाभावी उत्खनन हुँदा कल्पनै नगरेको स्थानमा पहिरो खसेको तिनाउ गाउँपालिकाका प्रवक्ता राजेश श्रेष्ठले बताए।

तिनाउकै दोभानदेखि कचल जाने सडकको दोभान क्षेत्रका विभिन्न स्थानमा सडक भासिएको छ। तल्लो भागमा खोलाले कटान गरेको छ भने माथिल्लो भागमा अत्यधिक भारबहन र वर्षायाममा समेत चल्ने टिपरका कारण सडक भासिएको हो। चुरे क्षेत्र पर्ने भए पनि जथाभावी सडक खन्ने र जहिलेसुकै टिपर सञ्चालनले समस्या निम्तिएको स्थानीयले बताए। 'बिस्तारै असर देखिन थालेको भएर नागरिकले गुनासो गर्न थालेका छन्,' प्रवक्ता श्रेष्ठले भने, 'वातावरणमा असर गरेको मात्र छैन, जीवनस्तरमा प्रभाव पारेको गुनासो सम्बोधन गर्न जरुरी छ।'

# पानी नपर्दा रोपो सुक्दै

नेपालगन्ज (कास)- छिटो रोपाइँ गरेर हर्षित बनेका यहाँका किसान एक महिनादेखि पानी नपरेपछि चिन्तित देखिन थालेका छन्। पानीको स्रोत नभएका खेतमा रोपो सुक्न थालेको छ। रोपाइँ गरिएका खेतमा झार उम्रिन थालेको छ। गाँज लाग्ने समयमा वर्षा नहुँदा रोपो सुक्दै गएको हो।

एक महिनाअघि वर्षा भएपछि किसानले रोपाइँ गरेर सकेका थिए। धान दिवस असार १५ सम्म यहाँ ७५ प्रतिशत रोपाइँ सकिएको थियो। बाँकेको खजुरा गाउँपालिका उढरापुरका किसान रामऔतार यादवले लामो समयदेखि वर्षा नभएका कारण रोपो सुक्न थालेको बताए। खजुरा सुख्खाग्रस्त क्षेत्र हो। सिँचाइका लागि त्यस क्षेत्रमा नहर र कुलो छैन। 'यस वर्ष निकै छिटो रोपाइँ गर्न पाउँदा खुसी लागेको थियो। समयमै रोपाइँ गर्दा उत्पादन बढ्छ भन्ने थियो,' उनले भने, 'वर्षाले धोका दिएजस्तो छ। रोपो सुक्न थालिसक्यो। ट्युबेलबाट अहिले सिँचाइ सम्भव भइरहेको छैन।'

किसानले रोपो सुक्न नदिन हरसम्भव प्रयास गरिररहेका छन्। उनीहरूले सडक छेउछाउको खाल्डोमा जमेको पानी, उपलब्ध भएका पोखरीमा मोटर, पम्पसेट लगाएर सिँचाइ गर्ने प्रयास गरिरहेको देखिन्छन्। बोरिङ गाडेका किसानले पम्पसेटले सिँचाइ गरिरहेका छन्। रोपो सुक्ने बेला डिजलको मूल्य बढेकाले पनि किसान मारमा परेका हुन्। 'एक महिना भयो, पानी परेको छैन। सिँचाइ गर्ने कुलो र नहर पनि छैन,' खजुरा गाउँपालिका रनियापुरका किसान नफिस अहमद शेखले भने, 'अझै एक/दुई हप्ता पानी नपर्ने हो भने रोपो मर्छ। हाम्रो श्रम र लगानी सबै खेर जानेछ।' यस वर्ष डेढ बिघा जग्गामा रोपाइँ गरेका उनले गत वर्ष बीउ नउम्रेर दुःख पाएको बताए। 'सिँचाइको सुविधा नभएसम्म यस्तै हो। कहिले बढी पानी पर्छ, कहिले पानी नै पर्दैन। राम्रोसँग खेती गर्न पाइँदैन,' उनले भने, 'यस वर्ष धान राम्रै होला भन्ने आस थियो। तर, खडेरीले निराश बनाएको छ।'

यस वर्ष समयमै वर्षा भएपछि बाँकेको सुक्खा क्षेत्र कोहलपुर नगरपालिका, बैजनाथ, खजुरा, जानकी गाउँपालिका किसानले समयमै धान रोपाइँ सकेका थिए। कृषि ज्ञान केन्द्र नेपालगन्जका प्रमुख सागर ढकालले एक महिनादेखि वर्षा नभएका कारण रोपो सुक्न थालेको बताए। उनले रोपाइँ गरिएको खेतमा पानी अभावका कारण झार उम्रिन थालेको जनाए। 'यस वर्ष चाँडै धान रोपे पनि मौसमले धोका दियो। धान उत्पादनमा असर परिसक्यो,' उनले भने, 'गाँज लाग्ने बेला धान मर्ने अवस्था आएपछि उत्पादन कम हुन्छ।' त्यस्तै रोपाइँ गर्न बाँकी रहेको ब्याड छिपिएकाले पनि उत्पादन घट्ने उनले जनाए।

बाँकेमा ५२ हजार २ सय ३८ हेक्टर खेतीयोग्य जग्गा छ। ३६ हजार ५ सय हेक्टर जग्गामा धान खेती हुन्छ। आकाशे वर्षाले साथ दिएको वर्ष बाँकेमा करिब १ लाख ३८ हजार ७ सय टन धान उत्पादन हुने गरेको छ। त्यस्तै बर्दियामा ५२ हजार २ सय ५० हेक्टर जग्गामा धान रोपाइँ हुने गरेको छ। सिक्टा सिँचाइ आयोजनाको काम पूरा नभएसम्म यहाँका किसानलाई आकासे पानीकै भरमा खेती गर्नुपर्ने बाध्यता छ।

## वर्गीकृत डिस्प्ले

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

आकर्षक घर बिक्रिमा
ललितपुर, नख्खु मेडिसिटि हस्पिटल नजिक १३ फिट पिच रोडमा २.५ तल्ले दुईवटा सेमीफर्निसिङ घर तु-बिक्रिमा
९८५१०२७९९९
९८४१०३३३३३

छात्रवृत्ति आवेदन
व्यवसायिक खालको उच्च शिक्षा अध्ययनार्थ आंशिक छात्रवृत्तिको लागि आर्थिक अशक्त विपन्न विद्यार्थीले आवेदन दिन सक्नेछन्।
आवेदन दिने अन्तिम म्याद
(भाद्र २, २०७८)
सम्पर्क :
minorityfocusco@gmail.com

IMMEDIATE WANTED
A Reputed school in Lalitpur needs teachers for the following levels:
Secondary
• C.Math • O.Math • Science
Lower Secondary
• Math
Primary
• Nepali
Salary: Government level (Negotiable)
Send your CV at vacancyschool2021@gmail.com or call at 9840596971 & 9840090067

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेतः रू. ३०००/-*
स्पट कलरः रू. ३५००/-*
मल्टि कलरः रू. ५०००/-*
घर बिक्रिमा
गाडि बिक्रिमा
जग्गा बिक्रिमा
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन।



## कतिखेर आउला पालो ?

सल्यानको सदरमकाम खलंगास्थित मेगा बैंकमा भत्ताका लागि लाइन बसेका ज्येष्ठ नागरिक, एकल महिला तथा अपांगता भएका व्यक्ति । सरकारले सामाजिक भत्ता बैंकमार्फत वितरण गर्न भनेको छ ।
*तस्बिर : विप्लव महर्जन/कान्तिपुर*

# ३१ वर्षपछि बन्यो सिँचाइ योजना

## २०४६ सुरु भएको योजनालाई बजेट नआउँदा अलपत्र परेको थियो

**राजबहादुर शाही** (मुगु)


सोरु गाउँपालिका-४ फोतुमा निर्माण सुरु भएको झन्डै ३१ वर्षपछि सिँचाइ योजना पूरा भएको छ । २०४६ मा ५ हजार रुपैयाँ बजेटबाट सुरु भएको योजनाले यो वर्ष पूर्णता पाएको हो ।

तत्कालीन जिल्ला पञ्चायतले ५ हजार रुपैयाँ बजेटबाट योजनाको काम सुरु गरेको थियो । त्यसपछि बजेट नआउँदा योजना अलपत्र परेको थियो ।

सिँचाइ सुविधा नहुँदा फोतुका बासिन्दा वर्षमा एक बाली लगाउन बाध्य थिए । 'सिँचाइकै लागि ठूलो दुःख भोगियो,' स्थानीय लक्ष्मण शाहीले भने, 'अब आफ्नै बारीको उब्जनीले खान पुग्ने भयो ।' उनका अनुसार सिँचाइ सुविधा नहुँदा स्थानीय उत्पादनले मुस्किलले ४ महिना मात्र खान पुग्थ्यो । उनले सिँचाइ पुगेपछि वर्षमा ३ बाली लगाउन सकिने बताए ।

३१ वर्षपछि पक्की कुलो बनेपछि स्थानीय किसान खुसी छन् । सिँचाइ योजना सुरु हुँदा ५ रुपैयाँ ज्याला लिएर काम गरेको ७१ वर्षीय गोर्खबहादुर शाहीले बताए । 'सुरुको वर्ष मात्र बजेट आयो, त्यसपछि आएन,' उनले भने, 'योजना सुचारु गर्न विभिन्न निकायमा पटकपटक धाए पनि कसैले वास्ता गरेनन् ।' उनले वर्षौंपछि गाउँमा सिँचाइ सुविधा पुगेपछि विकासको अनुभूति भएको बताए । उनका अनुसार २०४६ मै स्थानीयले सिँचाइ योजनामा प्रतिघर झन्डै एक महिना श्रमदानसमेत गरेका थिए ।

कर्णाली प्रदेश सरकारको ३० लाख रुपैयाँ बजेटबाट फोतुमा सिँचाइ सुविधा पुगेको हो । योजनामा विश्व खाद्य कार्यक्रम र आरसीडीले २१ लाख रुपैयाँ थपेका थिए । अहिले ७ सय २० मिटरको कुलोलाई पक्की बनाइएको छ । 'अब गाउँमै धान फलाउन सकिने भयो,' स्थानीय कृषक बिर्खबहादुर कार्कीले भने, 'व्यावसायिक तरकारी खेती गरेर आत्मनिर्भर बन्न सक्छौं ।' उनले सिँचाइ योजनामा काम गर्दा दुई महिनासम्म रोजगारीसमेत पाइएको बताए । उनका अनुसार योजनाबाट २५ घरमा सिँचाइ सुविधा पुगेको छ । यो वर्ष फोतु र हुम्लाको जैर जोड्ने झोलुंगे पुलको निर्माणको काम पनि अन्तिम चरणमा पुगेको छ ।



**मुगुको सोरु गाउँपालिका-४ फोतुमा ३१ वर्षपछि निर्मित सिँचाइ योजना ।** *तस्बिर : राजबहादुर/कान्तिपुर*

## गमगढी-खत्याड सडक बनेन

मुगु (कास)- गमगढीदेखि खत्याड गाउँपालिकाको केन्द्र जोड्ने सडक निर्माणमा रारा राष्ट्रिय निकुञ्ज बाधक भएको छ । सेरी हुँदै राराताल नजिकैको माझघट्ट जोड्ने सडक निर्माण नहुँदा खत्याड गाउँपालिकाका बासिन्दालाई एक दिन पैदल हिँडेर सदरमुकाम आउजाउ गर्नुपर्ने बाध्यता छ ।

गाउँपालिकाले निकुञ्ज क्षेत्रभित्र पर्ने १३ किलोमिटर सडक निर्माणका लागि गत आर्थिक वर्षमा सर्भे गरी निकुञ्ज कार्यालयसँग अनुमति मागेको थियो । प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनसमेत गरेर निर्माणका लागि अनुमति मागिए पनि बेवास्ता भइरहेको गाउँपालिका अध्यक्ष उब्जन शाहीले बताए । 'निकुञ्जले सडक बनाउन मिल्दैन मात्र भनिरहेको छ,' उनले भने, 'अरू विकल्प दिएको छैन ।' उनले सडक निर्माण नहुँदा स्थानीयले ठूलो सास्ती भोगिरहेको बताए ।

निकुञ्ज क्षेत्रमा सडक नबन्दा खत्याडका बासिन्दा जुम्लाको गोठीज्युला हुँदै सदरमुकाम आउजाउ गर्न बाध्य छन् । पूरै एक दिन हिँडेर सदरमुकाम आउनुपर्ने बाध्यता भएको स्थानीय जन्मजय भण्डारीले बताए । 'जंगलको बाटो आउजाउ गर्दा वन्यजन्तुले आक्रमण गर्ने जोखिम छ,' उनले भने, 'जंगलको बाटो भएकाले चोरको त्रास उत्तिकै छ ।' उनले सडक भए ५ घण्टामै सदरमुकाम पुग्न सकिने बताए । निकुञ्जबाट सुविधाभन्दा बढी सास्ती भोग्नुपरेको उनले गुनासो गरे ।

निकुञ्जले सडक छेकेर आफूहरूलाई दुःख दिएको स्थानीय कमला शाहीले बताइन् । उनका अनुसार छायानाथरारा नगरपालिकाले गमगढीदेखि लामाचौरसम्म सडक खनिसकेको छ । खत्याड गाउँपालिकाले गम्थादेखि निगालबोटको समानेसम्म २१ किलोमिटर सडक निर्माण गरिसकेको गाउँपालिकाले जनाएको छ । 'निकुञ्जले गाउँपालिका जोड्ने सबैभन्दा छोटो बाटो छेक्यो,' उनले भनिन्, 'सडक सुविधा नहुँदा गमगढी आउजाउ गर्नै कठिन छ, लुटपाट हुने डर उत्तिकै छ ।' जुम्ला भएर आउजाउ गर्दा विभिन्न सास्ती भोग्नुपर्ने बाध्यता रहेको उनले बताइन् ।

निकुञ्जले सडक निर्माणमा रोक लगाएपछि सेरी-नारङ्गे हुँदै गिलाह-तारापानी वैकल्पिक सडक निर्माणको काम अघि बढाइएको गाउँपालिकाले जनाएको छ । १३ किलोमिटर लामो सडकमा कर्णाली प्रदेश सरकारको पूर्वाधार विकास मन्त्रालयले यो वर्ष ५० लाख रुपैयाँ विनियोजन गरेको छ । पूर्वाधार विकास कार्यालयका प्रमुख एकेन्द्र धरालाले सडकमा झन्डै २५ करोड रुपैयाँ लागत अनुमान गरिएको बताए । उनका अनुसार सडक बन्न कम्तीमा ५ वर्ष लाग्ने देखिएको छ । खप्तड घुम्न आएका पर्यटकलाई रारा घुमाउने गरी साविक जिल्ला विकास समितिले ६ वर्षअघि निकुञ्ज हुँदै सडक निर्माणको योजना अघि सारेको थियो । निकुञ्जका प्रमुख बद्रीविनोद दाहालले जैविक विविधताको विनाश हुने र वन्यजन्तुलाई असर पर्ने भएकाले सडक निर्माणमा रोक लगाइएको बताए ।

## सुर्खेत सभाहल पूरा हुँदै

वीरेन्द्रनगर (कास)- तीन वर्षमा काम सम्पन्न हुने भनिएको सुर्खेत सभाहलको काम चार वर्षपछि बल्ल अन्तिम चरणमा पुगेको छ । २०७६ चैतमा सक्ने गरी २०७३ देखि सभाहलको निर्माण थालिएको थियो । कोरोना महामारीका कारण ढिलो गरी सभाहलको निर्माण सकिन थालेको हो ।

सभाहल निर्माणका लागि अहिलेसम्म तेस्रो पटक म्याद थपिएको सहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाइले जनाएको छ । कार्यालयका इन्जिनियर रामकृष्ण आचार्यले तेस्रो पटकको म्याद पनि सकिएपछि फेरि चौथो पटक म्याद थप गर्ने तयारी गरिएको बताए । उनका अनुसार अहिलेसम्म सभाहलको झन्डै ९८ प्रतिशत काम सम्पन्न भएको छ । 'अब पीभीसी टायल बिछ्याउने र फ्लोर तार केटिङको काम मात्र बाँकी छ,' उनले भने, 'अबको काम धेरै छैन, करिब १५ दिनसम्म पहिलो चरणको सबै काम सकिन्छ ।' उनले भारतबाट सामान आउन ढिलाइ हुँदा काममा ढिलाइ भएको बताए ।

कार्यालयका अनुसार निर्माण कम्पनीले भदौसम्मको समय मागिरहेको छ । आचार्यले दसैंअघि नै सभाहलको पहिलो चरणको काम सम्पन्न भई हस्तान्तरण हुने बताए । कार्यालयले सभाहलको दोस्रो चरणको निर्माणको कामका लागि ठेक्का प्रक्रियासमेत अघि बढाएको छ ।

## एक वर्षपछि सुरक्षा भत्ता



**हुम्लामा सामाजिक सुरक्षा भत्ता वितरण गर्न कागजात तयार गर्दै ।** *तस्बिर : छपाल लामा/कान्तिपुर*

हुम्ला (कास)- समकोट गाउँपालिकाले झण्डै एक वर्षदेखि रोकिएको सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेको छ । लक्षित वर्गले खोलेको बैंक खातामा साउनदेखिको सुरक्षा भत्ता जम्मा गरिएको गाउँपालिकाले जनाएको छ ।

यसअघि गाउँपालिकाले टोलटोलमा कर्मचारी पठाएर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरेको थियो । तर संघीय सरकारले बैंकमार्फत सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरेपछि गत साउनदेखि नै लक्षित वर्गले भत्ता पाउन सकेका थिएनन् । यो वर्ष सबैभन्दा पहिले सिमकोट गाउँपालिकाले स्थानीयलाई भत्ता वितरण गरेको निमित्त प्रमुख प्रशासकीय अधिकृत उजिर रोकायाले बताए । उनका अनुसार खाता नखोलेका झण्डै २ प्रतिशत स्थानीयलाई मात्र भत्ता वितरण गर्न बाँकी छ । करिब ९८ प्रतिशत नागरिकको खातामा भत्ता जम्मा गरिसकिएको उनले जानकारी दिए । 'आर्थिक वर्षको सुरुमा निकासा आउन ढिलो भयो, पछि स्थानीयले खाता खोल्न ढिलो गरे,' उनले भने, 'अहिले वर्षभरिको भत्ता एकैपल्ट जम्मा गरेका छौं ।'

सुरक्षा भत्तामार्फत विपन्न नागरिक बैंकिङ सेवा प्रवाहमा जोडिएको रोकायाले बताए । उनका अनुसार यो वर्ष २ हजार ७ सय सेवाग्राहीले बैंकमा खाता खोलेका छन् । सरकारले हुम्लाका ज्येष्ठ नागरिक र पूर्ण अपांगता भएकालाई ३/३ हजार, एकल महिलालाई १ हजार ६ सय र बालबालिकालाई ४ सय रुपैयाँ दरले मासिक भत्ता उपलब्ध गराइरहेको छ । यो वर्ष ५ करोड २२ लाख ४६ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ताका लागि बैंकमा गएको गाउँपालिकाले जनाएको छ ।

## खेल पूर्वाधारका लागि ५९ करोड

**चाँदनी कठायत** (वीरेन्द्रनगर)

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा खेलकुदतर्फका पूर्वाधार निर्माण गर्न ५९ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । कर्णालीले १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी थाल्न आगामी आवमा विगत वर्षभन्दा बढी बजेट छुट्याएको हो ।

दुई वर्षदेखि नै कर्णालीमा १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना गर्ने गरी बजेट विनियोजन गरिए पनि कार्यान्वयन सुस्त छ । प्रदेश सरकारले नयाँ बजेटमार्फत प्रदेश राजधानी वीरेन्द्रनगरमा प्रादेशिक रंगशाला, चौरजहारीमा क्षेत्रीय रंगशाला र प्रत्येक जिल्लामा खेल पूर्वाधार एवम् कभर्डहल निर्माण गर्ने घोषणा गरेको छ । तर खेलाडी तथा सरोकारवालाले १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न प्रदेश सरकारले छुट्याएको ५९ करोड रुपैयाँ कम हुने बताएका छन् । 'राष्ट्रिय प्रतियोगिता कर्णालीमा आयोजना गर्ने भनिसकेपछि पर्याप्त रकम छुट्याउनुपर्थ्यो,' कर्णाली प्रदेश फुटबल संघका महासचिव गणेशकुमार कार्कीले भने, 'छुट्याइएको रकमले सामान्य पूर्वाधार बनाउन पनि सकिँदैन ।'

आगामी आवमा प्रदेश सरकारले विभिन्न खेलकुद पूर्वाधारका लागि ४ करोड ६ लाख, प्रादेशिक रंगशालाका लागि १ करोड ७९ लाख, हाई अल्टिच्युड ट्रेनिङ सेन्टरका लागि १२ लाख, १० औं राष्ट्रियको तयारीका लागि २ करोड र कालीकोटको नरहरिनाथ गाउँपालिकामा खेलमैदानका लागि १५ लाख विनियोजन गरेको छ । 'रकमका हिसाबले विगतभन्दा बढी बजेट छ,' कार्कीले भने, 'तर विगत वर्षको बजेट फ्रिज हुँदा कार्यान्वयन हुनेमा आशंका देखियो ।'

### १० जिल्लामा रंगशाला

कर्णाली प्रदेश सरकारले १० वटा जिल्लामा रंगशाला निर्माण गर्न ४५ करोड बजेट छुट्याएको छ । प्रदेश रंगशालाका लागि ३५ करोड र १० वटा जिल्लामा बन्ने रंगशालाका लागि एक/एक करोड रकम विनियोजन गरिएको हो । '१० औं राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८' कर्णालीमा आयोजना गर्नका लागि खेलकुद पूर्वाधार निर्माणलाई तीव्रता दिइने कर्णाली खेलकुद परिषद्ले जनाएको छ । ३५ करोड रुपैयाँको लागतमा बन्ने प्रदेश रंगशालालाई प्रदेश गौरवको आयोजना रूपमा लिइएको परिषद्का सदस्य सचिव विश्वामित्र संज्याललले बताए । प्रदेश रंगशालामा १० हजार दर्शक अट्ने स्टेडियम, फुटबल मैदान, एथलेक्टिस ट्र्याक, स्विमिङ पुल, १५ सय दर्शक अट्ने कवर्ड हललगायतका संरचना हुनेछन् । खेलका आउटडोर व्यावसायिक प्रयोजनका लागि १ सय २० वटा सटरहरू निकालिने उनले बताए । परिषद्का अनुसार २ अर्ब रुपैयाँ लागत अनुमान गरिएको प्रदेश रंगशालामा आगामी वर्ष ३५ करोड रुपैयाँबाट पूर्वाधारको काम सुरु हुनेछन् । 'जसका लागि टेन्डर प्रक्रिया सुरु भइसकेको छ,' उनले भने, 'अर्थ मन्त्रालयले स्रोत सुनिश्चित गरिदिएमा साउन महिनाभित्रै काम अघि बढ्नेछ ।'

# शिक्षामा साढे २ प्रतिशत बजेट

**कान्तिपुर संवाददाता** (सुर्खेत)

कर्णालीको प्रदेश सरकारले शिक्षामा २.५ प्रतिशत बजेट छुट्याइएको छ । तीन वर्षको औषध विनियोजन हेर्दा यो स्थिति देखिएको हो । वीरेन्द्रनगरमा बुधबार आयोजित कार्यक्रममा सरकारवालाले शिक्षाको अवस्था सुधारका लागि बजेट वृद्धि गर्नुपर्ने बताए । 'कर्णाली प्रदेशको शिक्षा क्षेत्रको १० वर्षे योजना (२०७८-२०८८)' अनुसार सबैभन्दा बढी आगामी आर्थिक वर्ष २०७८/७९ का लागि ३.९ प्रतिशत बजेट विनियोजन गरिएको छ । तर, बजेट पास नभएकाले कार्यान्यन हुने/नहुने निश्चित छैन ।

अघिल्ला आर्थिक वर्षमा सरदर २.५ प्रतिशतको दरले बजेट विनियोजन गर्ने गरिएको छ । संघीय सरकारले भने कुल बजेटको सरदर १० प्रतिशतको दरले बजेट विनियोजन गरेको योजना पुस्तकमा उल्लेख छ । कार्यक्रममा १० वर्षे योजनाबारे प्रस्तुति गर्दै राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष जितबहादुर शाहले प्रदेश सरकारले शिक्षा क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता औंल्याए ।

सरकारले शिक्षा क्षेत्रलाई प्राथमिकतामा नराख्दा त्यसको असर सामुदायिक विद्यालय, बालबालिकाको शिक्षामा परेको छ । अहिले प्रारम्भिक बालविकासतर्फ आधार वर्ष २०७७ मा कर्णालीको कुल भर्ना दर ७१.६ प्रतिशत छ । यसको राष्ट्रिय अवस्था भने ८६.४ प्रतिशत छ । सामुदायिक विद्यालयमा बर्सेनि बालबालिका भर्नाको अवस्था खस्किँदै गएको देखिएको छ ।

आधारभूत तह (कक्षा १-५) मा २०७५ को तुलनामा २०७६ मा विद्यार्थी भर्ना माइनस १२ प्रतिशतमा झरेको छ । यही अवधिमा कक्षा ६-८ मा माइनस ३ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१०) मा माइनस १ प्रतिशत छ । संस्थागत विद्यालयमा भने विद्यार्थी भर्ना दर बढेको देखिन्छ । आधारभूत तह (कक्षा १-५) र माध्यमिक तह (कक्षा ९-१०) मा २०७५ को तुलनामा २०७६ मा ३ प्रतिशतको दरले विद्यार्थी भर्ना दर बढेको छ ।

आधारभूत तह (कक्षा ६-८) मा भने माइनस ३ प्रतिशतको दरले विद्यार्थी भर्ना घटेको दसवर्षे योजनामा उल्लेख छ । सेभ द चिल्ड्रेनका प्रतिनिधि आत्माराम भट्टराईले प्रदेश सरकारले बनाएको १० वर्षे योजनालाई साझेदार सबै निकायसँग समन्वय गरेर कार्यान्वयन गर्नुपर्ने बताए । प्रदेशका सामाजिक विकासमन्त्री यज्ञबहादुर बिसीले कर्णालीमा शिक्षा क्षेत्रका चुनौतीलाई चिर्दै योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने बताए । 'संघीय सरकार र स्थानीय सरकारसँग आवश्यक समन्वय गरेर कर्णालीको शिक्षा क्षेत्रमा उपयुक्त नीति र कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ,' उनले भने, 'यसको लागि यथेष्ट बजेट, उत्कृष्ट शिक्षा नीति बनाइनेछ ।'

## विद्यार्थीलाई शैक्षिक सामग्री

कास (कास)- बाँफीकोट गाउँपालिकाका १ सय २ जना बालबालिकालाई एक वर्ष पुग्ने शैक्षिक सामग्री प्रदान गरिएको छ । आमा-बुबा स्मृति प्रतिष्ठानले विपन्न बालबालिकालाई शैक्षिक सामग्री सहयोग गरेको हो । बाँफीकोटमा विभिन्न पेसा र व्यवसायमा आवद्ध व्यक्तिले आमा-बुबाको स्मृतिमा स्वैच्छिक रूपमा योगदान गरी अक्षय कोष स्थापना गरेका हुन् । कोषमा ५ हजारदेखि ५ लाखसम्म व्यक्तिगत नगद सहयोग गरिएको छ । कोषमा जम्मा भएको लाभांशबाट बालबालिकालाई शैक्षिक सामग्री प्रदान गरिएको समितिका अध्यक्ष चन्द्रबहादुर केसीले बताए । उनका अनुसार कोषमा अहिलेसम्म साढे २७ लाख रुपैयाँ जम्मा भएको छ । जम्मा भएको रकमको लाभांशबाट प्राप्त ३ लाख ५० हजार रुपैयाँ खर्चिएर १ सय २ जना बालबालिकालाई सामग्री सहयोग गरिएको उनले बताए ।

## वर्गीकृत डिस्प्ले

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाइट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

आकर्षक घर बिक्रिमा
ललितपुर, नख्खु मेडिसिटि हस्पिटल नजिक १३ फिट पिच रोडमा २.५ तल्ले दुईवटा सेमीफर्निसिङ घर तु-बिक्रिमा
९८५१०२७९९९
९८४१०३३३३३

छात्रवृत्ति आवेदन
व्यवसायिक खालको उच्च शिक्षा अध्ययनार्थ आंशिक छात्रवृत्तिको लागि आर्थिक अशक्त विपन्न विद्यार्थीले आवेदन दिन सक्नेछन् ।
आवेदन दिने अन्तिम म्याद
(भाद्र २, २०७८)
सम्पर्क :
minorityfocusco@gmail.com

IMMEDIATE WANTED
A Reputed school in Lalitpur needs teachers for the following levels:
Secondary
• C.Math • O.Math • Science
Lower Secondary
• Math
Primary
• Nepali
Salary: Government level ( Negotiable )
Send your CV at vacancyschool2021@gmail.com or call at 9840596971 & 9840090067

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेतः रू. ३०००/-*
स्पट कलरः रू. ३५००/-*
मल्टि कलरः रू. ५०००/-*
घर बिक्रिमा
गाडि बिक्रिमा
जग्गा बिक्रिमा
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# मुडेगाउँमा आँप प्रदर्शनी




डोटीको शिखर नगरपालिका–२ मुडेगाउँका किसानले शुक्रबार राखेको आँप प्रदर्शनी । तस्बिर : मोहन/कान्तिपुर

**मोहन शाही** (डोटी)

१० वर्षअघि व्यावसायिक आँप खेती सुरु गरेका स्थानीय किसान यतिबेला कृषि पर्यटन प्रवर्द्धनमा जुटेका छन् । किसानहरूले जिल्लाका विभिन्न क्षेत्रका अगुवालाई शुक्रबार गाउँ बोलाएर आँप प्रदर्शन गरेका हुन् ।

शिखर नगरपालिका–२ मुडेगाउँका किसानले फलाएका करिब २२ प्रजातिका आँप प्रदर्शनीमा राखिएका थिए । प्रदर्शनीमा करिब पाँच सय आगन्तुले प्रदर्शनस्थल र आँप बगैंचा अवलोकन गरे । पर्यटन व्यवसायी तथा मुडेगाउँ म्यान्गो अभियानका अभियन्ता अमरबहादुर शाहीले मुडेगाउँका आँपलाई ब्रान्डिङ गरेर बाहिरी जिल्लामा बिक्रीका लागि पठाइरहेको बताए । मुडेगाउँका आँप काठमाडौंसम्म पुर्‍याइने गरेको छ । अर्गानिक आँप भएकाले नेपालको सबैभन्दा महँगो मूल्यमा समेत बिक्री गर्दै आएको शाहीले दाबी गरे । शाहीले पर्यटक लक्षित गरी म्यान्गो रिसोर्ट सञ्चालन गर्ने योजनासमेत अघि बढाइरहेका छन् ।

आँपको प्रजातिअनुसार प्रतिकेजी ५० रुपैयाँदेखि ५ सय रुपैयाँमा किसानले बारीबाटै बिक्री गर्दै आएका छन् । काठमाडौंमा प्रतिकिलो एक हजार रुपैयाँमा बिक्री गरिरहेको किसान दीर्घवीर शाहीले बताए । मुडेगाउँका २२ जना किसानहरूले करिब १ हजार ५ सय बोट लगाएका छन् । मुडेगाउँमा मात्रै वार्षिक २० हजार किलो आँप उत्पादन हुने गरेको किसानले बताए । उनीहरूका अनुसार यो वर्ष मात्रै काठमाडौंमा ३ हजार किलो आँप पठाइएको छ । पर्यटन व्यवसायी अमर शाहीले आफ्नै टुर्स एन्ड ट्राभल्समार्फत सन् २०१० मा १ लाख फलफूलका बिरुवा सुदूरपश्चिमका किसानलाई वितरण गर्ने अभियान सञ्चालन गरेका थिए । सोही अभियानअन्तर्गत उनले मुडेगाउँका किसानलाई आँपका बिरुवा हस्तान्तरण गरेका थिए । अहिले तिनै किसान व्यावसायिक रूपमा आँप खेती गरेर कृषि पर्यटनमा केन्द्रित भएका छन् ।

'पछिल्लो समय मुडेगाउँमा जिल्लाका विभिन्न ठाउँबाट विभिन्न ओहोदाका व्यक्तिहरू फुर्सदका बेला रमाउन आउने गर्छन्,' कृषक डिलबहादुर बोगटीले भने, 'त्यहाँको आँप खेतीबाट आकर्षित नहुने कोही छैन ।' पछिल्लो समय आँपकै कारण गाउँमा चहलपहलसमेत बढेको छ ।

सरकारी तथा गैरसरकारी संघसंस्थाको अनुदान र सहयोगबिना मुडेगाउँका किसानहरू स्वतःस्फूर्तरूपमा आँप खेतीको प्रवर्द्धनमा लागेको जानकारी गराउँदै शिखर नगरपालिकाका नगर प्रमुख सीताराम जोशीले खुसी व्यक्त गरे । उनले मुडेगाउँको आँपलाई नगरपालिकाले ब्रान्डिङ गरेर बजारीकरणमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

केआईसिंह गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर शाहीले मुडेगाउँका किसानले कृषिलाई पर्यटनसँग जोडेर अघि बढाइरहेको योजनाले जिल्लाकै आर्थिक समृद्धिमा सहयोग पुग्ने बताए । उनले सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले गर्न नसकेको उपलब्धि किसानहरू आफैंले गरेर देखाएको भन्दै खुसी व्यक्त गरे ।

# दार्चुलामा निषेधाज्ञा हट्यो

दार्चुला (कास)- कोरोना संक्रमणको चेन ब्रेक गर्न वैशाख २५ गतेदेखि दार्चुलामा जारी गरिएको निषेधाज्ञा हटेको छ । जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठकले जारी निषेधाज्ञा शुक्रबारदेखि खुला गर्ने निर्णय गरेको हो । जिल्ला प्रशासनले यसअघि लगाइएको असार मसान्तसम्मको निषेधाज्ञा बिहीबार सकिएको थियो । कोभिड-१९ व्यवस्थापन समितिको बैठकले जनजीवन सामान्य बनाउन स्वास्थ्य सुरक्षा मापदण्डको पूर्णरूपमा पालना गरेर निषेधाज्ञा खुला गरिएको प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले बताए ।

संक्रमण देखिएका स्थानीय तहमा सोही स्थानीय तहले निषेधाज्ञा लगाउन सक्नेछन् । स्थानीय तहले ठाउँ विशेष निषेधाज्ञा लगाउन सिफारिस आए प्रशासनले सोही ठाउँमा निषेधाज्ञा लगाउने निर्णय गरिएको प्रजिअ जोशीको भनाइ छ । 'भारतसँग सीमा जोडिएका झोलुंगे पुल स्थानीय तहले एन्टिजेन परीक्षण गर्ने प्रतिबद्धता गरे मात्र सीमाना खोल्न सकिनेछ,' प्रजिअ जोशीले भने, 'जिल्लामा निषेधाज्ञा खुला भए पनि संक्रमण कायमै रहेकाले थप जोखिम बढ्न सक्ने देखिएकाले सतर्क रहन आवश्यक छ ।'

बुधबार बसेको बैठकले जिल्लाभित्र सञ्चालन हुने प्रत्येक सार्वजनिक सवारीसाधनहरूले अनिवार्य रूपमा सम्बन्धित समितिबाट प्रमाणित गरेको भाडा दररेट यात्रुहरूले देखिने गरी टाँस्नुपर्ने तथा सो नटाँसेको पाइएमा सम्बन्धित सवारीसाधनलाई कारबाही हुने जनाएको छ । यसैगरी, बैठकले शैक्षिक संस्थाहरू विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र अहिलेलाई निषेधाज्ञाकै अवस्थामाझैं अर्को व्यवस्था नभएसम्मका लागि बन्द रहने कोभिड-१९ व्यवस्थापन समितिले जनाएको छ । जिल्लामा हाल सक्रिय कोरोना संक्रमित १२ जना छन् ।

# बाँध नखोली फर्किए सुरक्षाकर्मी

## करिब ३ सय मिटर लामो बाँध बनेपछि एस्क्काभेटर वा डोजर प्रयोग गरेर खोल्नुपर्ने स्थानीयको सुझाव

**मनोज बडू** (दार्चुला)

दार्चुलाको नौगाड गाउँपालिका-३ स्थित खार खोला र नौगाड नदी दोभानमा पहिरो खसेर बहाव थुनिएपछि बनेको ड्याम (बाँध) खोल्न सदरमुकामबाट गएको सुरक्षाकर्मीको टोली कामै नसकी फर्किएको छ । असार २५ गते आएको बाढीपहिरोले नदी दोभानमा पहिरो खसेर नदीको बहाव रोकिएर ड्याम बनेको थियो ।

तीन दिनपछि बाँध खुलाउन सदरमुकामबाट सुरक्षाकर्मीको टोली नौगाड गएको थियो । बिहीबारसम्म बाँधमा जम्मा भएको पानीको मात्रा घटे पनि शुक्रबार पानी परेपछि बढ्दै गएको खारका स्थानीय प्रेमसिंह ठगुन्नाले बताए । खार खोला थुनिएर एक सय मिटर चौडाइ र करिब चार सय मिटर लम्बाइको ड्याम बनेको छ । ड्यामका कारण नजिकै रहेको बस्ती जोखिममा रहेको ठगुन्नाले बताए । 'ठ्याक्कै ड्यामनजिक १८/२० घरपरिवार जोखिममा छन्,' उनले भने, 'तल्लो क्षेत्र त जोखिम नै भयो, ड्याम आफैं फुट्यो भने धुलिगडा, देथलासम्म नदी किनारका बस्तीमा बाढीको जोखिम छ ।'

नदी किनारबाट स्थानीयसहित जिल्लाबाट आएका सुरक्षाकर्मीले बाँधको एकतर्फको पानी खोलेको थियो । दुई/तीन दिन पानी नपर्दा बाँधको पानी घट्दै गएको थियो । 'शुक्रबार बिहानैबाट पानी पर्न थालेपछि बाँधमा पानी बढेको छ,' ठगुन्नाले भने, 'सुरक्षाकर्मी र स्थानीय मिलेर बाँधको केही भाग खुलाइएको थियो । नौगाड नदीमा पानीको मात्रा बढेपछि ड्याम बढ्दै गइरहेको छ ।'

५/६ दिनसम्म स्थानीय र सुरक्षाकर्मीले बाँध खोल्ने प्रयास गरेका थिए । पूरै ड्याम खोल्न नसकिएपछि सुरक्षाकर्मीहरू फर्केका हुन् । नदीको दोभानमा करिब तीन सय मिटर लामो बाँध बनेपछि एस्क्काभेटर वा डोजर प्रयोग गर्न सके ड्याम पूरै खोल्न सकिने ठगुन्नाको भनाइ छ ।

खारखोलाको आसपास खसेको पहिरोले नौगाड नदी र खारखोलाको दोभानमा चुच्चो भएको लामो बाँध बनेको छ । उक्त बाँधको ६० मिटर लम्बाइ, १८ मिटर चौडाइ ६/७ फिट गहिराइमा नदी खोलिएको छ । बाँध बनेको नदीको एक छेउबाट पानी निकासा हुने गरी खोलिएको हुनाले अहिले तल्लो क्षेत्रमा जोखिम नरहेको दार्चुलाका प्रहरी प्रमुख डीएसपी मनोहरप्रसाद भट्टले बताए । 'नदीको पानी बग्ने बनाएपछि सुरक्षाकर्मीको टोली बिहीबार सदरमुकाम फर्केको हो । पानीको निकास भएकाले नदी एकै पटक बग्ने नदेखिएकाले बाँधबाट हुने जोखिम टरेको छ,' उनले भने, 'उक्त बाँध एकै पटक खोले नौगाडसँगै चौलानी नदी तटीय क्षेत्रमा खतरा हुन सक्थ्यो । पानीको निकास भइसकेकाले जोखिम हटेको छ ।' बाढीले खार र जामिर जोड्ने झोलुंगे पुल बगाएपछि स्थानीयलाई हिंड्न बाटोको समस्या थियो । उक्त क्षेत्रमा बाँध खुलाउन गएको टोलीले काठको पुल निर्माण गरेकाले अस्थायी बाटो बनेको डीएसपी भट्टले बताए । ठगुन्नाका अनुसार पूरै बाँध नखोलिएकाले बाँधनजिक घर भएका हरकसिंह ठगुन्ना, दलजित ठगुन्ना, मानसिंह ठगुन्ना, गणेश ठगुन्ना र रामसिंह ठगुन्ना विस्थापित छन् । उनीहरू दिनमा काम गर्न जाने र राति आफन्तको घरमा जाने गरेको उनले बताए । बाँध आसपास बस्तीका १८/२० परिवार डुबानको जोखिममा छन् । बाँकी परिवार जोखिम मोलेर बसेका छन् ।



दार्चुलाको नौगाड गाउँपालिका–३ स्थित खारखोला र नौगाड नदीको दोभानमा बनेको बाँध खोल्दै स्थानीय र सुरक्षाकर्मी । तस्बिर : मनोज/कान्तिपुर

# महाकाली सिँचाइ आयोजना निर्माण सुस्त

**भवानी भट्ट** (कञ्चनपुर)

महाकाली सिँचाइ आयोजनाअन्तर्गत तेस्रो चरणको नहर निर्माणको काम सुरु भएको डेढ दशक पुग्यो । कहिले बजेट अभाव त कहिले मुआब्जा विवादका कारण हालसम्म आयोजनाको १२ किलोमिटर मात्रै नहर निर्माणको काम सम्पन्न भएको छ । थप १६ किलोमिटर निर्माणाधीन छ ।

गत वर्षदेखि यो आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरिए पनि निर्माण कार्यले गति लिन सकेको छैन । न्यून बजेट र मुआब्जा विवादकै कारण अहिले पनि नहर निर्माणमा ढिलाइ भइरहेको आयोजना कार्यालयले जनाएको छ । 'ऐलानी जग्गा र सामुदायिक वनको मुआब्जा विवाद यसपटक टुंगिएको छ,' आयोजना निर्देशक रणबहादुर बमले भने, 'अब मुआब्जा वितरणपछि काम अगाडि बढ्नेछ ।' उनका अनुसार मुआब्जा वितरणका लागि बजेट अभाव देखिएकाले केन्द्रमा अनुरोध गरिएको छ । चारवटा सामुदायिक वनको २९ हेक्टर र ऐलानी १२ हेक्टर गरी ४१ हेक्टर जमिनको मुआब्जा वितरण गर्न बाँकी छ ।

२०६३/६४ मा सुरु भएको तेस्रो चरणको नहर निर्माणअन्तर्गत हालसम्म ब्रह्मदेवदेखि मुसेपानीसम्मको १२ किमि बनेको छ । मुसेपानीदेखि शुक्लाफाँटा नगरपालिकासम्मको थप १६ किमि नहर निर्माणाधीन छ । चालु आर्थिक वर्षको बजेटमा आयोजनाका लागि १ अर्ब २५ करोड रुपैयाँ बजेट विनियोजन भएको छ ।

विगतमा भारततर्फ नहर निर्माणको काम सुरु नभएकाले पनि नेपालतर्फ सुस्त गतिमा काम चलिरहेको थियो । भारतले टनकपुर ब्यारेजको आफ्नो क्षेत्रमा १२ सय मिटर नहर निर्माणको काम गत वर्षदेखि सुरु गरेको छ । महाकाली सन्धिअनुसार नेपाल-भारत सीमासम्म १२ सय मिटर नहर भारतले निर्माण गर्नुपर्ने उल्लेख छ । 'डिसेम्बरसम्म नहरमा पानी छाड्ने योजनाअनुसार काम चलिरहेको भारतीय पक्षले जनाएको छ,' आयोजना निर्देशक बमले भने, 'अब हामीलाई पनि कामको गति बढाउनुपर्ने दबाब छ ।'

**डेढ दशकमा १२ किलोमिटर मात्रै मूल नहर बन्यो, ४१ हेक्टर जमिनको मुआब्जा दिन बाँकी**

टनकपुर बाँधको जलाशयको कति गहिराइबाट नेपालले पानी पाउने भन्ने विषयमै लामो समय विवाद चलेको थियो । नेपालले १४२ मिटर गहिराइबाट पानी दिनुपर्ने माग गरिरहेको थियो भने भारतीय पक्षले १४५ मिटर गहिराइबाट दिनुपर्ने अडान लिएको थियो । लामो समयको छलफलपछि भारतीय पक्ष १४४.२५ मिटर गहिराइको सतहबाट पानी दिन तयार भएको थियो । उक्त विवाद समाधान भएपछि भारतीय पक्षले नहर निर्माणको काम अघि बढाएको हो ।

चालु आर्थिक वर्षमा मूल नहर निर्माण भएको क्षेत्रमा शाखा नहर निर्माणको तयारी थालिएको आयोजना निर्देशक बमले बताए । उनका अनुसार भारतीय पक्षले नहर निर्माण गरेर पानी छाड्ने तयारी गरेपछि पहिलो चरणमा निर्माण भएको नहरका शाखा प्रशाखा बनाउने काम अघि बढाउन तयारी थालिएको हो । आगामी वर्ष शाखा र प्रशाखाको काम सकेर पानी सञ्चालन गरिने उनको भनाइ छ ।

ब्रह्मदेवदेखि गोदावरीसम्म मूल नहर ४७ किमि र शाखा नहरसमेत गरेर १ सय ५१ किमि लम्बाइको उक्त नहरबाट झन्डै ३५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुनेछ । तर केही वर्षयता स्थानीय तहका केन्द्र तथा वडाको केन्द्रमा व्यापक मात्रामा भौतिक पूर्वाधारसँगै घडेरीका रूपमा जमिन बिक्री बढेकाले आयोजनाको क्षेत्र पनि घट्दै जाने अनुमान छ । तेस्रो चरणअन्तर्गत नै शारदा नहरबाट दोधारा-चाँदनीका लागि निर्माण हुने नहरको हालसम्म कुनै टुंगो छैन । उक्त क्षेत्रमा पनि नेपाल-भारत सीमासम्म १२ सय मिटर नहर भारतले नै निर्माण गर्नुपर्नेछ ।

# पहाडमा साउने संक्रान्तिको धुमधाम

- संक्रान्तिका दिन छोरीचेलीलाई माइती बोलाएर मीठोमसिनो खुवाइन्छ
- साउनभर नवविवाहित चेली माइतीमै बस्ने चलन छ

**वसन्तप्रताप सिंह** (बझाङ)

सुदूरपश्चिमका पहाडी जिल्लामा साउने संक्रान्ति पर्वलाई भव्यताका साथ मनाउने गरिएको छ । वर्षात्मा आउने रोगव्याधिबाट बच्ने तयारीस्वरूप यो पनि वर्ष प्रत्येकका घरमा मनाइएको छ ।

साउनको पहिलो दिन सबैका घरमा मूलद्वार (मूलढोका) को पूजा गरेर झिरझिरी काँडा (एक प्रकारको काँडेदार सतावरी) को हाँगा गाड्ने चलन छ । यसरी मूलढोकामा झिरझिर काँडा लगाउँदा वर्षायाममा हुने रोगव्याधि र महामारीबाट बचाउने स्थानीयको जनविश्वास छ । यस्तै, महिनाभरि घरमा शुभ हुने जनविश्वासका साथ संक्रान्तिका दिनमा हरियो दुबोसहितका कलशहरू पनि मूलढोकामा सजाउने चलन छ ।

साउनभरि नै कुहिरो लाग्ने भएकाले दिउँसै अन्धकार हुने र यस्तो बेलामा भूतप्रेतले सताउने भएकाले घरलाई दुष्टात्माहरूबाट बचाउनका लागि पनि मूलद्वारमा झिरझिरी काँडा लगाउने चलन रहिआएको बझाङका इतिहास र संस्कृतिका अध्येता विष्णुभक्त शास्त्रीले बताए । 'यसको वैज्ञानिक कारण पनि होलान्, यतातिर अध्ययन भएको छैन,' शास्त्री भन्छन्, 'किंवदन्तीअनुसार साउनको महिना साउने बूढो नामको नरभक्षी पिचास घरभित्र पस्न खोज्दा झिरझिरे काँडा देखेर तर्सिएर भागेको भन्ने मान्यताअनुसार यसो गर्ने गरिन्छ ।'

साउने संक्रान्तिका दिन बालबालिका र किशोरकिशोरीहरू 'साँउबूढी साँउ, देला देला (दैलादैलामा) झिरझिर काँडा, काँबाट आऊँ' भन्दै गीतसमेत गाउँछन् । साउने संक्रान्तिका दिन लुतोजस्ता छालाजन्य रोगहरू नलागून् भनेर बिहानै नुहाएर तितेपाती शरीरमा दल्ने चलन पनि छ ।



बझाङको जयपृथ्वी नगरपालिकाको एक घरको ढोकामा लगाइएको झिरझिरी काँडा । तस्बिर : वसन्तप्रताप/कान्तिपुर

संक्रान्तिका दिन खीरलगायत गोरसबाट निर्मित विभिन्न परिकारहरू खाने गरिन्छ । यस दिन छोरीचेलीलाई माइतीमा बोलाएर मीठोमसिनो खुवाइन्छ । साउनभर नवविवाहित चेलीहरूले माइतीमा नै बस्ने चलन छ । पहिलोपटक विवाह गरेका चेलीले साउनको महिना घरमा बसेमा उनीहरूको स्वास्थ्य र वैवाहिक जीवन राम्रो नहुने जनविश्वास छ ।

साउने संक्रान्ति पर्वले आफ्नो घरमा गएका छोरीचेली र माइतीको निरन्तर अन्तर्क्रिया, प्रेम र सद्भाव कायम राख्न ठूलो भूमिका खेल्ने बझाङी संस्कृतिका अध्येतासमेत रहेका शास्त्रीको भनाइ छ । 'साउनको महिना कृषिको काम बढी हुने महिना भएकाले नवदुलही चेलीलाई घरमा दुःख नहोस् भनेर पनि एक महिना माइतीमै बसाल्ने गरिएको हो,' उनले भने, 'यसले पराई घर गएका चेली र माइतीबीचको दूरीलाई कम गर्न पनि ठूलो भूमिका खेलेको छ ।' साउनभर माइतीमा बस्न पाइने भएकाले नवविवाहिता चेलीका लागि यो महिना उत्सवका रूपमा आउने बझाङ हेमन्तवाडाकी सुशीला खड्काले बताइन् ।

साउने संक्रान्तिको दिन ढोकामा गाडेका झिरझिरी काँडालाई साउन मसान्तको दिनमा जलाउने गरिन्छ । गाउँभरिका सबैको ढोकामा रहेका झिरझिरी काँडा संकलन गरेर एकै ठाउँमा जलाई राँको सल्काएर रमाइलो गर्ने चलन छ । यसलाई साउने राक्षस पोलेको भनेर खुसियाली मनाउने र त्यस दिन पनि मीठोमसिनो खाएर शुभकामना आदान प्रदान गरिन्छ ।

# भत्ता चोरीविरुद्ध मुद्दा

बझाङ (कास)- बझाङको बुंगल नगरपालिकामा लाभग्राहीलाई वितरण गर्न भनेर लगिएको सामाजिक सुरक्षा भत्ताको रकम चोरी भएको घटनामा वडासचिव र प्राविधिक सहायकको नाममा मुद्दा दर्ता गरिएको छ । घटनामा संलग्न रहेको आशंकामा बिहीबार सोधपुछका लागि प्रहरी नियन्त्रणमा लिइएका वडासचिव ओपिन्द्र महतो र सोही वडामा कार्यरत प्राविधिक सहायक खड्कबहादुर सिंहलाई हिरासतमा राखेर छानबिन सुरु गरिएको हो ।

बुंगल-११ का वडाध्यक्ष रामबहादुर बोहराले विश्वासघात गरेर आपराधिक लाभ लिएको भन्दै सचिव महतो र प्राविधिक सहायक सिंहको नाममा मुद्दा दर्ता गराएको प्रहरीले जनाएको छ ।

बुंगल-९ र ११ का बासिन्दालाई वितरण गर्न लगिएको सामाजिक सुरक्षा भत्ताबापतको ३९ लाख रकम वडासचिव महतोको कोठाबाट बुधबार राति गायब भएको थियो । वडा ११ कै सदस्य धनवीर बोहराको घरमा भाडामा बस्दै आएका महतोले सामाजिक सुरक्षा भत्ताको रकम आफू बस्ने कोठामा राखेको र त्यहींबाट चोरी भएको बताएका थिए ।

सचिव महतोले आफू कोठाभन्दा करिब ६० मिटर टाढा रहेको वडा कार्यालयमा इन्टरनेट चलाउन गएको बेला पैसा चोरी भएको बताउँदै आएका थिए । चोरी भएको भनिए पनि कोठामा तोडफोड नभएको पैसा राखेर ताला लगाइएको दराजसमेत तोडफोड नभएको हुँदा घटना शंकास्पद रहेको स्थानीय र प्रहरीको आशंका थियो ।

वर्गीकृत डिस्प्ले

फ्रि-होम डेलिभरी
यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरूको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरू
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाइट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुनःउमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

आकर्षक घर बिक्रिमा
ललितपुर, नख्खु मेडिसिटि हस्पिटल नजिक १३ फिट पिच रोडमा २.५ तल्ले दुईवटा सेमीफर्निसिङ घर तु-बिक्रिमा
९८५१०२७९९९
९८४१०३३३३३

छात्रवृत्ति आवेदन
व्यवसायिक खालको उच्च शिक्षा अध्ययनार्थ आंशिक छात्रवृत्तिको लागि आर्थिक अशक्त विपन्न विद्यार्थीले आवेदन दिन सक्नेछन् ।
आवेदन दिने अन्तिम म्याद (भाद्र २, २०७८)
सम्पर्क : minorityfocusco@gmail.com

IMMEDIATE WANTED
A Reputed school in Lalitpur needs teachers for the following levels:
Secondary
• C.Math • O.Math • Science
Lower Secondary
• Math
Primary
• Nepali
Salary: Government level (Negotiable)
Send your CV at vacancyschool2021@gmail.com or call at 9840596971 & 9840090067

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
घर बिक्रिमा
गाडि बिक्रिमा
जग्गा बिक्रिमा
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।